# कोरोना महामारी
# र
# नेपालको अर्थतन्त्र

पुष्कर बज्राचार्य
मोहन दास मानन्धर
रोजन बज्राचार्य

सम्पादक : पुष्पराज आचार्य

# कोरोना महामारी र नेपालको अर्थतन्त्र

# कोरोना महामारी
# र
# नेपालको अर्थतन्त्र

पुष्कर बज्राचार्य
मोहन दास मानन्धर
रोजन बज्राचार्य

सम्पादक : पुष्पराज आचार्य

अर्थको अर्थ
GLOBAL CENTRE FOR RESEARCH AND DEVELOPMENT
ODC Organisation Development Centre Pvt. Ltd. POLICY HUB

*प्रकाशक*

**आईबीएन मिडिया एण्ड रिसर्च**

कमलपोखरी, काठमाडौं । फोन/फ्याक्सः ४४४२०३२

**ग्लोबल सेन्टर फर रिसर्च एण्ड डिभेलपमेन्ट**

बासुकी मार्ग, बानेश्वर, काठमाडौं । फोनः ४४९००२१

**ओडीसी पोलिसी हब**

कुपण्डोल, ललितपुर । फोनः ९८६३१९१६७७

© सर्वाधिकार : लेखकहरू, २०७७

*प्रकाशकको लिखित अनुमति बिना यस पुस्तकको कुनै पनि अंश कुनै पनि रूपमा कसैले पनि समीक्षाको तात्पर्यको लागि समीक्षकले संक्षिप्त हरफहरू उद्धरण गर्नुबाहेक पुनःमुद्रण गर्न पाइनेछैन ।*

ISBN : ९७८-९९३७-०-७५६२-६

*साजसज्जा तथा लेआउट :*

डंगोल प्रिन्टर्स

फोनः ४२८१६८२

# विषयसूची


मन्तव्य छ
सम्पादकको भनाइ झ
भूमिका ट

१. परिचय १

**खण्ड १ : सन्दर्भ र मुद्दाहरु**

२. राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट नेपाल र कोरोना ७
३. विकासोन्मुख नेपालको आर्थिक चक्र र आर्थिक पुनरूत्थान ११
४. नेपालमा आर्थिक असमानताको सवाल १९
५. कोरोना महामारीले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव २९

**खण्ड २ : प्रयासहरु**

६. कोरोना, नेपालको वर्तमान आर्थिक अवस्था र चाल्नुपर्ने कदमहरु ३९
७. कोरोनाको पृष्ठभूमिमा आउन लागेको आर्थिक वर्ष २०७७/७८ को बजेट ४७
८. कोरोना महामारीका बीच आएको नेपालको बजेट ५३
९. कोरोना महामारी र आर्थिक पुनरूत्थान प्याकेज ६१

**खण्ड ३ : बाह्य प्रभाव**

१०. कोरोना, भारतले लिएको आर्थिक नीति र नेपाल ७१
११. नेपालको अर्थतन्त्र र वैदेशिक रोजगार ७९

**खण्ड ४ : अन्तमा**

१२. नेपालले अब अपनाउनु पर्ने विकासका अवधारणा ८९

## अनुसूची

| | | |
|---|---|---|
| क. | आर्थिक प्याकेजको विश्लेषण | ९७ |
| ख. | कोभिड-१९ : दोस्रो विश्वयुद्धपछिको महासंकट | ९९ |
| ग. | शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव र तत्काल चाल्नुपर्ने कदमहरु | १०३ |

| | |
|---|---|
| सन्दर्भ सामग्री | १०७ |
| शब्द सूची | ११५ |
| लेखकहरूको परिचय | १२३ |
| सम्पादकको परिचय | १२५ |
| आबद्ध संस्थाहरु | १२७ |

# मन्तव्य

विभिन्न आरोह र अवरोह देखेको मानव सभ्यता हाल कोरोना महामारीको महासंकटका बीच गुज्रिरहेको छ । यस महासंकटले बहुआयामिक प्रभाव पार्नुका साथै विश्वलाई सन् १९३० पछिको सबैभन्दा ठूलो मन्दिको चपेटामा पारेको छ । विभिन्न संघ-संस्थाहरूले गरेको प्रक्षेपणहरूले विश्व अर्थतन्त्रमा थप भयावहको स्थितिमा आईराखेको संकेत गरेका छन् । यस महासंकटले नेपालको अर्थतन्त्र लगायत देशका अन्य यावत् पक्षहरूमा प्रतिकुल प्रभाव पारेको छ । सुस्त गतिमा रहने गरेको नेपालको आर्थिक क्रियाकलापको चलायमानतालाई कोरोना भाइरस संक्रमणको महामारीले लगभग ठप्प पारिदिएको छ भने अर्थतन्त्र ओरालो लाग्दै देश चुनौतीको भुमरीमा फस्न सक्ने खतरा छाएको छ । यस प्रतिकूल स्थितीबाट नेपालको अर्थतन्त्रलाई बाहिर ल्याइ कसरी यसलाई फेरी पुनः लयमा फर्काउने भन्नेमा ठुलो नीतिगत बहस चलेको छ । नेपालको नीतिगत बहसमा गहिरो दखल राख्ने पुष्कर बज्राचार्य, मोहन दास मानन्धर र रोजन बज्राचार्यद्वारा लिखीत यस "कोरोना महामारी र नेपालको अर्थतन्त्र" नामक पुस्तकले हालको बहसलाई थप बल पुऱ्याउने देखिन्छ ।

समयकालको अन्तरालमा विभिन्न खाले संकट भोगेको नेपालको समकालिन अर्थ-राजनैतिक परिवेशमा कोरोना भाइरसको महामारीले प्रतिकूल असर पारेको सन्दर्भमा अर्थतन्त्रलाई कसरी सम्बोधन गर्नुपर्छ र देशमा आर्थिक क्रियाकलापको चलायमानतालाई पुनः लयमा फर्काउन के-कस्ता प्रयासहरू अघि सार्नुपर्छ भनी पुस्तकले सुक्ष्म अध्ययन गरेको छ । त्यस्तै, पुस्तकले कोरोना महामारीका कारण विश्व अर्थ-राजननीतिमा आएको हलचललाई गहन विश्लेषण गरी त्यसले नेपालमा पार्ने प्रभावको पनि अध्ययन प्रस्तुत गरेको छ । कोरोना भाइरस महामारीले प्रतिकूल असर पारेको अर्थतन्त्रलाई सम्बोधन गर्न ल्याएका राहत र आर्थिक पुनरूत्थानका प्रयासहरूको विस्तृत विश्लेषण गरी यी प्रयासहरु कत्तिको प्रभावकारी या प्रत्युपादक छन्, यसको कार्यान्वयनमा के-कस्ता जटिलताहरू छन् र अर्थतन्त्रलाई पुनः लयमा फर्काउन थप के-कस्ता पुनरूत्थानका प्याकेजहरू आवश्यक छ भनि औंल्याएको छ । वित्तीय तथा गैर-वित्तीय सहयोगका साथसाथै अर्थतन्त्रलाई जोगाउन देशले लिनु पर्ने नीतिगत अवधारणाका सम्बन्धमा पनि पुस्तकमा चर्चा गरिएको छ भने देशले अवलम्बन गर्नुपर्ने संस्थागत सुधारका विषयमा पनि गहन विश्लेषण गरिएको छ । कोरोना भाइरस महामारीबीच शुरू भएको आर्थिक वर्ष २०७७ /७८ को बजेटका राम्रा र नराम्रा पक्षहरूको चर्चा गरीएको छ भने हाल कार्यान्वयनमा रहेका योजनालाई कसरी अगाडि लगे सफल हुन सकिन्छ भनि चर्चा गरीएको छ । पुस्तकले कोरोना भाइरस महामारीलाई सम्बोधन गर्न दक्षिणी छिमेकी भारतले ल्याएका नीतिले नेपालमा पार्ने प्रभावको पनि चर्चा गरीएको छ । त्यस्तै कोरोना महामारीले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिक र मुलुकमा रहेका तिनका आश्रित परिवारहरू लाई के-कस्तो असर गर्छ भनि चर्चा गरीएको छ । कोरोना भाइरस महामारीको समय देखिएका विभिन्न बेथितीहरूलाई पनि पुस्तकमा समेटिएको छ । यस पुस्तकले नेपालले विगतमा भोगेका समस्यालाई विश्लेषणात्मक ढंगले संक्षिप्त विवेचना गरेको छ भने अब देशले आर्थिक समृद्धिका विषयमा गहन भएर सोच्नपर्ने प्रसङ्ग औंल्याएको छ ।

मेरा समकालीन मित्र पुष्कर बज्राचार्यले विश्लेषणात्कम ढगंले नीतिगत तर्क राख्नु हुन्छ भने यस पुस्तकमा पनि उहाँ लगायत उहाँका सह–लेखकहरूले त्यही स्तरको अध्ययन गर्नु भएको छ । ओडिसी पोलिसी हव, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डिभेलपमेन्ट र आईबीएन मिडिया एण्ड रिसर्चको सहकार्यमा गरेको यो प्रयास निकै सराहनीय छ । हाललाई डिजिटल संस्करणमार्फत् मात्र प्रकाशन गरीएको यस पुस्तकमा कोरोना महामारीले पार्ने प्रतिकूल प्रभावको थप अध्ययन र विश्लेषण गरी केहि समयपछि दोस्रो संस्करण मुद्रण गरिने भनिएको छ । सो कार्यका लागि उहाँहरूलाई मेरो सहयोग जारी रहनेछ ।

यस पुस्तकका लेखहरू लयागत यसका सम्पादकलाई यस उत्तम कामका लागि बधाई तथा शुभकामना दिन चाहन्छु । उहाँहरुले यस्ता कार्यहरूको निरन्तरता दिईराख्नु हुनेछ भन्ने आशा गरेका छु ।

**शंकर शर्मा**

पुर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग ।

# सम्पादकको भनाई

हाल विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस संक्रमणको महामारीले अर्थतन्त्रमा प्रतिकूल असर सिर्जना भई विश्व आर्थिक मन्दी छाएको छ । यस महामारीले नेपालको अर्थतन्त्रलाई के-कस्तो प्रतिकूल असर पार्छ र त्यसलाई सम्बोधन गर्न के-कस्ता नीतगित अवधारणा सहित अगाडि बढ्नु पर्छ भन्ने सम्बन्धमा गम्भीर विश्लेषण हुन जरूरी छ । चीनको वुहानबाट सन् २०१९ को अन्ततिर कोरोना भाइरस संक्रमणको महामारी फैलन सुरु गरेसगैं नेपालका सञ्चार माध्यमहरूले यसबारे सतर्क गर्दै आई राखेका छन्  भने यो महामारीले नेपालको अर्थतन्त्रमा पार्न सक्ने प्रतिकूल प्रभावका सन्दर्भमा पनि ध्यानाकर्षण गर्दै आईराखेका छन् । यस विषयमा हाल भईरहेको चर्चा-परिचिर्चालाई थप व्यापक बनाउन ओडिसी पोलिसी हब, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डिभेलपमेन्ट र आईबीएन मिडीया एण्ड रिसर्चको सहकार्यमा “कोरोना महामारी र नेपालको अर्थतन्त्र” नामक पुस्तकको प्रथम संस्करण अनलाईनमार्फत प्रकाशन गरीने भएको छ । ग्लोबल सेन्टर फर रिसर्च एण्ड डिभेलपमेन्टका अध्यक्ष पुष्कर बज्राचार्य, ओडिसी पोलिसी हबका अध्यक्ष मोहन दास मानन्धर र आईबीएन मिडिया एण्ड रिसर्चका सल्लाहकार समेत रहनु भएका रोजन बज्राचार्यद्वारा लिखित यस पुस्तकले कोरोना महामारीले नेपालको अर्थतन्त्रमा पारेको प्रतिकूल प्रभाव र सोलाई सम्बोधन गर्न भएका प्रयासहरू र अब लिनुपर्ने कदमहरूका विषयमा गहनरूपले विश्लेषण गरीएको छ ।

विश्लेषणात्मक अध्ययन गरी समय सान्दर्भिक मुद्दालाई उठाएको यस पुस्तकले हाल भई रहेको नीतिगत बहसलाई थप सुदृढ बनाउन सहयोगी हुनेछ । यस पुस्तकले अब देश स्पष्ट अवधारणाका साथ अगाडि बढ्न पर्नेतिर पनि प्रस्ट्याएको छ । हालको विषम परिस्थितीमा विश्व अर्थ-राजनितीमा देखिएको शक्ति संघर्षका साथै नेपाल जस्तो कम विकसित मुलुकले भोग्न परेको थप चुनौतीहरू र अवसरहरूको पुस्तकले सुक्ष्म विश्लेषण गरेको छ । यस पुस्तकले हालको कोरोनाकालमा अंगीकार गर्नुपर्ने नीति निर्माणलाई सघाउने देखिन्छ भने पुस्तकले कार्यान्वयन पक्षको सुधारका लागि सटिक सुझावहरू पनि दिएको छ । त्यसका साथै भविष्यमा यस पुस्तकलाई नेपालको अर्थतन्त्र कोरोनाकालमा कसरी गुज्रियो भन्ने विषयको महत्वपूर्ण सन्दर्भ साम्रागीका रूपमा प्रयोग हुने देखिन्छ भने नेपाल सम्वन्धि गहन अध्ययन गर्ने अध्येताहरूका लागि यो पुस्तक निकै उपयोगी हुनेछ ।

यस पुस्तकको सम्पादन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यस काममा मलाई संग्लन गरीएकोमा यस पुस्तकका तीनै जना लेखकहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । सम्पादकीय कामका सिलसिलामा यस पुस्तकका लेखकहरूका साथै यस पुस्तकसँग आवद्ध संस्थाहरूसँग गरेको छलफल निकै फलदायी रहेको थियो भने आउँदा दिनहरूमा यस्ता क्रियाकलापलाई निरन्तरता दिनपर्ने देखिन्छ । कोरोना भाइरस संक्रमणको महामारी नियन्त्रणमा आईनसकेको र यसले भविष्यमा थप प्रतिकूल प्रभाव पार्ने प्रबल सम्भावना रहेकाले सो सम्बन्धमा पनि गहन अध्ययन गर्न जरूरी छ । त्यसैले हाललाई यस पुस्तकको प्रथम संस्करणलाई अनलाईनमार्फत मात्र प्रकाशन गर्ने लेखकहरूको निर्णय

अत्यन्त बुद्धिमतापूर्ण र समय सान्दर्भिक छ । कोरोना भाइरस महामारी समाप्त भएपश्चात् केहि समयपछि थप विश्लेषण सहित दोस्रो संस्करण मुद्रण गर्ने निर्णय सरहानीय छ ।

यस पुस्तकको सम्पादनको काममा मलाई सहयोग गर्ने लेखक तथा यसमा आवद्ध संस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनहरूमा पनि यस्ता कार्यहरूको निरन्तरता दिईराख्नु हुनेछ भन्ने आशा गरेको छु ।

**पुष्पराज आचार्य**

# भूमिका

विश्वलाई आक्रान्त तुल्याई राखेको कोरोना महामारीले नेपाल जस्तो विकासोन्मुख मुलुकमा ठुलो चुनौती थपेको छ । स्वास्थ्य संकत निम्त्याएको यस महामारीले विश्वलाई आर्थिक मन्दीतिर धकेल्नुका साथै अरू बहुआयामिक प्रभाव पारेको छ । सीमीत स्रोत, साधन र पुर्वाधार रहेको विकासोन्मुख मुलुकको अर्थ-राजनैतिक तथा सामाजिक परिवेशले यो महासंकटको सामना कसरी गर्छ र यसबाट कसरी बाहिर आउँछ भन्ने अहंम प्रश्न खडा भएको छ । विभिन्न खाले सकंटबाट गुज्रीराख्ने विकासोन्मुख मुलुकको आर्थिक गतिविधिको चलायमानतालाई यस महामारीका कारण उत्पन्न विश्वव्यापी मन्दीले थप शिथिल बनाएको छ भने गरिबीको भुमरीलाई थप गहिरो बनाउने देखिन्छ ।

नेपाल जस्तो विकासोन्मुख मुलुकको ठूलो कमजोरी भनेकै नीतिहरू समय सान्दर्भिक स्पष्ट अवधारणाका साथ आउँदैनन् भने संस्थागत कार्यान्वयन पनि प्रभावकारी छैन । देशले नयाँ विकास योजना र नीतिहरू ल्याउँदा सो भन्दा अघि कार्यान्वयनमा रहेका योजना तथा नीतिहरूको गहन मूल्याङ्कन नगरी नयाँ उद्देश्य तथा लक्ष्यहरू थप्ने गर्छन् जसले गर्दा विगतमा भएका प्रगतिहरूलाई निरन्तरता दिनमा समस्या आउछ भने नयाँ कार्यक्रमहरू पनि प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकिदैंन । स्पष्ट शब्दमा भन्ने हो भने देशले पुराना अनुभवले सिकाएको पाठको सहि उपयोग गरीदैंन । यो समस्या संकट समाधानमा लिने नीतिहरूमा पनि हाबी रहेको छ । समय समयमा विभिन्न खाले अन्यौलता र संकट भोगिराखेको नेपालमा यस्ता समस्याको आर्थिक प्रभावका बारेमा  विभिन्न खाले चर्चा-परीचर्चा हुने गरेता पनि नीतिगत विश्लेषण अत्यन्त कम हुने गरेको छ । पहिले भोगेको संकटको अनुभवलाई खासै प्रभावकारी तरिकाले उपयोग गर्ने गरिदैंन, त्यसैले व्यापार व्यवसाय, समाज र आम जनतामा अन्यौलता थपिन्छ ।

कोरोना भाइरस संक्रमणको महामारीले नेपालको अर्थतन्त्रमा पारेको प्रतिकूल प्रभावका विषयमा नीतिगत छलफल हुन जरूरी छ । यसले देशलाई महासंकटबाट बाहिर ल्याउन (उभार्न) ठूलो मद्दत गर्छ भने आर्थिक पुनरूत्थानले पनि गति लिई देशको अर्थतन्त्र चाँडै पुनः लयमा फर्कन्छ । यहि नीतिगत छलफललाई अझ व्यापक बनाउन ओडिसी पोलिसी हव, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डिभेलपमेन्ट र आईबीएन मिडिया एण्ड रिसर्चले सहकार्य गरी यो पुस्तक अघि बढाएको हो जसका लागि लेखकहरू यी संस्थाहरूप्रति कृतज्ञ छन् । यस पुस्तकमा कोरोना र नेपालको अर्थतन्त्र अन्तर्गत विविध विषयहरूमा लेखकहरूको आईबिएन मिडिया एण्ड रिसर्चको वेभसाइट (अर्थकोअर्थ डट कम) मा प्रकाशित विश्लेषणात्मक लेखहरू संकलन गरीएको छ भने सम्बन्धित लेखकहरूकै  यस मुद्दा सँग सम्बन्धित अरू लेखहरू पनि समावेश गरिएको छ । यस पुस्तकको सम्पादन गरिदिनुभएकोमा वरिष्ठ अर्थिक पत्रकार पुष्पराज आचार्य लाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं । यस पुस्तकका लेखहरू लेख्ने क्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माले दिनु भएका सुझाव र सल्लाहहरू निकै उपयोगी सावित भए भने उहाँले यस पुस्तकमाथि विश्लेषणात्मक मन्तव्य लेखिदिनुभएकोमा धेरै-धरै धन्यवाद तथा आभार प्रकट गर्दछौं । त्यस्तै, कर्णाली प्रदेश सरकारको योजना आयोगका सदस्य दिपेन्द्र

रोकायासँग भएको टेलिफोन वार्ता पनि निकै फलदायी साबित भयो । पुस्तक लेख्ने क्रममा विभिन्न तरिकाले सहयोग गरि दिनु हुने नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणा र वस्तुगत परिषद्का सल्लाकार विप्लवमान सिंह, नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मुर, नेपाल उर्जा प्रतिष्ठानका कार्यकारी निर्देशक डिल्ली घिमिरे, जनस्वास्थ्यविद् किरण आचार्य र डा. सुरक्षा थापा, बैक तथा वित्त बिषेशज्ञ राजीव बज्राचार्य, कृषि अर्थशास्त्री पदम बहादुर शाक्य, पशु स्वास्थ विज्ञ शलिना मानन्धर, उर्जा र वाताबरणकालागि महिला सजाल-नेपाल का अध्यक्ष कला तिमलसिना लगायतलाई धन्यवाद दिन चाहन्छौं । त्यसै गरी यस पुस्तकको विषयवस्तुसँग सम्बन्धित प्रा. डा. शिलु मानन्धर बज्राचार्य र हृदयराज गौतमका लेखहरूलाई सन्दर्भ सामाग्रीका रूपमा अनुसूचीमा राख्न अनुमति दिनु भएकोमा दुवैलाई धन्यवाद व्यक्त गर्दछौं ।

स्वास्थ्यविद्हरूका अनुसार कोरोना महामारी नियन्त्रणमा आउन अझ केहि समय लाग्ने देखिन्छ भने यसले अर्थतन्त्रमा अरू के कस्तो प्रभाव सिर्जना गर्छ भन्ने सम्बन्धमा थप गहन अध्ययन हुन जरूरी छ । त्यसैले प्रारम्भिक चरणमा हाललाई यो पुस्तकको पहिलो संस्करण डिजिटल भर्सनमा मात्र प्रकाशन गरेका हौं । कोरोना भाइरस संक्रमणको महामारीले आउँदा दिनहरूमा पार्ने थप प्रभावको समेत विश्लेषणात्मक अध्ययन गरी यस पुस्तकको दोस्रो संस्करण केहि समयपछि मुद्रण गरिनेछ । यस पुस्तकको लेआउट गरिदिनु भएकोमा रविन्द्र डङ्गोल लाई धन्यवाद दिन चाहन्छौं ।

**पुष्कर बज्राचार्य**
**मोहन दास मानन्धर**
**रोजन बज्राचार्य**

२०७७ साउन १५

# अध्याय १

# परिचय

विभिन्न आरोह र अवरोहहरु झेल्दै विकास भएको विश्व मानव सभ्यताले सन् २०२०[1] को शुरूवातसँगै कोरोना महामारी[2] को सामना गरेको छ । यस्ता महामारीले ठूलो मानवीय संकट निम्त्याउनुका साथै विभिन्न पक्षहरूमा प्रतिकूल प्रभाव पार्ने गर्छ । सन् चौधौं शताब्दीमा ब्ल्याक डेथ नाम दिइएको प्लेग महामारीले युरोपको आधी जनसंख्यालाई सखाप पारी त्यहाँ नयाँ युगको शुरूवातको कारण बन्यो (रोबर्ट्स, सन् १९७६) भने सन् उन्नाईस सय बीसको दशकमा प्रथम विश्व युद्धसँगै फैलेको स्पेनिश फ्लूले ५० करोडको हाराहारीमा मानवीय विनाश गरी विश्वलाई त्रसित पार्‍यो । त्यस्तै विभिन्न कालखण्डमा फैलेका महामारीहरूले धेरै उथलपुथल ल्याएको विश्व इतिहासमा उल्लेख छ । एक्काईसौं शताब्दीको आगमनसँगै फैलेको इबोला र सार्सले निम्त्याएको विपत्लाई मानव जातिले बिर्सेको छैन । नेपालमा पनि बिफर र हैजाको लामो इतिहास छ भने औलो र हाल आएर डेंगुले नेपालीलाई तर्साइराखेका छन् ।

सन् २०१९ को डिसेम्बरमा चीनको वुहानबाट फैलन शुरु गरेको कोरोना भाइरस एशियाका अन्य मुलुकहरूका साथै युरोप, अमेरिका लगायत अन्य महाद्वीपहरूमा पनि तीव्र गतिमा देखिन थालेपछि सन् २०२० जनवरी ३० का दिन विश्व स्वास्थ्य संगठनले कोरोना महामारी फैलेको घोषणा गर्‍यो । ठूलो मानवीय विनाशको कारण बनेको यस महामारी विरूद्धको खोप तथा औषधि विकासमा केही आशलाग्दो प्रगति भई सम्भवतः एक वर्षभित्रै केही समाधान निस्कने देखिए तापनि यसमा निश्चितता चाहिँ छैन । त्यसैले हाल विश्वभरि भयावहको स्थिति रहेको छ भने मानिसहरूमा सन्त्रास छाएको छ । विश्व स्वास्थ्य संगठन लगायत स्वास्थ्य विज्ञहरूले हाललाई यस महामारीको संक्रमण फैलनबाट रोक्न सामाजिक दूरी कायम गर्नु नै एक मात्र विकल्प रहेको बताएका छन् भने संक्रमण सम्भावना भएकालाई क्वारेन्टिनमा राखेर परीक्षणको दायरा बढाई संक्रमित भएकालाई आइसोलेसनमा राखेर उपचार गर्नुपर्ने बताएका छन् ।[3]

धेरैजसो मुलुकले कोरोना महामारी फैलने संकेत देखेसँगै देशलाई लकडाउनमा राखे । तर यसले मानिसहरूको आवतजावतलाई ठप्प पारी कामकाज रोकिन गई धेरै पक्षहरूमा प्रतिकूल प्रभाव पारेको छ । स्वास्थ्य विज्ञहरूले लकडाउनलाई स्वास्थ्य मापदण्ड अपनाई खुकुलो पार्नुपर्ने कुरा गरिराखेका छन् भने कतिपय देशहरूले हेलचेक्र्याइँका साथ लकडाउन खुकुलो पारेका छन् र महामारी नियन्त्रणलाई पनि

---

[1] पुस्तकमा अरु केही उल्लेख नगरेसम्म सबै मितिहरु विक्रम संवत्मा छन् ।

[2] यस पुस्तकमा उल्लेख गरेको कोरोना महामारीबाट फैलने रोगलाई कोभिद-१९ (COVID-19) भनी नामांकन गरिएको छ ।

[3] विश्व स्वास्थ्य संगठन (२०२० जुन ४) ।

प्रभावकारी रूपमा अगाडि लगेका छैनन् । त्यसैले कोरोना महामारी अझ धेरै फैलन सक्ने खतरा बढेको स्वास्थ्य विज्ञहरू बताउँछन् भने यो महामारी नियन्त्रणमा आइसकेका देशहरूमा पनि दोस्रो लहर आउनेतर्फ इङ्गित गर्छन् । विश्व स्वास्थ्य सगंठनले यस महासंकटका समय सबै मिली अगाडि बढ्नुपर्ने बताइराखेका छन् भने कतिपय राजनैतिक नेताहरू यस सगंठनलाई नै गाली गरिराखेका छन् । स्वास्थ्य साम्रगी व्यवस्थापनमा पनि त्यत्तिकै ठूलो जटिलता थपेको छ भने एक देशले अर्कोलाई आफ्नो स्वास्थ्य साम्रगी लुटेकोसम्म आक्षेप लगाएका छन् । त्यस्तै एकदेशले अर्कोलाई कोरोना फैलाएको आरोप लगाएका छन् भने एकले अर्कोसँग व्यापार नै बन्द गरी विश्व आपूर्ति सञ्जालबाट निकाल्ने धम्की दिइराखेका छन् । कोरोनामा राजनैतीकरण र भ्रष्टाचार गरेको कुरा अगाडि आइराखेको छ भने कतिले कोरोनाले होईन, अब भोकले मर्छ भनिराखेका छन् । याने कि सबै चीज डामाडोल र अस्थिरताको अवस्थामा रहेका छन्, जुन हार्वर्ड विश्वविद्यालयका विपत् व्यवस्थापनविद् आर्न हेविटका अनुसार हरेक विपत्मा देखिने साझा चुनौती हो (हेविट, लियोनार्द र गिल्स, सन् २००९) । शायद यस्तै अस्थिरता व्यवस्थापन गर्न नसकिने हुनाले महामारी राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनका कारक बन्ने गरेको विद्वान्हरू तर्क राख्छन् (रेअन, सन् २०१२) । मानव सभ्यताको विकासले के सिकाएको छ भने समस्या आएमा सोका विज्ञको सल्लाह मान्नु । महामारी भनेको मुख्य रूपमा मानव स्वास्थ्यसँग सम्बन्धित कुरा हो । त्यसैले यसमा स्वास्थ्य विज्ञका सल्लाह मानुपर्छ तर सो भइराखेको छ कि छैन भन्ने गम्भीर प्रश्न खडा भएको छ ।

निश्चय नै कोरोना महामारीले अर्थतन्त्र, सामाजिक मूल्य तथा मान्यता र राजनैतिक परिवेशमा प्रतिकूल प्रभाव पारेको छ । आर्थिक दृष्टिकोणबाट हेर्दा कोरोना महामारीका कारणले मानिसहरूको आवतजावतमा कमी आई कामकाज ठप्प भएको छ, जसले गर्दा विश्व अर्थतन्त्र ओरालो लागी आर्थिक मन्दी छाएको छ । कोरोना नियन्त्रणमा आइसकेर लामो समय पछिसम्म पनि हाल छाएको मन्दीले प्रतिकूल प्रभाव पारिराख्ने देखिन्छ भने नेपाल जस्तो कम विकसित मुलुकको अर्थतन्त्रलाई अझ धेरै प्रतिकूल प्रभाव पार्नेछ । यही सम्बन्धमा यस पुस्तकले कोरोनाले नेपालको अर्थतन्त्रमा पारेको प्रभावको विश्लेषण गरेको छ ।

## १.१ आर्थिक विश्लेषणको सान्दर्भिकता

विकासका थुप्रै चुनौतीहरू सामना गरिराखेको नेपाल गरिबीको कुचत्रभित्र फसेको छ भने कोरोना महामारीले यसमा जटिलता थपी गरिबीको भुमरीलाई थप गहिरो बनाएको छ । हुन त नेपाल विभिन्न समय विभिन्न खाले विपत्बाट गुज्रिराखेको हुन्छ (दीक्षित र अरू, सन् २०१६) भने यहाँको राजनीतिक अस्थिरताले थप धेरै संकट उब्जाइराखेको हुन्छ (बज्राचार्य, मानन्धर र बज्राचार्य, २०१९) । यी संकटहरूले अर्थतन्त्रमा के कस्तो प्रभाव पार्‍यो भन्नेमा टीकाटिप्पणी हुने गरे तापनि यसका विषयमा विश्लेषणात्मक अध्ययन खासै गरेको पाइँदैन । दातृ निकायहरूले आफ्नो आवधिक रणनीति बनाउन यस सम्बन्धमा केही अध्ययन गराएको बाहेक अरू खासै पहल भएको देखिँदैन । त्यसैले नेपालमा पुराना संकटहरूबाट पाठ सिकी भविष्यमा आउने संकटहरूको रणनीति बनाइन्छ जस्तो देखिँदैन, जसले जटिलता थपिएको छ । हाल कोरोना महामारीले उब्जाएको आर्थिक महासंकटले नेपालको अर्थतन्त्रमा के कस्तो प्रभाव पार्‍यो, त्यसको सम्बोधनका लागि के कस्ता नीति तथा रणनीतिहरू लिए, यसमा अरू थप के कस्ता नीतिगत स्पष्टताहरू चाहिन्छ र अब देश कसरी अगाडि बढ्नुपर्छ भन्ने विश्लेषणात्मक अध्ययन गर्न जरूरी छ । यसले अब देशले लिनुपर्ने कदम पहिल्याउन सघाउँछ भने भविष्यको योजना बनाउन पनि उपयोगी हुन्छ ।

यही मुद्दामा यस पुस्तकका लेखकहरू आबद्ध संस्थाहरू **ओडीसी पोलिसी हब, ग्लोबल सेन्टर फर रिसर्च एण्ड डिभेलपमेन्ट** र **आईबीएन मिडिया एण्ड रिसर्च** मिलेर कोरोनाले नेपालको अर्थतन्त्रमा पारेको प्रभावका विषयमा विभिन्न शीर्षक अन्तर्गत विश्लेषणात्मक लेखहरू तयार पारी सो लेखहरूलाई आईबीएन

मिडिया एण्ड रिसर्च को वेबसाइटमा प्रकाशन गरियो ।[४] यी लेखहरूलाई संकलन गरी हाल पुस्तकको रूपमा प्रकाशन गरेका हौं । वेबसाइटमा प्रकाशन गरिएका लेखहरूबाहेक अरु चारवटा सान्दर्भिक लेखहरु पनि पुस्तकमा थपिएका छन् भने विषयवस्तुलाई थप प्रस्ट्याउन तालिका, चित्र, नोट र अनुसूचीहरु पनि थपिएका छन् ।

## १.२ पुस्तक भित्र

कोरोनाले नेपालको अर्थतन्त्रमा कस्तो प्रभाव पऱ्यो र अब देश कसरी अगाडि बढ्नुपर्छ भनी विश्लेषण गरिएको यस पुस्तकको पहिलो खण्डमा हालको आर्थिक मुद्दाहरूका बारेमा प्रश्न उठाएका छौं । यस खण्डमा देशको अर्थतन्त्र कसरी उभिएको छ, कोरोनाले यसलाई कसरी प्रभाव पाऱ्यो र कोरोनाले ल्याएको विश्व अर्थ-राजनीति हलचललाई विश्लेषण गरी चारवटा लेख तयार पारिएको छ । दोस्रो खण्डमा कोरोना महामारीले नेपालमा पारेको प्रतिकूल प्रभावलाई सम्बोधन गर्न लिइएका नीतिगत कदमहरु, सोको कार्यान्वयनमा गर्नुपर्ने सुधार र अब लिनुपर्ने थप नीतिगत कदमहरूका विषयमा चारवटा लेखहरु छन् । त्यस्तै तेस्रो खण्डमा कोरोना महामारीले बाह्य क्षेत्रमा पारेको प्रभावले नेपाललाई कसरी असर गर्छ भन्नेमा दुईवटा लेखहरु छन् भने पुस्तकको अन्तमा नेपालले अब अपनाउनुपर्ने विकासका अवधारणाका सम्बन्धमा चर्चा गरिएको छ । छुट्टाछुट्टै प्रकाशित लेखहरूलाई पुस्तकका रूपमा प्रकाशन गर्दा एउटै कुरा दुई तीन ठाउँमा दोहोरिएर आएका पनि छन्, जुन प्रसंगलाई स्पष्ट पार्न जरूरी पनि छ ।

## १.३ महत्वपूर्ण प्रसंग

कोरोना महामारी नियन्त्रणमा आएको छैन भने यो कति लम्बिन्छ भनेर ठ्याक्कै पूर्वानुमान गर्न सक्ने अवस्था पनि छैन र यसले अर्थतन्त्रमा थप प्रतिकूल प्रभावहरु पार्ने देखिन्छ । त्यसैले हालको अवस्थामा यो पुस्तकको प्रथम संस्करणलाई अनलाइनबाट मात्र प्रकाशन गरिएको हो । कोरोनाले पार्ने थप प्रतिकूल प्रभावहरूको पनि विश्लेषणलाई समाविष्ट गरी यस पुस्तकको दोस्रो संस्करण केही समयपछि मुद्रण गरिनेछ । त्यस्तै कोरोनाले नेपालको स्वास्थ्य लगायत सामाजिक, राजनैतिक र अरु बहुआयामिक क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन गर्न जरूरी छ, जसले आउँदा दिनका योजना निर्माण तथा नीतिगत निर्णयमा सघाउ पुऱ्याउनेछ ।

---

[४] आईबीएन मिडिया एण्ड रिसर्चको वेबसाइट www.arthakoartha.com मा उपलब्ध छ ।

खण्ड १

# सन्दर्भ र मुद्दाहरु

**अध्याय २**

# राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट नेपाल र कोरोना[१]

हाल कोरोना भाइरसको महामारीले मानव सभ्यतालाई चुनौती दिँदै एक्काइसौं शताब्दीको अहिलेसम्मकै सबैभन्दा ठूलो मानवीय संकटका रूपमा देखापरेको छ । सन् २०१९ को अन्ततिर चीनको वुहानबाट शुरु भएको यो रोगको संक्रमण सन् २०२० को आगमनसँगै विस्तारै फैलन शुरु गऱ्यो । त्यसको दुई महिना नबित्दै यसले विश्वमा महामारीको रूप लिएको छ । चीनमा मानिसहरूको धेरै आवतजावत हुने पर्वको समयमा देखापरेको यो रोगको संक्रमण कोरियाली प्रायःद्वीप, एशियाली महाद्वीपका अन्य राष्ट्रहरु हुँदै युरोप, अमेरिका लगायत विश्वका अन्य ठाउँहरूमा फैलियो । हालसम्म यो भाइरसले विश्वभर २३ लाखभन्दा बढी मानिसहरूलाई संक्रमित गरिसकेको छ भने २ लाखभन्दा बढी मानिसहरूको यो भाइरसको कारणले मृत्यु भइसकेको छ । संयुक्त राष्ट्र संघले यो महामारीलाई दोस्रो विश्व युद्धपछिको सबैभन्दा ठूलो मानवीय संकटका रूपमा व्याख्या गरेको छ ।[२]

हाल विश्वभरिको स्वास्थ्य क्षेत्रलाई कोरोना नियन्त्रण एउटा चुनौतीको रूपमा खडा भएको छ भने विश्वभरिका स्वास्थ्य अनुसन्धानकर्ताहरु यो भाइरसको औषधि र खोप विकासमा लागेका छन्, जसमा केही सफलता मिले पनि पूर्णरूपमा औषधि नै निस्कन केही समय लाग्नेछ । त्यसैले मानिसहरु एकआपसमा सामाजिक दूरी कायम गरेर मात्र यस रोगलाई फैलनबाट रोक्न सक्ने तर्क विश्व स्वास्थ्य संगठनले राखेको छ । सोही अनुरूप धेरै मुलुकहरूले कोरोना भाइरस फैलनबाट रोक्न लकडाउनको अस्त्र प्रयोग गरेका छन् । विश्व मानव सभ्यताले यो त्रासदी अरु धेरै समय भोग्नुपर्नेमा दुई मत छैन, जसले गर्दा विश्व अर्थतन्त्रलाई नराम्रो प्रभाव पार्ने देखिन्छ । यसले मुख्यतः भूमिहीन कृषक, दैनिक ज्यालादारीमा काम गर्ने कामदार र अनौपचारिक क्षेत्रका मजदूरहरूलाई नराम्रोसँग असर गरेको छ भने गरिबीतिर धकेलिने सबैभन्दा पहिलो व्यक्तिहरु पनि यिनै वर्गका मानिसहरु हुनेछन् (अन्तर्राष्ट्रिय श्रम संगठन, सन् २०२०) । तर, कोरोनाको प्रकोप लम्बिँदै गयो भने यसले निम्न मध्यम वर्ग हुँदै अरूलाई पनि विस्तारै प्रभाव पार्दै जाने निश्चित छ ।

कोरोना नियन्त्रणका लागि दक्षिण एशिया जस्तो स्वास्थ्यमा खासै सुधार नभएको र जनघनत्वको हिसाबले पनि खतरनाक क्षेत्रमा रहेका धेरैजसो देशहरूले अत्यावश्यक बाहेक अरु सम्पूर्ण कामकाजलाई पूर्णरूपले बन्द गरेका छन्, जसले गर्दा यहाँको आर्थिक स्थिति खस्कने प्रारम्भिक संकेतहरु देखा पर्न थालिसकेको छ (विश्व बैंक, सन् २०२०a) । उता, यूरोप र अमेरिका महाद्वीपका धेरैजसो राष्ट्रहरूमा भने

---

[१] यो लेख २०७७ साल वैशाख १४ गते प्रकाशित भएको हो ।

[२] संयुक्त राष्ट्र संघका महासचिव आन्तोनियो गुटेरसलाई हवाला दिँदै इन्डिपेन्डेन्ट समाचार संस्थाको सन् २०२० अप्रिल १ को प्रकाशनमा यो कुरा उल्लेख छ ।

पूर्णकालीन बन्द नगरी आंशिक रूपमा बन्द गरिएको छ । हाल मुख्य मुद्दा नै जोखिम मोलेर नै लकडाउनलाई खुकुलो बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउने कि नबनाउने भन्नेमा छ । यही द्विविधाका बीच संयुक्त राज्य अमेरिकादेखि लिएर इटाली, स्पेन, फ्रान्स, संयुक्त अधिराज्य बेलायत लगायत विश्वका अरु धेरै देशहरूलाई यो महामारी नियन्त्रण गर्न हम्मे हम्मे परिराखेको छ । तर, दक्षिण कोरिया र ताइवान जस्ता मुलुकहरु आफ्नो स्रोत, साधन र संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गरी मास ट्रेसिङ र परीक्षण गरी, सम्भावितलाई क्वारेन्टाइनमा राखी र संक्रमितलाई आइसोलेसनमा राखेर उपचार गरेकोले महामारी फैलनबाट रोक्न धेरै सफल भएका छन्, जसले गर्दा विश्वभर यी देशहरूको तारिफ भएको छ । यी दुई मुलुकहरूले सूचना आदानप्रदानमा निकै व्यापकता ल्याई जनउत्तरदायित्वको भावनालाई अगाडि सारी रोग नियन्त्रणमा सफलता हासिल गरे, जुन कुरामा अन्य पश्चिमा मुलुकहरु पछि परे भनी अन्तर्राष्ट्रिय समाचार माध्यमले तर्क गर्ने गरेका छन् ।[३]

दक्षिण कोरियाले त विश्वमा फैलिएको महामारीलाई नियन्त्रित राखेर आम चुनाव गरी महामारीबीच उब्रेको प्रजातन्त्रको संज्ञा पएको छ । हुन त, चीनले पनि आफूकहाँबाट फैलेको महामारीलाई आफ्नो देशमा निकै छोटो समयमा नियन्त्रणमा लिई जनस्वास्थ्यमा देखाएको परिपक्वताको सराहना गर्नैपर्छ । तर पश्चिमा मुलुकहरु यो कुरालाई मान्न तयार छैनन् ।[४] पश्चिमा मुलुकहरूले चीनले यो भाइरसको संकेत समयमै सूचित नगरेकाले विश्व महामारीको रूप लिएको भनी आरोप लगाएका छन् भने विश्व स्वास्थ्य संगठनलाई पनि यो भाइरसको विषयमा सत्यतथ्य समयमा नै बाहिर नल्याई विश्वलाई नै भ्रममा राखेको भनी दोष लगाएका छन् ।[५] उता, चीनले भने त्यसको प्रतिकार गर्दै कोरोना भाइरस संयुक्त राज्य अमेरिकाको सैनिकहरूले चीनमा ल्याई संक्रमण फैलाएको भनी तर्क गरेका थिए ।[६] योसँगै यस्तो महामारीको समय राजनैतिक शक्ति राष्ट्रहरु एकले अर्कोलाई दोष लगाउनुभन्दा मानवीय पक्षमा बढी केन्द्रित हुनुपर्ने दृष्टिकोण पनि अगाडि आइराखेको छ । तर विश्व अर्थ-राजनीतिमा यस्तो शक्ति संघर्ष थामिएको इतिहास कमै मात्र छ । हालाकि महामारीले पार्ने मानवीय प्रभावले गरिब धनी भन्दैन भन्ने कुरा हालको कोरोना महामारीले मात्र होइन, योभन्दा अघिका धेरै महामारीले देखाइसके । तर विकसित र निम्न विकसित मुलुकहरूबीच रहेको साधन र स्रोतको असन्तुलनले गर्दा कोरोना जस्तो महामारीले के कस्तो बहुआयामिक अर्थ-राजनैतिक प्रभाव पर्छ भन्ने जनचासोको विषय बनेको छ ।

नेपाल जस्तो विकासोन्मुख देशलाई कोरोना लगायत अरु महामारीसँग लड्नु आफैमा एउटा ठूलो चुनौतीको विषय रहेको छ । आगामी दिनहरूमा पनि यस्तो प्रतिकूल प्रभाव पार्ने खालको विश्वव्यापी विपत् आएमा नेपाल जस्तै विकासोन्मुख देशहरु धेरै जोखिममा रहेका छन् । निकै धेरै राजनीतिक आरोह र अवरोहरु देखिसकेको नेपालले सोहीबीच आफ्नो माटो सुहाउँदो विकासको अवधारणा ल्याउन नसक्नु आफैमा एउटा विडम्बना हो (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । यसतर्फ नेपालको राजनीतिक नेतृत्व गर्ने वर्गले न राम्रोसँग सोचेका छन्, न त यसमा चासो नै देखाएका छन् । यदाकदा नेपालमा राजनैतिक क्रान्ति सकियो, अबको बाटो विकास र आर्थिक क्रान्तिको भन्ने राजनैतिक वक्तव्य दिनुबाहेक देशको बारेमा खासै सोचेको देखिँदैन । मुख्यतः आ-आफ्नो शक्ति केन्द्रलाई बलियो बनाउन लागिपरेका राजनैतिक वर्गलाई हालको कोरोना महामारीले रनभुल्ल पारिदिएको छ । कोरोना नियन्त्रणका लागि चाहिने स्वास्थ्य सामग्रीहरूको व्यवस्थापनदेखि लिएर ट्रेसिङ, परीक्षण, क्वारेन्टाइन र आइसोलेसन जस्ता कोरोना सम्बन्धित अन्य पक्षहरूको व्यवस्थापन त परै जाओस्, उल्टो नेपालमा स्वास्थ्य संस्थाहरूको बेथितीलाई छर्लंग पारेको छ हालको कोरोना महामारीले ।[७] राहत वितरणमा उही पुरानो राजनैतिक

---

[३] पब्लिक सर्भिस इन्टरनेशनल (सन् २०२० अप्रिल १) ।

[४] बीबीसी (सन् २०२० अप्रिल २३) र द गार्डिएन (सन् २०२० अप्रिल २३) ।

[५] सीएनबीसी (सन् २०२० अप्रिल ७) र बीबीसी (सन् २०२० मे १९) ।

[६] रोयटर्स (सन् २०२० मार्च १२) र डेलिमेल (सन् २०२० अप्रिल ८) ।

[७] स्वास्थ्य खबर (२०७७ वैशाख २), कान्तिपुर (२०७७ वैशाख २५) र बाह्रखरी (२०७७ असार ८) ।

भागबन्डाको गन्ध छ भनी पत्रपत्रिकाहरूले समाचार प्रकाशन गरेका छन् भने गरिब उन्मुख दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिहरु एक छाक खाना खान नपाएर लामो दूरी पैदल हिँडेर आफ्नो घर फर्किन बाध्य छन् ।[८] विपत् व्यवस्थापन सम्बन्धित सरकारभित्र रहेका संयत्रले के कसरी काम गरिराखेको छ भन्नेमा पनि पत्रपत्रिकाहरूले प्रश्न उठाउन थालिसकेका छन् ।[९]

हुन त हाल केही विकसित देशहरूमा देखिएको कोरोना हाहाकारलाई लिएर निकै टीकाटिप्पणी हुने गरेका छन् । त्यहीबीच विकसित देशहरूमा देखिएका केही राजनीतिक संस्कारले अहिले एक्काइसौं शताब्दीको युग हो भनी सोच्न बाध्य तुल्याएको छ । कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या यूरोप अमेरिकामा दिन दुगना रात चौगुना बढ्न थालेसँगै केही राजनीतिक नेतृत्व वर्गले यस सम्बन्धमा गरेको अशोभनीय अभिव्यक्तिले यो एक्काइसौं शताब्दीको विकासले विश्वलाई कहाँ लैजाने हो भनी सोच्न बाध्य गरेको छ ।[१०] वास्तविकता यही रहे पनि विकसित देशहरूले साधन र स्रोतमा निपुण भएकाले विभिन्न वैकल्पिक योजना बनाई यो स्थिति लम्बिए वा अझ धेरै प्रतिकूल असर परे कसरी अगाडि बढ्ने भन्नेतिर ध्यान केन्द्रित गरेर काम गरिरहेका छन् । साथै आफ्नो देशमा कोरोना प्रभाव कम गर्न शक्ति संघर्ष पनि शुरु गरेका छन् र कतिपय कुरामा लुछाचुँडी पनि शुरु भइसक्यो । यस्तो मानवीय संवेदनशील परिस्थितिमा सो तरिकाको कार्यलाई विश्व सभ्यताले कसरी हेर्छ, त्यो भविष्यमा विश्लेषण गर्ने कुरा रहेको छ ।

हामी सबैले बुझेका छौं कि विश्व इतिहासका लागि महामारी नौलो होइन, तर समयको अन्तरालपछि फैलने भएकोले नयाँ पुस्ताका लागि यो कहिल्यै नभोगेको नौलो चीज हुन जान्छ, जसरी हाल हामीलाई भइराखेको छ । तर हरेक महामारीले एउटा पाठ सिकाएर गएको हुन्छ, जसका केही कुराको सम्झना हुन्छ, केहीको हुँदैन । पौराणिक कालदेखि विभिन्न समयको अन्तरालमा फैलेको प्लेग चौधौं शताब्दीको मध्यतिर ठूलो महामारीको रूपमा फैलियो र त्यस महामारीले युरोपको इतिहासमा एउटा कालखण्डको अन्त्य गरी नौलो युग शुरु गर्न ठूलो भूमिका खेल्यो भन्ने विश्लेषण इतिहासकारले गरेका छन् । बीसको दशकको स्पेनिश फ्लु र पछि पत्ता लागेको एचआईभी एड्सले मानव सभ्यतालाई धेरै वर्ष त्रसित बनायो । इतिहासका यी यस्ता पाटाहरूलाई पाठ्यपुस्तकमा राखिने भए तापनि यस्ता विषम परिस्थितिका कटु यथार्थलाई मानिसहरु निकै चाँडै बिर्सने गरेको तर्क दिन्छन् विपद् व्यवस्थापनदेखि लिएर वातावरणमा काम गर्ने विद्हरु (दीक्षित र अरु, सन् २०१६) । जस्तै- हाल काठमाडौं उपत्यकाका नेवार समुदायका बीच रणबहादुर शाहको समयको बिफर महामारीको निकै चर्चा हुने गरेको छ । तर स्थिति अलि स्थिर भयो भने सो कुरा शिथिल भएर जान्छ । भूकम्पको पनि नेपालीबीच यस्तै समय मात्र चर्चा हुने गर्छ ।

कोरोना महामारीले नेपालमा सरकारको नेतृत्व गरिराखेको दल मात्र नभएर सम्पूर्ण राजनैतिक वर्गलाई नै रनभुल्लमा पारेको छ । किनकि यो महामारी यसको नियन्त्रणसँग मात्र सम्बन्धित नभएर यसको बहुआयामिक अर्थ-राजनैतिक प्रभावसँग पनि सम्बन्धित छ । व्यवस्थित लकडाउन र स्वास्थ्य संयत्रको अथक प्रयासले कोरोना धेरै हद नियन्त्रण त हुन्छ । तर देशको सामाजिक आर्थिक गतिविधि ठप्प छन्, जसका दूरगामी प्रभावहरु छन् । नेपालमा आर्थिक संकट र सामाजिक अस्थिरता आउन सक्ने केही प्रारम्भिक संकेतहरु देखापरेका छन् । यसका केही उदाहरणहरु, जस्तै- पर्यटन फेरि पहिलाको स्थितिमा आउन समय लाग्छ भने तेस्रो मुलुकको निर्यात व्यापारले गति लिन्छ, लिँदैन भन्न सकिने अवस्था छैन । त्यस्तै बेरोजगारलाई समयमै आर्थिक क्रियाकलापमा लगाउन सकिएन र विदेशी रोजगारी गुमेकाहरूको उचित व्यवस्थापन गरिदिन सकिएन भने यसले आर्थिक लगायत सामाजिक असन्तुलन

---

[८] नेपाल लाइभ (२०७६ चैत्र २६), उज्यालो नेटवर्क (२०७७ वैशाख ४) र बीबीसी (सन् २०२० अप्रिल २७) ।

[९] स्वास्थ्य खबर (२०७७ वैशाख २), कान्तिपुर (२०७७ वैशाख २५) र बाह्रखरी (२०७७ असार ८) ।

[१०] द गार्डिएन (सन् २०२० अप्रिल १०) र द कन्भर्सेसन (सन् २०२० जुन ७) ।

निम्त्याउँछ । सरकारले कोरोनाबाट पर्ने दूरगामी प्रभावहरूको सही तरिकाले अध्ययन गरी आउँदा वर्षहरूका लागि अल्पकालीन र दीर्घकालीन नीति तथा योजनाको निर्माण गर्नुपर्छ । कोरोना महामारीले विश्व अर्थ-राजनीतिमा ल्याएको हलचलबाट नेपाललाई अवसर र खतरा दुवै छ । विश्व शक्ति राष्ट्रहरु मुख्य त आफ्नो स्रोत र साधन परिचालन गरी आफू अनुकूल विकास अवधारणाहरु अगाडि सारी शक्ति संघर्षमा होमिएका छन् । विशेषतः दोस्रो विश्व युद्धपछि आएको विकासको अवधारणा यसरी नै अगाडि बढिराखेको छ (क्रान्स र मिंग्स्ट, सन् २००५) । यस विकासको राजनीतिमा, जुन देशले आफ्नो माटो सुहाउँदो आफ्नै विकासको अवधारणा अघि ल्याउँछ, सो देशको नीति निर्माणदेखि लिएर योजनाको काममा विश्व शक्ति राष्ट्रहरूको बोलवाला अलि कम छ । तर, जुन देशले आफ्नो माटो सुहाउँदो आफ्नै विकासको अवधारणा ल्याउँदैन, सो देशमा विश्व शक्ति राष्ट्रहरु हावी हुन्छन् । दुःखको कुरा त के छ भने नेपालले पनि आफ्नो माटो सुहाउँदो आफ्नै विकासको अवधारणा अगाडि ल्याउन सकेको छैन ( बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९ र रियाज र वासु, सन् २००९, पाँडे, सन् १९९९) ।

विगत केही वर्षदेखि शुरु भएको व्यापार युद्धसँगै देखापरेको कोरोना महामारीले दुई ठूला विश्व शक्ति समूहहरूबीच आफू अनुकूल अवधारणा अगाडि ल्याई शक्ति संघर्ष गर्ने निश्चित छ । एउटा शक्ति समूह, जसले आफूलाई विगतमा विकासको पर्याय ठानेका थिए हाल आफ्ना मानिसलाई कोरोनाबाट बचाउन नसकेर लज्जित छन् । आफूलाई व्यक्ति स्वतन्त्रताको प्रतीक ठान्ने यी राष्ट्रहरु आपत्कालमा आफ्ना नागरिकहरूलाई जन-उत्तरदायित्वको बोध गराउनबाट चुकेका छन् । यी राष्ट्रहरूलाई अब उनीहरूको विकासको मोडलमा प्रश्न गर्न सक्ने प्रशस्त ठाउँहरु छन् । उता, नयाँ आर्थिक शक्ति भनेर उभ्रेर आएको अर्को शक्ति समूहलाई सबैले यो महामारी फैलाएको दोष लगाएको छ । नियन्त्रित राज्य व्यवस्थाबीच बजार अर्थतन्त्रलाई समाहित गरेर शक्ति राष्ट्र बनेको संज्ञा पाए पनि यी दुवै एक अर्काको पर्याय बनेर धेरै बस्न सक्दैन भन्ने कुरा यो महामारीले प्रमाणित गरेको छ । यी दुई विश्व शक्ति समूहहरु लज्जित त छन् । तर थकित पनि छैनन्, गलित पनि छैनन् । त्यसैले यी दुई शक्ति समूहहरु आफ्ना गल्तीहरूलाई लुकाई आफू अनुकूल अवधारणा झन् धेरै लादेर झन् धेरै शक्ति संघर्षमा होमिन्छन् । नेपाल जस्तो आफ्नै विकास अवधारणा अगाडि ल्याउन नसक्ने देशमा यी शक्ति समूहहरु झन् धेरै हावी हुन्छन् ।

त्यसैले नेपालको नेतृत्व वर्ग राजनीतिक नारामा मात्र सीमित नरही देश विकासको अवधारणाको काममा लाग्न पनि जरूरी छ, जसले गर्दा कोरोना भाइरसको प्रतिकूल असर र यसले जन्माएको विश्व अर्थ-राजनीतिबाट नेपाल माथि उठ्न सकोस् । स्मरण रहोस्, सन् १९६० र १९७० दशकको शीतयुद्ध ताकाका नेपालका शासक वर्गले पनि विश्व अर्थ-राजनीतिभन्दा माथि उठेर काम गर्नुको साटो राजनैतिक नारामा मात्र सीमित हुँदा आज सो शासक वर्गको के हविगत भयो ? (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९ र रियाज र वासु, सन् २००९) जनतालाइ सर्वोपरि राखी काम गर्नु सरकारको दायित्व हो, जुन कुरा कोरोना प्रकोपले अझ धेरै उजागर गरिदिएको छ । धेरै विकसित मुलुकहरूले कोरोना महामारीको समय जनहितमा गरेको सामान्य खेलाँचीले आज विश्वको हविगत कस्तो छ, सबैले देखेका नै छन् । नेताका राजनैतिक नाराले थकित नेपाली जनता कोरोना महामारीले त्रसित पनि छन् । त्यसैले राजनैतिक वर्गले नेपाली जनताको विकासको मार्ग पहिल्याउन जरूरी छ ।

## अध्याय ३

# विकासोन्मुख नेपालको आर्थिक चक्र र आर्थिक पुनरूत्थान

आर्थिक चक्रको सिद्धान्तले नै के भन्छ भने कुनै पनि देशले सदाका लागि आर्थिक वृद्धि हासिल गर्न सक्दैन ।[1] कुनै समय अनुकूल रही अर्थतन्त्र माथि जान्छ भने कुनै समय प्रतिकूल रही अर्थतन्त्र तल जान्छ, जुन शाश्वत नियम हो । तर, कम विकसित मुलुकहरु या भनौं विकासोन्मुख मुलुकहरु निकै छोटो समयको अन्तरालमा विभिन्न खाले आर्थिक संकटहरूको कुचक्रमा परिराखेका हुन्छन् । अथर लुइस, रोबर्ट ब्याल्डविन, न्यागनर नर्स्के, रोबर्ट सोलो, हेनेरी ह्यारोद, इभ्सी डोमार जस्ता विकास अर्थशास्त्रीहरु कम आय, सीमित पूँजी निर्माण, कम उत्पादकत्व र सीमित बजारीकरणका कारण कम विकसित मुलुकहरु गरिबीको कुचक्रमा फसिरहने तर्क गर्छन् (रे, सन् १९९८ र टोडारो तथा स्मिथ, सन् २००८) । त्यस्तै जियान डेर्जे तथा अमार्त्य सेन (सन् २०१३), कौशिक वासु (सन् २०१६), अभिजित बेनर्जी तथा इस्थर डुफ्लो (सन् २०११) जस्ता अर्थशास्त्रीहरूका अनुसार कम विकसित मुलुकहरूले सही

---

[1]अठारौं शताब्दीको औद्योगिक क्रान्तिसँगै शुरु भएको अर्थशास्त्र विज्ञानका संस्थापक एडम स्मिथले बजारमा माग र आपूर्तिले एकआपस आफै तालमेल मिलाउने सिद्धान्तको प्रतिपादन गरे, जसलाई जियान ब्याप्टिस्ट से ले थप परिष्कृत गरे । सन् १९३० को दशकसम्म आइपुग्दा अर्थशास्त्री जोन मेनार्ड किन्सले यो सिद्धान्तको खण्डन गरे । मानिसले भोलिका लागि बचत गर्ने भएकोले बजारमा माग र आपूर्तिबीच एकआपसमा आफै तालमेल हुँदैन भन्ने उनको तर्क छ । उनका अनुसार बचत बढ्नाले माग कम भई अर्थतन्त्र ओरालो लागी बेरोजगारी बढ्छ । त्यसैले मानिसको उपभोगलाई बढाउनु पर्छ, जसले लगानीमा गुणात्मक (Multiplier) प्रभाव पारी अर्थतन्त्र माथि लैजान्छ । पछि अर्का अर्थशास्त्री जोसेफ शिकुमपिटरले किन्सको उपभोगले लगानीमा गुणात्मक प्रभाव पारी अर्थतन्त्र माथि लैजान्छ भन्ने तर्कमा यो प्रक्रियाले लगानीलाई अझ बढाई अर्थतन्त्रमा अझ तीव्रता (Acclerate) ल्याउनेबीचार राखे । त्यस्तै अर्का अर्थशास्त्री जोन हिक मानिसले बचत अनुसार लगानी पनि गर्ने र अर्थतन्त्र ओरालो लागेको समयमा पनि सामान्य लगानी जारी रही थप ओरालो लाग्न रोकिने तर्क राख्छन् । सत्तरी दशकका नव उदारवादी अर्थशास्त्री मिल्टन फ्रिडम्यानका अनुसार अर्थतन्त्र ओरालो लागेको समय मुद्रा परिचालन बढाई ब्याजदर कम गरी आर्थिक चलायमानता बढाउनु पर्छ । मुख्यतः जोसेफ शिकुमपिटरको क्रियटिभ डिस्ट्रक्सनको सिद्धान्तले आर्थिक चक्रको राम्रो विश्लेषण गरेका छ, जसका अनुसार हरेक विश्वव्यापी आर्थिक मन्दीलाई सम्बोधन गर्न सृजनशील अवधारणा आउँछ, जसले वजार अर्थ व्यवस्थालाई चलायमान राखिरहन्छ । आनाटोली क्यालित्स्की (२०१०) ले शिकुमपिटरको यही अवधारणालाई पछ्याई पूँजीवादी अर्थव्यवस्था कसरी अगाडि बढेको छ भन्ने अध्ययन गरेका छन् । केही वर्ष अघिदेखि शुरु भएको अमेरिका-चीन व्यापार युद्धले अर्थतन्त्रलाई प्रतिकुल प्रभाव पारेको छ र सोसँगै हाल विश्वलाई आत्रान्त तुल्याइराखेको कोरोना महामारीले अर्थतन्त्रलाई डामाडोल पारेको छ । तर योसँगै विश्व आपूर्ति व्यवस्थामा केही परिवर्तन हुने प्रारम्भिक संकेत देखिनुका साथै नौला प्रयोगहरु पनि ल्याउन लागेको देखिन्छ । विभिन्न प्राकृतिक विपत् तथा अन्य असामान्य परिस्थितिका कारण अर्थतन्त्रमा मन्दी आउने गरेको र सोको सम्बोधन गर्न विभिन्न खाले नीति ल्याउने गरिएको छ । मन्दीले पार्ने प्रतिकूल प्रभावलाई सम्बोधन गर्न ल्याइने आर्थिक प्याकेजको विश्लेषण अनुसूची क मा गरिएको छ ।

तरिकाले आ-आफ्ना लक्ष्य तथा उद्देश्यहरु पहिल्याउने गर्दैनन् भने नीतिगत स्पष्टता पनि हुँदैन । त्यसैले यस्ता मुलुकहरु गरिबीको भुमरीमा परिराख्ने उनीहरु तर्क गर्दछन् ।

संयुक्त राष्ट्र संघ लगायत अरु अन्तर्राष्ट्रिय विकास संस्थाहरूका अनुसार कम विकसित या विकासोन्मुख मुलुकहरूको साझा चुनौती भनेकै कम आय, गरिबी, सीमित पूँजी निर्माण, उच्च जनघनत्व, परम्परागत कृषि, बेरोजगारी, कम उत्पादकत्व, प्राकृतिक स्रोतको सीमित प्रयोग, शीप र प्रविधिको अभाव, सीमित पूर्वाधार विकास, सीमित औद्योगिकीकरण, सीमित बजारीकरण, अशिक्षा, सीमित आधारभूत सेवा र सुशासन र अदक्ष प्रशासनतन्त्र रहेका छन् (घोष, सन् २०१२ र बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । एकआपसमा परस्पर अन्तर सम्बन्ध रहेका यी चुनौतीहरूलाई क्रमैसँग पहिल्याई सम्बोधन गर्दै लग्यो भने देशको आर्थिक मुहार परिवर्तन भई विकास पथमा अगाडि बढ्छ । तर कम विकसित मुलुकहरु यसरी अगाडि बढ्दैनन् र बढे पनि रफ्तार निकै कम हुन्छ । यसरी आर्थिक दुर्गतिको कुचक्रमा फसिरहने कम विकसित देशहरूलाई कोरोना महामारी लगायत अरु, जुन सुकै कारणहरूले विश्वव्यापी मन्दी आए पनि थप प्रतिकूल असर पार्छ ।

## ३.१ नेपालको अर्थ-राजनैतिक परिवेश

नेपाल पनि निकै छोटो समयको अन्तरालमा विभिन्न खाले आर्थिक संकटहरूको कुचक्रमा परी राख्ने देश हो, चाहे त्यो राजनीतिक कारणले होस् या छिमेकी मुलुकको कारणले होस् या अरु कुनै कारणले होस् । २००७ सालमा प्रजातन्त्र आइसकेपछिको ७ दशकमा नेपालीले ६ वटा संविधानहरु देखिसके, जसले गर्दा देशले ठूलो राजनैतिक उपलब्धि त हासिल गऱ्यो । तर यसले अर्थतन्त्रलाई के प्रभाव पाऱ्यो भन्ने विषयमा कमै चर्चा हुने गरेको छ (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । २००७ सालको प्रजातान्त्रिक बीजारोपण दिगो हुन नपाउँदै २०१७ सालमा राजाले हैकमी पञ्चायत व्यवस्था लादे, जसलाई २०४६ सालको आन्दोलनले फाल्यो । तर त्यसको ५ वर्षपछि नै माओवादीले जनयुद्ध शुरु गऱ्यो, जुन १० वर्ष चल्यो । यस जनयुद्धले सृजित अस्थिरताका बीच राजाले फेरि हैकमीपन देखाए, जसले गर्दा मूलधारका राजनैतिक पार्टी र माओवादी मिलेर राजतन्त्र फाले र गणतन्त्र स्थापित गरे र त्यसपछि ६ वर्ष चलेको रस्साकसीले नेपालमा संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान २०७२ जारी गऱ्यो, जसका केही प्रावधानहरूको मधेशवादी तथा पहिचानवादी दलहरूले विरोध गर्दै आएका छन् । यी हरेक राजनैतिक परिवर्तनपछि राजनैतिक शक्तिहरूले देशले ठूलो राजनैतिक क्रान्ति हासिल गरेको र अब आर्थिक क्रान्ति हासिल गर्नमा लाग्नुपर्ने विचार त व्यक्त गर्छन् । तर त्यो आर्थिक क्रान्ति भनेको के हो, त्यसका लागि कस्तो नीतिगत परिवर्तन गर्नुपर्छ र कस्ता आर्थिक प्याकेजहरु चाहिन्छ भन्नेमा विचार गरेको दखिँदैन ।

राजनैतिक विरोधका नाममा देशै ठप्प पार्ने बन्दको घोषणा गर्दै राजनैतिक पुरूषार्थ देखाउने व्यवहारमा हुर्केका राजनैतिक दलहरूले सो बन्दले देशको अर्थतन्त्रमा कस्तो प्रतिकूल प्रभाव पार्छ भन्ने कमै सोचेका छन् । यी उच्छृंखल उग्र-राजनैतिक शैलीका कारण देशका आधा युवा जनशक्ति विदेश पलायन भई विदेशको विकास गरिराखेका छन् भने नेपाल आफ्नो उत्पादन खुम्च्याई परनिर्भर भई बसेको छ । नेपाल यस्तो देश हो, जुन कहिले खुल्छ कहिले बन्द हुन्छ ठेगान छैन भन्दा अत्युक्ति नहोला । यसरी देश नै बन्द गरेर आफ्नो अभीष्ट पूरा गर्ने राजनैतिक शक्तिहरु आज कोरोनाबाट मानिसको जीवन रक्षा गर्न देशलाई लकडाउनमा राख्नुपर्दा रनभुल्लमा परेका छन् । मुख्यतः राजनैतिक मुद्दालाई मात्र अघि सारी जनशक्ति परिचालन गर्न तल्लीन नेपालका राजनैतिक शक्तिहरु न जनताको आर्थिक समृद्धिका विषयमा संवेदशील छन् न सोका लागि कुनै कदम नै चलाउँछन् ।

त्यस्तै भारतले विभिन्न राजनैतिक कारण देखाई नेपालमा विभिन्न समयको अन्तरालमा नाकाबन्दी लगाएको छ, जसको राजनैतिक टिकाटिप्पणी हुने गरे तापनि आर्थिक विश्लेषण कम हुने गरेको छ ।

त्यसैले सो नाकाबन्दीहरूबाट हुने आर्थिक नोक्सानीलाई पहिल्याई आर्थिक पुनरूत्थानतिर ध्यान दिइएको देखिँदैन । त्यस्तै उग्र-कर्मचारीतन्त्र, नातावाद, कृपावाद, अस्वस्थ प्रतिस्पर्धा, उग्र-अधिकारवादका साथै माथि उल्लिखित विकासोन्मुख मुलुकहरूको साझा चुनौतीहरूले नेपालको आर्थिक चलायमानतालाई धीमा बनाई समय समयमा आर्थिक संकटको कुचक्रलाई ब्यूँताइराखेको हुन्छ ।

## ३.२ नेपालको आर्थिक चक्र

कुनै देशको प्रगति यसले पनि निर्धारण गर्छ कि उसले अनुकूल समयलाई कति धेरै समय स्थिर राखी अर्थतन्त्रलाई माथि उकास्न सफल हुन्छ र प्रतिकूल समयमा कति चाँडै सोको कारणलाई सम्बोधन गरी ओरालो लागेको अर्थतन्त्र पुनरूत्थान गरी लयमा फर्काउँछ । माथि उल्लिखित अर्थ-राजनैतिक परिवेशले नेपाललाई कस्तो बनाएको छ भने अर्थतन्त्र माथि लागेको समयमा त्यसलाई दीर्घकालसम्म स्थिर राख्न सक्दैन भने ओरालो लागेको समयमा त्यसलाई पुनरूत्थान गर्न लामो समय लिन्छ, जसले गर्दा देश जहिले पनि कम विकसित नै रहिरहन्छ ।

२००७ सालको राजनैतिक परिवर्तनपछि विकास नीतिका साथ अगाडि बढेको नेपालले पहिलो योजनामा औद्योगिकीकरणको लक्ष्य लियो भने दोस्रोमा संस्थागत सुधार, तेस्रोमा कृषि क्रान्ति, चौथोमा फेरि औद्योगिकीकरण, पाचौंमा फ्लेक्जिबल प्लानिङको अवधारणा, छैटौं र सातौंमा आधारभूत सेवा तथा आवश्यकता, आठौंमा आर्थिक उदारीकरण, नवौंमा गरिबी निवारण, एघारौं देखि तेह्रौंमा गरिबी निवारणका साथै अरु हाँगाबिँगा थप्यौं भने चौधौं र पन्ध्रौंमा अल्प विकसित मुलुकबाट माथि उक्लिने लक्ष्य राख्यौं । यसरी लक्ष्यलाई परिष्कृत गर्नु त ठीकै हो । तर पहिला कति प्रगति गऱ्यौ र त्यसलाई कसरी निरन्तरता दिने भन्नेतर्फ सोचेनौं । नयाँ लक्ष्य लियौं तर पुरानोलाई बिर्स्यौं । त्यसमाथि बजेटसँग विकास योजनाको तालमेल मिल्दैन भने विकास नीतिलाई चाहिने संस्थागत तथा कानूनी आधार खडा गरेनौं, जसले गर्दा कार्यान्वयन पक्ष कमजोर बन्यो । विकासोन्मुख नेपालमा स्रोत र साधनको सीमितता त छँदै छ । त्यसमाथि लक्षित विकास नीतिहरु ल्याइएन भने त्यसलाई प्रभावकारी रूपमा संस्थागत गर्न पनि खोजिएन, जसले गर्दा सीमित स्रोतसाधनको फलदायी प्रयोग गर्न सकिएको छैन । नेपालको विकास नीतिको उद्देश्य त ठूलै हुन्छ तर आर्थिक चलायमानता सुस्त गतिमा रही प्रगति एकदम कम हुने गरेको छ ।

सुस्त गतिमा रहेको पञ्चायतकालीन अर्थतन्त्रले उत्तरार्द्धमा आएर केही नीतिगत परिवर्तनहरु गऱ्यो, जसलाई २०४६ सालको राजनैतिक परिवर्तनपछि अरु व्यापक बनाई आर्थिक उदारीकरणको नीति सहित अघि बढियो । यसले २०४९ देखि २०५१सम्म अर्थतन्त्रलाई माथि उकास्यो । त्यसपछि माओवादी जनयुद्धले ओरालो लागेको अर्थतन्त्र २०७२ सालमा नयाँ संघीय गणतान्त्रिक सविधान जारी गरेपछि फेरि उकालो लाग्यो । बीचमा एक दुईचोटि माथि आउन खोजे पनि हेर्न लायकको प्रगति भएन । आर्थिक उदारीकरणले गर्दा केही वर्ष उकालो लागेको अर्थतन्त्र लामो समय जारी नरही ओरालो लाग्नुमा सबै दोष माओवादी जनयुद्धलाई लगाइयो, जुन एक हदसम्म ठीक पनि होला । तर नीतिगत कमी कमजोरीका कारण, आर्थिक चलायमानतालाई माथि उकास्नेतिर खासै प्रभावकारी कदम चालिएन, जसले गर्दा धेरै जनशक्ति कि त विदेशतिर आकर्षित भए कि माओवादीका सेनामा लागे । माओवादी राष्ट्रिय राजनीतिको मूलधारमा आइसकेपछि अर्थतन्त्र अलि माथि उक्लिन खोजेको थियो तर गति लिएन । सो समयमा पनि स्पष्ट नीतिगत आधारका साथ अगाडि बढिएन भने आर्थिक पुनरूत्थानका लागि उपलब्ध सीमित स्रोतलाई प्रभावकारी रूपमा परिचालन गरिएन, जसले गर्दा जनशक्तिको विदेशतिरको आकर्षण जारी रह्यो । एकैचोटि २० वर्षभन्दा लामो अन्तरालपछि २०७४ सालबाट अर्थतन्त्रले फेरि गति लियो र जनशक्तिको विदेश पलायनको दर पनि घट्यो ।[२] तर कोरोना महामारीका कारण ओरालो लाग्ने संकेत देखिइसकेको छ । देशको आर्थिक चलायमानताको लयलाई हेर्ने हो भने पञ्चायतकालमा सुस्त गतिमा

[२] नेपालबाट हुने जनशक्तिको विदेश पलायन तालिका ११.१ मा राखिएको छ ।

रहेको अर्थतन्त्रले गति लिन ३० वर्ष कुर्नुपऱ्यो र २०४९ देखि २०५१ लिएको छलाङ फेरि हासिल गर्न अर्को २० वर्ष भन्दा धेरै लाग्यो । याने कि अरु कम विकसित देशहरु जस्तै नेपालले पनि आर्थिक चलायमानतालाई गति दिई रिकभरी गर्न निकै समय लगाउँछ र आकलझुकल लिने छलाङलाई राजनैतिक शक्ति आफ्नो पुरुषार्थका रूपमा लिई त्यसको गुणगान धेरै समयका लागि गाउने गर्छ भने समयसापेक्ष गर्नुपर्ने रिफर्ममा चासो दिँदैन । देशको उत्पादनमा कृषिको हिस्सा घटे पनि उद्योगले त्यसलाई खासै प्रतिस्थापन गर्न नसकेको र सेवा क्षेत्र मात्र अगाडि आएको देखिन्छ (चार्ट ३.२), जसले परनिर्भरतालाई बढाएको छ ।[३]

**चार्ट ३.१ : नेपालको आर्थिक वृद्धि**




स्रोत : आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय

कोरोनाका कारण हाल ओरालो लागेको अर्थतन्त्रलाई पनि माथि उकास्नेतिर केन्द्रित नभई राजनैतिक शक्तिहरु सबै दोष कोरोनालाई लगाई विगत केही वर्षमा हासिल गरेको आर्थिक वृद्धिको मात्र झ्याली पिटी बस्न बेर छैन । विश्व बैंक (सन् २०२०a)ले हालै सार्वजनिक गरेको दक्षिण एशियाको प्रक्षेपण अनुसार नेपालको सन् २०२० मा आर्थिक वृद्धिदर दक्षिण एशियामै राम्रो रहे पनि सन् २०२१ सम्म आइपुग्दा दक्षिण एशियाले गर्ने रिकभरी नेपालको भन्दा तीव्रगतिको रहने अनुमान छ । माथि उल्लिखित विकासोन्मुख मुलुकहरूको साझा चुनौतीहरूका साथै नेपालको अर्थ-राजनैतिक परिवेशले नेपालको आर्थिक चक्रलाई प्रगतिशील बनाउन थप चुनौती थपेको छ ।

---

[३] अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षणका अनुसार विगत दश वर्षमा नेपालको व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २६ प्रतिशतबाट बढी ३८ प्रतिशत पुगेको छ ।

**चार्ट ३.२ : नेपालको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत अनुपात**




स्रोत : आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय

## ३.३ नेपालमा आर्थिक पुनरूत्थान

अर्थतन्त्रमा देखिएको संकटलाई जति सक्दो चाँडै पुनरूत्थान गरी आर्थिक चलायमानतालाई फेरि ट्र्याकमा ल्याउनु समृद्ध देशको पहिचान हो । नेपालमा विभिन्न खाले विपत्का कारण घाइते तथा मानवीय क्षति भएका परिवारका साथै घरबार, वस्तुभाउ र कृषि उत्पादनमा क्षति भएकालाई राहत दिने गरिन्छ । त्यस्तै दैनिक आधारभूत आवश्यकतामा प्रतिकूल प्रभाव परेकालाई पनि राहत वितरण गरिन्छ भने रोजगारी सृजनाका कार्यक्रमहरु पनि ल्याइन्छ । तर नेपालमा राहत वितरण लगायतका कार्यक्रमहरूमा उग्र-राजनैतीकरण र कर्मचारीतन्त्र हावी रहने गरिन्छ । त्यसैले प्रभावित वर्गलाई लक्षित गरी राहत वितरण हुँदैन भने रोजगारी सृजनादेखि अन्य कार्यक्रमहरु पनि सो तरिकाले कार्यान्वयन हुँदैन, जसले गर्दा प्रभावित परिवारलाई सामान्य अवस्थामा फर्कन लामो समय लाग्छ ।

त्यस्तै आर्थिक संकटले डामाडोल पारेको अर्थतन्त्रलाई चलायमान गरी पुनः ट्र्याकमा ल्याउनु आर्थिक पुनरूत्थानको अर्को पाटो हो । यसमा ओरालो लागेका व्यापार, व्यवसाय, उद्योग लगायत अन्य व्यावसायिक संस्थालाई डुब्नबाट बचाई फेरि पुरानै लयमा फर्काउनु पर्छ । मुख्यतः सरकारले ल्याएका नयाँ नीतिका कारण वा विपत्को परिस्थिति वा अन्य त्यस्तै अकल्पनीय कारण कुनै व्यवसायमा प्रतिकूल असर पारेको छ भने सो व्यवसायलाई रूग्ण व्यवसाय घोषणा गरी पुनरूत्थानको माध्यमबाट पुनःट्र्याकमा ल्याउनु पर्छ, नत्र अर्थतन्त्रले ठूलो नोक्सानी बेहोर्छ र अर्थिक मन्दीबाट बाहिर निस्की उभो लगाउन समय लाग्छ । यसमा अझ विचार गर्नुपर्ने कुरा के छ भने साना, घरेलु, मझौला र ठूला व्यवसायहरूलाई पर्ने प्रतिकूल प्रभावको मात्रा पनि फरक हुन्छ भने यी विभिन्न आकारका व्यवसायहरूको भार वहन क्षमता पनि फरक हुन्छ । तर नेपालमा रूग्ण व्यवसायको सौद्धान्तिक स्पष्टता छैन । यससम्बन्धी नीतिले गैर-बजार जोखिम र बजार जोखिम[४]लाई एउटै चस्माले हेरी जे जस्तो आपत् आए पनि सहयोग दिने उद्देश्य लिएको जस्तो देखिन्छ । तर स्रोत अभावका कारण यसमा सीमित स्रोत परिचालन भएको छ भने यसको बारेमा प्रचार प्रसार कम छ र यसमा मानिसहरूको पहुँच पनि कम छ । यसको फाइदा केही

[४] व्यसायीले प्रतिस्पर्धात्मक वजारमा आएर व्यवसाय गर्नुको मतलव सो बजारको जोखिमलाई आफै वहन गर्छु भन्ने अर्थमा बुझिन्छ ।

पहुँचवाला व्यक्तिहरु बाहेक अरूले लिन सकेको छैन । नेपालका अरु नीतिहरु जस्तै रूग्ण उद्योग नीतिले पनि फराकिलो उद्देश्य लिएको छ, तर कार्यान्वयन कसरी गर्ने भन्नेमा स्पष्टता छैन । स्रोतसाधनको अभाव छ र प्रभावितसम्म पुग्न सकेको छैन । त्यसैले यसले खासै उत्साहजनक प्रतिफल दिएको छैन । यही नीतिगत अस्पष्टताका कारण माओवादी जनयुद्धपछि ल्याइएको औद्योगिक पुनःस्थापना कोष लगायत अरु त्यही प्रकृतिका कार्यक्रमहरु कम प्रत्युत्पादक भए ।

मुख्यतः नेपालमा रूग्ण व्यवसाय नीति संशोधन गरी गैर-बजार जोखिमले पारेको प्रतिकूल प्रभावलाई लक्षित गर्न जरूरी छ । यो भनेको सरकारले ल्याएका नयाँ नीतिका कारण या विपत्को परिस्थिति वा अन्य त्यस्तै अकल्पनीय कारण कुनै व्यावसायिक क्षेत्रमा पर्ने प्रतिकूल प्रभावहरु हुन् । त्यस्तै रूग्ण व्यवसाय नीतिले प्रभावितलाई सहयोग गर्दा सीमित स्रोत साधनको परिधिमा रही जोखिम भार वहन गर्न नसक्ने व्यवसायहरूमा बढी लक्षित हुन जरूरी छ ।

त्यस्तै आर्थिक संकट र बेरोजगारीलाई सम्बोधन गर्न कृषिमा लगानी बढाई ग्रामीण अर्थतन्त्रलाई अगाडि बढाउने पनि समय समयमा लिने गरिएको रणनीति हो । यसमा पनि राजनैतीकरण मुख्य समस्या रहेको छ, जसले गर्दा पहुँचवालालाई मात्र धेरै लाभान्वित गर्छ । त्यस्तै ग्रामीण स्वावलम्बन सोच सहित उत्पादनमुखी कार्यक्रममा मात्र बढी केन्द्रित रही बजारीकरणमा कम ध्यान दिइन्छ । तर प्रतिफल भने उच्च राख्छ । यसले ग्रामीण अर्थतन्त्रको आधारभूत आवश्यकता पूरा गरी केही आर्थिक वृद्धि त गर्ला तर छलाङ नै मार्न सक्दैन र रोजगारी पनि खासै बढाउँदैन ।

## ३.४ कोरोनाले सिकाएको पाठ

नेपाल जस्तो कम विकसित मुलुकहरूको आर्थिक चक्र कम प्रगतिशील छन् भने यी देशहरूमा समय समयमा संकट आई नै रहेको हुन्छ । तर कोरोना महामारी लगायत अरु जुनसुकै कारणले विश्वव्यापी मन्दी आयो भने चाहिँ यी कम विकसित मुलुकहरु भयभीत हुने गर्छन् । किनकि सो मन्दीले यी देशहरूलाई आउने वैदेशिक सहयोगलाई प्रभाव पार्छ, जसलाई उनीहरु संकटमोचनको मूल स्रोत मान्छन् । निश्चय नै विश्वभरि चर्चा चलेजस्तै कोरोनाले विश्वको सामाजिक आर्थिक र राजनैतिक व्यवस्थामा ठूलो उथलपुथल ल्याउने देखिन्छ, जसको प्रारम्भिक संकेतका रूपमा शक्ति राष्ट्रहरूले आफ्नो प्रभुत्व बलियो बनाउन विश्व आपूर्ति सञ्जाललाई आफू अनुकूल परिवर्तन गर्ने होडमा छन् । अमेरिका र चीनबीच केही वर्ष अघिदेखि शुरु भएको व्यापार युद्धलाई कोरोना महामारीले थप मलजल दिएको छ । शक्ति राष्ट्रहरु कम विकसित मुलुकहरूलाई आफू अनुकूल परिचालन गर्नमा झन् धेरै लालायित हुने देखिन्छन् । त्यसैले नेपाल जस्तो कम विकसित मुलुकहरु संयमित रही आफ्नो आन्तरिक सुधार गरी क्षमता वृद्धि गरे चुनौटीसँग सामना गर्न बल मिल्नेछ । यसमा नेपालले संस्थागत सुदृढीकरणमा ध्यान दिई तलका सुधारहरु नगरे ठूलो क्षति बेहोर्नुपर्ने हुन्छ ।

- राजनैतिक शक्तिहरूले बन्द जस्तो उच्छृंखल उग्र-राजनैतिक शैलीलाई त्यागी लोकतन्त्र र अर्थतन्त्रलाई बलियो बनाउन अन्य अरु विरोधका विकल्पहरु अपनाउनुपर्ने हुन्छ ।
- राजनैतिक मुद्दामा मात्र जनशक्ति परिचालन गरिएकोले देशमा उग्र-अधिकारवाद हावी रहेको छ । त्यसैले राजनैतिक, आर्थिक र सामाजिक मुद्दालाई समान रूपमा अगाडि ल्याई अधिकारवाद र कर्मवादलाई समानान्तर रूपमा अघि बढाउनु पर्छ ।
- कर्मचारीतन्त्र र सुशासनमा सुधार ल्याउनु पर्छ ।
- अस्वस्थ प्रतिस्पर्धालाई निरूत्साहित गर्नुपर्छ ।
- सरकारले रूग्ण व्यवसाय नीतिलाई आर्थिक पुनरूत्थानको लक्ष्यका साथ परिमार्जित गर्नुपर्छ ।

- राहत वितरणलाई व्यवस्थित गरी प्रभावितको हातमा पुग्नु पर्‍यो ।
- कृषिको व्यावसायिकीकरण र बजारीकरणमा पनि ध्यान केन्द्रित गर्नुपर्छ ।

सरकारले यी नीतिगत परिवर्तन नगरे हाल ओरालो लागेको अर्थतन्त्र फेरि माथि आउन पहिले जस्तो समय लाग्छ र नेपालको आर्थिक चक्र द्रुत आर्थिक विकास र समृद्धिको पथमा अगाडि बढ्दैन । यहाँ मनन गर्नुपर्ने कुरा के हो भने शक्ति राष्ट्रहरूबीच चलेको घम्साघम्सीबाट आफूले लाभ लिने नीति पनि नेपालका केही छिमेकी मुलुकहरु लिएका छन् । तर नेपालले माथि उल्लिखित सुधार नगरी त्यस्तो लाभ लिन सक्ने देखिँदैन ।

## अध्याय ४

# नेपालमा आर्थिक असमानताको सवाल

आर्थिक समानतालाई विकासको एउटा महत्वपूर्ण पक्षका रूपमा लिने गरिन्छ । संयुक्त राष्ट्र विकास कार्यक्रमले अघि सारेको मानव विकासको मानक, सहश्राब्दी विकास लक्ष्य (MDG)[1] र दिगो विकास लक्ष्य (SDG)[2] जस्ता विश्वव्यापी साझा अवधारणाहरूले पनि आर्थिक समानतालाई मूलभूत आदर्श मानेको छ । इटालिएन अर्थशास्त्री भिलफ्रेदो प्यारितोले सन् उन्नाईसौं शताब्दीको अन्ततिर इटालीको ८० प्रतिशत जग्गामा जम्मा २० प्रतिशत जनताको मात्र स्वामित्व रहेको तथ्यका साथ आर्थिक समानताको मुद्दालाई अगाडि ल्याई शक्तिको सिद्धान्त प्रतिपादन गरे भने दोस्रो विश्व युद्धको अन्तसँगै शुरु भएको विकासका अवधारणाहरूको बहसमा गरिबी र आर्थिक असमानताका विषयमा थप चर्चा परिचर्चा हुन थाल्यो । सोही समयका अमेरिकन अर्थशास्त्री सिमोन कुजनेथले कम विकसित मुलुकमा आर्थिक असमानता कम हुने, जुन आर्थिक विकासको क्रमसँगै बढ्दै जाने तर वितरण प्रणालीलाई विस्तारै प्रभावकारी बनाउँदै लगेपछि आर्थिक असमानता पुनः घट्दै जाने सिद्धान्तको प्रतिपादन गरे । त्यस्तै अर्थशास्त्रीहरूले आयको असमानतालाई श्रम बजारमा हुने माग र आपूर्तिबीचको असन्तुलनको दृष्टिकोणबाट व्याख्या गरे भने केहीले यसलाई श्रमिकहरूबीचको शीप र प्रविधि भिन्नतासँग जोडेर हेरे । कसैले आर्थिक वृद्धिले गरिबी र आर्थिक असमानतालाई कम गर्ने धारणा अगाडि सारे भने कसैले कम विकसित मुलुकहरूका विविध चुनौतीहरूका कारण वृद्धि कम रही गरिबी यथावत् रहने विचार राखे । तर दक्षिण पूर्वी एशियाको विकासले भने एउटा नौलो अवधारणाको आत्मसात् गऱ्यो, जसलाई 'इष्ट एशियन मिराकल'को संज्ञा दिइएको छ । सन् १९७० को दशकमा शुरु भएको यहाँको आर्थिक विकासले वितरण प्रणालीलाई पनि सगसँगै प्रभावकारी बनाउँदै लगी आर्थिक असमानतालाई नियन्त्रणमा राखे भने कुजनेथले भने जस्तो असमानताको लयभन्दा भिन्न तरिकाले अर्थतन्त्र अगाडि बढ्यो ।

केही अर्थशास्त्रीले नीतिगत परिवर्तनले पनि आयमा असमानता ल्याउने विचार अगाडि सारे । नव-उदारवाद र विश्वव्यापीकरणसँगै श्रमिकलाई लिने नीतिमा पनि अलि लचिलो भएका कारण विकसित देशमा कम विकसित देशबाट कम ज्याला दरका कामदारको आवागमनले आय वितरण असमान भएको तर्क पाउल क्रुजमेनले राखे । तर रोबर्ट लरेन्सले त्यो विचारको प्रतिवाद गर्दै प्रविधि विकास नीतिले गर्दा श्रमिकको मागभन्दा आपूर्ति बढ्नाले आय वितरणलाई प्रभाव पारी आर्थिक असमानता बढेको तर्क राखे ।

मुख्यतः आर्थिक वृद्धिले असमानता हटाउँछ भन्ने अवधारणाको प्रतिवाद गर्दै जियान डेर्जे तथा अमार्त्य सेन (सन् २०१३) र कौशिक वासु (सन् २०१६) लगायतका अर्थशास्त्रीहरूले असमानताको

[1] MDG ले Millennium Development Goals (सहश्राब्दी विकास लक्ष्य) लाई जनाउँछ ।

[2] SDG ले Sustainable Development Goals (दिगो विकास लक्ष्य) लाई जनाउँछ ।

वस्तुगत यथार्थ पहिल्याई त्यसलाई सम्बोधन गर्ने नीतिगत लक्ष्यसहित अगाडि जानुपर्ने धारणा राखे । दक्षिण एशियाका जानकारका रूपका चिनिएका जियान डेर्जे र अमार्त्य सेन (सन् २०१३)ले यहाँको सामाजिक राजनैतिक कारणले आर्थिक असमानता र गरिबीले जरा गाडेको र विगतका दशकमा भारतले हासिल गरेको आर्थिक वृद्धिले त्यहाँ रहेको असमानता र गरिबीलाई सम्बोधन नगरेको तर्क राख्छन् भने आर्थिक वृद्धिसँगै गरिबी र असमानताको खाडल कम गर्नेतर्फ पनि नीति केन्द्रित हुनुपर्ने विचार राख्छन् । तर दक्षिण एशियाका नै अर्का जानकार भनेर चिनिने जगदीश भगवती र अरविन्द पनजेरिया (सन् २०१३)ले अमार्त्य सेन र जियान डेर्जेको विचारलाई प्रतिवाद गर्दै आर्थिक वृद्धि नभई आर्थिक असमानता हटाउने नीतिलाई अगाडि बढाउन नसक्ने तर्क राख्छन् । थोमस पिकेटी (सन् २०१७)ले विश्व अर्थतन्त्रले आर्थिक वृद्धिका लागि चालिएका कदमहरूप्रति नै प्रश्न गर्दै विश्वका १ प्रतिशत धनीहरूले विश्वको ९० प्रतिशतभन्दा बढी स्रोतमा स्वामित्व राखेको तथ्य प्रस्तुत गरेका छन् । त्यस्तै अभिजित बेनर्जी र इस्थर डुफ्लो (सन् २०११) जस्ता अर्थशास्त्रीहरूले गरिबी निवारणका कार्यत्रमहरूको उपादेयताको परीक्षण नै नगरी कार्यान्वयन गरिने भएकोले यसले खासै राम्रो प्रतिफल नदिएको र आर्थिक असमानता बढाएको आक्षेप लगाएका छन् । आर्थिक असमानताको अवधारणालाई राजनैतिक, सामाजिक लगायत बहु-आयामिक पाटाहरूसँग जोडेर हेरिन[३] थालेसँगै नेपाल जस्तो विकासोन्मुख मुलुकहरूका चुनौतीहरूको विश्लेषणले पनि व्यापकता पाउँदै गएको छ ।

---

[३] असमानताले व्यापक विषय वस्तु ओगटेको छ र यसको विश्लेषणमा व्यापकता आएसँगै यसका आर्थिक पाटाहरूको विश्लेषणमा पनि व्यापकता आएको छ । अठारौं शताब्दीको औद्योगिक क्रान्तिसँगै श्रमिक र पूँजीपतिबीचको असमानता ठूलो मुद्दा बनी अगाडि आयो भने अमेरिका र अफ्रिकी महाद्वीपमा रंग भेद ठूलो मुद्दा रहने गरेको छ । आदिकालदेखि नै केही अपवादहरु बाहेक विश्व समाजले महिलामाथि विभेद गरेको छ भने एशिया सामाजिक वर्गीकरणमा हुर्किएको महाद्वीप हो । त्यस्तै दक्षिण एशियामा परापूर्वकालदेखि जातिवाद र वर्णवादको संस्कार रहेको मान्यता छ । निश्चय नै यी विभेदहरूका बीच पनि मानव सभ्यताले ठूलो छलाङ मारिसकेको छ । तर त्यो छलाङ निष्पक्ष भएन भन्ने धारणालाई नकार्न सकिँदैन । एककाईसौं शताब्दीका प्रख्यात अमेरिकी राजनैतिक शास्त्री फ्रान्सिस फुकुयामा (सन् २०११) ले त मानव सभ्यताको विकास निश्चय नै प्रगतिशील छ । तर यसले असमानता जन्माउँछ भन्नेसम्मको टिप्पणी गर्छन् । स्मरण रहोस्, आज हामी जतिसुकै वैज्ञानिक उपलब्धिका कुरा गरे पनि महिलाहरु महिनाको एकचोटि दूषित हुन्छन् भन्ने पुरातनवादी मान्यतबाट माथि उठ्न सकेका छैनौं । यस्तै सामाजिक, आर्थिक र राजनैतिक मूल्य र मान्यताले विश्वमा असमानताको खाडल बढाइरहेको छ भन्नेमा दुई मत छैन ।

श्रमिक र पूँजीपतिबीचको असमानताले वर्ग संघर्ष ल्याउँछ भन्ने सिद्धान्तका आधारमा साम्यवादी विचारधाराको जन्म भयो, जसका धेरै नौला अवधारणाले निश्चय नै मानव विकासको दृष्टिकोणलाई परिष्कृत गरेको छ । तर साम्यवादी शासन व्यवस्थाले अर्थतन्त्र र समाजका सबै मूलभूत पक्षहरूलाई अगाडि लैजान नसक्दा यो लामो समय विश्व मानचित्रमा रही रहन सकेन (ब्राउन, सन् २०१०) । सोभियत संघ सन् १९९० को दशकसम्म आइपुग्दा पतन भयो भने जनवादी गणतन्त्र चीनले सन् १९७० को दशकको अन्तमा आएर बजारवादी अर्थतन्त्रमा आफ्नो कदम अगाडि बढायो । मध्य युगको अन्तसँगै यूरोपमा उदारवादी र कन्जर्भेटिभ राजनैतिक धारबीच चलेको रस्साकस्सीमा समानताको अवधारणा सहित समाजवादी विचारधारा अगाडि आयो, जसले असमानतालाई पहिल्याई समानता स्थापना गर्नुपर्छ भन्ने विश्वव्यापी राजनैतिक अवधारणा अगाडि ल्यायो (रेअन, सन् २०१२) । उन्नाईसौं शताब्दीको अन्तसँगै महिलाले पनि भोट दिन पाउने अवधारणालाई आत्मसात् गर्न शुरु गरियो भने अफ्रिकी महाद्वीपका नेल्सन मण्डेला र अमेरिकी महाद्वीपका मार्टिन लुथर किङ जस्ता नेताहरूको रंगभेद विरूद्धको मोहिमले विश्व राजनीति ततायो । त्यस्तै भारतीय उपमहाद्वीपका बीआर अम्वेदकरले वर्णवादविरूद्ध धावा बोले । सन् १९७० को दशकको युरोपमा सामाजिक बहिष्करण मुद्दाले व्यापकता पायो । हिलारी सिल्भर (सन् १९९५) र डेभ मुडिम (सन् १९९९) का अनुसार वहिष्कृत र सीमान्तकृतहरूको राजनैतिक, समाजिक र आर्थिक पहुँच तथा सहभागिता कम रही उनीहरूको जीवनस्तर तल्लो स्तरको रहने गर्छ र आर्थिक असमानताको शिकार हुने गर्छ ।

मानव सभ्यताको विकाससँगै मानव जातिलाई नै विभेद गर्ने खालका विभिन्न संस्कार तथा मूल्य र मान्यताहरु पनि स्थापित हुँदै आइरहेका हुन्छन् भने यस्ता असमानतालाई पहिल्याई सोको सम्बोधन गर्नुपर्छ भन्ने मान्यताका साथ नौला विकासका अवधारणाहरु पनि आइराखेका छन् । तर धेरै ठाउँमा यस्ता असमानताको उचित सम्बोधन नहुँदा सोविरूद्ध आन्दोलन वा जन-विद्रोह हुने गरेका छन् (फिचर, सन् २००८) ।

मुख्यतः विपत् तथा मन्दीले ठूलै आर्थिक प्रभाव पारी व्यापार व्यवसाय चौपट हुन गई बेरोजगारी बढ्छ, जसले समुच्च मानिसहरूको जीवन स्तरलाई तल झार्छ । त्यसमा पनि बहिष्कृत र सीमान्तकृतहरूको आर्थिक अवस्थालाई थप जरजर बनाउँछ भने तल्लो मध्यम वर्गलाई पनि गरिबीको रेखामुनि ल्याई बहिष्कृत र सीमान्तकृत बन्नतिर धकेल्छ (सेन, सन् २०००) । विश्व बैंक (सन् २०२० जुन ८) ले हालको कोरोना महामारीका कारण विपन्न वर्गलाई थप कष्टकर बनाउनुका साथै तल्लो मध्यम वर्गीय परिवारहरु पनि गरिबीको रेखामुनि धकेलिने प्रबल सम्भावना रहेको दाबी गर्छन् । त्यस्तै अन्तर्राष्ट्रिय श्रम संगठन (सन् २०२०)ले दैनिक ज्यालादारी गर्ने मजदूर, अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई सबैभन्दा धेरै आक्रान्त पारेको बताएका छन् । विकासका अवधारणामा आर्थिक असमानता एउटा गहन मुद्दा बनी अगाडि आइरहेको छ भने नेपालमा आर्थिक असमानता कत्तिको व्याप्त छ र कोरोना महामारीका कारणले नेपालमा रहेको आर्थिक असमानतालाई कसरी प्रभाव पार्छ भनी यहाँ विश्लेषण गरिएको छ ।

## ४.१ नेपालमा आर्थिक असमानताका पक्षहरु

दक्षिण एशियाली उप-महाद्वीपमा अवस्थित नेपाललाई भारतीय तथा चीनी-तिब्बती संस्कृतिको संगमस्थलका रूपमा लिइन्छ । ज्ञानभूमि तपोभूमिका रूपमा परापूर्वकालदेखि परिचित नेपाललाई भारतीय दर्शनको उद्गमस्थल पनि मानिन्छ । डोरबहादुर विष्ट (सन् १९९२) तथा प्रयागराज शर्मा (सन् २००४)का अनुसार प्राचीनदेखि मध्यकालसम्म यहाँको समाजको विभिन्न खाले आध्यामिक तथा बौद्धिक दर्शनसँग समीप्य रहेको तर आठौं शताब्दीबाट नेपालको बौद्धिक समाजमा रहेको बहुलवादी सोच विस्तारै हराउँदै गई वर्णवादी दर्शन हावी हुन पुगेको हो । कला-कौशल र व्यापार व्यवसायमा निकै प्रगति भएको मल्लकालसम्म आइपुग्दा वर्ण व्यवस्थालाई संस्थागत गरी छुवाछुत फैलिसकेको थियो । नेपाल भनेर चिनिने सो समयको काठमाडौं उपत्यकाले शासित राज्यदेखि लिएर बाईसी चौबिसी (गण) राज्यहरु लगायत सबै ठाउँमा वर्ण व्यवस्थाले निर्देशित समाज स्थापित भइसकेको थियो । यो सामाजिक असमानताका साथ साथै ग्रामीण र शहरी भेगबीच पनि ठूलै असमानता रहेको अड्कल आर्थिक इतिहासकारहरूका अध्ययनबाट लगाउन सकिन्छ । आर्थिक इतिहासकार महेशचन्द्र रग्मी (सन् १९८८)का अनुसार ऐतिहासिक कालदेखि भारत र तिब्बत-चीन बीचको व्यापार मार्गका रूपमा रहेको नेपालका अधिकांश ठाउँहरु ग्रामीण क्षेत्र नै थिए भने सीमित व्यापारिक केन्द्रहरूमा मात्र सो समयमा शहरीकरण भइसकेको थियो र केही कपडा, कागज, तामा, आयुर्वेदिक लगायतका उद्योगहरु स्थापना भएका थिए ।

नेपाल एकीकरणपछि पनि यहाँ खासै सामाजिक र आर्थिक परिवर्तन भएको देखिँदैन भने जहानिया राणाकालमा आएर वर्णव्यवस्थामा तागाधारी र मतवालीको अवधारणा ल्याई बाहुन र क्षेत्रीबाहेक अरु कथित तल्लो जात र हिन्दू वर्णाश्रम अन्तर्गत नपर्ने आदवासी/जनजातिहरूलाई राज्य संयत्रबाट अलग राख्ने काम भयो (विष्ट, सन् १९९२ र शर्मा, सन् २००४) भने कर्णाली लगायत आसपासका क्षेत्रहरूको वैभव नेपाल एकीकरणपछि हराउँदै गयो ।[४] सरदार भीम बहादुर पाँडे (२०४१)का अनुसार मधेसीले औलो फैलाउँछ भनेर राणाकालमा मधेसीलाई काठमाडौं छिर्न ट्राभल डकुमेन्ट चाहिन्थ्यो र शिवरात्रिमा पशुपति दर्शन गर्न चार दिनको छूट थियो । राणाकालमा ९५ प्रतिशत जनता किसान थिए भने बाँकी ५ प्रतिशतमा आधी व्यापार गर्थे भने आधी सरकारी जागीरे थिए (पाँडे, २०७६) । त्यस्तै विभिन्न खाले जमिनदारी प्रथा रहेकोले भूमिमा सीमित व्यक्तिको हैकम थियो भने धेरैजसो किसान भूमिहीन थिए । हर्क गुरुङ (२०६५)का अनुसार राष्ट्र निर्माणका क्रममा नेपालमा जातिवाद, वर्णवाद, छुवाछुतदेखि लिएर क्षेत्रीय तथा लैंगिक विभेदले पनि प्रश्रय पायो भने राज्य संयत्रमा सीमित उच्च जातले मात्र पहुँच पाउने

[४] हाल कर्णाली प्रदेश सरकारको योजना आयोगका सदस्य दिपेन्द्र रोकायाका अनुसार कर्णालीको विगतको इतिहास पनि निकै सम्पन्न थियो । तर एकीकरणपछि राज्यले सो क्षेत्रमा विभेदको नीति लियो ।

व्यवस्थालाई आत्मसात् गरियो । त्यस्तै किसानदेखि लिएर अरु काम गर्ने वर्गलाई स्रोत र साधनबाट टाढा राखी अछुतको व्यवहार गरियो (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । परम्परागत मूल्य तथा मान्यता भनी लादिएको यो असमानतालाई शासक वर्गले आफ्नो शक्ति सञ्चयका लागि समय समयमा परिमार्जित पनि गरे (विष्ट, सन् १९९२) ।

२००७ सालको राजनैतिक परिवर्तनपछि सबै तरिकाको असमानता र विभेदलाई अन्त्य गर्न सबै राजनैतिक शक्तिहरु सहमत भए भने २०१७ मा राजाले प्रजातन्त्रलाई गलहत्याई देशको बागडोर आफ्नो हातमा लिँदा पनि सोही प्रतिबद्धता दोहोर्‍याए । तर असमानतालाई सम्बोधन गर्न केही कार्यक्रमहरु ल्याए तापनि खासै सुधारवादी कदमहरु चालिएन । राजाले देशलाई सुहाउँदो पञ्चायती शासन व्यवस्था ल्याएको भनी दाबी गरिए तापनि र आफूलाई विभिन्न जातजातिका साझा प्रतीकका रूपमा प्रस्तुत गरे तापनि देशमा रहेको विविधतालाई प्रतिविम्बित हुने गरी तथ्यांक संकलन गरिएन, जसको कारणले देशमा विद्यमान असमानताको मापनसम्म पनि गर्ने प्रयास गरिएन । पञ्चायती कालको मध्यतिर जब क्षेत्रीय विकासको अवधारणालाई आत्मसात् गरियो, सो समयदेखि क्षेत्रीय असमानताको कुरा उठ्न शुरु भयो ।

२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनापश्चात् देशमा रहेको विविधतालाई प्रतिविम्बित हुने गरी तथ्यांक संकलन गर्न शुरु गरियो । यसले देशमा विद्यमान बहु-आयामिक असमानतालाई छर्लङ्ग पार्ने प्रयासको शुभारम्भ भयो । आरक्षणदेखि विभिन्न खाले संस्थागत सुधारका साथै असमानतालाई लक्षित नीति तथा कार्यक्रमहरु पनि ल्याए तर ऐतिहासिक कालदेखि रहेको असमानतालाई प्रभावकारी तरिकाले सम्बोधन भएन । यी सीमान्तकृत तथा बहिष्कृतहरूको मुद्दालाई माओवादी जनयुद्धले राजनैतीकरण गर्‍यो भने पछिका दिनहरूमा जातिवादी र पहिचानवादी राजनैतिक शक्तिहरु उभ्रेर आए । सो समयका मूलधारका राजनैतिक दलले फेरि हैकमीपन देखाउन थालेको राजतन्त्रलाई फ्याँक्न माओवादीसँग हात मिलाई गणतन्त्र घोषणा गरे भने धेरै रस्साकस्सीपछि समानुपातिकको अवधारणा सहितको संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान २०७२ जारी गरियो । २०४६ सालको प्रजातान्त्रिक पुनःस्थापनादेखि २०७२ सालको संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानसम्म आइपुग्दा समानताका अवधारणालाई संस्थागत गर्न धेरै प्रयासहरु भए । तर अहिले पनि असमानताका व्यवहारहरु हावी रहेको छ । अमार्त्य सेन (सन् २०००)ले भने जस्तै असमानताका बहुआयामिक चुनौतीहरूले जरा गाडेको नेपालजस्तो कम विकसित देशको प्रगतिमा थप जटिलताहरु छन् र यी तल परेकाहरूलाई विपत्का समय थप प्रतिकूल असर पर्छ । नेपालले गरिबी घटाए तापनि देशमा आर्थिक असमानता व्यापक छ । यसलाई गरिबीको विभिन्न कोणबाट विश्लेषण गरिएको तालिका ४.१ र चित्र ४.१ र नेपालमा आय वितरण सम्बन्धी तालिका ४.२ ले थप प्रष्ट्याउँछ ।

### तालिका ४.१: नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ अनुसार नेपालमा गरिबी

| विवरण | गरिबी (% मा) | विवरण | गरिबी (% मा) |
|---|---|---|---|
| **वासस्थानका आधारमा** | | **जात र जातिका आधारमा** | |
| शहर | १५.४६ | पहाडी ब्राह्मण | १०.३४ |
| गाउँ | २७.४३ | पहाडी क्षेत्री | २३.४० |
| **भौगोलिक आधारमा** | | तराई ब्राह्मण | १८.६१ |
| हिमाल | ४२.२७ | तराई मध्यम जाति | २८.६९ |
| पहाड | २४.३२ | पहाडी दलित | ४३.६३ |
| तराई | २३.४४ | तराई दलित | ३८.१६ |
| **पेशागत आधार** | | नेवार | १०.२५ |
| कृषि क्षेत्रमा स्वरोजगार | २७.२ | पहाडी जनजाति | २८.२५ |
| उत्पादन उद्योगमा स्वरोजगार | २२.४ | तराई जनजाति | २५.९३ |
| ब्यापारमा स्वरोजगार | १३.२ | मुस्लिम | २०.१८ |
| सेवा क्षेत्रमा स्वरोजगार | १९.६ | अन्य | १२.३४ |
| कृषि क्षेत्रमा ज्यालादारी | ४७.० | **नेपाल*** | २५.१६ |
| अन्य व्यावसायिक क्षेत्र ज्यालदारी | ५.६० | | |

स्रोत : केन्द्रीय तथ्यांक विभाग (२०६८)

* अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५/७६ का लागि प्रकाशित आर्थिक सर्वेक्षण अनुसार नेपालमा गरिबी १८.६ प्रतिशत रहेको छ ।

### तालिका ४.२ : नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ अनुसार नेपालको दशमक वर्गसमूहमा आयको विवरण

| विवरण | औसत आम्दानी (रू.) | आम्दानीमा हिस्सा (% मा) | एकीकृत हिस्सा (% मा) |
|---|---|---|---|
| सबैभन्दा गरिब (प्रथम) | ६,२२२ | १.५ | १.५ |
| दोस्रो | १०,७७९ | २.६ | ४.१ |
| तेस्रो | १४,३५० | ३.४ | ७.५ |
| चौथो | १८,२३८ | ४.४ | ११.९ |
| पाँचौं | २२,६५५ | ५.४ | १७.३ |
| छैटौं | २८,००७ | ६.७ | २४.१ |
| सातौं | ३५,४४९ | ८.५ | ३२.६ |
| आठौं | ४६,८३० | ११.२ | ४३.८ |
| नवौं | ६९,७६९ | १६.७ | ६०.६ |
| सबैभन्दा धनी (दशौं) | १,६४,४०१ | ३९.५ | १०० |
| नेपाल | ४१,६५९ | १०० | १०० |

स्रोत : केन्द्रीय तथ्यांक विभाग (२०६८)

**चित्र ४.१ नेपालमा प्रदेशगत गरिबीको विवरण (%मा)**




स्रोत : राष्ट्रिय योजना आयोग र अक्फोर्ड पोभर्टी एण्ड ह्युमन डिभेलपमेन्ट इनिसिएटिभ (सन् २०१८)

मुख्यतः यहाँको शासक वर्गले यी मुद्दाहरूलाई राजनैतीकरण त धेरै गर्छन् । तर अघिका अध्यायमा भने जस्तै यसको आर्थिक समाधानतर्फ कम सोच्छन् । देशका लागि चाहिने जनशक्ति तयार गर्ने भन्दा पनि उग्र-राजनैतिक क्रियाकलापमा जनतालाई परिचालन गर्ने गर्छन् । वास्तवमा यी दुवै पाटाहरु समानान्तर अगाडि लैजानुपर्ने कुरा हो । यसरी जनशक्ति परिचालन गरेको हुँदा भारत लगायत अन्य छिमेकी मुलुकहरूबाट सीपयुक्त मान्छे ल्याई काम गराउँछन् भने नेपालीहरु यहाँ आफूलाई सुहाउँदो काम नपाई भारत लगायत मुलुकमा ज्यालादारी काम गर्न जान्छन् । क्षेत्रीय रूपमा विभेद गरिएका कर्णाली र सुदूरपश्चिममा त धेरै अगाडिदेखि भारतमा रोजगारी जीविकापार्जनको मुख्य माध्यम बनेको छ भने अन्य ठाउँहरूमा पनि यो प्रवृत्ति व्यापक नै छ । अझ २०५० को दशकसम्म आइपुग्दा सरकारले खाडी लगायतका मुलुकहरूमा वैदेशिक रोजगारी खोलेदेखि देशैभरि यसले व्यापकता पाएको छ भने नेपालले बाहिरबाट शीप भित्र्याई देशको आधारभूत आवश्यकताहरु पूरा गरिराखेको छ । नेपाली श्रम बजारमा यो अनौठो माग र आपूर्तिको सम्मिश्रण हो, जसलाई साधारण ज्यालादरका सिद्धान्त र मजदूर अधिकारको नजरबाट हेर्दा ठूलो भूल हुनेछ । विश्व बैंक लतायतका संस्थाहरूले सन् २००६मा गरेको अध्ययनले वैदेशिक रोजगारीका कारण नेपालमा गरिबी घटेको देखाउँछ ।[५] तर आफ्नो मान्छे बाहिर पठाई आधारभूत आवश्यकताहरूका लागिसम्म पनि बाहिरबाट शीप भित्र्याई देशले विकास गर्छ भन्ने ठूलो प्रश्न खडा हुन्छ । नेपालको आर्थिक चक्रलाई नियाल्ने हो भने न देशले उच्च वृद्धिदर हासिल गरेको छ न विपत्बाट आउने आर्थिक संकटलाई प्रभावकारी रूपमा पुनरूत्थान नै गर्न सकेका छौं । अझ वैदेशिक रोजगारीमा जानेहरूको सामाजिक सुरक्षाका विषयमा देश संवेदनशील छैन भने बाह्य संकटका कारण वैदेशिक रोजगारमा के असर गर्छ भनी सोच्ने गरेका छैनन्, जसको परिणाम हालको कोरोना महामारीका समय नेपालले भोगिराखेको छ ।

## ४.२. नीतिगत कमजोरीले ल्याएको खलबली

नेपालजस्तो कम विकसित मुलुकहरूमा गरिबी निवारण र आर्थिक असमानताका विषयमा नीतिगत स्पष्टताको कमी छ । निश्चय नै बजार अर्थतन्त्रमा आय कर्म र क्षमतासँग लिंक छ र लोकतान्त्रिक मुलुकको नीति निर्माण जन आकांक्षालाई प्रतिविम्बित हुनेगरी बनाएको हुन्छ होइन भने त्यसको विरोध

---

[५] विश्व बैंक, डिफिड र एशियाली विकास बैंक (सन् २००६) ।

भइहाल्छ । मुख्यतः आयको ठूलो हिस्सा कमाउने सीमित वर्गले नीति निर्माणमा प्रभाव पार्छ भन्ने आम धारणा छ । यसलाई अर्को तरिकाले बुझ्दा देशको जनसंख्याको ठूलो हिस्सा गरिबी उन्मुख छन्, जसमा उपल्लो मध्यम वर्गकाहरूको नीति निर्माण र कार्यान्वयनमा प्रत्यक्ष सहभागिता हुन्छ भने तल्लो मध्यम वर्गका साथै वास्तविक गरिबहरु दैनिक खाने लाउने जोहो गर्नमै व्यस्त हुन्छन् । हरेका देशमा नीति निर्माण यसरी नै भइराखेको छ । यहाँ मनन गर्नुपर्ने कुरा के छ भने देशको आर्थिक विकाससँगै न्यूनतम आधारभूत आवश्यकताको वितरणलाई प्रभावकारी बनाउँदै लगे आर्थिक असमानतालाई घटाउने लक्ष्य प्राप्ति गर्न अलि सजिलो हुन्छ । तर आधारभूत आवश्यकताको वितरण प्रणालीमा उग्र-राजनैतीकरण भयो भने त्यहाँ सबै डामाडोल हुन्छ । अफसोच नेपालको आधारभूत आवश्यकताको वितरण प्रणालीमा पनि उग्र-राजनैतीकरण हावी छ । राजनैतिक नेतृत्वले गरिबी, विषमता, आर्थिक असमानता र अधिकारवादमा उग्र-राजनैतीकरण गरी सबै चीज दिन्छु त भन्छ तर केही दिँदैन । हालको कोरोना महामारी व्यवस्थापनको समय पनि देशले यो चीजमा गहन रूपले सोच्न जरूरी छ । देशको राजनीतिमा अधिकारवाद र बजारवादलाई सक्दो समानान्तर राख्नुपर्छ, नत्र देशमा समृद्धि आउँदैन । यहाँ विचार गनुपर्ने कुरा के छ भने आधिकारवादविनाको पूँजीवाद पनि काम छैन भने अधिकारवादको उग्र-राजनैतीकरणले पनि देशलाई उभो लगाउँदैन ।

त्यस्तै नेपालमा नीतिगत निर्णयहरु लिँदा त्यसले पार्ने प्रतिकूल असरका कारण के -कस्ता असमानताहरु सृजना हुन्छन् भनी गहन रूपमा सोच्ने गर्दैनन् । देशलाई अगाडि बढाउने उद्देश्यका साथ नीतिगत निर्णयहरु निश्चय नै लिनुपर्छ । तर सो नीतिले के कस्तो प्रतिकूल असर पर्छ भनी पहिल्याई सोको उचित सम्बोधन पनि हुनुपर्छ । काठमाडौं उपत्यकाबाट कार्पेट उद्योग हटाउने नीतिगत निर्णय लिँदा सो उद्योगहरूमा काम गर्ने मजदूरहरूको विषयमा राम्ररी सोचिएन, जसले गर्दा उनीहरूको जीवनमा प्रतिकूल प्रभाव पा¥यो । देशका विभिन्न ठाउँहरूमा गरिएको स्थानान्तरणले कस्तो प्रतिकूल प्रभाव पार्छ भनी नसोच्दा सो वस्तीहरु माथि उठ्न वर्षौं लाग्यो । यी त केही नेपालमा भएका नीतिगत त्रुटिले जन्माएका उदाहरणहरु मात्र हुन् । हाल पनि नीतिगत निर्णय लिँदा यही प्रवृत्ति दोहो¥याउने गरेको छ । उदाहरणका लागि नेपालमा रेल ल्याउने कुराको निकै चर्चा छ, जुन अवश्य नै प्रगतिशील सोच हो । तर त्यसले यातायात मजदूरलाई के प्रभाव पार्छ भन्नेतर्फ सोच्दैनौं । केही वर्ष अघिदेखि यस्ता मुद्दालाई राजनैतीकरण गरी काम नै रोकिने खालको कदमहरु चाल्ने गरिएको छ, जसले गर्दा देशलाई थप आर्थिक नोक्सानी भइराखेको छ भने पीडित पक्ष पनि लामो समयसम्म अनिश्चितताको भुमरीमा परी आर्थिक रूपमा खस्कन पुगेका छन् । यी विषय नीति निर्माण तहमा नै पहिल्याई सोको उचित सम्बोधन गरी काम रोक्ने प्रवृत्ति रोक्नुपर्छ भने पीडित पक्षलाई लामो समय अनिश्चितताको भुमरीमा राख्न हुँदैन । यस्ता पीडितहरु धेरैजसो सीमान्तकृत तथा बहिष्कृत समुदायबाट पर्छन् भन्ने धारणाले पनि व्यापकता पाएको देखिन्छ तर सोको गहन अध्ययन हुन जरूरी छ । साधारण समय होस् या महा-विपत्का समय होस् नीतिगत त्रुटिले असमानता निम्त्याउँछ तर महा-विपत्का समय यसको असर सोचेभन्दा पनि घातक हुन्छ ।

## ४.३. महाविपत्का समय उठ्ने गरेका असमानताका कुराहरु

विपत्ले प्रत्यक्ष रूपमा प्रभावित भएकाहरूलाई आर्थिक असमानतातिर धकेल्छ भन्ने सर्वमान्य मान्यता छ । त्यसैले त्यस्ता प्रभावितहरूलाई राहत वितरण गरी सरकारले सामाजिक सुरक्षाको प्रत्याभूति दिनुपर्छ । बेलायतस्थित इन्स्टिच्युट अफ डिभेलपमेन्ट स्टडिज (सन् २०२०)[६]का अनुसार अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक, कृषक र कृषि मजदूर, आप्रवासी र शरणार्थी, बालक र महिला विपत्का समय धेरै जोखिम

[६] डेभेरेक्स र अरु (सन् २०२०) ।

उन्मुख हुन्छन् । नेपालमा शहर र गाउँबीच रहेका असमातना, कृषक र जमिनदारबीच रहेको असमानता, शासक र सेवकबीच रहेका असमानता र औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूका बीचको असमानतालाई विपत् तथा मन्दीले प्रतिकूल असर पार्छ । दैनिक ज्यालादारी मजदूर, अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक, भूमिहीन किसान र अन्य दमित तथा विषम परिस्थितिमा रहेकाहरूलाई कोरोना महामारी प्रतिकूल पारेको छ । मुख्यतः बहिष्कृत, सीमान्तकृत, क्षेत्रीय असमानता लगायत अरु विभेदहरूका कारण आयको तल्लो तहमा रहेकाहरूको विपत्का समय आइपर्ने आर्थिक संकटसँग जुझ्ने क्षमता कम हुन्छ । त्यसैले निकै धेरै जोखिम उन्मुख रहेका हुन्छन् । नेपालमा सीमान्तकृत तथा बहिष्कृतलाई अति जोखिम उन्मुखका रूपमा लिने गरिन्छ । मुख्यतः विपत्को समय यी जोखिम उन्मुखहरूलाई लक्षित गरी राहत वितरण गर्नुपर्छ भनी सार्वजनिक बहस हुने गर्दछन् भने सरकार पनि यी जोखिम उन्मुखहरूलाई नै लक्षित गर्ने नीति सहित अगाडि बढ्छ । तर कार्यान्वयनमा उग्र-राजनैतीकरण हुन गई धेरैजसो लक्षित वर्गलाई राहत नपुगेको कुरा हरेक विपत्को समय उठ्ने गरेका छन् । यसरी राहत वितरण प्रभावकारी नहुँदा विपत्ले प्रत्यक्ष रूपमा प्रभावित भएकाहरु असमानताको भुमरीमा फस्न जाने र सीमान्तकृत तथा बहिष्कृत लगायतका अरु अति जोखिम उन्मुखहरूमा झन् धेरै असमानता बढ्छ । कोरोना महामारीको हालको समयमा पनि राहत वितरणमा धेरै समस्या आए देखिन्छ । किनकि शहरमा काम गर्ने मानिसहरूको आय स्रोत ठप्प भई राहत पनि नपाएकोले दैनिक आधारभूत आवश्यकता पूरा गर्न नसकेर लकडाउनको समय नै मानिसहरु हिँडेर आफ्नो गाउँघर फर्केका थिए ।[७] कोरोना महामारी नेपालमा संघीयता संस्थागत भइसकेपछिको पहिलो विपत् हो । त्यसैले राहत वितरणमा केही त सुधार भएको हुनुपर्छ, जसको अध्ययन हुन जरूरी छ । स्मरण रहोस् कोरोना महामारी नियन्त्रणको सिलसिलामा खट्दा धेरै स्थानीय जनप्रतिनिधिहरु संक्रमित हुन पुगेका छन् ।

त्यस्तै कोरोना महामारीका कारण वैदेशिक रोजगारीबाट आउने विप्रेषण घटेको छ र यसमा आश्रित नेपालका २४.५३ प्रतिशत[८] घर परिवार जोखिम उन्मुख छन् । यति भन्दै गर्दा देशले वैदेशिक रोजगारीलाई तुरून्त रोकी रोजगारी सृजना गर्ने सामर्थ्य पनि छैन तर सोतिर सोच्न पनि कोरोना महामारीले घच्घच्याएको छ । हालको कोरोना जस्तै अरु विभिन्न कारणले वैदेशिक रोजगारमा जानेहरु र त्यसमा आश्रित उनीहरूका परिवारहरूलाई के कस्तो जोखिमहरु आउँछ भनी प्रभावकारी तरिका सोच्ने गरिएको छैन र यी परिवारहरु पनि जोखिम उन्मुख हुन् भनी सरकारले लिने गरेको देखिँदैन । मुख्यतः विपत्को समयमा जोखिम परेकाहरूलाई पुनरूत्थान गर्न सरकारले कार्यदक्षता बढाउनुपर्छ भनी नीतिगत निर्णयहरु गरे तापनि त्यो प्रभावकारी रूपमा कार्यान्वयन हुँदैन । उल्टो धेरैजसो विपत्लाई लक्षित गरी ल्याइएका कार्यक्रमहरूमा भ्रष्टाचार हुने गरेको खबर आउँछन् ।

कोरोना महामारी विश्व संकट भएकोले नेपाल जस्तो कम विकसित देशहरूलाई आइराख्ने संकटभन्दा यसको प्रभाव निकै व्यापक छ । यसको कारणले देशले ठूलो आर्थिक नोक्सानी बेहोरिराखेको छ भने बेरोजगारी बढाएको छ, जसले गर्दा नेपालले विगत ३० वर्षमा घटाएको गरिबी फेरि बढ्ने देखिन्छ ।[९] कम विकसित देशहरूलाई सहगोगी हातहरु गुम्ने डर छ भने उनीहरूलाई विश्व बैंक लगायतका संस्थाहरूले आन्तरित स्रोत परिचालनमा मितव्ययिता अपनाउनुका साथै कार्यक्षेत्रको चुस्तता बढाई अर्थिक चलायमानतालाई पुनः लयमा ल्याई बेरोजगारी कम गर्ने जस्ता सुझावहरु दिएका छन् । तर नेपाल सरकार यसको साटो शासक र सेवक जस्तो व्यवहार देखाउने अभिव्यक्ति अगाडि ल्याइराखेका छन् भने यसको प्रतिवाद पनि हुन थालेको छ । सरकारलाई कोरोना महामारीबीच आएको भारतसँगको सीमा विवादमा सबैले साथ दियो तर कोरोना नियन्त्रणमा चालिएका कदमहरूमा सबैले

[७] उज्यालो नेटवर्क (२०७७ वैशाख ४) र बीबीसी (सन् २०२० अप्रिल २७) ।

[८] थापा र आचार्य (सन् २०१७) ।

[९] यसको थप विश्लेषण अध्याय १२ मा गरिएको छ ।

विरोध गरे । नेपालमा प्रजातन्त्र आइसकेपछि आएका विपत्हरूमा हालको कोरोना महामारीको समय मात्र यति ठूलो प्रतिवादका स्वरहरु देशैभरि गुन्जायमान भएको हो । कोरोना महामारी नियन्त्रणका लागि स्वास्थ्य क्षेत्रको तयारी पुगेन भनी स्वास्थ्यविद्हरूले भनिरहेका छन्, लकडाउनमा गरिएको राहत वितरण प्रभाकारी भएन भनी अधिकारकर्मीहरूले आवाज उठाइराखेका छन्, व्यापार व्यवसाय चैपत भएकोमा निजीक्षेत्र चिन्तित छ, लकडाउनले मजदूर भोकै छन् लगायत यावत् कुरामा सरकारको ध्यानाकृष्ट गरिराखेका छन् । तर सरकार भने असमञ्जसमा रही सबै कुरामा बुझ पचाई आफ्नै कुरा मात्र ठीक भनी अगाडि बढिराखेको छ । हालको लोकतान्त्रिक जनतान्त्रिक युगमा यस्तो सोचका साथ अगाडि बढे सबैले प्रतिवाद गर्छन्, जुन हाल भई पनि राखेका छन् । के यस्तो सोचसहित अगाडि बढी राखेको सरकारले कोरोना महामारीका कारण देशमा रहेको आर्थिक असमानतामा पारेको प्रभावबारे मनन गरेको होला भन्ने गम्भीर प्रश्न खडा हुन्छ र तलका लेखहरूमा यसको गम्भीर विश्लेषण गरिएको छ ।

### अध्याय ५

# कोरोना महामारीले नेपालको अर्थतन्त्रमा पारेको प्रभाव[१]

कोरोना महामारीको कारणले गर्दा विश्वमा नै ठूलो मानवीय संकट उत्पन्न भएको छ । सन् २०१९ को अन्ततिर चीनको वुहानबाट शुरु भएको यो महामारीले एशिया, युरोप हुँदै हाल अमेरिकी महाद्वीपलाई आक्रान्त तुल्याइराखेको छ । उमेर पुगिसकेका वृद्धहरूका साथै मधुमेह, क्यान्सर, मुटु तथा श्वासप्रश्वासको रोग लागेका व्यक्तिहरूलाई यो रोगको खतरा निकै रहेको छ । विश्वभर यो रोगले हालसम्म ३० लाखभन्दा बढी मानिसहरूलाई संक्रमित गरेको छ भने २ लाखभन्दा बढीको यो रोगले मृत्यु भइसकेको छ । संयुक्त राष्ट्र संघले यो महामारीलाई दोस्रो विश्व युद्धपछिको सबैभन्दा ठूलो मानवीय संकटका रूपमा व्याख्या गरेको छ[२] भने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता संस्थाहरूले यो महामारीका कारण विश्वमा निकै लामो समयसम्म आर्थिक मन्दी छाउनेतर्फ सचेत गराएका छन् ।[३] विश्व शक्ति राष्ट्रहरु यो महामारीले आफ्नो देशमा पारेको प्रभावको बारेमा गहिरो विश्लेषण गर्न बाध्य भएका छन् र विश्व अर्थ-राजनीतिमा पनि यसले ठूलो तरंग ल्याएको छ । कोरोनाले विकासको अवधारणामा के कस्तो परिवर्तन आउँछ भन्ने पनि कौतुहलको विषय बनेको छ ।

चीनसँग सीमा जोडिएको दक्षिण एशियामा यो महामारी फैलने निकै सम्भावना रहेको छ । दक्षिण एशियामा स्वास्थ्य क्षेत्रको खासै सुधार नहुनका साथै यहाँको जनघनत्वले पनि यो खतरालाई अझ धेरै बढाएको छ । त्यसमा पनि वैदेशिक रोजगारीका कारण मान्छेको निकै आवतजावत भइराख्ने नेपालमा यो रोगले महामारीको रूप नलेला भन्न सकिँदैन । सरकारले यो रोगविरूद्ध जागरूक अभियान चलाउनुका साथै २०७६ चैत्र ११ गतेदेखि देशभरलाई लकडाउनमा राखेको छ । तर सम्पूर्ण देशलाई धेरै समयसम्म लकडाउनमा राख्दा यसले ठूलो क्षति हुने भएकोले संक्रमण फैलाउन सक्ने क्षेत्रहरु छुट्याई बाँकी ठाउँहरूलाई चाँडै खुकुलो पारिँदै छन् । विश्वभर नै आतंकित बनाइराखेको कारण नेपालबाट वैदेशिक रोजगारीमा जानेहरूको घर फर्कने क्रम बढ्ने भएकोले अरु वैकल्पिक उपायहरु पनि अपनाउनुपर्ने देखिन्छ । लकडाउनको समयमा नै पनि भारतबाट लाखौं मान्छेहरु नेपाल भित्रनुका साथै अझ कति नेपालीहरु सीमा नाका लगायत भारत तथा अन्य मुलुकहरूमा बिचल्लीमा परेका छन् । त्यसरी बिचल्लीमा परेकाहरूको सुरक्षाका लागि कूटनीतिक तहबाट कदम चाल्नु जरूरी छ । सुदूरपश्चिम र कर्णाली प्रदेशहरूलाई धेरै अघिदेखि संक्रमण फैलन सक्ने सम्भावित ठाउँका रूपमा राखेकोमा हाल प्रदेश १ को

---

[१] यो लेख २०७७ साल वैशाख १८ गते प्रकाशित भएको हो ।

[२] इन्डिपेन्डेन्ट (सन् २०२० अप्रिल १) ।

[३] विश्व बैंक (सन् २०२०a) र अन्तर्राष्ट्रिय मुद्रा कोष (सन् २०२०) ।

उदयपुर र प्रदेश २ को पर्सामा पनि सामाजिक संक्रमण फैलने डर बढेको छ । भारतको सीमा क्षेत्रको तराईका जिल्लाहरूमा पनि संक्रमण फैलने डर रहेकोले उच्च सतर्कता अपनाइएको छ ।

यो महामारीले नेपालको अर्थतन्त्रमा के कस्तो प्रतिकूल प्रभाव पार्छ र सोबाट माथि उठ्न देशले के कस्तो कदमहरू चाल्नुपर्छ भन्ने कुरा हाल गहन चासोको विषय रहेको छ । कोरोनाको औषधि र खोप हालसम्म विकास भइनसकेको र यसको संक्रमण कति व्यापक भएर जान्छ भन्ने यकिन गर्न नसकिरहेको अवस्थामा यसले अर्थतन्त्रमा पार्ने प्रभावको पनि मापन गर्न निकै चुनौतीपूर्ण रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले २०२० को अप्रिलमा विश्व अर्थतन्त्रको आफ्नो पूर्वानुमानलाई संशोधन गरी कोरोनाको कारण विश्व अर्थतन्त्र ३%का दरले संकुचन हुने प्रक्षेपण गरेको छ ।[४] एशियाली विकास बैंक (२०२०) ले यो वर्षको नेपालको अर्थतन्त्रको वृद्धिदर बजेटले सोचेभन्दा कम ५.३% रहने भनी अनुमान गरे तापनि विश्व बैंकले यो वर्ष नेपालको आर्थिक वृद्धिदर १.८ देखि २.८% को हाराहारीमा मात्र रहने प्रक्षेपण गरेको छ ।[५] कोरोना महामारी र लकडाउनका कारण पर्यटन, निर्यात व्यापार, विप्रेषण लगायत सम्पूर्ण क्षेत्रहरू खुम्चिनुका साथै प्रतिकूल मौसमका कारण कृषि उत्पादन पनि खुम्चिनुले नेपालको वृद्धिदर तल झर्ने यी संस्थाहरूको तर्क छ ।

## ५.१ कृषि क्षेत्र

कृषि मन्त्रालयको प्रक्षेपण अनुसार यो वर्ष धान उत्पादन १.०५ प्रतिशतले कमी आउने भएको छ, जसले कृषि उत्पादनमा कमी आउने देखिएको छ ।[६] चैते बाली अनुकूल मौसम रहेको र लकडाउनले गाउँका कृषकहरूको दैनिक काममा पनि खासै फरक नपार्ने हुँदा उत्पादन ह्वात्तै तल झर्ने सम्भावना कम छ, तर उन्नत बीउ लगायत मल आपूर्तिको कमीले असर चाहिँ पारेको हुन्छ । तरकारी फलफूल लगायत नगदे बालीहरूको आपूर्ति सञ्जालमा भने लकडाउनका कारणले नराम्रो प्रभाव पारेको छ । धेरै कृषकहरूको उत्पादन बजारसम्म पुग्न सकिराखेको छैन र भण्डारणको व्यवस्था नभएर उत्पादन कुहिएर ठूलो नोक्सानी बेहोर्नु परेको छ । गाईवस्तु लगायत चौपायाको दानामा खासै समस्या नरहे पनि भेटेरिनरी औषधिको सहज आपूर्ति छैन भने दुध विक्री नहुँदा कृषकले नोक्सानी खेप्नुपरेको छ ।

डेरी व्यवसायी संघका अनुसार लकडाउनले डेरी व्यवसायीलाई ८ अर्बको नोक्सानी भएको छ ।[७] पोल्ट्री व्यवसायीलाई पनि लकडाउनले ठूलो मारमा पारेको छ । दाना उद्योगलाई चाहिने कच्चापदार्थको आयात कम हुँदा आपूर्तिमा कमी आई चल्ला बढाउन समस्या आएको छ भने ठूलो मात्रामा खपत गर्ने होटल, रेष्टुरेष्ट जस्ता व्यवसायहरू बन्द हुँदा विक्री तल झरेको छ । आंशिक रूपमा खुकुलो पार्दै लैजाँदा कृषि उत्पादनका धेरै समस्यामा कमी आउनेछन् ।

## ५.२ औद्योगिक क्षेत्र

लकडाउन लागू गरेसँगै उद्योगहरूलाई वर्गीकरण गरी सञ्चालनको नीति अपनाइएको छ भने दैनिक आवश्यकताका खाद्य प्रशोधन उद्योगहरू लकडाउनको समयमा पनि खुकुलो बनाइएका छन् । तर, आवतजावतमा प्रतिकूलता, कच्चापदार्थको अभाव लगायत समस्याहरूका कारण खासै उद्योगहरू सञ्चालनमा छैनन् । सिमेन्ट, डण्डी, कपडा, तेस्रो मुलुकमा निर्यात सम्भावनाका वस्तुहरू लगायत अरू द्वितीय क्षेत्रका ठूलोदेखि मझौला लगानी भएका उद्योगहरू खासै सञ्चालनमा छैनन् । साथै स्थानीय

---

[४] अन्तर्राष्ट्रिय मुद्रा कोष (सन् २०२०) ।

[५] विश्व बैंक (सन् २०२०a) ।

[६] कृषि तथा पशुपन्छी विकास मन्त्रालय (२०७६ पुस १३) ।

[७] अनलाइन खबर (२०७७ वैशाख २) ।

तहमा कच्चापदार्थ उपलब्ध साना उद्योगहरूको उत्पादनको आपूर्ति सञ्जाल नियमित नहुँदा व्यवसायमा समस्या आएको छ । औषधि बाहेकका द्वितीय क्षेत्रका उद्योगहरु लगभग ठप्प छन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दिएको जानकारी अनुसार औद्योगिक क्षेत्रहरूभित्र लकडाउनको समयमा पनि सञ्चालन भइराखेका आधारभूत उद्योगहरु साविक क्षमताभन्दा धेरै कम क्षमतामा चलाइराखेका छन्, जसमा दाना प्रशोधन उद्योगहरु ३३ प्रतिशत, खाद्यान्न उद्योग ४१ प्रतिशत, इँटा उद्योग ४८ प्रतिशत, दुग्ध उद्योग ५० प्रतिशत, तेल उद्योग ६३ प्रतिशत, औषधि उद्योग ६३ प्रतिशत र खानेपानी उद्योग ९० प्रतिशत क्षमतामा सञ्चालन भइराखेका छन् ।[८]

उद्योगहरु सञ्चालन नहुनु अतुलनीय क्षति हो र हेटौंडा औद्योगिक क्षेत्रले दिएको जानकारी अनुसार यस औद्योगिक क्षेत्रले लकडाउनका कारण दैनिक ६० करोडको नोक्सानी बेहोरिरहेको छ ।[९] आंशिक रूपमा खुकुलो पार्दै लैजाँदा पनि धेरै उद्योगहरूका समस्या यथावत् रहन्छ । किनकि कामदार मजदूरहरु धेरै लकडाउनको मार खप्न नसकेर गाउँघर फर्केका छन् र उनीहरूलाई फर्काउँदा स्वास्थ्यको मापदण्ड पूरा गरी ल्याउनुपर्ने हुँदा सहज मजदूरहरु उपलब्ध हुन सक्ने अवस्था छैन । त्यस्तै कच्चापदार्थको सहज आपूर्तिको पनि ठूलो चुनौती छ । विशेषतः भारतबाट कच्चापदार्थ आपूर्ति गर्नुपर्ने उद्योगहरूमा भारतले यस विपत्को समयमा छिमेकी देशहरूसँग कस्तो परराष्ट्र र व्यापार नीति लिन्छ, त्यसले पनि ठूलो प्रभाव पार्छ ।

## ५.३ सेवा क्षेत्र

कुल गार्हस्थ्य उत्पादनको ३ प्रतिशत हिस्सा ओगटेको पर्यटन क्षेत्रमा कोरोनाको प्रारम्भिक संकेत देख्दादेखि नै व्यापारमा कमी आई लकदाउन हुनपूर्व नै ठप्प हुन पुगेको थियो । पर्यटनसँगै नागरिक उड्डयन क्षेत्र फेरि पुरानै लयमा फर्किन अलि लामै समय लाग्छ । होटल व्यवसायी संघले दिएको जानकारी अनुसार सन् २०२०मा होटल क्षेत्रले ९० प्रतिशत आम्दानी गुमाउनेछ ।[१०] सन् २०१९ मा नेपाल आएका ११ लाख ७० हजार विदेशी पर्यटकलाई आधार बनाई सोको ९० प्रतिशतमा प्रतिविदेशी पर्यटकले नेपालमा खर्च गर्ने रकम अमेरिकी डलर[११] ५४४ ले गुणा गर्दा अमेरिकी डलर ५७ करोड हुन आउँछ, जुन लगभग ६८ अर्ब रूपैयाँ[१२] हुन आउँछ । विद्युत्, सञ्चार, पानी, ग्यास लगायतका वस्तु तथा सेवाहरूको व्यापारिक प्रयोग प्रायः ठप्प हुन गई घरेलु प्रयोगमा मात्र सीमित हुन पुगेको छ । आंशिक खुकुलो पारे यी वस्तु तथा सेवाहरूको व्यापारिक प्रयोग केही बढ्नेछ । लकडाउनले आपूर्ति सञ्जालमा पारेको प्रभावले बैंकिङ र थोक तथा खुद्रा व्यापार आंशिक रूपमा सञ्चालन भइराखेका छन् भने उत्पादन केन्द्र र उपभोक्ताबीच बढेको दूरीले बजार सन्तुलनमा राख्न सकिराखेको छैन । बिचौलियाहरूले यस आपतको समय अनैतिक फाइदा उठाइराखेका छन् । आंशिक खुकुलोले दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्थामा केही सहजता ल्याई मूल्य र गुणस्तर नियन्त्रणमा मद्दत पुग्नेछ । लकडाउनको समय शहरी क्षेत्रमा बैंकिङ, खुद्रा व्यापार र शिक्षा क्षेत्रहरूको सेवा अनलाइन डिजिटल प्रविधिबाट दिन थालिएको छ, जसले केही सहजता गरेको छ र यो प्रयोगलाई भविष्यमा व्यवस्थित गरे देशले आर्थिक गतिविधिमा तीव्रता लिन सघाउ पुऱ्याउनेछ । आंशिक लकडाउनले शिक्षा तथा सामाजिक सेवामा केही सहजता चाहिँ ल्याउनेछ ।

---

[८] क्लिकमान्डु (२०७६ चैत २८) ।

[९] रातोपाटी (२०७७ वैशाख १३) ।

[१०] कान्तिपुर (२०७७ वैशाख १२) ।

[११] यस पुस्तकमा उल्लिखित डलरले अमेरिकी डलरलाई जनाउँछ ।

[१२] अरु केही उल्लेख नगरेसम्म मौद्रिक तथ्यांकहरु नेपाली रूपैयाँ रहेका छन् ।

## ५.४. रोजगारी र उपभोग

केन्द्रीय तथ्यांक विभागले सन् २०१७/१८ मा गरेको नेपालको श्रम सर्भे अनुसार देशको रोजगारीमा ३७.८ प्रतिशत मात्र औपचारिक रोजगारमा रहेको र ६२.२ प्रतिशत अनौपचारिक रोजगारमा रहेको व्यहोरा प्रस्तुत गरेको छ । यो अनौपचारिक रोजगारमा लागेका ठूलो श्रम वर्गमा ८५ प्रतिशतको कुनै किसिमको सामाजिक सुरक्षाको व्यवस्था छैन (राजभन्डारी, सन् २०१८), जसले गर्दा यिनीहरु, हालको आपतको बेला, चपेटामा पर्ने ठूलो सम्भावना रहेको छ । यी अनौपचारिक रोजगारमा लागेकाहरूमा लगभग ६६ प्रतिशत गैर कृषिक्षत्रेमा छन्, जो भनेका मुख्य त ज्यामी मजदूरहरु हुन् । यी श्रमिक वर्ग लकडाउनमा व्यापार व्यवसाय ठप्प भएर काम नपाई आम्दानीविहीन बनेका छन् भने कोही कोही आफ्नो दुई छाक खाना नपाई भोकभोकै भएर लकडाउनको समयमा नै शहरबाट हिंडेर आफ्नो गाउँ जान बाध्य भएका छन् । लकडाउनको समय बढ्दै जादा यसरी घर जानेको संख्या पनि बढ्दै गइराखेको छ भने प्रदेश र स्थानीय सरकारहरु त्यसरी फर्केकाहरूलाई सजिलोसँग फर्कने व्यवस्था मिलाउन बाध्य भएका छन् । औपचारिक रोजगारमा पनि कोरोना महामारीले प्रतिकूल प्रभाव पारेको छ । उद्योगीहरूले महामारीले प्रतिकूल असर पारेका कारण श्रमिकलाई नियुक्त गर्ने र निकाल्ने ऐन नियममा खुकुलो गर्नुपर्ने तर्क अघि सार्नुका साथै सरकारी तथा निजी क्षेत्रमा काम गर्ने कर्मचारी तथा श्रमिकहरूलाई दिइएका सेवा तथा सुविधाहरूमा पनि कटौती गरिएका छन् । यसले के संकेत गर्छ भने समयमा नै उपयुक्त कदम नचाले नेपालको रोजगारीमा ठूलै संकुचन आउनेछ । त्यस्तै कोरोना महामारी र खाडी मुलुकमा तेल बजारको असन्तुलनले विप्रेषणमा कमी आउने देखिन्छ । विश्व बैंक (सन् २०२०b) ले विश्वभरको विप्रेषणमा २० प्रतिशतको गिरावट आउने प्रक्षेपण गरेको छ भने नेपाल राष्ट्र बैंकले यो आर्थिक वर्ष नेपालमा भित्रने विप्रेषण १० प्रतिशतले कमी आउने बताएको छ ।[१३] हाल विप्रेषण नेपालको विदेशी मुद्राको मुख्य स्रोत मात्र नभई २४.५३ प्रतिशत नेपाली घरपरिवारको आयको स्रोत पनि रहेको छ । त्यस्तै, विदेशी मुलुकको श्रम बजारमा श्रमिकको मागमा कमी आएकोले तेस्रो मुलुकबाट नेपाल फर्कन चाहनेको संख्या ३ लाख नाघिसकेको र यो अझ बढ्न सक्ने सम्भावना रहेको छ । त्यससँगै भारतमा लकडाउनका कारणले काम गुमाउने र घर फर्किनेको चाप निकै बढेको छ । हुन त भारत लगायत तेस्रो मुलुकहरूमा स्थिति अनुकूल हुँदै गयो भने पछि यी श्रमिकहरूको माग फेरि बढ्नेछ । खाडी संकटको समयमा पनि दक्षिण एशियाका धेरै कामदार फर्किन बाध्य भएका थिए तर स्थिति सामान्य भएपछि खाडी मुलुकहरूमा दक्षिण एशियाली श्रमिकहरूको आप्रवाह जारी रह्यो । नेपालमा हाल काम नहुनाले आम्दानी पनि नभएकाको जमात निकै बढ्नाले क्रय शक्तिमा विगतको एक महिनादेखि ह्रास आएको छ, जुन महामारीको जोखिम बढी लकडाउन पनि बढे थप खस्कँदै जाने सम्भावना छ । संघीयदेखि प्रदेश र स्थानीय सरकारहरूले विपन्न वर्गलाई राहत वितरण गरी न्यूनतम आवश्यकता पूरा गर्नेतिर सोचेको भए तापनि सो राहत लक्षित वर्गलाई नपुगेको टीकाटिप्पणी पत्रपत्रिकाहरूले गर्न थालेका छन्, जसले थप प्रतिकूल स्थिति सृजना गर्छ ।[१४] जनतालाई लकडाउनको समय सजिलोका लागि विद्युत्, पानी, सञ्चारदेखि लिएर बैंकको ऋण र कर भुक्तानलाई केही समय पर सारे तापनि क्रय शक्ति नबढे यी बक्यौता पछि तिर्न गाह्रो भई सोको बोझ पनि सरकारले नै उठाउनुपर्ने हुन सक्छ । लकडाउनलाई केही खुकुलो बनाए अति आवश्यक वस्तु तथा सेवाको आपूर्तिमा सहजता आउनेछ र यसले केहीको दैनिक कामलाई चलायमान पनि बनाउँछ । तर मानिसहरूको आवतजावत गर्दा स्वास्थ्य मापदण्डलाई विचार गरी नियन्त्रित हुने भएकाले धेरै सहजै

---

[१३] नेपाल राष्ट्र बैंकले सन् २०२० जुन २३ मा प्रकाशित आर्थिक वर्ष २०७६/७७ को प्रथम दश महिनाका आधारमा गरिएको आर्थिक विश्लेषण अनुसार विप्रषण ६.१ प्रतिशतले घटेको छ ।

[१४] नेपाल लाइभ (२०७६ चैत्र २६), उज्यालो नेटवर्क (२०७७ वैशाख ४) र बीबीसी (सन् २०२० अप्रिल २७) ।

कामकाजमा फर्कने अवस्थाचाहिँ हुँदैन । त्यसैले देशको उपभोगलाई लयमा ल्याउन दीर्घकालीन नीतिको आवश्यकता छ ।[१५]

## ५.५ लगानी

कोरोना संक्रमण कति व्यापक भएर जान्छ भन्ने यकिन गर्न नसकिरहेको अवस्थामा निजीक्षेत्र निकै त्रसित छन्, जसले गर्दा पूँजी परिचालनमा समस्या आई लगानीमा प्रतिकूल प्रभाव पर्नेछ । कोरोना महामारीको कारणले विभिन्न मात्रामा प्रभाव पारेका निजीक्षेत्रलाई बचाई चलायमान बनाउन सरकारसँग विभिन्न खाले सहकार्य खोजिराखेका छन् । यसमा महामारीले निकै प्रभावित पर्यटन, आयात लगायत अरु क्षेत्रहरूको व्यवसाय डुब्नबाट बचाउन अलि लामो समयको पुनरूत्थान प्याकेज अपेक्षा गरेका छन् भने कम प्रभावित क्षेत्रहरूमा छोटो समयका लागि पुनरूत्थान प्याकेज अपेक्षा गरेका छन् । मुख्यतः व्यवसायीले बैंकको कर्जा दिन सक्ने क्षमता र प्रक्रियालाई खुकुलो बनाई व्यवसायलाई चाहिने स्थिर तथा चालू पूँजी परिचालनमा सहयोगको अपेक्षा राखेका छन् । त्यस्तै ऋण तिर्ने, कर चुक्ता लगायत अन्यको पनि समयावधि थपि यस आपत्कालीन परिस्थितिमा पूँजी परिचालनलाई चलायमान राख्न पनि अपेक्षा गरेका छन् । स्वास्थ्य मापदण्डलाई पालना गरी आंशिक खुकुलो बनाई अर्थतन्त्रलाई चलायमान नराखे धेरै व्यवसायमा असर गर्नेछ, जसले बैंकिङ क्षेत्रमा पनि प्रतिकूल प्रभाव पार्नेछ । आर्थिक प्रतिकूलताका कारण उपभोगका साथै आम्दानीमा पनि कमी आई कुल राष्ट्रिय बचतमा पनि प्रभाव पार्ने सम्भावना छ, जसले वित्त तथा पूँजी बजारमा पनि प्रभाव पार्छ । हुन त महामारीले विश्व बजारको आपूर्ति सञ्जाललाई पुनःसंरचना गर्ने कुरा उठिरहेको बेला विदेशी लगानी नयाँ ठाउँहरूमा आकर्षित हुनेछन् । तर यसबाट फाइदा लिन नेपालले धेरै दीर्घकालीन नीतिहरु ल्याउनुपर्ने हुन्छ । लगानीको अर्को महत्वपूर्ण हिस्सा रहेको सरकारको पूँजीगत खर्च महामारीका कारण सोचेभन्दा निकै कम हुनेछ । यो आर्थिक वर्षको चैतसम्मको पूँजीगत खर्च २८ प्रतिशत मात्र भएको छ[१६] र महामारीका कारण यो धेरै बढ्ने सम्भावना निकै कम छ । किनकि भौतिक निर्माणदेखि विकासका अन्य कामहरु सीमित मात्रामा भइराखेका छन् । पूँजी परिचालनलाई नियमित गर्नु अर्थतन्त्रका लागि निकै आवश्यकता छ । महामारीले पारेको प्रभाव हेरी सरकारले विभिन्न क्षेत्रहरूमा पूँजी परिचालनलाई नियमित गर्न राहतका प्याकेजहरु दिनुपर्छ, जुन को सही उपयोग हुन पनि जरूरी छ । यसमा साना तथा मध्यम लगानीका व्यवसायलाई पनि लक्षित गर्नुपर्छ । किनकि यिनीहरूमा विषम परिस्थितिबाट माथि आउने क्षमता कम हुन्छ ।

## ५.६ वैदेशिक व्यापार

कोरोना महामारीले वैदेशिक व्यापारमा पनि प्रभाव पार्ने देखिन्छ । यो वर्ष नेपाल सरकारले विलासिताका सामानहरूमा कडाइ गर्ने नीति लिएसँगै अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्नाले विगत वर्षमा भन्दा यो वर्षको आयातको मौद्रिक मूल्यमा कमी आई व्यापार घाटामा केही प्रगति भएको छ । भन्सार विभागका अनुसार नेपालको यो आर्थिक वर्षको पहिलो ९ महीनाको व्यापार घाटा गत आर्थिक

[१५] कोरोना महामारीसँगै बढेको आर्थिक अनिश्चितताका कारणले मानिसहरूले आफ्नो दैनिक आधारभूत आवश्यकतामा मात्र खर्च गरी राखेका छन्, जुन भनेको खाद्य सामानमा हुने खर्च हो । केन्द्रीय तथ्यांक विभागले २०६६/६७ का लागि गरेको जीवनस्तर सर्वेक्षणका अनुसार साधारण समयमा नेपालीले उपभोगको ६१.५ प्रतिशत खाद्यमा खर्च गर्ने गर्छन् । शहरकाहरूले खाद्य खर्च ४६ प्रतिशत र गाउँकाहरूले ६५.६ प्रतिशत खर्च गर्ने गर्छन् । यसरी हेर्दा हालको कोरोना महासंकटको बेला मानिसले साधारण समयमा गर्ने उपभोग खर्चको आधी मात्र गरिराखेका छन् ।

[१६] हिमाल खबर (२०७७ जेठ १)

वर्षको सोही अवधिको भन्दा ८.८८ प्रतिशतले कमी आएको छ ।[१७] महामारीका कारण भारतले खाद्य, औषधि लगायत अरु अत्यावश्यक सामानहरूको निर्यातमा कहिले खुकुलो त कहिले नियन्त्रित गर्ने नीति लिए अनुरूप खाद्य सुरक्षादेखि लिएर स्वास्थ्य विषय लगायत अरु कुरामा पनि नेपाल चिन्तित हुनु स्वाभाविक हो । महामारीले नेपालको विदेशी मुद्राको मूल आयस्रोत, विप्रेषणमा घट्ने संकेत देखेपछि विलासिताका सामानहरूको आयातमा थप नियन्त्रण गर्ने नीति लिएको छ । नेपालको निर्यात सम्भाव्यता भएको प्राथमिक वस्तुहरु, जस्तै- जडीबुटी, अदुवा, अलैंची, तरकारी लगायतका सामानको व्यापारमा आउँदा दिनहरूमा खासै प्रभाव नपारे पनि तेस्रो मुलुकमा निर्यात सम्भाव्यता भएको विलासिता वस्तुहरु, जस्तै कार्पेट, हस्तकला, पस्मिना, ऊलका सामान लगायतको निर्यात घट्ने सम्भावना प्रबल छ । नेपालको प्रमुख सेवा आयातको रूपमा रहेको, पर्यटनमा भने निकै लामो समय प्रभाव पार्नेछ, जसले गर्दा विदेशी मुद्राको आयमा प्रभाव पर्छ । लकडाउनले वैदेशिक व्यापारमा ह्रास आएको छ, जसले सरकारको भन्सारबाट हुने मुख्य आयस्रोत घटेको छ । नेपाल र भारत दुवै देशमा लकडाउन हुँदा नाकाहरु बन्द छन् भने केही अत्यावश्यक सामानहरु र पेट्रोलियम पदार्थ बाहेक अरु सामानहरु नेपाल छिर्न दिइएको छैन । अघि झिकाइएका सामानका कन्टेनरहरु सीमामा लाइन लागेर भित्र आउने प्रतीक्षामा छन् । नेपाल र भारतमा लकडाउन आंशिक खुकुलो भएसँगै वैदेशिक व्यापारले अलि गति लिने देखिन्छ । तर महामारीका कारण भारतले कच्चापदार्थ लगायत अरु औद्योगिक इनपुटमा कस्तो व्यापार नीति लिन्छ, त्यसले नेपाललाई निकै प्रभाव पार्नेछ । त्यस्तै नेपालबाट तेस्रो मुलुक निर्यात हुने विलासिताका सामान र पर्यटनमा खासै वृद्धि नहुने सम्भावना छ, जसले विदेशी मुद्राको आयमा प्रभाव पार्छ । प्राथमिक वस्तुहरूको प्रशोधनलाई स्वास्थ्य मापदण्डलाई ध्यानमा राखेर आंशिक लकडाउनमा खुकुलो बनाए यी वस्तुहरूको निर्यातको सम्भाव्यता रहेको छ ।

## ५.७ सारांश

कोरोना महामारीको संक्रमणलाई नियन्त्रण गर्ने राज्यको मुख्य दायित्व हो र यो आपत्कालमा देशले आफ्नो स्रोत साधनलाई यसैमा प्रयोग गर्नु हालको आवश्यकता पनि हो । साथै यो महामारीले पारेको आर्थिक प्रभावलाई सम्बोधन गर्नेतिर पनि ध्यान दिन जरूरी छ । निश्चित रूपमा कोरोना महामारीले नेपालको अर्थतन्त्रको उत्पादन र व्यय पक्षमा संकुचन ल्याएको छ । तर यो संक्रमण कति आक्रान्त हुन्छ भनी यकिन गर्न नसकिरहेकाले यसको आर्थिक प्रभाव मापन गर्न पनि अलि मुश्किल परेको छ । **हाल मुख्य नीतिगत द्विविधा भनेको जीवनलाई महत्व दिने कि जीविकोपार्जनलाई दिने भन्नेमा छ । कोरोनाबाट मानव जीवनलाई बचाउन सामाजिक दूरीका लागि लकडाउन लागू गर्नुपर्छ, जसले अर्थतन्त्रलाई ठप्प पारी जीविकोपार्जनमा समस्या ल्याउँछ । तर जीविकोपार्जनलाई महत्व दिएर अर्थतन्त्रलाई पहिला जस्तो चलायमान बनाउन लकडाउन नगरे संक्रमण फैलने सम्भावना बढ्छ ।** कुनै कुनै मुलुकहरूमा लकडाउन घोषणा गरे तापनि अर्थतन्त्र चलायमान राख्न लकडाउनलाई कडाइका साथ लागू नगर्नाले संक्रमण धेरै फैलिएको समाचार पत्रपत्रिकाहरूले उल्लेख गरेका छन् ।[१८] यसमा हाल सुधार गरी धेरैजसो मुलुकहरूले यो महामारीको संक्रमणलाई नियन्त्रणमा राख्न लकडाउनमा कडाइ गर्नुका साथै जति सकिन्छ, त्यति अर्थतन्त्रलाई चलायमान राख्ने अल्पकालीन नीति आत्मसात् गरी अघि बढिराखेका छन् ।

---

[१७] नेपालको आर्थिक वर्ष २०७६/७७ को पहिलो ९ महिनाको वैदेशिक व्यापारका लागि हेर्नुहोस् भन्सार विभागको अनलाइन लिंक : https://customs.gov.np/storage/files/1/FTS/FTS_uptochaitra_207677_2020-04-19-10-03-03%20(1).xlsx

[१८] इकोनोमिक टाइम (सन् २०२० अप्रिल २०) ।

नेपालले पनि यसै नीतिलाई अंगीकार गरेको देखिन्छ । तर नेपालजस्तो विकासोन्मुख देशलाई महामारी नियन्त्रणसँगै अर्थतन्त्र जोगाउने काम निकै चुनौतीपूर्ण छ र नेपालले आउन सक्ने सम्भावित वित्तीय असन्तुलनलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय दातृ निकाय गुहारिसक्यो । नेपालसँग सीमित स्रोत र साधन भएकाले यसको उचित परिचालन गर्न जरूरी छ । मुख्यतः विभिन्न क्षेत्र, समुदाय र वर्गलाई महामारीले परेको प्रभावलाई तुलना गरी वित्तीय र अरू राहतलाई लक्षित गरी निजीक्षेत्र, स्वास्थ्यकर्मी, समाज र आम जनतालाई साथमा लिई लकडाउनलाई आंशिक रूपमा खोल्न चाल्नुपर्ने कदम पहिल्याउनु पर्छ । हुन त नेपालमा राहत वितरणमा राजनीतीकरण हुने नराम्रो इतिहास छ । तर यस महासंकेटको समय यसलाई प्रभावकारी बनाउन जरूरी छ । राहत अति प्रभावित विपन्न वर्गको हातमा नपुगे उनीहरु आफ्नो जीविकोपार्जनका लागि साहु महाजनको चंगुलमा परेर फेरि गरिबीको भुमरीमा पुग्नेछन् । मुख्यतः भूमिहीन कृषि मजदूर, ज्यालादारी मजदूर, दैनिक आयले जीवन चलाइराखेका वर्गहरु, शहर र विदेशबाट काम नभई खाना नपाएर फर्केकाहरु गरिबीको चपेटामा पर्ने ठूलो सम्भावना छ । उनीहरूको हातमा राहत नपुगे र उनीहरूको आर्थिक क्रियाकलापका विषयमा नसोचिए जीविकोपार्जनमा समस्या आई साहू महाजनको चंगुलमा परी गरिबीमा धकेलिन सक्छन् । त्यस्तै, प्रभावित निजीक्षेत्रलाई लक्षित गरी वित्तीय वा अरु कुनै प्रकारको प्रोत्साहन नदिए अर्थतन्त्रलाई लयमा फकार्उन समय लिन्छ । साना तथा मध्यम लगानीका व्यवसायहरूमा विषम परिस्थितिबाट माथि उठ्ने क्षमता कम हुने भएकोले यी व्यवसायहरूलाई ब्याजमा छूट लगायत अरु वित्तीय प्रोत्साहन लक्षित गर्न जरूरी छ । पर्यटन, निर्यात लगायत अरु धेरै प्रभावित क्षेत्रहरूमा १२ महिना वा सोभन्दा अलि धेरै समयका लागि सहुलियत ऋण र अरु वित्तीय प्रोत्साहन दिनुपर्छ । यातायात, खुद्रा तथा थोक व्यापारका लागि नगद प्रवाह सन्तुलनमा राख्न छोटो अवधिको सहुलियत ऋण जरूरी हुन्छ । कृषिमा आत्मनिर्भर हुन उत्पादन बढाउनेदेखि कृषकलाई प्रोत्साहन दिनुपर्छ । लकडाउन अवधिको ज्याला दिन वित्तीय सहुलियत दिन जरूरी छ भने उद्योगी व्यवसायी लगायत कृषकलाई काम गर्न सजिलो वातावरण बनाउनेतर्फ सोच्नुका साथै अर्थतन्त्रलाई लयमा ल्याउन उनीहरूलाई छोटो तथा लामो अवधिको वित्तीय प्रोत्साहन दिन पनि जरूरी छ । स्वास्थ्यकर्मीसँग समन्वय गरी लकडाउनलाई खुकुलो बनाई अर्थतन्त्रलाई विस्तारै चलायमान बनाउनेतिर सोच्न जरूरी छ । सरकारले अल्पकालीन सन्तुलन बनाए कोरोनापछिको दीर्घकालीन नीति निर्माणमा पनि सहयोग पुग्नेछ ।

## खण्ड २

# प्रयासहरू

## अध्याय ६

# कोरोना, नेपालको वर्तमान आर्थिक अवस्था र चाल्नुपर्ने कदमहरू[1]

सन् २०१९ को अन्ततिर चीनको वुहानबाट शुरु भएको कोरोना महामारी एकासौं शताब्दीको हालसम्मको सबैभन्दा ठूलो मानवीय संकट बनेर विश्वलाई आक्रान्त तुल्याइराखेको छ । विश्वव्यापी रूपमा फैलेको यो महामारीलाई नियन्त्रणमा लिई मानवीय जीवनको रक्षा गर्न हम्मे हम्मे परिराखेको छ । तर, गत हप्ता, हाल उपलब्ध केही औषधिहरूले पनि कोरोना लागेकालाई अलि चाँडै निको पार्ने देखिएपछि केही आशा पलाएको छ । यद्यपि यस महामारीको खोप विकास भई नसकेको र सो हुनका लागि यसमा लागेका स्वास्थ्य विज्ञानका अनुसन्धानकर्ताहरूका अनुसार अरू एकदेखि डेढ वर्ष लाग्ने भनिएकाले यस महामारीलाई नियन्त्रण गर्न थप चुनौतीहरु बाँकी नै छन् । त्यस्तै स्वास्थ्य विज्ञहरूका अनुसार आउँदो हिउँदमा यस महामारीको दोस्रो लहर आउन सक्ने प्रबल सम्भावना रहेकोले यस सम्बन्धमा पनि सोच्न जरूरी छ । विश्व स्वास्थ्य संगठनका अनुसार हाल यो महामारीलाई नियन्त्रणमा राख्न सामाजिक दूरी नै उत्तम उपाय हो । त्यसैले धेरै मुलुकले यो रोग नियन्त्रण गर्न लकडाउन विधि अपनाएका छन् । लकडाउनले निश्चय नै महामारीलाई नियन्त्रणमा राखे तापनि यसले अर्थतन्त्रमा निकै ठूलो प्रभाव पारेको छ । लकडाउनले विश्वको सबैजसो अर्थतन्त्र ठप्प रहेकोले आयस्रोतमा कमी आएर बेरोजगारी बढेको र आम मानिसको जीविकोपार्जनमा समस्या आउनुका साथै उद्योग व्यवसाय चौपट हुने स्थिति उत्पन्न भएको छ ।

भारतका अर्थशास्त्री तथा भारतको केन्द्रीय बैंकका भूतपूर्व गभर्नर सी रंगराजनका[2] अनुसार हाल विश्वका नीति निर्माताहरूको मुख्य द्विविधा भनेको नै जीवनलाई महत्व दिने कि जीविकोपार्जनलाई दिने भन्नेमा छ । कोरोनाबाट मानव जीवन बचाउन सामाजिक दूरीका लागि लकडाउनमा राख्नुपर्‍यो, जसले अर्थतन्त्रलाई ठप्प पारी जीविकोपार्जनमा समस्या आउँछ । जीविकोपार्जनलाई महत्व दिएर अर्थतन्त्रलाई पहिला जस्तो चलायमान बनाउन लकडाउनलाई खुकुलो बनाउन पर्‍यो, जसले संक्रमण फैलने सम्भावना बढ्छ । यस्तो महाविपद्को समयमा धेरैजसो मुलुकले संक्रमणलाई पनि नियन्त्रणमा राख्ने र जति सकिन्छ, अर्थतन्त्रलाई पनि चलायमान राख्ने सन्तुलित नीति अपनाएको देखिन्छ । यद्यपि, केही हप्ता अघिसम्म कुनै कुनै मुलुकहरूले लकडाउन घोषणा गरी अर्थतन्त्र चलायमान राख्न लकडाउनलाई कडाइका साथ लागू नगर्नाले संक्रमण धेरै फैलेका पनि छन् ।

यो महामारीले विकासका विभिन्न नौला अवधारणाहरूको साथ अगाडि बढिराखेको विश्व मानव सभ्यतालाई 'के हामी मानवीय सुरक्षाका हिसाबले संवेदनशील छौं' भन्ने ठूलो प्रश्न सृजना गरेको छ ।

---

[1] यो लेख २०७७ साल वैशाख २८ गते प्रकाशित भएको हो ।

[2] इण्डियन एक्सप्रेस (२०२० अप्रिल २५) ।

हुन त शत्रु देशको आक्रमणबाट आफ्नो देशका जनतालाई बचाउनुपर्छ भन्ने पक्षमा त निकै संवेदनशील छौं । तर विकसित देशहरूले यो संवेदनशीलतालाई अगाडि राखेर लिने गरेका अर्थ-राजनैतिक लाभका विषयमा धेरै चर्चा परिचर्चाहरु भएका छन् । ब्ल्याक डेथ नाम दिइएको प्लेग महामारीले ल्याएको अर्थ-राजनैतिक तरङ्गका आधारमा १६औं शताब्दीको अन्ततिर जन्मेका अंग्रेज राजनीतिक विद्वान् थोमस हब यो तर्क गर्छन् कि जनताले राज्यलाई शासन गर्ने अधिकार यस कारण दिइएको हो कि राज्यले आफ्ना जनतालाई मानवीय विपद्बाट रक्षा गरून् । हबद्वारा प्रतिपादित यो विचारलाई पछि जोन लक र जिन ज्याक रूसोले परिष्कृत गरी सोसियल कन्ट्र्याक्ट (सामाजिक करार)को अवधारणाका रूपमा विकास गरे (कारिन, २००६) । विपद् र महामारीबाट मानवीय सुरक्षा राख्न हामीले अपनाएको विकासका विभिन्न नौला अवधारणाहरु कति संवेदनशील छन् भन्ने यो महामारीले देखाइसकेको छ । त्यसैले यो महामारीले विकास अवधारणामा एउटा नयाँ बहस शुरु गरेको छ, जसका विषयमा हाम्रो आउन लागेको पुस्तकमा गहन विवेचना गरिनेछ । यस लेखमा कोरोना महामारीले नेपालको अर्थतन्त्रलाई कहाँ ल्याइपुऱ्यायो र अब के नीति लिने सम्बन्धी चर्चा गरिएको छ ।

## ६.१ नेपालको वर्तमान आर्थिक अवस्था

२०७२ सालको भूकम्प र त्यसपछिको नाकाबन्दीबाट माथि उठ्न खोज्दै गरेको नेपालको अर्थतन्त्रलाई कोरोना महामारी र लकडाउनले नराम्रो प्रभाव पारेको छ ।[३] विश्व बैंक (२०२०a) ले नेपालको यो आर्थिक वर्षको वृद्धिदर बजेटले सोचेभन्दा धेरै कम १.८ देखि २.८ प्रतिशत को हाराहारीमा मात्र रहने प्रक्षेपण गरेको थियो भने गत हप्ता केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको प्रक्षेपण अनुसार यो आर्थिक वर्ष को वृद्धिदर २.२८ प्रतिशत रहनेछ ।[४] वैशाखसम्मको आर्थिक क्रियाकलापमा महामारीको प्रभाव पर्ने र जेठदेखि नियमित हुँदै जाने परिदृश्यलाई आधार बनाएर तथ्यांक विभागले यो प्रक्षेपण गरेको छ । विभागका अनुसार महामारीको प्रभाव धेरै समयका लागि जारी रहे आर्थिक वृद्धिमा अझ धेरै प्रतिकूल प्रभाव पर्ने आकलन गरिएको छ । तथ्यांक विभागको हालको प्रक्षेपण अनुसार पर्यटन, यातायात, भण्डारण तथा सञ्चार, निर्माण, उद्योग र खनिज क्षेत्रहरूको वृद्धिदर ऋणात्मक रहनेछ भने विद्युत्, स्वास्थ्य र प्रशासन तथा सुरक्षा क्षेत्रहरूको वृद्धिदर सन्तोषजनक रहेको छ (तालिका ६.१) । प्रतिकूल मौसमका कारण कृषि क्षेत्र र महामारीको कारण व्यापार वाणिज्य र वित्तीय क्षेत्रको वृद्धिदर सन्तोषजनक छैन भने कुल उपभोगको वृद्धिदर पनि सन्तोषजनक छैन । स्थिर मूल्यका आधारमा कुल लगानी लगायत यस अन्तर्गतका निजी तथा सरकारी लगानी ऋणात्मक रहने छन् भने विप्रेषणको कुल गार्हस्थ्य उत्पादनमा अनुपात घटेको छ, जसले गर्दा कुल गार्हस्थ्य बचतमा कमी आउनेछ । पूँजीबजारलाई अगाडि लग्न त्यस्तै चुनौतीहरु छन् ।[५]

---

[३] कोरोना महामारीले अर्थतन्त्रमा पारेको प्रभावका सन्दर्भमा वरिष्ठ आर्थिक पत्रकार तथा आईबीएन मिडिया एण्ड रिसर्चका कार्यकारी अधिकृत हृदय राज गौतमले उठाएका मुद्दाहरूलाई मनन गर्न जरूरी छ । यो लेख अनुसूची ख मा राखिएको छ ।

[४] केन्द्रीय तथ्यांक विभाग (२०७७ वैशाख १७) ।

[५] अर्थकोअर्थ (२०७७ असार २२) ।

## तलिका ६.१ : नेपालको क्षेत्रगत आर्थिक वृद्धि (% मा)

| आर्थिक क्षेत्र | विगत दश वर्ष (२०६६/६७देखि २०७५/७६)* | २०७५/७६ | २०७६/७७ (अनुमान) |
|---|---|---|---|
| कृषि तथा वन | ३.०४ | ५.०५ | २.४८ |
| मत्स्यपालन | ६.४२ | ५.६० | ७.१७ |
| खानी तथा उत्खनन | ५.२९ | ८.९१ | -०.६९ |
| उद्योग | ३.७५ | ६.८२ | -२.२७ |
| विद्युत्, ग्यास तथा पानी | ६.४४ | ९.१५ | २८.७५ |
| निर्माण | ४.९१ | ८.०५ | -०.३१ |
| थोक तथा खुद्रा व्यापार | ५.७३ | ११.०६ | २.११ |
| होटल तथा रेष्टुरेन्ट्स | ४.५१ | ७.३३ | -१६.३० |
| यातायात, सञ्चार तथा भण्डारण | ३.८५ | ५.९० | -२.४५ |
| वित्तीय मध्यस्थता | ५.२९ | ६.१८ | ५.१५ |
| रियल इस्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ५.५८ | ६.१२ | ३.२५ |
| सार्वजनिक प्रशासन, रक्षा | ६.०० | ५.५४ | ६.९१ |
| शिक्षा | ६.९५ | ५.११ | ४.८८ |
| स्वास्थ्य र सामाजिक कार्य | ३.१० | ६.७५ | ७.०७ |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत क्रियाकलापहरु | ५.३१ | ५.७३ | ४.७० |
| **कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)** | **४.८८** | **६.९९** | **२.२८** |

स्रोत : आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय

*आर्थिक सर्वेक्षणको तथ्यांक प्रयोग गरी लेखहरूले गणना गरिएको ।

नेपालमा कोरोना संक्रमणमा देखिएको अस्वाभाविक उतारचढावले जनमानसमा अस्थिरताको वातावरण छाएको छ भने संक्रमण फैलने जोखिमको आधारमा भौगोलिक क्षेत्रहरूलाई छुट्याई कम र मध्यम जोखिमपूर्ण क्षेत्रहरूमा मात्र लकडाउन खुकुलो बनाउने रणनीति लिए बमोजिम तुरुन्त अर्थतन्त्रका नियमित क्रियाकलाप सामान्य अवस्थामा फर्किहाल्ने स्थिति छैन । स्मरण रहोस् केही स्वास्थ्यविद्हरूले यसरी जोखिमपूर्ण क्षेत्रहरु छुट्याउन सक्ने गरी नेपालले गृहकार्य गरेको छ ? भन्ने प्रश्न उठाएका छन् । आगामी दिनहरूमा नेपालका कति क्षेत्रहरु कति परिमाणमा चलायमान हुँदै जान्छन्, त्यसले आर्थिक वृद्धिलाई निर्धारण गर्छ ।

अर्थतन्त्रको विभिन्न क्षेत्रहरु लकडाउनका कारणले खस्कँदै गएको लयलाई आधार मान्ने हो भने वैशाखसम्म लकडाउन हालकै अवस्थामा जारी रहे नेपालको यो आर्थिक वर्षको वृद्धि दर १.९ देखि २.४ प्रतिशत रहने अनुमान छ भने असार मसान्तसम्म यो लकडाउन हालकै अवस्थामा यथावत् रहे वृद्धिदर ऋणात्मक हुन गई -३.५ देखि -४.५% मा झर्न सक्छ (बज्राचार्य, २०२० अप्रिल २२) । यो लकडान हालकै अवस्थामा सन् २०२० सालभरि जारी रहे अर्को आर्थिक वर्ष २०७७/७८ को वृद्धिदर -८.० देखि -१६.०% ले ऋणात्मक रहने देखिन्छ ।

देशको आर्थिक र वाणिज्य क्रियाकलापहरूबाट सरकारले उठाउने कर राजस्व र मूल्य अभिवृद्धि करलाई आधार मानेर देशको चलायमानता हेर्ने हो भने यो आर्थिक वर्षको फागुनसम्म सरकारले १६६

अर्ब मूल्य अभिवृद्धि कर र ४९८ अर्ब कर राजस्व संकलन गरेको छ ।[६] स्मरण रहोस् फागुनसम्म कोरोना महामारीको प्रभाव नेपालमा धेरै नपरेकोले फागुनसम्मको यो कर संकलनलाई सामान्य मान्न सकिन्छ । हाल नेपालमा विद्यमान मूल्य अभिवृद्धि कर १३ प्रतिशत र फागुनसम्म संकलन गरेको मूल्य अभिवृद्धि करलाई आधार बनाई अनुमान लगाउने हो भने यो आर्थिक वर्षको फागुनसम्म मूलय अभिवृद्धि करमा दर्ता भएकाहरूको कारोबारको परिमाण १२ खर्ब ७७ अर्बको देखिन्छ, जुन दैनिक ६.४ देखि ७ अर्ब हुन आउँछ । यद्यपि कर संकलन गर्ने समय र कारोबार हुने समय फरक पर्न सक्ने हुनाले उल्लिखित समयावधिको सटीक अनुमानभन्दा अलि फरक हुन सक्छ । तर त्यस फरकको मान खासै धेरै हुँदैन ।[७] त्यस्तै विगत ३ आर्थिक वर्षको कर राजस्वको कुल गार्हस्थ्य उत्पादनमा औसत अनुपात २१ प्रतिशत र फागुनसम्म संकलन गरेको कर राजस्वलाई आधार बनाई अनुमान लगाउने हो भने यो आर्थिक वर्षको फागुनसम्मको कुल आर्थिक क्रियाकलाप २३ खर्ब ६७ अर्बको भएको देखिन्छ, जुन दैनिक ११.८ देखि १३ अर्ब हुन आउँछ । २०७६ चैत ११ गतेदेखि लगाइएको लकडाउनले मूल्य अभिवृद्धि करमा दर्ता भएकाहरूको दैनिक ६.४ देखि ७ अर्बको कारोबारमा ९० देखि ९५ प्रतिशतले कमी आई लगभग ५.७ देखि ६.६ अर्बको नोक्सानी दैनिक बेहोरिराखेको अनुमान गर्न सकिन्छ । त्यस्तै मूल्य अभिवृद्धि करभन्दा बाहिरकाहरू (जसमा मुख्यतः कृषि, स्वास्थ्य, शिक्षा, खुद्रा व्यापार लगायत अरू क्षेत्रहरु पर्छन्) को दैनिक ५.४ देखि ६ अर्बको आर्थिक क्रियाकलापमा ५० देखि ६० प्रतिशतले कमी आई लगभग २.७ देखि ३.५ अर्बको नोक्सान दैनिक बेहोरिराखेको अनुमान गर्न सकिन्छ । लकडाउनका दौरान देशले दैनिक रूपमा लगभग ८.४ देखि १०.१ अर्बको नोक्सान बेहोरिराखेको अनुमान गर्न सकिन्छ र लकडाउन खुकुलो बनाउँदै जाँदा सो दैनिक नोक्सानीमा विस्तारै कमी आउनेछ । लकडाउन र यसलाई चरणबद्ध रूपमा खुकुलो पार्दा विभिन्न आर्थिक तथा भौगोलिक क्षेत्रहरूमा कस्तो प्रभाव पर्छ, सोको गहन अध्ययन हुन जरूरी छ । किनकि यसले सरकारले तल उल्लिखित राहत तथा प्रोत्साहन सहयोगको वितरणको मापदण्ड तयार गर्न सहयोग पुऱ्याउँछ ।

## ६.२ नेपालको नीतिगत कमजोरी

नेपालले पनि अरू मुलुकहरूले जस्तै संक्रमणलाई पनि नियन्त्रणमा राख्ने र जति सकिन्छ, अर्थतन्त्रलाई पनि चलायमान राख्ने सन्तुलित नीति लिएर अगाडि बढेको छ । तर नेपालमा नीति कार्यान्वयन पक्षदेखि लिएर यसलाई संस्थागत गर्ने क्षमताको कमीले गर्दा विषम परिस्थितिमा ठूलो चुनौती थपिएको छ । नेपालको राजनैतिक, प्रसाशनिक, व्यापारिक लगायत अरू क्षेत्रहरूमा पनि संस्थागत हुन गएको कर्तव्यविमुख संस्कारले नीतिगत सन्तुलन राखी काम गर्न निकै गाह्रो बनाएको छ । सरकारले २०७६ चैत ११ गतेदेखि लागू गरेको लकडाउनलाई नेपाली जनताले, केही घटनाहरु छोडेर सहर्ष पालना गरी नेपालमा कोरोना महामारीलाई अरू मुलुकको दाँजोमा धेरै नियन्त्रित राखेको छ, जसमा कर्तव्यपरायण जन-स्वास्थ्यकर्मी र सुरक्षा निकायको ठूलो हात छ । तर आज आम नेपाली जनतालाई के हामी कोरोनाबाट सुरक्षित छौं भन्ने त्रास छ भने अब कति दिन यसरी जीवन चल्छ भनेर पनि सोच्न बाध्य भएका छन् ।

सरकारले लकडाउन मात्र बढाएर जनतालाई कामविहीन बनाई आर्थिक बोझ मात्र थपेको तर कोरोना नियन्त्रणका लागि हुनुपर्ने व्यापक स्वास्थ्य परीक्षणतिर ध्यान नदिएको आक्षेप लगाउन थालिएको छ । यहाँ स्वास्थ्य सामानहरूको खरीदमा भएको ढिलाइदेखि लिएर कोरोना उपचारका लागि स्वास्थ्य संस्थाहरूले अपनाएको तयारीका विषयमा पनि प्रश्न उठ्न थालिसकेको छ । जनतालाई निकै गाह्रो भइराखेको कुरा चल्न थालेपछि सरकारले अर्थतन्त्रलाई नराम्रोसँग प्रभाव पारिराखेको लकडाउनलाई अब

---

[६] अर्थ मन्त्रालय (२०७६ चैत्र) ।

[७] विगतका आर्थिक वर्षहरूको प्रथम आठ महिनाको राजस्व संकलनलाई आधार बनाई मिलान गरिएको छ ।

नबढाई विस्तारै खुकुलो बनाउनेतिर पनि चर्चा परिचर्चा शुरु गरेको छ । तर कोरोनाको व्यापक परीक्षण नहुँदा यसको कार्यान्वयनमा पनि जोखिम छ । त्यसैले सरकारले जस्तै सन्तुलित नीति लिएको भने तापनि व्यवहारमा सो देखिएन । लकडाउनलाई खुकुलो बनाउँदा स्वास्थ्यविज्ञहरूले दिएको सल्लाह अनुसार स्वास्थ्य मापदण्ड पालना गर्ने व्यवस्था मिलाउन जरूरी छ । स्वास्थ्य मापदण्ड राम्रोसँग पालना गर्ने व्यवस्था नमिलाएपछि फेरि संक्रमण फैलने डर हुन्छ, जसले अर्को मानवीय र आर्थिक नोक्सान निम्त्याउन सक्छ । त्यसैले सरकारले अब लिनुपर्ने कदमकाबारे तल चर्चा गरिएको छ ।

## ६.३ अब चाल्नुपर्ने कदमहरू

सरकारले कोरोना नियन्त्रणका लागि व्यापक स्वास्थ्य क्षेत्रको परिचालनका साथै लकडाउन खुकुलो बनाई जरजर अवस्थामा रहेको अर्थतन्त्रलाई चलामान बनाउनेतर्फ पनि यथेष्ट काम हुन जरूरी छ । यसमा स्वास्थ्य क्षेत्रमा नीतिगत लक्ष्य लिई सोही अनुरूप चरणबद्ध रूपमा लकडाउन खुकुलो पारी अर्थतन्त्रलाई चलायमान बनाउन प्रभावित क्षेत्रहरूमा वित्तीय र गैरवित्तीय प्रोत्साहन पनि दिन जरूरी छ । त्यसैले आगामी आर्थिक वर्षका लागि आउन लागेको बजेट तथा अरु नीतिहरूले निम्न लिखित कुराहरु सम्बोधन गर्नुपर्छ ।

### ६.३.१ स्वास्थ्य

मुख्यतः कोरोना महामारीले नेपालको स्वास्थ्यको बेथितिलाई छर्लङ्ग पारेको छ । नेपालमा पनि महामारी फैलन सक्नेको चर्चा शुरु भएसँगै कोरोना त परै जाओस्, अरु रोगको नियमित उपचारलाई व्यवस्थित गर्न पनि समस्याहरु आए । कोरोना महामारी नियन्त्रण गर्न स्वास्थ्यविज्ञहरूको मापदण्ड अनुसार पालना गर्नुपर्ने परीक्षण, क्वारेन्टाइन, आइसोलेसन, उपचारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपऱ्यो र यसलाई चाहिने स्वास्थ्य पूर्वाधारको स्तर वृद्धिदेखि लिएर नयाँ प्रविधि र उपकरणहरूको पनि व्यवस्था गर्नुपऱ्यो । यसमा सरकारको तर्फबाट ढिलो हुन हुँदैन र आउँदो आर्थिक वर्षको बजेटमा हालको कोरोना महामारीको नियन्त्रणदेखि लिएर सम्भावित दोस्रो लहरलाई सोचेर विशेष व्यवस्था हुन जरूरी छ । कोरोना महामारीको नियन्त्रणका लागि स्वास्थ्य पूर्वाधारमा स्तर वृद्धि गर्दा नियमित स्वास्थ्य सेवालाई पनि विचार गरेर गर्दा मितव्ययिता हुनुका साथै आउँदा दिनका स्वास्थ्य सेवाको पनि सुधार हुन्छ ।

### ६.३.२ राहत र रोजगारी

कोरोना महामारीले भूमिहीन कृषि मजदूर, दैनिक ज्यालादारी श्रमिक र विपन्न वर्गलाई चपेटामा पारेको छ र उनीहरूलाई परेको प्रतिकूल प्रभावलाई मापन गरी उनीहरूको हातमा पुग्नेगरी अल्पकालीन र दीर्घकालीन राहतको व्यवस्था गर्नुपर्छ । त्यस्तै अनौपचारिक क्षेत्र बाहेक औपचारिक क्षेत्रमा पनि रोजगारी सीमित हुँदै जानेछ, जस्तै- पर्यटन क्षेत्रले त केही महीनाका लागि व्यवसाय नै बन्द गर्ने जनाइसकेका छन् । कोरोनाले कामविहीन बनेका टूरगाइडहरु पलायन हुन सक्छ ।[८] यसरी कामविहीन बनेकालाई व्यवसायीले ५० प्रतिशत तलब दिनू भनी सरकारले भनेको छ भने धेरै व्यवसायीले यसको पालन गरेका छैनन् ।

नेपालमा बेरोजगारलाई सामाजिक सुरक्षा नभएका कारण न्यूनतम आधारभूत आवश्यकतालाई आधार बनाई सो प्रतिशतको तलब कारोबार ठप्प भएको समयमा दिई कारोबारलाई जति सक्दो चाँडो चलायमान बनाउने वातावरण बनाउन जरूरी छ । सरकारले काममा आधारित राहतको कुरा उठाएको छ

[८] अर्थकोअर्थ (२०७७ वैशाख १६) ।

तर यो लगानी प्रतिफलमुखी हुनुपर्छ । हामीले यस्तै तरिकाको नीतिलाई आत्मसात् गरी सन् १९६० ताका कान्ति राजपथ र सन् १९७० र १९८० ताका कर्णाली राजमार्ग बनाउने जमर्को गरेका थियौं । तर ती कामहरूको के हविगत भयो, सबैलाई थाहा भएको कुरा हो । यी राजमार्ग दशकौं पछि मात्र सञ्चालन हुने अवस्थामा पुग्यो त्यो पनि निर्माणको ढाँचा परिवर्तन गरेर र अघिका दिनमा गरिएका लगानीले खासै प्रतिफल दिएन (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । स्थानीयस्तरमा निर्माण हुने संरचनामा स्थानीयको अपनत्व हुने भएकाले स्थानीय तहमा भएका बेरोजगारलाई यो नीति अन्तर्गत परिचालन गरे केही सफलता प्राप्त गर्न सकिएला ।

नेपालले अर्थतन्त्रको गतिलाई बढाउन सार्वजनिक संस्थालाई मेरूदण्डको रूप स्थापित गरी अगाडि बढ्ने पनि प्रयास नगरेको होइन । तर सो संस्थाहरूमा हुने उग्र-राजनैतीकरणले सोचेको प्रतिफल दिएन । त्यसैले अत्यावश्यक सार्वजनिक संस्थाहरु बाहेक अरु मूर्तरूपमा रहेको संस्थाहरूमा लगानी गरेर हाल उत्पन्न बेरोजगारी सुल्झिँदैन । नेपालमा कृषक, श्रमिकदेखि लिएर काम गर्ने वर्गलाई विपद्को बेला सम्झँदैनौं भन्ने कुरा ऊनीहरूले कोरोना महामारी र लकडाउनमा भोगेको व्यथाले चरितार्थ गरेको छ । त्यसैले औपचारिक मात्र नभएर अनौपचारिक क्षेत्रका श्रमिकहरूको पनि सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्छ, जुन विपद्को समयमा परिचालन गर्न सकिन्छ ।

## ६.३.३ व्यावसायिक चलायमानता

त्यस्तै, कोरोना महामारीले पारेको प्रतिकूल प्रभावलाई कम गर्न व्यवसाय चलाउने वातावरण बनाउनेतिर पनि नीतिगत रूपमा सोच्न जरूरी छ, जसले बेरोजगारीको समस्यालाई पनि समाधान गर्छ । कोरोना महामारी र लामो समयको लकडाउनले धेरैजसो व्यवसायहरूको उत्पादन र व्यापार ठप्प भई प्रतिकूल प्रभाव पारेका छन् । विभिन्न व्यवसायलाई विभिन्न मात्रामा प्रभाव पारेकोले कसैलाई नगद प्रवाह सन्तुलनमा राख्न चालू पूँजीको व्यवस्था गर्न कठिनाइ भइराखेको छ भने कसैको उत्पादनलाई पुनः सुचारू गर्न र श्रमिक व्यवस्था मिलाउन समस्या आइरहेको छ । त्यस्तै कुनै कुनै व्यवसाय अत्यधिक लामो समयसम्म बन्द गर्नुपर्ने पनि हुन सक्छ भने साना तथा मध्यम लगानीका व्यवसायमा यस विषम परिस्थितिबाट माथि आउने क्षमता कम छ ।

कृषकलाई दैनिक काम गर्न खासै समस्या नभए पनि बीउ र मल आपूर्ति र उत्पादनको बजारीकरणमा समस्या छ । कुखुरा व्यवसायीहरूलाई दाना अभावले व्यवसाय गर्न गाह्रो भइराखेको छ भने यी लगायत डेरी व्यवसायी, मासु व्यवसायी, तरकारी व्यवसायीले उत्पादन समयमा बजारमा पुराउन नसकेर नोक्सानी बेहोरिरहेका छन् । यी संस्थालाई फेरि लयमा ल्याउन उनीहरूलाई परेको प्रतिकूल प्रभावका आधारमा विभिन्न वित्तीय तथा गैर-वित्तीय सहयोगहरूको आवश्यकता पर्छ । मुख्यतः व्यवसायीलाई सरकारले ब्याजमा सब्सिडी र ऋणको समयावधिलाई समायोजन गरे महामारीले पारेको आर्थिक भारलाई कम गर्न मद्दत गर्छ । त्यस्तै समग्र अर्थतन्त्रमा परेको प्रभावलाई संशोधन गर्न पुनरूत्थान कोषको व्यवस्था गर्नुपर्छ, जसलाई प्रतिकूल असर परेका व्यवसायी, कृषक, श्रमिक तथा अन्यको समस्यालाई सम्वबोधन गर्न उपयोग गर्नुपर्छ ।

त्यस्तै व्यवसायीले पाउने राहतबाट व्यवसायलाई लयमा ल्याउनुको साथै आफूकहाँ काम गर्ने श्रमिकको रोजगारी सुरक्षामा पनि उपयोग गर्नुपर्छ । सरकारले व्यापार व्यवसाय लगायत अरु आर्थिक क्षेत्रलाई क्रियाशील नगर्ने हो भने रोजगारीमा समस्या आउँछ र कोरोनाले वैदेशिक रोजगार गुमेकाहरु फर्केपछि झन् भयावहको स्थिति आउँछ । वैदेशिक रोजगार गुमेकाहरूलाई नेपालमा नै रोजगारको व्यवस्था गर्नेतिर पनि सोच्न जरूरी छ । तर त्यसका लागि ठूला व्यावसायिक परियोजनाहरु आवश्यक हुन्छ, जुन तुरून्तै आउने सम्भावना कम छ । नेपालीहरूको वैदेशिक रोजगारीमा जाने मुख्य ठाउँहरु,

जस्तै- खाडी र एशियाका अन्य मुलुकहरूमा श्रमको मागमा क्षणिक कटौती हो या दीर्घकालीन कटौती हो, सोको पहिचान गरी यस सम्बन्धमा अल्पकालीन र दीर्घकालीन नीति बनाउनु पर्छ ।

### ६.३.४ ग्रामीण अर्थतन्त्र

कोरोनाले गर्दा शहर केन्द्रित आर्थिक गतिविधिलाई गाउँ केन्द्रित पनि बनाउनुपर्छ भन्ने विचारले निकै व्यापकता पाएको छ । हुन त यो विचारलाई सरकारदेखि लिएर दातृ निकायहरूले पहिलेदेखि उठाइराखेको हो । तर हाल आएर कोरोनाले गर्दा यो विचार स्थानीयकरण भई स्थानीय तहमा नै संवेदनशीलता बढेको छ । सरकारले पनि बेरोजगार र वैदेशिक रोजगारी गुमेर फर्केकाहरूको श्रम र शीपलाई स्थानीय स्तरको कृषि र साना तथा मध्यम लगानीका व्यवसायहरूमा उपयोग गर्ने नीति लिएर अघि बढेको देखिन्छ । यसले स्थानीय तहको कच्चापदार्थ प्रयोग, स्थानीय रोजगारी र स्थानीय उत्पादन बढाउँछ । योसँगै सो उत्पादनको बजारीकरणमा पनि ध्यान दिन जरूरी छ, जसमा स्थानीय तहले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ, जसको आधिकारिक व्यवस्था नेपालको संविधान २०७२ ले गरेको पनि छ । तर कोरोनाले विश्वव्यापी आपूर्ति सञ्जालदेखि लिएर स्थानीय आपूर्ति सञ्जाललाई प्रभाव पारेको छ । यसको अध्ययन नगरी सहजै स्थानीय उत्पादनको बजारीकरण हुन्छ भन्नु अलि चाँडै गरेको प्रक्षेपण जस्तो लाग्छ ।

### ६.३.५ स्रोत परिचालन

कोरोना महामारीले आर्थिक रूपमा प्रतिकूल असर परी सरकारको राजस्वमा प्रभाव पारेको छ । वैशाखसम्मको लकडाउनले सरकारलाई १५० देखि २०० अर्बको राजस्व घाटा पर्ने देखिन्छ भने असारसम्म लकडाउन जारी रहे २०० देखि ३०० अर्बको राजस्व घाटा हुन जाने दखिन्छ (बज्राचार्य, २०२० अप्रिल २२) । जबकि, स्वास्थ्य लगायत आर्थिक पुनरूत्थानको व्यय भार थपिएको छ । त्यसैले सरकारले मितव्ययिता अपनाउनु पर्दछ र यससम्बन्धी पहिला गरिएका अध्ययनहरूले दिएको सिफारिशहरूलाई कार्यान्वयनमा ल्याउनु पर्दछ, जसमा सार्वजनिक खरिद प्रक्रियामा सुधार गरी पूँजीगत खर्चलाई बढाउने, सरकारका विभिन्न निकायहरूको कार्यकुशलता बढाउन र अनुत्पादक नियुक्ति घटाउने र राजस्व संकलनमा हुने ढिलासुस्ती घटाउने मुख्य हुन् (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) ।

ग्रामीण अर्थतन्त्र, दैनिक ज्यालादारी श्रमिक, बेरोजगार र विपन्न वर्गलाई उकास्न २५ अर्बको राहत कोषको व्यवस्था गर्नुपर्छ भने व्यापार व्यवसायलाई सहुलियत ऋणको प्रोत्साहन दिई अर्थतन्त्रलाई फेरी चलायमान बनाउनका लागि ७५ अर्बको पुनरूत्थान कोषको व्यवस्था गर्नुपर्छ (बज्राचार्य, २०२० अप्रिल २२) । १ खर्ब रकम यो वित्तीय व्यवस्था चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको लगभग ३ प्रतिशतको हाराहारी हुन आउँछ, जसलाई प्रभावकारी रूपमा योजनाबद्ध तरिकाले प्रयोग गर्नुपर्छ । सरकारले यी राहत र आर्थिक प्रोत्साहन वितरणमा हुने उग्र-राजनैतीकरणको परिपाटीलाई हालको महा-संकटको समयदेखि नियन्त्रण गरेर प्रभावितहरूको हातमा पुऱ्याउने परिपाटी बसाल्न जरूरी छ, जसले अनुत्पादक सरकारी खर्चलाई धेरै मात्रामा घटाउँछ । त्यस्तै लकडाउन हालको अवस्थामा दुई महिनासम्म रहे ६ महिनासम्मको ब्याजमा २५ देखि ४० प्रतिशतको अनुदान दिई व्यवसायलाई लयमा फर्कन सहयोग गर्नुपर्छ । त्यस्तै लकडाउन चार वा आठ महिना लामो रह्यो भने त्यति नै अनुपातको ब्याजमा अनुदान क्रमशः एक र दुई वर्षका लागि दिनुपर्छ । यी ब्याज अनुदानको ३० देखि ४० प्रतिशत वित्तीय संस्थाहरूले बेहोर्नुपर्छ भने बाँकी सरकारले बेहोर्नुपर्छ । त्यस्तै सरकारले बिजुली, पानी, सम्पत्ति कर लगायतमा केही अनुदान दिएर पनि मद्दत गर्न सक्छ । सरकारले सरहोगको रकमलाई पछि चाहिएमा

प्रत्युत्पादक तरीकाले बढाउन र केही थप अरु अनुदानहरु पनि दिन हिचकिचाउन हुँदैन, जसले अर्थतन्त्रलाई दिशा दिई देशको आयको स्रोतलाई बढाउँछ ।

सरकारको हाल आयमा कमी आएको र व्ययभार बढेकोले आन्तरिक तथा मुख्यतः बाह्य ऋण परिचालनमा केन्द्रित रहेको छ । तर माथि उल्लिखित मितव्ययिता अपनाइए सरकारले यस विपद्मा बढ्न सक्ने सम्भावित राष्ट्र ऋणलाई स्थिर राख्न सक्छ । सरकारले आउँदो दुई आर्थिक वर्षहरुमा पुनरुत्थानको नीतिगत लक्ष्य राखी प्रोत्साहनका प्याकेजहरु ल्याई व्यवसायहरुलाई खस्कन, डुब्न र दिवालिया हुनबाट बचाउनुपर्छ, जसले देशको आर्थिक क्रियाकलापलाई फेरि लयमा ल्याई देशको आय बढाउँछ ।

अध्याय ७

# कोरोनाको पृष्ठभूमिमा आउन लागेको आर्थिक वर्ष २०७७/७८ को बजेट[१]

कोरोना महामारी हाल विश्वका लागि ठूलो मानवीय संकटका रूपमा देखापरेको छ । यसले विश्व अर्थतन्त्रलाई प्रतिकूल प्रभाव पारी एक्काईसौं शताब्दीको हालसम्मको सबैभन्दा ठूलो आर्थिक मन्दीतिर धकेलिराखेको छ । यो महामारीको खोप तथा औषधि विकास भइनसकेको र सो हुन अझ केही समय लाग्ने भएको हुनाले हाल यो महामारी नियन्त्रणका लागि अपनाइएको सामाजिक दूरी र लकडाउनमा धेरै लचिलो नहुन विश्व स्वास्थ्य संगठनले अपिल गर्दै आइराखेको छ । इजराइल, इटली, चीन, अमेरिका, बेलायत, भारत लगायत विभिन्न देशहरूका स्वास्थ्य विशेषज्ञहरू यस रोगको निदान खोज्न लागिरहेका छन् र केहीले यसमा अभूतपूर्ण सफलता हासिल गरे तापनि यसको खोप तथा औषधि उत्पादन हुन अझ एकदेखि ढेड वर्ष लाग्ने बताउँदै आइराखेका छन् । त्यसैले सन् २०२० सालभर र सन् २०२१ को अन्तसम्म पनि विश्व कोरोना महामारीको सन्त्रासमै रहिरहने देखिन्छ । त्यस्तै केहीले यो महामारीको खोप तथा औषधि पत्ता लाग्न निकै सयम लाग्ने र यसले सोचेभन्दा धेरै समय आक्रान्त तुल्याई मानवीय क्षति गर्ने तर्क गर्दछन् ।

सन् २००८ ताकाको आर्थिक संकुचनबाट शुरु भएको एक्काईसौं शताब्दीको विश्व आर्थिक अस्थिरतामा अमेरिका चीन व्यापार युद्धले नयाँ तरंग पैदा गऱ्यो भने हालको महामारीले विश्व आर्थिक व्यवस्थालाई स्तब्ध तुल्यायो । यस महामारी नियन्त्रणका लागि सामाजिक दूरी अपनाइँदा आर्थिक क्रियाकलाप संकुचन हुन पुग्यो भने विश्व आपूर्ति व्यवस्थादेखि स्थानीय आपूर्ति व्यवस्थासम्म डगमगाउन पुग्यो र बेरोजगारी व्यापक रूपमा बढ्यो । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२० अप्रिलमा गरेको प्रक्षेपण अनुसार कोरोना महामारीले विश्व अर्थतन्त्र ३ प्रतिशतका दरले संकुचन ल्याउने र एशियाको वृद्धि शून्य प्रतिशत रहने बताएको छ ।[२] त्यस्तै विश्व बैंकले दक्षिण एशियाको यो वर्षको वृद्धिदर १.८ देखि २.८ प्रतिशतमा सीमित हुने बताएको छ ।[३] भारतको केन्द्रीय बैंकका पूर्व गभर्नर सी रंगराजनका अनुसार कोरोना महामारीले सिर्जित वर्तमान आर्थिक संकटको सतिक नीतिगत समाधान कोही पनि अर्थशास्त्रीले दिन सकेका छैनन् । किनकि यो आर्थिक संकट अर्थतन्त्रको असुन्तलनले भन्दा पनि स्वास्थ्य क्षेत्रसँग सम्बन्धित रहेको बताएको छ ।[४] त्यसैले धेरैजसो देशहरूले कोरोना परीक्षणलाई व्यापकता दिई सामाजिक

[१] यो लेख २०७७ साल जेठ १२ गते प्रकाशित भएको हो ।

[२] विश्व बैंक (सन् २०२०a) ।

[३] अन्तर्राष्ट्रिय मुद्रा कोष (सन् २०२०) ।

[४] इण्डियन एक्सप्रेस (२०२० अप्रिल २५) ।

दूरी र लकडाउन जस्ता स्वास्थ्य सावधानी अपनाई जति सकिन्छ, अर्थतन्त्र चलायमान राख्ने सन्तुलित नीति अपनाएको छ ।

यो महामारीका बीच नेपालले आउँदो आर्थिक वर्ष २०७७/७८का लागि जेष्ठ १५ गते बजेट ल्याउँदै छ । कोरोना महामारी विश्वभर फैलँदै गर्दा यसलाई नेपालमा नियन्त्रण गर्न २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले देश भर लकडाउन लगाइयो । यही लकडाउनबीच धेरै राजनीतिक घटनाहरु पनि भए, यद्यपि, सरकारले २०७७ वैशाख २६ गते संसदमा बजेट अधिवेशनको आह्वान गऱ्यो भने, जेष्ठ २ गते सरकारले नीति तथा कार्यक्रम पेश गऱ्यो र जेष्ठ १५ गते बजेट पेश गर्दै छ । संसदमा बजेट पूर्वको छलफल शुरु भइसकेको छ । तर नेपालको बजेटमा, सरकारको नेतृत्व गर्ने राजनीतिक पार्टी र कर्मचारीतन्त्र हावी रहने परम्परागत प्रक्रिया अनुसार तयार गरिने भएकोले जनप्रतिनिधिहरुबीच हुने छलफल कति को प्रत्युत्पादक हुन्छ भनी प्रश्न उठाउन सकिन्छ । सरकारले २०७७ वैशाख २६ गतेदेखि अरु देशहरुमा जस्तै नेपालमा पनि कोरोनाले धेरै संक्रमित क्षेत्र छुट्याई कम र मध्यम संक्रमित क्षेत्रहरुलाई विस्तारै खुकुलो बनाउने रणनीति अपनाएको छ । त्यसरी खुकुलो बनाउँदा सम्पूर्ण क्षेत्र एकैचोटि नखोली खाद्य, औषधि र अरु अत्यावश्यक उद्योग र ढुवानी, बैंक तथा वित्तीय संस्था, सरकारी प्रशासन सेवालाई स्वास्थ्य मापदण्ड अपनाई आंशिक खोल्न दिइएको छ । विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायहरुले कोरोनाले नेपालको अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्ने प्रक्षेपण गरेका छन् भने केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको प्रक्षेपण अनुसार चालू आर्थिक वर्ष को वृद्धिदर २.२८ प्रतिशत[५] रहनेछ, जसमा पर्यटन, यातायात, भण्डारण तथा सञ्चार, निर्माण, उद्योग र खनिज क्षेत्रहरुको वृद्धिदर ऋणात्मक रहनेछ । स्थिर मूल्यका आधारमा कुल लगानी लगायत र यस अन्तर्गतका निजी तथा सरकारी लगानी ऋणात्मक छन् भने विप्रेषणको कुल गार्हस्थ्य उत्पादनमा अनुपात घटेको छ । यो भन्दा अघिलो लेखमा भने झैं लकडाउनले दैनिक रुपमा लगभग ८.४ देखि १०.१ अर्बको नोक्सान गरेको छ भने आंशिक रुपमा खोले तापनि अनुकूल वातावरण नबने वा संक्रमण फैलने सम्भावना व्यापक बढे यो दैनिक नोक्सानी घट्ने छैन ।

आंशिक रुपमा खुकुलो बनाए तापनि कोरोना र लकडाउनले सिर्जित प्रतिकूल वातावरण यथावत् रहे आर्थिक चलायमानता हासिल नगरी खस्कँदै गएको लयलाई निरन्तरता दिनेछ । यो स्थिति असार मसान्तसम्म रहे वृद्धिदर ऋणात्मक हुन गई -३.५ देखि -४.५ प्रतिशतमा झर्न सक्छ र सन् २०२० सालभर जारी रहे आउँदो आर्थिक वर्ष २०७७/७८ को वृद्धिदर -८.० देखि -१६.० प्रतिशतले ऋणात्मक रहने देखिन्छ (बज्राचार्य, २०२० अप्रिल २२) । आंशिक रुपमा खुकुलो बनाएसँगै कोरोना र लकडाउनले सिर्जित प्रतिकूल वातावरणमा सुधार आए चालू आर्थिक वर्षको वृद्धिदर १.९ देखि २.४ प्रतिशत रहने अनुमान छ भने आउँदो आर्थिक वर्ष २०७७/७८ को वृद्धिदर २ देखि ३ प्रतिशत रहने अनुमान छ ( बज्राचार्य, २०२० अप्रिल २२) । चालू आर्थिक वर्षमा सरकारले राजस्व परिचालनमा लिएको लक्ष्यलाई अर्ध वार्षिक समीक्षाले लगभग ५ प्रतिशतले घटाएको थियो (अर्थ मन्त्रालय, २०७६ माघ) भने कोरोनाका कारण आएको संकुचनले सरकारलाई चालू आर्थिक वर्षमा १५० देखि ३०० अर्बको राजस्व घाटा हुन जाने दखिन्छ (बज्राचार्य, २०२० अप्रिल २२) । महामारीले विदेशी मुद्राको आयमा ह्रास आउने देखिएपछि केराउ, छोकडा, सुपारी, मरिच, मदिरा र ५० हजार डलरभन्दा बढी पर्ने सवारीसाधनमा चैत १६ गतेदेखि रोक लगाएको छ, जुन निरन्तर रहे भन्सार राजस्वमा ह्रास आउने देखिन्छ । जबकि, सरकारलाई स्वास्थ्य लगायत विपन्न, गरिब र बेरोजगारहरुको जीविकोपार्जनका साथै आर्थिक पुनरूत्थानको व्यय भार थपेको छ । तर राष्ट्रिय गौरवका केही आयोजनाहरु लगायत पूँजीगत खर्चमा चालू आर्थिक वर्षको अर्ध वार्षिकी समीक्षासम्म खासै प्रगति नभएको (अर्थ मन्त्रालय, २०७६ माघ) र बाँकी अवधिमा पनि महामारीका कारणले खासै काम नहुने देखिन्छ । महामारीले चालू आर्थिक वर्षको

[५] केन्द्रीय तथ्यांक विभाग (२०७७ वैशाख १७) ।

अन्तिम चार महिनामा नराम्रो प्रभाव पार्ने देखिन्छ, जसले आउँदो आर्थिक वर्षका लागि चुनौतीहरु थपेका छन् । महामारीका कारणले निर्माण कार्यमा लागेका सहित दैनिक ज्यालादारीमा काम गर्ने ६ लाख मजदूर र उद्योग तथा पर्यटन क्षेत्रका ८ लाख बेरोजगार भएको छ (बज्राचार्य, २०२० अप्रिल २२) । त्यस्तै वैदेशिक रोजगारमा जाने मासिक चालिस हजारले काम पाउनेमा ठेगान छैन भने खाडी मुलुकहरूमा करार सकेका ४ लाखले थप काम नपाउने भएकोले फर्कने प्रतीक्षामा छन् र आउँदा दिनहरूमा मासिक ३० देखि ४० हजारको करार अवधि सकेर रोजगारी गुमेर फर्कन सक्छन् ।

सरकारले आउँदो आर्थिक वर्ष २०७७/७८ को बजेट कोरोना महामारीको सन्त्रासका बीच ल्याउँदै छ । हालसम्म व्यापक रूपमा कोरोना परीक्षण नभएकोलाई व्यापक बनाई स्वास्थ्य सावधानी अपनाई आंशिक रूपमा खोलेको लकडाउनलाई अझ खुकुलो बनाउँदै लैजानुपर्छ । यसमा देशभित्र मानिसहरूको हुने आवतजावत र विदेशमा बिचल्लीमा परेकाहरूलाई नेपाल फर्काउनेमा संवेदशील भएर व्यवस्थापन गर्न जरूरी छ । कोरोना परीक्षणको व्यापकताले महामारीको संक्रमण निकै फैलेको दखिए स्वास्थ्य सावधानी अपनाउन आंशिक लकडाउनलाई खुकुलो बनाउने गतिलाई अलि कम गर्नुपर्ने हुन्छ । महामारीको संक्रमण निकै फैलेको देखिनुको साथै मानिसको हुने आवत जावत र विदेशमा बिचल्लीमा परेकाहरूलाई नेपाल फर्काउने व्यवस्थापन गर्न सोचेभन्दा थप चुनौतीपूर्ण बन्दै गए आंशिक लकडाउनलाई अझ कडा बनाउनुपर्ने हुन्छ । आउँदो आर्थिक वर्ष २०७७/७८ को बजेटले यी सबै परिदृश्यहरूलाई परिकल्पना गरी सन्तुलित आर्थिक नीति ल्याउन जरूरी छ । यी परिदृश्यहरूमा आउँदो आर्थिक वर्षको शुरूदेखि आंशिक लकडाउनलाई अझ धेरै खुकुलो बनाउँदै लैजाने वातावरण बने आउँदो आर्थिक वर्ष २ देखि ३ प्रतिशत वृद्धि रहने अनुमान छ (बज्राचार्य, २०२० अप्रिल २२) । परीक्षणको व्यापकताले महामारीको संक्रमण निकै फैलेको दखिए आंशिक लकडाउनलाई अझ खुकुलो गर्ने गतिलाई कम गर्नुपर्ने हुन्छ, जुन अन्तर्राष्ट्रिय स्तरको आकलन अनुसार सन् २०२० को अन्तसम्म लागू गर्नुपर्ने हुन सक्छ । यसले आउँदो आर्थिक वर्षको वृद्धिलाई -८.० देखि -१६.० प्रतिशतका दरले ऋणात्मक गर्ने अनुमान छ (बज्राचार्य, २०२० अप्रिल २२) । त्यस्तै नेपालले विदेशबाट फर्केकाहरूको र देशभित्र आवतजावत गर्नेको व्यवस्थापन नगरे आउँदो आर्थिक वर्षभर समुच्च देशलाई आंशिक लकडाउनसम्म लग्न हम्मे हम्मे परी आर्थिक वृद्धि झन् धेरै ऋणात्मक हुन जाने अनुमान छ । यी तीन परिदृश्यहरूमा देशको आर्थिक वृद्धिदर क्रमशः घटे जस्तै सरकारको राजस्व पनि क्रमशः १० खर्ब, ८ खर्ब र ७ खर्ब रहने अनुमान छ (बज्राचार्य, २०२० अप्रिल २२) । आउँदो आर्थिक वर्षको शुरूदेखि लकडाउन खुकुलो पारी अर्थतन्त्रलाई लयमा फर्काउन खोजे पनि सरकारको राजस्वमा १ देखि २ खर्ब कमी आउने देखिन्छ । त्यसैले सरकारले स्वास्थ्य सावधानी नअपनाए अर्थतन्त्र थप डामाडोल भई राजस्व संकलनको स्रोत थप सीमित हुँदै जान्छ । सरकारले कोरोना महामारीपछि विदेशबाट आयात गर्न लगाइएको प्रतिबन्ध फुकुवा गरी सो वस्तुहरु लगायत बियर, परफ्युम र अरु विलासिताका वस्तुहरूमा महामारी संक्रमण कालभरि अतिरिक्त भन्सार लगाउन सक्छ ।

विश्व आर्थिक मन्दीतिर धकेलिराखेको समय बहुराष्ट्रिय दातृ निकायहरूबाट बाहेक अरु द्विपक्षीय ऋण तथा अनुदान सहयोग आउन सक्ने सम्भावना कम छ । अहिले कोरोना महामारीले सबैलाई आर्थिक बोझ थपिएकोले बहुराष्ट्रिय दातृ निकायहरूबाट प्राप्त हुने सहयोगमा पनि ठूलो प्रतिस्पर्धा हुन्छ र बहुराष्ट्रिय दातृ निकायले पनि आर्थिक मितव्ययिता अपनाउने र महामारी नियन्त्रण तथा आर्थिक पुनरूत्थानको प्रभावकारी योजना भएकाहरूलाई मात्र चासो देखाउँछ । महामारी नियन्त्रणका लागि केही अन्तर्राष्ट्रिय सहयोग आउने सम्भावना छ र चालू आर्थिक वर्षमा खर्च नभएका विनियोजनहरूलाई यो साल प्रयोग गर्न सकिन्छ । मुख्यतः लकडाउनपछि सरकारको चालू आर्थिक वर्षमा काम गर्ने गतिमा सीमितता आई केही खर्च पनि घटेको छ । सरकाले आन्तरिक ऋणबाट पनि आफ्नो स्रोत परिचालन गर्न सक्छ । हालको वैधानिक व्यवस्था अनुसार सरकारले गत वर्षको कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्छ, तर सरकारले आपत्कालका लागि मात्र यो सीमा बढाउने गरी नयाँ ऐन ल्याउन सक्छ । सरकारले राजस्व संकलनको संस्थागत व्यवस्थालाई कडाइका साथ लागू

गरे राजस्व केही बढ्नेछ, जसको बारेमा महालेखा नियन्त्रकको हरेक वर्षको प्रतिवेदनहरूमा कुरा उठाउने गरिएको छ ।

सरकारले आउँदो आर्थिक वर्ष २०७७/७८ को बजेटमा आउँदा दुई आर्थिक वर्षहरूलाई पुनरूत्थान वर्षका रूपमा लक्ष्य राख्नुपर्छ । त्यसको मतलव स्रोत परिचालन गर्दा नयाँ परियोजना ल्याई त्यसको संस्थागत संरचना बनाउनेमा समय र स्रोत खर्च गर्ने भन्दा पनि ओरालो लागेका, धान्न गाह्रो भएका, प्रतिकूल प्रभाव परेकालाई पुनः लयमा ल्याउनेतिर केन्द्रित हुनुपर्छ । हाल रहेका आर्थिक संरचनाहरु पुनः लयमा ल्याई आर्थिक अवस्था स्थिर भएपछि नयाँ परियोजनातिर ध्यान केन्द्रित गर्नुपर्छ । मध्यमकालीन खर्च संरचना अन्तर्गतका नयाँ परियोजनाहरूलाई आउँदो आर्थिक वर्ष थाती राखी अर्को आर्थिक वर्ष पहिलो प्राथमिकता अन्तर्गत २५ प्रतिशत, दोस्रो प्राथमिकता अन्तर्गत ४० प्रतिशत र गैर प्राथमिकतामा ६० प्रतिशत विनियोजन कट्टी गर्नुपर्छ (बज्राचार्य, २०२० अप्रिल २२) ।

मुख्यतः आउँदो आर्थिक वर्षको बजेटले महामारी नियन्त्रण, स्वास्थ्य, आर्थिक पुनरूत्थान, रोजगारी र शिक्षा क्षेत्रलाई प्राथमिकता दिनुपर्छ । महामारी नियन्त्रणका लागि आवश्यक रकमको व्यवस्था गर्नुपर्छ भने भविष्यमा पनि आउन सक्ने यस्तै खाले विपत्लाई विचार गरी स्वास्थ्य क्षेत्रको सुधारका लागि रकमको व्यवस्था गर्नुपर्छ । कोरोना महामारीका कारणले ग्रामीण अर्थतन्त्र माथि उठाउनुपर्छ भन्ने भाव स्थानीयकरण भइराखेकोले यो सोचलाई उचित प्रयोग गर्न ग्रामीण व्यवसायका साथै दैनिक ज्यालादारी श्रमिक, बेरोजगार र विपन्न वर्गलाई उकास्न २५ अर्बको राहत कोषको व्यवस्था गर्नुपर्छ (बज्राचार्य, २०२० अप्रिल २२) । यो कोषको १० अर्ब चालू आर्थिक वर्ष २०७६/७७ मा नै राहत वितरणमा प्रयोग गरी बाँकी १५ अर्ब आउँदो आर्थिक वर्ष २०७७/७८ का लागि व्यवस्था गर्नुपर्छ । सरकार र राष्ट्र बैंकले विपत्को समयमा बजारमा देखिने बेथितिलाई कडाइका साथ नियन्त्रण गरी बजारलाई चलायमान बनाउनेतिर केन्द्रित भई वित्तीय संस्थालाई पनि सोहीका लागि प्रोत्साहित गर्नुपर्छ । कोरोना र लकडाउनले गर्दा खस्कन, डुब्न र दिवालिया हुन लागेका व्यापार, व्यवसाय, कृषि लगायत उद्योग क्षेत्रलाई पुनः लयमा ल्याउन अब आउन लागेको बजेटले आउँदो दुई आर्थिक वर्षहरूलाई पुनरूत्थानको वर्षका रूपमा नीतिगत लक्ष्य राखी प्रोत्साहनका प्याकेजहरु घोषणा गर्नुपर्छ । यसले कोरोनाको कारण बढ्न सक्ने सम्भावित बेरोजगारी र गरिबीलाई कम गर्न मद्दत गर्छ । व्यापार व्यवसायलाई सहुलियत ऋणको प्रोत्साहन दिई अर्थतन्त्रलाई पुनः चलायनमान बनाउनका लागि आर्थिक वर्ष २०७७/७८ मा ७५ अर्बको पुनरूत्थान कोषको व्यवस्था गर्नुपर्छ र सरकारले सहयोग रकमलाई पछि चाहिएमा प्रत्युत्पादक तरीकाले बढाउनुपर्छ (बज्राचार्य, २०२० अप्रिल २२) । त्यस्तै ऋणको समयावधिलाई समायोजन गरी र ब्याज, बिजुली, पानी, सम्पत्ति कर लगायतमा केही अनुदान दिई पनि मद्दत गर्न सक्छ ।

आर्थिक वर्ष २०७७/७८ को बजेटले कृषि क्षेत्रको उत्पादकत्व र बजारीकरण बढाउनेमा पनि केन्द्रित हुनुपर्छ । कृषिमा चालू आर्थिक वर्ष जम्मा २.२७ प्रतिशत विनियोजन गरिएकोमा आउँदो आर्थिक वर्ष केही वृद्धि गर्नुपर्छ । कृषि क्षेत्रमा हाल प्रभावकारी तरिकाले लगानी गरे बेरोजगार रहेका र विदेशमा काम गुमाई फर्केकाहरूबाट १० देखि २० लाखलाई गाउँघरमा संलग्न गर्न सकिन्छ । मुख्यतः मल, बीउको आपूर्तिदेखि जमिनको उचित व्यवस्थापन, सिँचाइ र कृषि बजारीकरणमा लक्षित हुनको साथै सहुलियत ऋण र अनुदानको व्यवस्था गर्न जरूरी छ । विदेशमा काम गुमाई फर्केकाहरूको सीपलाई उपयोग गर्नेतिर सरकार र निजीक्षेत्रले सोच्न जरूरी छ । कोरोनाले बेरोजगारी र गरिबी बढाउने कुरा विभिन्न राष्ट्रिय र अन्त-राष्ट्रिय संघसंस्थाहरूले अवगत गराइसकेका छन् । त्यसैले आउँदो आर्थिक वर्षको बजेट यी लक्षित वर्ग केन्द्रित रणनीति साथ आउनु पर्छ । यसमा पूर्ण र आंशिक लकडाउनले पार्ने प्रभावको मूल्यांकन, लक्षित वर्गको पहिचान, आर्थिक क्रियाकलापमा जति सकिन्छ चाँडै फर्काउनेदेखि राहत वितरण सम्मको मार्ग चित्र बनाउन बजेट केन्द्रित हुनुपर्छ । शिक्षा क्षेत्रलाई लामो समय बन्द गर्दा देशलाई चाहिने जनशक्तिको उत्पादनमा ह्रास आउनुका साथै विद्यार्थीको भविष्यमा पनि प्रतिकूल असर

पर्छ । त्यसैले टिभी र अनलाइन माध्यमका दूर-शिक्षालाई पनि आत्मसात् गरी पठन पाठन सुचारू राख्नेतिर बजेट केन्द्रित हुनुपर्छ ।[६]

सरकारको आयमा कमी आए पनि स्वास्थ्य लगायत आर्थिक पुनरूत्थानको व्यय भार थपेको छ । त्यसैले सरकारलाई मितव्ययिता अपनाई अनुत्पादक खर्च घटाउनपर्छ भन्ने पाठ सिकाएको छ, जुन आउँदो बजेटदेखि लागू गर्नुपर्छ । विभिन्न अध्ययनहरु (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९)का सुझाव अनुसार सरकारी प्रशासन संयन्त्र प्रभावकारी बनाई यसमा हुने व्ययभार पनि कम गर्नेतिर आउँदो आर्थिक वर्षको बजेटदेखि सोच्न जरूरी छ । अर्थतन्त्र चलायमान राख्न प्रोत्साहन दिई देशको आयको स्रोत बढाउनुपर्छ, जसमा आउँदो आर्थिक वर्षका बजेटले अनुदानहरु दिन हिचकिचाउन हुँदैन । सरकारले यी राहत र आर्थिक प्रोत्साहन वितरणमा हुने उग्र-राजनैतीकरणको परिपाटीलाई हालको महासंकटको समयदेखि नियन्त्रण गरी प्रभावितहरूको हातमा पुऱ्याउने परिपाटी बसाल्न जरूरी छ, जसले अनुत्पादक सरकारी खर्चलाई धेरै मात्रामा घटाउँछ । त्यस्तै कृषक, व्यवसायी र अन्य क्षेत्रले पाउने सहुलियत ऋण र अनुदानको सही उयोग गरी आर्थिक क्रियाकलापलाई लयमा ल्याउनुपर्छ ।

---

[६] कोरोना महामारीले नेपालको शिक्षा क्षेत्रमा पारेको प्रभाव र तत्काल चाल्नुपर्ने कदमहरूको सम्वन्धमा नेपाल खुला विश्वविद्यालय, व्यवस्थापन तथा कानून संकायका डीन शीलु मानन्धर वज्राचार्यको विश्लेषणात्मक लेख हेर्नुहोला । यो लेख अर्थकोअर्थ मा प्रकाशित भएको हो भने यसलाई अनुसूची ग मा राखिएको छ ।

## अध्याय ८

# कोरोना महामारीबीच आएको नेपालको बजेट[1]

नेपाल सरकारले नियमित कार्यविधि अनुसार जेठ १५ गते आउँदो आर्थिक वर्ष २०७७/७८का लागि संघीय प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त बैठकमा बजेट पेश गरेको छ ।[2] कोरोना महामारीको नियन्त्रणका लागि विगत २ महिनाभन्दा लामो समयदेखि सम्पूर्ण देश लकडाउनमा रहेको बीच यो बजेट आएको छ । कोरोना महामारीले गर्दा आत्रान्त बनेको मानवीय जीवन, जीविकोपार्जन र अर्थतन्त्रलाई यस बजेटले कसरी सम्बोधन गरेको छ भन्ने विषयमा बहस पनि शुरु भएको छ ।

चालू आर्थिक वर्ष २०७६/७७ को वैशाखसम्मको परिदृश्यलाई हेर्ने हो भने अपेक्षित वृद्धिदर हासिल गर्न नसकी २.३ प्रतिशतमा संकुचित हुने देखिन्छ ।[3] कोरोना महामारीले गर्दा चालू आर्थिक वर्ष २०७६/७७ मा पर्यटन, यातायात, निर्माण, औद्योगिक उत्पादनदेखि लिएर अर्थतन्त्रका अरु धेरै क्षेत्रहरूको वृद्धिदर या त ऋणात्मक या त संकुचित रहने देखिन्छ । त्यस्तै देशको कुल गार्हस्थ्य उपभोग, कुल गार्हस्थ्य लगानी र वैदेशिक व्यापारमा पनि संकुचन आउने देखिन्छ । मुद्रास्फीति ६.५ प्रतिशत रहेको छ[4] भने हाल विदेशी मुद्रा आर्जनको मुख्य स्रोत रहेको विप्रेषणमा निकै कमी आएको छ । देशमा बेरोजगारी बढेको छ भने विदेशी रोजगारी गुमाई फर्कनेहरूले थप चुनौती थपेको छ । कोरोनाको कारणले चालू आर्थिक वर्ष २०७६/७७ को सार्वजनिक खर्च र राजस्व परिचालनलाई प्रभाव पारेको छ । प्रारभिक अनुमान अनुसार कुल विनियोजनको ७० प्रतिशत मात्र खर्च हुने देखिन्छ भने राजस्व संकलन लक्ष्यको ७४.४ प्रतिशत मात्र उठ्ने देखिन्छ । हुन त, कोरोना महामारी फैलन शुरु भई यसको नियन्त्रणका लागि लकडाउन लगाएसँगै सरकारले स्वास्थ्य परीक्षण, उपचार र राहत वितरण केन्द्रित खर्च बढाएको छ । तर अरु आर्थिक क्रियाकलाप लगभग ठप्प हुन पुग्यो, जसले गर्दा सरकारी खर्च पनि सीमित हुन गयो भने राजस्व पनि उठेन । कोरोना महामारी कहिलेसम्म नियन्त्रणमा आउँछ भनी यकिन गर्न नसकेकोले स्वास्थ्य मापदण्ड अपनाई अर्थतन्त्रलाई जति सक्दो चलायमान राखी स्वास्थ्य परीक्षण र उपचारलाई व्यापक बनाई समय अनुकूल आर्थिक नीति तर्जुमा गर्न जरूरी छ ।

---

[1] यो लेख २०७७ साल जेठ २१ गते प्रकाशित भएको हो ।

[2] अर्थ मन्त्रालय (२०७७) ।

[3] केन्द्रीय तथ्यांक विभाग (२०७७ वैशाख १७) ।

[4] आर्थिक सर्वेक्षण २०७६/७७, अर्थ मन्त्रालय ।

## ८.१ बजेटमा के छ

सरकारले आउँदो आर्थिक वर्ष २०७७/७८ का लागि १४.७४ खर्बको बजेट ल्याएको छ, जुन चालू आर्थिक वर्षको बजेटभन्दा ५८.३२ अर्बले कम छ । कोरोना महामारीले पारेको प्रतिकूल प्रभावका कारण चालू आर्थिक वर्षको दाँजोमा आउँदो आर्थिक वर्षमा राजस्व परिचालनको क्षमतामा कमी आउने देखिएपछि स्वतः बजेटको आकार सानो हुने भइहाल्यो । त्यस्तै बजेट विषम परिस्थितिमा केन्द्रित उद्देश्य र प्राथमिकताका साथ आएकोले पनि सानो रहन गएको छ । बजेटको मुख्य उद्देश्यहरूमा नागरिकको जीवन रक्षा, आर्थिक पुनरूत्थान, मौलिक हक र अधिकारका लागि लोक कल्याणकारी भूमिका र विकासमार्फत उत्थानशील, समुन्नत, समृद्ध एवम् समाजवाद उन्मुख अर्थतन्त्र रहको छ भने बजेट कोरोना नियन्त्रण तथा रोकथाम, स्वास्थ्य सेवा विस्तार, रोजगारी, शिक्षा र संघीयता कार्यान्वयनमा लक्षित छ ।

बजेटले भौतिक पूर्वाधार र पुनर्निर्माण जस्ता अत्यधिक व्ययभार हुने क्षेत्रको विनियोजन घटाएको छ भने स्वास्थ्य क्षेत्रमा विनियोजन बढाउनुको साथै राहत, सहुलियत, आर्थिक पुनरूत्थान र रोजगारीका कार्यक्रमहरु ल्याएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई ९० अर्ब ६९ करोड विनियोजन गरेको छ, जसमा ६ अर्ब कोरोना रोकथाम तथा उपचारका लागि छुट्याएको छ । कोरोना नियन्त्रणमा काम गर्ने स्वास्थ्यकर्मीहरूलाई सुरक्षा उपकरण, प्रोत्साहन भत्ता र ५ लाख सम्मको निःशुल्क स्वास्थ्य बीमाको घोषणा गरेको छ । त्यस्तै संघीय, प्रदेश र स्थानीय तहका स्वास्थ्य संस्थाको पूर्वाधार विकासमा २६ अर्ब ७३ करोड छुट्याइएको छ र सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सेवा, मुटुरोग, क्षयरोग, एड्स, कुष्ठरोग, आपत्कालीन स्वास्थ्य, चिकित्सा शास्त्र अध्ययन, स्वास्थ्य बीमा लगायत अरु स्वास्थ्य क्षेत्रहरूको विकासमा प्रतिबद्धता व्यक्त गरेको छ । लकडाउनबाट दैनिक जीवनमा परेको प्रभावलाई सहज तुल्याउन ल्याएको राहतलाई संक्रमणको जोखिम रहेसम्म निरन्तरता दिने बताइएको छ । त्यस्तै, घरेलु, मझौला तथा साना उद्योग र पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीहरूको तलब भुक्तान गर्न र व्यवसाय सञ्चालनमा सघाउन पुऱ्याउन ५ प्रतिशत ब्याजको कर्जाका लागि ५० अर्बको कोषको घोषणा गरेको छ । त्यस्तै कोरोना प्रभावित कृषि, मझौला तथा साना उद्योग, उत्पादन मूलक उद्योग, होटल र पर्यटन लगायतका क्षेत्रहरूलाई ५ प्रतिशत ब्याजदरको कर्जा दिन १ खर्बको कोषको घोषणा गरेको छ । विद्युत् महशुलमा पनि सहुलियत दिइएको छ भने सामाजिक सुरक्षा कोषमा गरिने योगदानमा पनि केही लचकता अपनाइएको छ । १ लाखसम्मको सामूहिक कोरोना बीमाको वार्षिक शुल्कमा सरकारले ५० प्रतिशत अनुदान दिने घोषणा गरेको छ भने कर लगायतमा छुट दिइएको छ । कोरोना महामारीका कारणले देशमा बढेको बेरोजगारी र वैदेशिक रोजगारी गुमाएर फर्कनेहरूलाई विभिन्न उत्पादनमूलक काममा आबद्ध गर्ने लक्ष्य लिइएको छ । हाल रोजगारीका लागि सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यापक बनाउनुका साथै साना किसान कर्जा, युवा स्वरोजगार कोष र गरिबी निवारण कोष जस्ता हाल सञ्चालित कार्यक्रमहरूबाट पनि रोजगारी सृजनाको लक्ष्य लिइएको छ । स्थानीय तहको विकाससँगै रोजगारी सृजना गर्न 'आफ्नो गाउँ आफै बनाऊँ'को अवधारणाका साथ कामका लागि खाद्यान्न कार्यक्रम ल्याउने घोषणा गरिएको छ । त्यस्तै शीपमूलक तालिम र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरी वैदेशिक रोजगारी गुमाएर फर्कनेहरु र स्वदेशमा नै रहेका बेरोजगारहरूलाई रोजगारी सृजनाको लक्ष्य लिइएको छ । यी विभिन्न कार्यक्रमहरूबाट ६ देखि ७ लाखलाई रोजगारी सृजना हुने बजेटले अनुमान गरेको छ ।

बजेटले नेपालको अर्थतन्त्रको मुख्य स्रोतका रूपमा रहेको कृषिलाई अझ व्यापक बनाउने लक्ष्य लिनुका साथै स्वदेशमा रहेका र विदेशबाट आउने बेरोजगार जनशक्तिलाई कृषिक्षेत्रमा आकर्षित गरी रोजगारी सृजना गर्ने लक्ष्य लिएको छ । भूमि बैंकको अवधारणा सहित जग्गालाई लिज दिएर कृषि कार्यमा प्रयोग गरी जनशक्ति परिचालन गर्ने कार्यक्रम ल्याउनुका साथै कृषिमा यन्त्रीकरण, आधुनिकीकरण र बजारीकरण गरी खाद्य सुरक्षामा आत्मनिर्भर हुने पनि बजेटले लक्ष्य लिएको छ ।

मलमा अनुदान, कृषक कर्जा, सिँचाइ, वनस्पति तथा वन उत्पादनको व्यवसायीकरण लगायत अन्य कृषि, पशुपालन र वन क्षेत्रको विकास गरी ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाई कोरोनाले प्रतिकूल असर परेको अर्थतन्त्रलाई माथि उठाउने प्रयास बजेटले गरेको छ । आधारभूत शिक्षामा सबैको पहुँच बढाउन लक्षित वर्गलाई छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिएको छ भने विद्यार्थीका लागि दिवा खाना देशभर विस्तार गरेको छ । त्यस्तै शैक्षिक सुधार कार्यक्रम, समयमै पाठ्यपुस्तकको निःशुल्क वितरण, गुणस्तरीय उच्च शिक्षा लगायत अरू शिक्षा क्षेत्रको विकासमा पनि रकम विनियोजन गरिएको छ । सामाजिक सुरक्षालाई निरन्तरता दिइएको छ भने सुरक्षा निकायको विनियोजन बढाइएको छ । विद्युत् उत्पादन बढाउन नयाँ परियोजनाहरु ल्याइएका छन् भने विदेशी लगानी बढाई व्यापारमैत्री वातावरण बनाउने लक्ष्य लिएको छ । त्यस्तै आपूर्ति व्यवस्थापन, खानेपानी, शहरीकरण, सहकारी, स्थानीय पूर्वाधार, सूचना प्रविधि, सुशासन, तथ्यांक, आयोजना मूल्यांकन लगायत अरू विकास कार्यमा पनि जोड दिइएको छ । विषम परिस्थितिलाई मध्यनजर गर्दै खेलकुदमा विनियोजन चालू आर्थिक वर्षको भन्दा घटाइएको छ भने कर्मचारीलाई दिइने भत्ता लगायत अन्य सुविधामा पनि व्यापक कटौती गरिएको छ । सरकारी कार्यालयहरूको नयाँ नियुक्तिमा रोक्का गरिएको छ ।

आउँदो आर्थिक वर्षको बजेटको ६० प्रतिशत स्रोत राजस्व रहेको छ । सरकाले ८ खर्ब ८९ अर्ब राजस्व संकलन गर्ने लक्ष्य लिएको छ, जुन चालू आर्थिक वर्षको संशोधित अनुमानको हाराहारीमा छ । यसको मतलव सरकारले हालको विषम परिस्थितिमा धेरै राजस्व संकलन हुन्छ भन्ने अनुमान लगाएको छैन । त्यस्तै वैदशिक ऋण र अनुदानबाट ३ खर्ब ५९ अर्ब (२५ प्रतिशत) र आन्तरिक ऋणबाट २ खर्ब २५ अर्ब (१५ प्रतिशत) उठाउने लक्ष्य लिएको छ । लघु, घरेलु तथा साना उद्योग, कृषि, पशुपालन, औषधि तथा आयुर्वेदको मेशिनरी तथा कच्चा पदार्थको भन्सार दर घटाएको छ । हवाई इन्धन र ग्यास बाहेक अरू पेट्रोलियम पदार्थ, सुन र सुनका गहना, विद्युतीय सवारी साधन र फर्निचरमा भन्सार दर बढाएको छ भने सुर्तीजन्य वस्तुको करमा सामान्य वृद्धि गरेको छ ।

## ८.२ वैकल्पिक अवधारणा (प्लान बी)लाई संस्थागत गर्न नसक्दा

विषम परिस्थितिमा आएको यो बजेटले जीवन रक्षा, जीविकोपार्जन र अर्थतन्त्रको पुनरूत्थानमा केन्द्रित रही स्रोत परिचालन त गरेको छ । तर विषम परिस्थिति लम्बिँदै जाँदा के गर्ने भन्नेतर्फ खासै सोचेको जस्तो देखिँदैन । नेपाल जस्तो विभिन्न खाले संकट आइरहने देशले वैकल्पिक अवधारणा (प्लान बी)लाई खासै चासो दिएको छैन, जुन कुराको प्रतिविम्ब हालको बजेटमा पनि भएको छ ।

केन्द्रीय तथ्यांक विभागले वैशाखसम्मको आर्थिक क्रियाकलापमा महामारीको प्रभाव परी जेठदेखि सामान्य स्थिति भए चालू आर्थिक वर्षको वृद्धिदर २.२८ प्रतिशत रहने प्रक्षेपण गरेको छ । तर लकडाउन जेठभरिका लागि लम्बिएको छ भने भारतबाट नेपालीहरूको भइरहेको आवागमनले बढाइराखेको कोरोना संक्रमण र अरू देशबाट फर्कनेहरूलाई व्यवस्थित नगरे बढ्ने सक्ने संक्रमणको खतराले देश सामान्य स्थितिमा फर्कन केही समय लाग्ने देखिन्छ । त्यस्तै कोरोनाको खोप चाँडोमा आउँदो अक्टोबरसम्म आउने बताइए अनुसार विभिन्न देशहरूले स्वास्थ्य मापदण्ड अपनाई लकडाउन खुकुलो पार्दै लगेका त छन्, तर सामान्य स्थितिमा फर्कन अझै समय लाग्ने दखिन्छ । जेठ महिनाभर नेपालमा लकडाउन जारी रहन्छ, जसले गर्दा चालू आर्थिक वर्षको वृद्धि १ प्रतिशतसम्म ऋणात्मक रहन जान सक्छ (बज्राचार्य, २०२० अप्रिल २२) । लकडाउन हालको नै अवस्थामा असार मसान्तसम्म जारी रहे नेपालको आर्थिक अवस्था झन् खस्कँदै जानेछ भने आउँदो आर्थिक वर्ष लकडाउन खुकुलो पार्दै लगे पनि तुरून्त सामान्य स्थितिको आर्थिक चलायमानता हासिल गर्न देखिँदैन, जसले गर्दा आउँदो आर्थिक वर्षको वृद्धि ऋणात्मक हुन जान पनि सक्छ । सो प्रतिकूल परिस्थितिको वैकल्पिक रणनीति (प्लान बी) आउँदो आर्थिक वर्ष २०७७/७८ को बजेटमा छैन । बजेटले कोरोना केन्द्रित विनियोजन, स्वास्थ्य पूर्वाधारको विकास र केही

राहत, पुनरूत्थान र रोजगारीका कार्यक्रमहरु ल्याई अरु सबै कुरा सामान्य स्थितिमा फर्कने आशावादी कल्पना गरेको छ । बजेटले आउँदो आर्थिक वर्ष ७ प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ, जुन सामान्य स्थितिमा देश फर्किए सम्भव होला । तर सामान्य स्थितिमा फर्किन समय लाग्ने प्रबल सम्भावना रहेको छ भने बजेटले घोषणा गरेका केही कार्यक्रमहरु महामारी नियन्त्रणमा नआएसम्म सञ्चालन गर्न कठिन हुने देखिन्छ । त्यसैले बजेटले लक्षित गरेको आर्थिक वृद्धिदर हासिल गर्न ठूलो चुनौती छ ।

नेपालमा मुख्यतः नीति निर्माताहरु संकटकालीन समस्या होस् या साधारण समस्या होस्, त्यसको गहनता र त्यसले पार्ने बहुआयामिक प्रभावको हेक्का नराखी समाधानको बाटो पहिल्याई महत्वाकांक्षी उद्देश्यका साथ आशावादी अवधारणा अघि सार्छन्, जसले गर्दा हाम्रो प्रगति पूर्वानुमानभन्दा धेरै तल रहन्छ । संकटकालीन अवस्थामा आउन सक्ने विषम परिस्थितिलाई मध्यनजर गर्दै प्राथमिकता पहिल्याई वैकल्पिक अवधारणाका साथ अगाडि बढ्नुपर्छ । राजनैतिक संकटकालको समयका बजेटहरूले सुरक्षा व्यवस्थामा १० प्रतिशतसम्म विनियोजन गरी अरु सबै कुरा सामान्य स्थितिमा फर्कने आशावादी आधारका साथ अग्रगामी विकासका कार्यक्रमहरु घोषणा गरी महत्वाकांक्षी लक्ष्यहरु राखिए । यी विकास कार्यक्रमहरूमध्ये धेरै त संकटकालका कारण प्रभावकारी रूपमा कार्यान्वयन नै हुन सकेनन् र प्रतिफल सोचेभन्दा निकै कम आयो । सो दौरान, देशले राजनैतिक उपलब्धि त हासिल गऱ्यो साथै आधारभूत आवश्यकता पूरा गरी गरिबी, कुपोषण, अशिक्षालाई घटायो र आधारभूत स्वास्थ्यमा पनि केही प्रगति त गऱ्यो । तर उच्च आर्थिक वृद्धि हासिल गरेन भने रोजगारी सृजना नभई लाखौं श्रम शक्ति बाहिरिन पुग्यो । धेरै अध्ययनहरूले त गरिबी घट्नुमा सरकारी विकास कार्यक्रम भन्दा विप्रेषणको हात छ भन्ने देखाएका छन् (विश्व बैंक, डिफिड र एशियाली विकास बैंक, २००६) । राजनैतिक संकटकाल सकिएपछि पनि जारी रहेको लोडसेडिङ कालमा ऊर्जा संकट घोषणा गरेर फेरि अरु सबै कुरा सामान्य स्थितिमा फर्कने आशावादी आधारमा महत्वाकांक्षी लक्ष्यहरु राखे । तर ऊर्जा अभावका कारण आर्थिक गतिविधिले गति लिन सकेन, औद्योगिक उत्पादकत्वलाई प्रभाव पाऱ्यो र व्यापार घाटा बढ्यो । मुख्यतः सरकारले संकटकालीन अवस्थालाई पनि सामान्य रूपमा लिई महत्वाकांक्षी विकासका कार्यक्रमहरु तर्जुमा गरी देशको अर्थतन्त्र अघि बढाउने परिकल्पना गरिन्छ, जुन त्रुटिपूर्ण छ । संकटकालीन स्थितिबाट सामान्य स्थितिमा जाने परिदृश्य विश्लेषण गरी प्राथमिकता पहिल्याई वैकल्पिक अवधारणाहरूका साथ कार्यक्रमहरु ल्याए सोचे अनुसार प्रतिफल हासिल गर्न सकिन्छ । योजना आयोगले यस्तो परिदृश्य विश्लेषण गरी योजना निर्माण गरे तापनि लक्ष्य र उद्देश्यहरु स्पष्ट नहुँदा कार्यान्वयनमा चुनौतीहरु छन् भने बजेट निर्माणमा यो अवधारणालाई आत्मसात् गरेको देखिँदैन, जसलाई हालको र विगतका बजेटहरूले छर्लङ्ग पारेको छ । त्यसैले संकटकालीन अवस्थामा पनि निकै आशावादी प्रतिबद्धताहरु त आउँछ तर काम हुँदैन । फलस्वरूप उग्र-राजनैतीकरण र कर्मचारीतन्त्र हावी हुन्छ, बजार व्यवस्था डामाडोल हुन्छ र अर्थतन्त्रलाई प्रतिकूल प्रभाव पार्छ । नेपालमा धेरै पहिलादेखि यही भई आएको छ, जसलाई राजनैतिक टिप्पणीकारहरु परम्परागत बजेट निर्माण शैली भनी आलोचना गर्छन्, तर यसको समाधानतर्फ ध्यान दिँदैनन् ।

## ८.३ नीतिगत विश्लेषण

बजेटले कृषिक्षेत्रमा गरेको विनियोजन र घोषणा गरेका कार्यक्रमहरूले कृषि क्षेत्रमा टेवा पुग्ने देखिन्छ । लकडाउनले कृषि क्षेत्रमा अरु क्षेत्रहरूको तुलनामा कम प्रभाव पारेको छ र यसमा लगानी गर्नाले अरु प्रभावित क्षेत्रहरूमा भएको नोक्सानलाई केही हदसम्म बेहोर्न सकिन्छ । तर बजेटमा भने जस्तै कृषिमा गरिएको लगानीले गरिब किसानलाई माथि उकास्ने र बेरोजगारलाई रोजगारी दिने हो भने लक्षित वर्ग

केन्द्रित कार्यविधि आउन जरूरी छ । अन्यथा, कृषिका पहिलेका कार्यक्रमहरूमा जस्तै पहुँचवालाले मात्र फाइदा लिन्छन् ।

बजेटले कोरोनाका कारणले प्रतिकूल प्रभाव पारेका घरेलु, मझौला तथा साना उद्योग, पर्यटन व्यवसाय, कृषि, उत्पादन मूलक अन्य उद्योगहरूको व्यवसाय सञ्चालनमा सघाउ पुर्‍याउन ५ प्रतिशत ब्याजदरको सहुलियत कर्जा दिन विभिन्न कोष खडा गरेको छ । यस ५ प्रतिशतमा बैंकले विभिन्न खाले सेवा शुल्क लगायत अन्य शुल्कहरू जोड्दा लगभग ९.५ प्रतिशत हुन आउँछ, जुन विद्यमान बजारको ब्याजदरभन्दा २ देखि ३ प्रतिशतले मात्र कम हुन्छ । यसले निजीक्षेत्र तथा व्यवसायीलाई खासै उत्साहित बनाउँदैन । यी सहुलियत कर्जा लघु तथा घरेलु उद्योगलाई २ प्रतिशत, साना तथा मझौला उद्योगलाई ३ प्रतिशतमा र अन्य ठूला उद्योगलाई ४ प्रतिशतमा उपलब्ध गराए यसमा बैंक शुल्कहरू जोड्दा विद्यमान बजारको ब्याजदरभन्दा अलि धेरै कम हुन्छ, जसले व्यवसायीहरूमा ऊर्जा थप्ने देखिन्छ । त्यस्तै बजेटले कोरोनाले प्रतिकूल प्रभाव पारेका क्षेत्रहरूमा विभिन्न खाले कर सहुलियत दिएको छ, जुन मुख्यतः लगानी आकर्षित गर्ने रणनीति हो । तर हाल देशको मुख्य उद्देश्य भनेको ओरालो लागेको व्यवसायलाई बचाउने हो । व्यापार व्यवसाय अगाडि लैजान कठिनाइ भइराखेको हालको समय कर सहुलियतले के सहयोग पुग्छ भन्ने ठूलो प्रश्न उठ्छ । पर्यटन, निर्माण व्यवसायी तथा कोरोना महामारीको लामो समय प्रभाव पर्ने उद्योगहरूलाई यो कर सहुलियतले खासै मद्दत गर्दैन । हाल व्यवसायीहरूलाई मुख्यतः काम शुरु गर्न नगद प्रवाहमा समस्या रहेको छ, जसका लागि चालू पूँजी चाहिएको छ । त्यसैले सोतिर बजेट केन्द्रित भए व्यवसायीहरूले आंशिक खुकुलोको बीच पनि काम अघि बढाउन ठूलो मद्दत मिल्थ्यो । यसरी विस्तारै व्यावसायिक क्रियाकलापलाई अगाडि बढाउनेतिर कदम चाले देश पुनः आर्थिक चलायमानताको दिशातर्फ अगाडि बढ्नेछ, जसले सरकारको राजस्व पनि विस्तारै बढाउँछ । ब्याज, कर्जा सुरक्षण र बीमा प्रिमियममा अनुदानका लागि बजेटले १३ अर्ब ९६ करोड विनियोजन गरेको छ । माघ मसान्तसम्म बैंकले व्यावसायिक क्षेत्रमा प्रवाह गरेको ऋण ३१ खर्बको छ, जसमा ३ खर्बको ऋण घरेलु, मझौला तथा साना उद्योगलाई गएको छ । बजेटले व्यावसायिक ऋणमा ब्याज अनुदान दिनका लागि छुट्याइएको विनियोजन अपुग हुने देखिन्छ । ५० अर्ब विनियोजित गरे हाल रहेको व्यावसायिक कर्जाको ब्याजमा ३० प्रतिशत अनुदान ६ महिनालाई दिन पुग्ने देखिन्छ, जसले शिथिल रहेको व्यवसायलाई पुनरूत्थान गर्न मद्दत गर्छ । तर कारोना महामारीको कारण भविष्यमा पनि आर्थिक कारोबार राम्रो गति नलिए अरु प्याकेज ल्याउन जरूरी छ, होइन भने उद्योग व्यवसायहरू चौपट हुने देखिन्छ । त्यस्तै चैतमा लकडाउन शुरु गरेदेखि ऋणको किस्ता तिर्ने म्याद असारसम्म सारेको छ र असारमा चार महिनाको किस्ता एकैचोटि तिर्नुपर्दा व्यवसायीहरूलाई थप समस्या आउन सक्छ । यसलाई सरलीकृत गर्न जरूरी छ भने कोरोनाको आर्थिक बोझ बोकिराखेका यी र यस्ता वित्तीय संस्थाहरूलाई पनि ओरालो लाग्नबाट बचाउनुपर्छ । मुख्यतः बजेटले घोषणा गरेको १.५ खर्बको सहुलियत कर्जा र यसमा ५० अर्बको ब्याज अनुदान व्यवस्था गरे कोरोना महामारीले हालसम्म शिथिल पारेको आर्थिक कारोबारलाई पुनरूत्थान गर्न मद्दत गर्छ । यति भन्दै गर्दा, सरकारले कोरोना महामारीको समष्टिगत नोक्सानीलाई लक्षित गर्दै आर्थिक प्याकेज घोषणा गरेको छैन र यस विषयमा बजेट पनि मौन छ । शायद, समष्टिगत आर्थिक नोक्सानीको मापन गरिहाल्ने समय नआएकोले पछि घोषणा गर्नेतिर सोचेको हुन सक्छ ।

बजेटले रोजगारी सृजनाका लागि हाल जारी कार्यक्रमहरूलाई व्यापक बनाई निरन्तरता दिने भनिएको छ, तर ती कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा धेरैले प्रश्न उठाउने गरेका छन् । शीपमूलक तालीम र प्राविधिक तथा व्यावसायिक शिक्षा दिई रोजगारी सृजना गरिने भनिएको छ । तर बजारको माग अनुसारको तालीम दिए मात्र बेरोजगारले रोजगारी पाउँछ । बजेटले निजीक्षेत्रसँग सहकार्य गरी रोजगारी सृजना गर्नेतिर खासै बोलेको देखिँदैन, जुन निकै महत्वपूर्ण छ । वैदेशिक रोजगारी गुमाई फर्कनेको ज्ञान र शीपको आकलन गरी उनीहरूलाई उपयुक्त काममा लगाउन ठीक हुन्छ । यसमा कामदार फर्काउने देशहरूले शीपमूलक मान्छे आफूकहाँ राखी बाँकीलाई मात्र फिर्ता पठाउने रणनीति

लिए नेपाललाई थप चुनौती थपिन्छ भने भारतबाट नेपाल आउने श्रमिकले नेपालीहरूको रोजगारीको अवसरलाई थप संकुचित बनाउने चुनौती पनि छ । बजेटमा धेरैजसो सरकारले आफै रोजगारी सृजना गर्ने खालका कार्यक्रमहरु ल्याएको छ । योसँगै निजीक्षेत्रसँग मिली बजारको माग अनुसार शीपमूलक तालीम दिए अझ धेरै प्रत्युत्पादक हुन्छ ।

बजेटले प्राथमिक क्षेत्र कर्जाको दायरा बढाउनुको साथै वित्तीय संस्थाका शाखाहरूले न्यूनतम कति जनालाई प्राथमिक क्षेत्र कर्जा दिनुपर्छ भनी तोकेको छ, जसले उत्पादन क्षेत्रमा लगानी बढी रोजगारी बढ्ने अपेक्षा गरेको छ । यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरे राम्रो प्रतिफल आउन सक्छ । बजेटले भौतिक निर्माण, आन्तरिक पर्यटन, ऊर्जा, शहरीकरण, यातायात, हवाई सेवामा गरिएका प्रतिबद्धताहरु महामारी नियन्त्रन नभएसम्म राम्रोसँग कार्यान्वयन गर्न धेरै कठिनाइहरु छन् । शिक्षाका कार्यक्रमहरु पनि कार्यान्वयन गर्न कठिनाइ हुनेछ । जस्तै- विद्यार्थी दिवा खानालाई देशभर लागू गरेको छ तर विद्यालय नै नखुले यो कार्यक्रम प्रभावकारी कार्यान्वयन हुँदैन । बजेटले महामारीको समय पनि विद्यार्थीको भविष्यमाथि खेलबाड नगरी दूर शिक्षाको अवधारणालाई आत्मसात् गर्ने भनिएको छ । तर त्यसको पूर्वाधारका विषयमा केही बोलेको छैन । शिक्षकहरूलाई दूर शिक्षा विधिमा सक्षम बनाउनुपर्छ भने दूर शिक्षाको पूर्वाधार विकासमा जोड दिनुपर्छ । कक्षा दशसम्मको दूर शिक्षा रेडियो वा टेलिभिजन मार्फत सञ्चालन गरे त्यसको कभरेज व्यापक हुने देखिन्छ भने उच्च शिक्षा इन्टरनेट प्रयोग गरी स्मार्टफोन वा कम्प्युटरको माध्यमबाट दिन सकिन्छ ।[५] मुख्यतः स्मार्टफोनको कभरेज बढाउन यसमा केही अनुदान दिए कम खर्चमा उच्च शिक्षालाई व्यापक बनाउन सकिन्छ । स्मरण रहोस्, संयुक्त राष्ट्र विकास कार्यक्रमले विकासशील राष्ट्रहरूले हालको महामारीको समय दुर शिक्षालाई कार्यान्वयन नगरे असमानता बढ्नेतिर संकेत गराइसकेको छ ।[६] त्यस्तै बजेटले स्वास्थ्यमा विनियोजन बढाए पनि पूर्वाधारमा मात्र केन्द्रित रही अरूतिर त्यति ध्यान पुऱ्याएको देखिन्न । मितव्ययिताका लागि सरकारी कर्मचारीको सुविधामा कटौती गर्नु त ठीक हो । तर उनीहरूको प्रोत्साहनमा पनि ध्यान दिनुपर्छ, जसले कार्यसम्पादनलाई गतिशील बनाइराख्छ । कर्मचारीको कार्यसम्पादनमा ह्रास आए बजेटले लक्ष्य लिएको व्यापारमैत्री वातावरणदेखि लिएर अरु धेरै कुरामा प्रभाव पार्छ ।

आउँदो आर्थिक वर्षको राजस्व अनुमान पनि अलि महत्वाकांक्षी देखिन्छ । आउँदो आर्थिक वर्षको पहिलो ६ महिना आंशिक खुकुलो रही बाँकी ६ महिना सामान्यतिर फर्के बजेटले लक्ष्य लिएको राजस्व संकलनभन्दा १ खर्ब ५० अर्ब कम उठ्ने देखिन्छ (बज्राचार्य, २०२० मे १०) । दैनिकी सामान्यतिर फर्कन थप समय लागे राजस्वमा थप प्रतिकूल प्रभाव पर्छ । त्यसैले आन्तरिक ऋणमा भार पर्ने प्रबल सम्भावना छ । विद्यमान कानून अनुसार गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतसम्म मात्र आन्तरिक ऋण उठाउन सकिन्छ । तर यो कानूनी प्रावधानलाई हालको विषम परिस्थिति र संकटकालको समय केही लचिलो बनाउनुपर्ने देखिन्छ, जसबारे बजेट मौन छ । आन्तरिक ऋणलाई बढाउँदा त्यसले बृहत् अर्थतन्त्रमा पार्न सक्ने प्रभावका बारेमा पनि विचार गर्नुपर्छ ।

## ८.४ अन्तमा

आउँदो आर्थिक वर्ष २०७७/७८ को बजेटले हालको विषम परिस्थितिलाई ध्यानमा राख्दै यसको आकारलाई यथार्थपरक बनाउने प्रयास गरेको छ भने विद्यमान परिस्थिति अनुकूल कार्यक्रम ल्याएको छ, जुन यसको राम्रो पक्ष हो । जे जस्तो भए पनि नयाँ बजेट गत आर्थिक वर्षको भन्दा ठूलो हुनुपर्छ भन्ने विद्यमान मान्यतालाई यो बजेटले केही चुनौती दिएको छ, जुन सकारात्मक शुरूवात हो । यस बजेटले सो परम्परागत सोचलाई अलि परिष्कृत गर्न मद्दत गर्न सक्छ । तर संकटकालीन स्थितिलाई मध्यनजर

---

[५] अनुसूची ग पनि हेर्नुहोला ।

[६] संयुक्त राष्ट्र विकास कार्यक्रम (सन् २०२०) ।

गरी बजेट निर्माण भएको देखिन्न । किनकि यसले धेरै महत्वाकांक्षी लक्ष्य लिनुको साथै संकटकालीन अवस्थामा वैकल्पिक रणनीति पनि तयार पारेर राख्नुपर्छ भन्नेतिर सोचेन, जुन हालको अवस्थामा निकै महत्वपूर्ण छ । बजेटका धेरै कार्यक्रमहरु तुरून्त कार्यान्वयनमा लैजान सक्ने खालको देखिन्न भने लकडाउन लम्बिए के गर्ने भन्नेमा बजेट मौन छ । हालको परिस्थितिमा बजेटले अनुमान गरेको वैदेशिक ऋण तथा अनुदान उठाउन पनि निकै चुनौतीपूर्ण छ । यो बजेटको पछि मूल्यांकन हुँदा लक्ष्यको नजिकसम्म पनि पुग्न सकेन भनी दोष लगाउनेबाटो खुला छोडेको छ । सरकारले वैकल्पिक अवधारणाका साथ प्राथमिकता लक्षित गरी द्रुतगतिको पुनरूत्थान पहिल्याए सन्तोषजनक प्रतिफल आउँछ ।

अध्याय ९

# कोरोना महामारी र आर्थिक पुनरूत्थानका प्याकेज[1]

विश्व कोरोनामय कालमा गुज्रिराखेको ६ महिनामा भन्दा अधिक समय भइसक्यो र यो कति समय जान्छ भन्ने यकिन कसैले गर्न नसके पनि यसको खोप तथा औषधि विकासमा भइराखेको प्रयासलाई हेर्दा चाँडैमा सन् २०२० को अन्तसम्म केही उपलब्धि हासिल गर्ने र हाल यस महामारीको रोकथामका लागि अपनाइराखेको सामाजिक दूरी जस्ता प्रतिरक्षात्मक उपायलाई क्रमशः कम गर्दै दैनिकी सामान्यतिर जाने अनुमान लगाइएको छ । तर केही स्वास्थ्यविद्हरू कोरोना महामारी यति चाँडै नियन्त्रणमा नआउने र यसको दोस्रो लहर आउन सक्ने सम्भावना प्रबल रहेको बताइराखेका छन् । यो महामारीको आगमनसँगै यसले विश्व अर्थतन्त्रको चलायमानतालाई विराम लगाई आर्थिक विकासलाई प्रतिकूल प्रभाव पारेको छ र विश्व आर्थिक मन्दीको चपेटामा परेको छ । कोरोना महामारी फैलन शुरु गरेसँगै यसलाई नियन्त्रण गर्न लगाइएको लकडाउनले विश्व अर्थतन्त्रलाई डामाडोल नै गर्ने देखिएपछि हाल धेरैजसो मुलुकले स्वास्थ्य सावधानी अपनाई आंशिक खुकुलो बनाउने रणनीति लिए पनि दैनिकी सामान्यतिर फर्किएको छैन । त्यस्तै यो महामारीले प्रतिकूल प्रभाव पारेको अर्थतन्त्रलाई कसरी पुनरूत्थान गर्ने भन्नेमा बहस शुरु भएको छ भने विभिन्न मुलुकहरूले आर्थिक पुनरूत्थानका लागि प्याकेजहरूको पनि घोषणा गरिसकेका छन् । आर्थिक मन्दी तथा आर्थिक संकट परेका विभिन्न समयमा यस्ता आर्थिक प्याकेजहरु घोषणा गरी बजार अर्थतन्त्रलाई चलायमान राख्ने गरिन्छ, जसको विश्लेषण अनुसूची क मा गरिएको छ ।

नेपालले कोरोना नियन्त्रणका लागि २०७६ चैत्र ४ गतेदेखि देशभर लकडाउन शुरु गरेको थियो । यसको अवधि विभिन्न पटक थपेर अन्तिममा २०७७ जेठ महिनाभर जारी राखिएको थियो । यसले नेपालको अर्थतन्त्रलाई प्रतिकूल असर पारेको छ । लकडाउन शुरु गरेसँगै कोरोना नियन्त्रणका लागि टेस्टिङ, क्वारेन्टिन, आइसोलेसन लगायत अरु स्वास्थ्य उपायहरूलाई व्यापक रूपमा अगाडि नबढाउनुका साथै भारतबाट फर्केका नेपालीको उचित व्यवस्थापन नहुँदा कोरोना नियन्त्रणमा आएको छैन भने तेस्रो मुलुकबाट फर्कनेहरूको व्यवस्थापन गर्ने थप चुनौती थपेको छ । त्यस्तै यो कोरोनाकाल बीच नेपालले खस्कँदै गएको अर्थतन्त्रलाई पुनरूत्थान गर्न पनि जरूरी छ । यस लेखमा विश्वले अर्थतन्त्रको पुनरूत्थानका लागि के गरिराखेका छन् र नेपालले के गर्नुपर्छ भन्नेबारे चर्चा परिचर्चा गरिएको छ ।

---

[1] यो लेख २०७७ साल असार ९ गते प्रकाशित भएको हो ।

## ९.१ आर्थिक पुनरूत्थानमा विश्व अर्थतन्त्र

चीनको वुहानमा सन् २०१९ डिसेम्बरको मध्यतिर देखिएको कोरोना महामारी विस्तारै विश्व व्यापीरूपमा फैलिएसँगै अर्थतन्त्र सम्बन्धी विश्लेषण गर्ने विभिन्न संस्थाहरूले आफ्ना पूर्वानुमानलाई संशोधन गरी यो महामारीले अर्थतन्त्रका सबै क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने उल्लेख गरेका छन् ।[२] संयुक्त राष्ट्र संघले कोरोना महामारीलाई दोस्रो विश्व युद्धपछिको सबैभन्दा ठूलो मानवीय संकटको रूपमा व्याख्या गरेको छ भने विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायतका संस्थाहरूले कोरोना महामारीका कारण ठूलो आर्थिक मन्दी आउने संकेत गरिसकेका छन् । यो महामारीले आर्थिक रूपमा कत्तिको नोक्सानी गर्छ भनी हाललाई यकिन गर्न नसकिए पनि अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको प्रारम्भिक अनुमान अनुसार सन् २०२० मा विश्व अर्थतन्त्र ३ प्रतिशतका दरले खुम्चिने र एशियाली अर्थतन्त्रको सन् २०२० को वृद्धिदर शून्य प्रतिशतमा झर्ने उल्लेख छ । त्यस्तै विश्व बैंकले यो महामारीका कारण सन् २०२० मा विश्वभर गरीबीको रेखामुनि रहेकाहरू ६३.२ करोडबाट बढेर ६६.५ करोड पुग्ने र गरिबी ८.२ प्रतिशतबाट बढेर ८.६ प्रतिशत पुग्ने अनुमान गरेको छ । विश्व बैंक (सन् २०२०, जुन ८) का अनुसार सम्भवतः सन् १९९८ को एशियाली वित्तीय संकटपछि विश्वमा गरिबीको दर बढेको यो पहिलो चोटि हो ।

विद्यमान कोरोना महामारीका कारण आएको आर्थिक संकटले उत्पादन र आपूर्ति व्यवस्थालाई ठप्प पारेको छ भने उपभोगमा संकुचन आएको छ, जसले गर्दा बेरोजगारीदेखि लिएर यावत् समस्याहरू उत्पन्न भएको छ । यस आर्थिक समस्यालाई सम्बोधन गर्न विभिन्न मुलुकहरूले आर्थिक प्याकेजहरूको घोषणा गरेका छन् भने अन्तर्राष्ट्रिय दातृ निकायले पनि यसमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिसकेका छन् । यी आर्थिक प्याकेजहरूमा मुख्यतः कोरोनाका कारण आर्थिक रूपमा विपन्न र बेरोजगार भएकालाई सामाजिक सुरक्षा, साना तथा मझौला लगायत अरु उद्योगहरूको पुनरूत्थानमा सहयोग, तलरता व्यवस्थापन, ऋण तथा ब्याजको पुनःसंरचनाका साथै अन्य यावत् सहयोगहरु पर्छन् । प्याकेजको माध्यमबाट हाल रहेको बजार व्यवस्था र व्यवसायलाई डुब्न नदिई उत्पादनमा ह्रास नल्याई आर्थिक क्रियाकलापलाई चलायमान राख्नेमा केन्द्रित छ । यसमा अमेरिका जस्तो विकसित राष्ट्रले कुल गार्हस्थ्य उत्पादनको १३ प्रतिशतको आर्थिक प्याकेज घोषणा गरिसकेको छ भने जर्मनीले १०.७, फ्रान्सले ९.३, इटलीले ५.७, चीनले ३.८ र स्पेनले ७.३ प्रतिशतको प्याकेज घोषणा गरिसकेका छन् । जापानले सबैभन्दा धेरै कुल गार्हस्थ्य उत्पादनको २१.१ प्रतिशतको प्याकेज घोषणा गरिसकेको छ भने कोरोनाले कम प्रभावित दक्षिण कोरियाले २.२ प्रतिशतको प्याकेज घोषणा गरी सकेको छ । त्यस्तै दक्षिण एशियाली मुलुक भारतले कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशतको आर्थिक प्याकेज घोषणा गरेको छ भने बंगलादेशले ३.५ प्रतिशतको प्याकेज घोषणा गरेको छ । अन्य दक्षिण एशियाली मुलुकहरूले पनि विभिन्न आर्थिक पुनरूत्थानका कार्यक्रमहरु ल्याएका छन् ।[३]

---

[२] विश्व बैंक (सन् २०२०a) र अन्तर्राष्ट्रिय मुद्रा कोष (सन् २०२०) ।

[३] द इकोनोमिक टाइम (सन् २०२० अप्रिल २६ र २०२० मे १५) ।

**चित्र ९.१: विश्वका विभिन्न मुलुकहरूले ल्याएको कोरोना आर्थिक पुनरूत्थान प्याकेजको तुलना (आर्थिक पुनरूत्थान प्याकेजको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात प्रतिशतमा)***




स्रोत : फ्रोर्ब्स, सन् २०२० मे ११

* सन् २०२० मे ११ सम्मको तथ्यांकका आधारमा

निश्चय नै विकसित मुलुकको तुलनामा कम विकसित मुलुकलाई आर्थिक पुनरूत्थानका कार्यक्रमहरु ल्याउन निकै समस्या पर्छ । मुख्यतः कम विकसित मुलुकहरु विकासका कार्यक्रममा दातृ निकायको भर पर्ने गर्दछन् । तर हालको महासंकटको समय विश्व बैंक, एशियाली विकास बैंक लगायत अरु बहुपक्षीय र द्विपक्षीय दातृ निकायहरूले कोरोना केन्द्रित सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे पनि सामान्य अवस्थामा जस्तो यथेष्ट गर्न सक्दैनन् । त्यसैले कम विकसित मुलुकहरु पुनः लयमा आउन समय लाग्न सक्छ । मुख्यतः यी मुलुकहरूले आफ्नो आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी रूपमा अगाडि लगे चाँडै राम्रो प्रतिफल आउने प्रबल सम्भावना छ । धेरै अध्ययनहरूले कम विकसित मुलुकहरूमा सार्वजनिक खर्चमा मितव्ययिता नअपनाइएको, सरकारमा सुशासन हावी नरहेको, उग्र-राजनीतिक उच्छृंखलतालाई प्रक्षय दिएको लगायत अन्य काम गर्ने वातावरण नरहेको कारण साधन र स्रोतको उचित प्रयोग नहुने गरेको टिप्पणी गरिन्छ (रे, सन् १९९८ र टोडारो तथा स्मिथ, सन् २००८) । यी र यस्ता कुराहरूको सुधार गरे वैदेशिक सहयोग कम आए पनि डराइहाल्नु पर्दैन । मुख्यतः कम विकसित मुलुकहरूमा अर्थ-राजनैतिक अवस्था नाजुक रहने भएकोले छोटो समयमै विभिन्न खाले संकटकाल आई नै राखेको हुन्छ, जसलाई वैदेशिक सहयोगले थेगिरहेको थियो । तर कोरोना महासंकटको कारणले त्यो सहयोग घट्ने देखिएपछि सबै सशंकित भएका छन् ।

सबैजसो मुलुक आर्थिक प्याकेजहरु घोषणा गरी कोरोना महामारीले प्रतिकूल असर पारेको बजार अर्थतन्त्रलाई चलायमान राख्नेतिर केन्द्रित भएका छन् । तर केही नेपाली टिप्पणीकारहरु यो महामारीका कारण आर्थिक प्रणालीमा ठूलै परिवर्तन आउने कुरा गरिराखेका छन् । तर सो परिवर्तन कस्तो हुन्छ भन्ने विषयमा केही चर्चा गरिएको पाइँदैन । मुख्यतः अमेरिका र चीनबीच केही वर्ष अघिदेखि व्यापार युद्ध शुरु भएको छ । अमेरिका चीनलाई विश्व व्यापार सञ्जालबाट अलग्याई त्यहाँ हाल रहेको विश्व उत्पादन केन्द्रलाई हटाउने पक्षमा छ भने चीनले त्यसको प्रतिकार गर्दै आइराखेको छ । यसैबीच चीनको वुहानबाट कोरोना महामारी शुरु भई यूरोप र अमेरिकी महादेशहरूमा फैलन शुरु गरेपछि चीनको स्वास्थ्य हेलचेक्र्याइँले गर्दा महामारी फैलिएर विश्वलाई आक्रान्त तुल्याएको तर्क राखेर अमेरिकाले चीनलाई विश्व

व्यापार सञ्जालबाट अलग्याउनुपर्छ भन्ने मुद्दालाई अझ कडारूपमा अघि सारेको छ । धेरै युरोपेली देशहरूले पनि अमेरिकालाई यसमा साथ दिइराखेका छन् भने चीनले यसको प्रतिवाद गरेको छ । मुख्यतः यी शक्ति राष्ट्रहरू विश्व बजारमा आफ्नो प्रभुत्व अझ बलियो बनाउनेतिर लागेका छन् भने कोरोना आर्थिक प्याकेजसँगै आएका नीतिगत निर्णयहरू पनि सो कुराले नै निर्दिष्ट छन् । जब कि भारतले ल्याएको कोरोना आर्थिक प्याकेजको नीतिगत आधार चाहिँ कसरी यी शक्ति राष्ट्रहरूबीच चलेको व्यापार युद्धबाट आफूले फाइदा लिनेमा केन्द्रित छ । निश्चय नै यी शक्ति राष्ट्रहरूबीच चलेको व्यापार युद्धले विश्व व्यापार सञ्जाललाई धेरै प्रभाव पार्ने देखिन्छ भने विश्व आर्थिक प्रणाली बाई पोलर हुन जान सक्छ ।

त्यस्तै कोरोना नियन्त्रणका क्रममा धेरै राष्ट्रहरूबीच तिक्तताको वातावरण पनि बनेको छ । यसमा एकले अर्कोलाई स्वास्थ्य साम्रगी लुटेको सम्मको आरोप लगाए भने एकले अर्कोलाई आफ्नो देशमा महामारी फैलाएको दोषारोपण पनि गरेका छन् । यसले गर्दा परस्पर विश्वासका साथ अघि बढ्न स्थापना गरिएका ईयु लगायत अरू क्षेत्रीय संघहरू आपत्को समयमा कसरी विचलित हुन्छन् भन्ने छर्लङ्ग पारेको छ । कोरोनाले आर्थिक एकता र उन्नतिका लागि स्थापित यी क्षेत्रीय संघहरूको सहकार्यमा कस्तो प्रभाव पार्छ, त्यो पनि गहन विषय हो ।

## ९.२ नेपालले हालसम्म ल्याएका आर्थिक पुनरूत्थानका प्रयासहरू

नेपाल सरकारले कोरोना महामारीको नियन्त्रण गर्न लकडाउन लगाएसँगै यसले पार्ने प्रतिकूल प्रभावलाई सम्बोधन गर्न ४ प्रकारका उपायहरू अगाडि ल्याए । पहिलो, दैनिक ज्यालादारी मजदूर, गरीब लगायत अरू विपत्मा परेकाहरूलाई राहत वितरण गऱ्यो । मुख्यतः यो राहत लकडाउनले गर्दा आफ्नो न्यूनतम आधारभूत दैनिक आवश्यकता पूरा गर्न पैसा नभएकालाई प्रदान गर्ने उद्देश्यका साथ आएको थियो । तर नेपालमा राहत वितरणमा हुने उग्र-राजनैतीकरण यसपालि पनि हावी रह्यो भने लकडाउनले गर्दा साँच्चै दैनिकी चलाउन मुश्किल भएर शहरतिर काम गर्ने ज्यालादार मजदूरहरू हिँडेर घरतिर लागे । दोस्रो भनेको टेलिफोन, पानी, बिजुली लगायतको महशुलका साथै बैंकमा ऋणको किस्ता तिर्ने म्याद थप गरिदियो । मुख्यतः लकडाउनका कारण व्यवसाय ठप्प भएका व्यवसायीका साथै साधारण मानिसको पनि केही समयका लागि खर्चको बोझ कम गरी दैनिकी चलाउन मद्दत होस् भन्ने उद्देश्यका साथ यो उपाय अघि सारिएको हो । हुन त कर तिर्ने म्याद पनि थपेको थियो । तर सरकारले लकडाउनको अवधिभित्रै कर तिर्न आऊ भनेर सूचना जारी गरेपछि व्यवसायीहरूले यसको ठूलो विरोध गरेका छन् । त्यस्तै चैत्रदेखि बैंकको ऋणको किस्ता तिर्ने म्याद थप गरे तापनि असार मसान्तमा सबै एकमुष्ट तिर्नुपर्ने व्यवस्थाले एकैपटक बोझ थपिएर डिफल्टर बढ्न सक्छ । तेस्रो भनेको केन्द्रीय बैंकले रेपोको रेट घटाएर वित्तीय संस्थाहरूको ऋण दिन सक्ने क्षमता बढाएको छ, जसले तरलता बढाउँछ । तर व्यापार व्यवसाय नै नचलेको हालको समय सो तरलताले व्यवसायीहरूलाई कस्तो फाइदा दिन्छ ? चौथो भनेको चालू आर्थिक वर्षमा तुरून्त खर्च गर्न नपर्ने खालका विभिन्न बजेट शीर्षक अन्तर्गतका बाँकी रकम कोरोना नियन्त्रणका लागि फ्रिज गर्ने (अनलाइनखबर २०७६ चैत २१) ।[४]

कोरोना महामारीको नियन्त्रणका लागि लगाएको लकडाउनसँगै सरकारले आर्थिक वर्ष २०७७/७८का लागि बजेट पनि ल्याएको छ, जसमा विभिन्न आर्थिक पुनरूत्थानका कार्यक्रमहरू घोषणा गरिएको छ ।

---

[४] यसरी फ्रिज गरिएका खर्चहरूमा सवारी साधन खर्च, मेशिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च एवं अन्य बौद्धिक सम्पत्ति प्राप्ति खर्च, पूँजीगत अनुसन्धान तथा परामर्श, सेवा तथा परामर्श खर्च, कर्मचारी तालिम खर्च, कार्यक्रम खर्च, शीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च, विविध कार्यक्रम खर्च, अत्यावश्यक बाहेक अनुगमन तथा मूल्यांकन खर्च, भइपरी आउने चालू खर्च र भइपरी आउने पूँजीगत खर्च हुन् ।

घरेलु, मझौला तथा साना उद्योग र पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको तलब भुक्तान गर्न र व्यवसाय सञ्चालनमा सघाउन पुऱ्याउन ५ प्रतिशत ब्याजको सुलभ कर्जाका लागि ५० अर्बको कोषको घोषणा गरेको छ । त्यस्तै कोरोना प्रभावित कृषि, मझौला तथा साना उद्योग, उत्पादनमूलक उद्योग, होटल र पर्यटन लगायत क्षेत्रहरूलाई ५ प्रतिशत ब्याजदरको सुलभ कर्जा दिन १ खर्बको कोषको घोषणा गरेको छ । तर सरकारले घोषणा गरेको ५ प्रतिशत ब्याजदरको कर्जा वित्तीय संस्थाहरूको माध्यमबाट दिँदा सेवा शुल्क र अन्य जोड्दा ९ देखि १० प्रतिशतसम्म पुग्न जान्छ, जुन बजारको ब्याजदरभन्दा थोरै मात्र कम भई खासै सुलभ चाहिँ हुँदैन । बजेटले विद्युत् महशुलमा सहुलियत दिएको छ भने सामाजिक सुरक्षा कोषमा गरिने योगदानमा पनि केही लचकता अपनाइएको छ, जसले व्यवसायीहरूलाई हालको विषम परिस्थितिमा ठूलो मद्दत गर्नेछ । त्यस्तै बजेटले कर छूट दिने घोषणा गरेको छ । तर व्यवसाय ठप्प भई आम्दानी नै नभएको समय कर छूटले खासै प्रोत्साहन दिन्छ जस्तो लाग्दैन । मुख्यतः कर छूट भनेको डुब्न लागेको व्यवसायहरूलाई बचाउने भन्दा पनि नयाँ लगानी आकर्षित गर्ने रणनीतिका रूपमा लिइन्छ । ब्याज, कर्जा सुरक्षण र बीमा प्रिमियममा अनुदानका लागि बजेटले १३ अर्ब ९६ करोड विनियोजन गरेको छ । त्यस्तै रोजगारी सृजनामा केही नयाँ कार्यक्रम ल्याउनुका साथै पुराना कार्यक्रमलाई व्यापक बनाई निरन्तरता दिइएको छ भने कृषिमा बेरोजगार जनशक्तिलाई परिचालन गर्ने लक्ष्य लिई कृषिका पुराना कार्यक्रमलाई पनि व्यापक बनाई नयाँ कार्यक्रम पनि ल्याएको छ ।

बजेटले आर्थिक पुनरूत्थान अन्तर्गत विभिन्न विनियोजनहरू गरेका छन्, जसमा सुलभ कर्जा कोषका लागि गरिएको १.५ खर्बको विनियोजन सबैभन्दा धेरै हो, जुन गतवर्षको कुल गार्हस्थ्य उत्पादनको लगभग ४ प्रतिशत हुन आउँछ । यो सराहनीय कदम हो । कोरोना महामारीका कारण प्रतिकूल असर परेको अर्थतन्त्रलाई पुनरूत्थानका लागि आर्थिक प्याकेज ल्याउन जरूरी छ र सरकारले ल्याएका विभिन्न प्याकेजका विषयमा हामीले चर्चा गऱ्यौं । अब ती प्याकेज प्रत्युत्पादक बनाउन के गर्नुपर्छ र थप अरू कस्ता प्याकेज आवश्यकता छ भन्नेमा चर्चा गरौं ।

## ९.३ अब ल्याउनुपर्ने आर्थिक प्याकेजहरू

बजेटले कोरोना महामारी नियन्त्रण गर्न लगाएको लकडाउनले न्यूनतम आधारभूत दैनिक आवश्यकता पूरा गर्न पैसा नभई विपत्मा परेकाहरूलाई हाल दिइएको राहत सामान्य अवस्था नआएसम्म निरन्तरता दिइने भनिएको छ । तर सोका लागि पैसा छुट्याइएको छैन । विपन्नलाई राहतका लागि २५ अर्बको व्यवस्था गरिनुपर्छ (बज्राचार्य, २०२० अप्रिल २२) । बजेटले ५ प्रतिशत ब्याजदरमा सहुलियत कर्जा र पुनर्कर्जाका लागि १.५ खर्बको विनियोजन गरेको छ । यसमा माथि उल्लेख गरे अनुसार सरकारले घोषणा गरेको ५ प्रतिशत ब्याजदरको कर्जा वित्तीय संस्थाहरूको माध्यमबाट दिँदा सेवाशुल्क र अन्य शुल्क जोड्दा ९ देखि १० प्रतिशतसम्म पुग्न जान्छ, जुन बजारको ब्याजदरभन्दा थोरै मात्र कम भई खासै सुलभ चाहिँ हुँदैन । मुख्यतः सहुलियत कर्जाको ब्याजदर प्रतिकूल प्रभावको भार आफै वहन गर्न नसक्ने साना तथा मध्यम लगानीका संस्थाहरूलाई कम र आफ्नै स्रोत साधनले भार वहन गर्न सक्ने ठूला लगानीका व्यवसायहरूलाई बढी हुनुपर्छ । सरकारले लघु तथा घरेलुलाई २ प्रतिशत ब्याज, साना तथा मध्यम उद्योगलाई ३ प्रतिशत ब्याज, ठूला उद्योगलाई ४ प्रतिशत ब्याज तोके त्यसमा वित्तीय संस्थाहरूले सेवा शुल्क र अन्य शुल्क जोड्दा बजारको ब्याजदर भन्दा धेरै कम भई व्यवसायीहरू उत्साहित हुनेछन् ।

बजेटले घोषणा गरेको कर छूटलाई नयाँ लगानी भित्र्याउन केन्द्रित गरी हाल अप्ठेरोमा परेका व्यवसायीहरूलाई ब्याज अनुदान दिनुका साथै ऋणको किस्ता तिर्नमा केही लचिलो गरिदिनु पर्छ । यसमा लकडाउन २ महीना लगाए ऋणको किस्ता तिर्ने अवधि ४ महिना पर सार्ने, ३ महिना लगाए ६ महिना पर सार्ने र कात्तिकसम्म लगाए १ वर्ष पर सार्ने । यसरी ऋणको किस्ता तिर्ने अवधि लम्ब्याइँदा हाल व्यवस्था गरे जस्तो तिर्न बाँकी रकम सबै एकैचोटि बढाएको अवधि सकिनासाथ असुल्नेभन्दा सो रकमको

नै पुनर्कर्जा दिने व्यवस्था गरे प्रत्युत्पादक हुन्छ । लघु तथा घरेलुलाई ४० प्रतिशतको ब्याज अनुदान, साना तथा मध्यम उद्योगलाई ३० प्रतिशतको ब्याज अनुदान, ठूला उद्योगलाई १५ प्रतिशतको ब्याज अनुदान दिनुपर्छ । यसमा पनि लकडाउन २ महिना लगाए ब्याज अनुदान ४ महिनाका लागि दिनुपर्छ भने ३ महिना लगाए ६ महिनाका लागि ब्याज अनुदना दिनुपर्छ र कार्तिकसम्म लगाए १ वर्षका लागि ब्याज अनुदान दिनुपर्छ । सो ब्याज अनुदानको एक तिहाई वित्तीय संस्थाले र दुई तिहाई सरकारले बेहोर्नुपर्छ । यसरी जाँदा बजेटमा ब्याज, कर्जा सुरक्षण र बीमा प्रिमियम अनुदानका लागि विनियोजित १३ अर्ब ९६ करोड अपुग हुने देखिन्छ ।

सरकारले कृषिमा लगानी गरी ग्रामीण अर्थतन्त्र माथि उचाली कारोनाका कारण देश विदेशमा बेरोजगार भएका नेपालीहरूलाई रोजगारी दिने नीति लिएको छ । तर पहिला गर्दै आएजस्तै ग्रामीण कृषि उत्पादनमा मात्र केन्द्रित रही बजारीकरणमा कम ध्यान दिइएको छ । यसले ग्रामीण आधारभूत आवश्यकता त पूरा गर्छ । तर सोचे अनुसारको रोजगारी सृजना गर्दैन भने आर्थिक वृद्धि पनि हासिल गर्दैन । सरकारले कृषि बजारीकरणमा पनि ध्यान केन्द्रित गर्नुपर्छ ।

सरकारले बेरोजगारलाई आफै रोजगारी सृजना गर्न केही पुराना कार्यक्रमलाई व्यापक बनाई निरन्तरता दिएको छ भने नयाँ कार्यक्रमहरु पनि ल्याएका छन् । सरकारले आफै रोजगारी दिने यी कार्यक्रमहरु सामान्य अवस्थामा क्षणिक काम दिनका लागि त काम लाग्ला, तर कोरोना महासंकटले सृजित बेरोजगारीलाई रोजगार दिन त्यति उपयोगी हुँदैन । यसमा निजीक्षेत्रसँग सहकार्य गरी उनीहरूलाई अगाडि सारेर कार्यक्रमहरु ल्याए प्रभावकारी हुन्छ ।

## ९.४ कार्यान्वयन र वितरण

सरकारले कोरोना महामारीका कारण प्रतिकूल प्रभाव पारेको अर्थतन्त्रलाई सम्बोधन गर्न ल्याएको आर्थिक प्याकेजलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जरूरी छ । सोका लागि हालको रूग्ण व्यवसाय नीतिलाई परिमार्जन गर्न आवश्यक छ । कोरोनालाई लक्षित गरी अहिलेसम्म ल्याएका र अब ल्याउने आर्थिक प्याकेजलाई हालको रूग्ण व्यवसाय नीतिको सैद्धान्तिक धरातलमै कार्यान्वयन गर्ने हो भने पहिला ल्याइएका आर्थिक पुनरूत्थानका कार्यक्रमहरु जस्तै अप्रभावी हुन्छ । आर्थिक प्याकेजले प्राथमिकता पहिल्याई सोसँग जोडिएका अरु क्षेत्रहरूलाई पनि माथि उठाउन कसरी मद्दत गर्छ भन्ने सोच्न जरूरी छ । त्यस्तै, यी आर्थिक प्याकेजहरु प्रभावितहरूसम्म पुऱ्याउन र त्यसको गलत उपयोग रोक्न वितरण तथा अनुगमन पक्ष प्रभावकारी हुनुपर्छ । कोरोनाले प्रभावित साना, घरेलु तथा लघु उद्योग तथा व्यवसाय पहिचान गर्न नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायतका व्यावसायिक संघहरु, स्थानीय सरकार र सामाजिक उत्तरदायी संस्थाहरु सम्मिलित समिति देशैभर स्थापना गरी सोमार्फत लक्षित वर्ग पहिचान गरी प्याकेज वितरण गर्नुपर्छ र यी समितिहरूले प्याकेजको सही उपयोगको पनि अनुगमन गर्नुपर्छ । त्यस्तै कोरोनाले प्रभावित मझौला तथा ठूला उद्योग तथा व्यवसाय पहिचान गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ लगायतका व्यावसायिक संघहरु, संघीय, प्रदेश र स्थानीय सरकार र सामाजिक उत्तरदायी संस्थाहरु सम्मिलित समिति स्थापना गरी सोमार्फत लक्षित वर्ग पहिचान गरी प्याकेज वितरण र अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्छ । विपत्मा परेकाहरूलाई राहत दिँदा स्थानीय सरकार, रोजगारदाता र सामाजिक उत्तरदायी संस्थाहरु सम्मिलित समिति देशैभर स्थापना गरी सोमार्फत लक्षित वर्ग पहिचान गरी राहत वितरण गर्नुपर्छ ।

## ९.५. आर्थिक प्याकेजले पार्ने प्रभाव

सरकारले आफ्नो स्रोत र साधनको उचित प्रयोग गरी कोरोना महामारीका कारण ओरालो लागेको अर्थतन्त्रलाई माथि उकास्न आर्थिक प्याकेज ल्याउन जरूरी छ । यसमा संघीय सरकार मात्र नभई प्रदेश तथा स्थानीय सरकारले पनि आ-आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेर आर्थिक पुनरूत्थानमा लिनुपर्ने कदमहरु पहिल्याई आर्थिक प्याकेज ल्याउनुपर्छ । सरकारले निजीक्षेत्रलाई साथ लिई आर्थिक पुनरूत्थानका प्याकेजहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिई अर्थतन्त्र र देशको उत्पादन क्षमतालाई पुनः लयमा ल्याउनुपर्छ । यसरी कदम नचालिए नेपाल अझ पछि पर्नेछ । आर्थिक पुनरूत्थानका विषयमा हाम्रा छिमेकी मुलुकहरूदेखि लिएर अरुहरु पनि धेरै अगाडि बढिसके । नेपालले पनि समयमै कदम नचाले देश पछि परेर परनिर्भरता बढ्नेछ ।

खण्ड ३

# बाह्य प्रभाव

## अध्याय १०

# कोरोना संकट : भारतले लिएको आर्थिक नीति र नेपालमा पर्न सक्ने प्रभाव[1]

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीलाई मध्यनजर गर्दै भारत सरकारले सन् २०२० मार्च २४ देखि देशभर लकडाउन लागू गरेको छ, जसले १.३ अर्ब भारतीयहरूको दैनिक क्रियाकलापलाई प्रभाव पारेको छ । भारत सरकारले यो लकडाउनको अवधि विभिन्न चरणमा बढाई पछिल्लो पटक मे ३०सम्म लम्ब्याएको छ । सँगसँगै भारत सरकारले संक्रमणको जोखिमलाई मापन गरी मध्य र कम जोखिमका क्षेत्रहरु विस्तारै खुकुलो बनाउँदै लैजाने रणनीति पनि लिएको छ । लकडाउनले संक्रमण फैलने दर कम गरेको भनिए तापनि भारतमा संक्रमितको संख्या कोरोनाको उद्गम स्थल चीनको भन्दा बढी रहेको छ । तर मुत्यु तुलनात्मक रूपमा कम छ । भारत सरकारले सम्पूर्ण देशलाई ठप्प पार्ने गरी लगाएको लकडाउनलाई विश्वले नै आक्रामक कदमका रूप लिएको छ तर यसले भारतको अर्थतन्त्रलाई प्रतिकूल प्रभाव पारेको छ । एक्काइसौं शताब्दीको शुरूसँगै आर्थिक शक्तिको रूपमा उदाएको भारतको अर्थतन्त्र विगत एक वर्षदेखि सुस्त गतिमा थियो भने कोरोना महामारीले यसमा थप संकुचन ल्याएको छ ।

भारतको गत आर्थिक वर्षको वृद्धिदर विगत ११ वर्षमा नै कम ५ प्रतिशतमा झरेको थियो भने विश्व बैंकले अप्रिलमा गरेको प्रक्षेपण अनुसार कोरोना महामारीका कारणले भारतको चालू आर्थिक वर्ष सन् २०२०/२१ को वृद्धिदर १.५ देखि २.८ प्रतिशतमा सीमित हुने बताएको छ (विश्व बैंक, सन् २०२०a) । तर कोरोना महामारीले धेरै समय प्रतिकूल प्रभाव पर्ने देखि भारतको केन्द्रीय बैंक लगायत मुडिज, स्ट्याण्डर्ड एण्ड पोर र बार्कलेज जस्ता परामर्श संस्थाहरूले भारतको चालू आर्थिक वर्षको वृद्धि ऋणात्मक हुन सक्ने संकेत गरेका छन् ।[2] त्यस्तै मुम्बईस्थित सेन्टर फर मोनिटरिङ इण्डियन इकोनोमी नामक परामर्श कम्पनीले कोरोनाका कारण भारतमा बेरोजगारी दर २७.११ प्रतिशत पुगेको व्यहोरा प्रस्तुत गरेको छ ।[3]

कोरोना महामारी भारतमा फैलन केही हप्तापूर्व फेब्रुअरी १ का दिन भारतको संसद आर्थिक वर्ष सन् २०२०/२१ का लागि बजेट प्रस्तुत गरिएको थियो[4] भने कोरोना महामारी व्यापक फैली यसले मानवीय स्वास्थ्य, जीविकोपार्जन र अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्न थालेपछि यसलाई सम्बोन्धन गर्न

---

[1] यो लेख २०७७ साल जेठ १३ गते प्रकाशित भएको हो ।

[2] भारतीय वाणिज्य एवं उद्योग महासंघ (सन् २०२०) ।

[3] द हिन्दु (सन् २०२० मे ५) ।

[4] वित्त मन्त्रालय (सन् २०२० फेब्रुअरी १) ।

भारत सरकारले मे १२ तारिखका दिन लगभग भारू[५] २० लाख करोडको आर्थिक प्याकेजको घोषणा गरेको छ ।[६] भारतमा बजेट प्रस्तुत गर्दाको समय विश्वलाई कोरोना महामारीले यति धेरै आक्रान्त तुल्याउँछ भनी अनुमान गरिएको थिएन । त्यसैले बजेटले आउँदो पाँच वर्षमा ५० हजार करोड अमेरिकी डलरको अर्थतन्त्र बनाउने विशाल लक्ष्य राखेको थियो भने बजेटसँगै आएको आर्थिक सर्वेक्षणले आर्थिक वर्ष सन् २०२०/२१ मा भारत को आर्थिक वृद्धिदर ६ देखि ६.५ प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण गरेको छ ।[७]

मुख्यतः विश्व अर्थतन्त्रमा आफ्नो उपस्थिति बलियो बनाउनमा केन्द्रित भारतले गत आर्थिक वर्षको बजेटमा प्रस्तुत गरिएको आउँदो दशकका लागि दशबुँदे दृष्टिकोणमा पनि सो कुरा इंगित गऱ्यो भने आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले पनि सोही कुरा संकेत गरेको छ । आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले महत्वाकांक्षी भारत, सबैका लागि आर्थिक विकास र जिम्मेवार समाजलाई तीन आधारशिला मानेको छ भने सो प्राप्तिका लागि सुशासन र वित्तीय अनुशासनलाई संस्थागत गर्ने पनि लक्ष्य लिएको छ । बजेटले कृषि, भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि लगायत क्षेत्रहरूमा धेरै पैसा विनियोजन गर्नुका साथै यी क्षेत्रहरूको विकासका लागि नयाँ कार्यक्रमहरू पनि ल्याएको छ ।

टिप्पणीकारहरूका अनुसार सुस्त गतिमा रहेको भारतको अर्थतन्त्रलाई माथि उकास्न आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले करको दर घटाई जनताको क्रय शक्ति बढाउने, पूर्वाधारमा लगानी गरी रोजगारी सृजना गर्ने, विदेशी लगानीलाई आकर्षित गरी नयाँ प्रविधि भित्र्याउनेदेखि लिएर शीप विकास र आत्मनिर्भरता बढाउनमा केन्द्रित हुने खालको नीति अपनाएको बताएका छन् ।[८] तर सरकारी ऋणलाई सीमामा नराखेकोले नराम्रो परिणाम आउन सक्नेतिर पनि संकेत गरेका छन् भने यसले लक्ष्य लिएको आर्थिक वृद्धि, रोजगारी सृजना लगायतका कुरा हासिल गर्ने सम्भावना कम रहेको बताउँछन् ।[९] सन् २०१८ देखि शुरु अमेरिका चीन व्यापार युद्धले विश्व अर्थतन्त्रमा ल्याएको हलचलका बीच भारतले विश्व आपूर्ति सञ्जालमा आफ्नो उपस्थिति बढाउन अगाडि ल्याएको 'मेड इन इन्डिया'को अवधारणालाई आर्थिक वर्ष सन् २०२०/२१ को बजेटमार्फत अझ धेरै व्यापक बनाएको देखिन्छ ।

नयाँ आर्थिक वर्ष सन् २०२०/२१ शुरु भएसँगै कोरोना महामारीको संक्रमण बढ्ने संकेत देखेर लकडाउन लागू गरेको भारतले मानवीय स्वास्थ्य, जीविकोपार्जन र अर्थतन्त्रमा पारेको प्रतिकूल प्रभावलाई सम्बोन्धन गर्न आर्थिक प्याकेजको पनि घोषणा गरेको छ । शुरुमा भारतको केन्द्रीय बैंकले भारू ८ लाख करोडको मौद्रिक प्याकेज ल्यायो भने भारतको केन्द्र सरकारले भारू १.९२ लाख करोडको राहतको प्याकेज घोषणा गऱ्यो । पछि मे १२ तारिखका दिन यी दुईमा अरु थप गरी कुल भारू २० लाख करोडको आर्थिक प्याकेज घोषणा गरियो । भारतीय समाचारपत्र द हिन्दुका अनुसार भारत सरकारले घोषणा गरेको आर्थिक प्याकेजमा भारू ३ लाख करोड बजेटबाट व्यवस्था गरिने खालको छ भने बाँकी मुख्यतः तरलता व्यवस्थापन र सरकारको ग्यारेन्टीमा दिइने ऋण जस्ता केन्द्रीय राज्यकोषमा कम भार पर्ने खालका छन् ।[१०] सो समाचारपत्रका अनुसार यस आर्थिक प्याकेजको भारू १ लाख करोड आर्थिक वर्ष सन् २०२०/२१ को बजेटमै व्यवस्था भएकोलाई निरन्तरता दिइएको छ । बजेटमा कम भार पर्ने खालको आर्थिक प्याकेज भए तापनि आर्थिक वर्ष सन् २०२०/२१ को बजेटमा सामान्य परिमार्जन हुने भारतीय अर्थशास्त्रीहरु दावा गर्छन् भने यो प्याकेज भारतको अर्थतन्त्रलाई पुनरूत्थानका लागि पर्याप्त छ

---

[५] भारूले भारतीय रूपैयाँलाई जनाउँछ ।

[६] द इकोनोमिक टाइम (२०२० मे १५)

[७] वित्त मन्त्रालय (सन् २०२० जनवरी) ।

[८] लाइभमिन्ट (सन् २०२० फेब्रुअरी २)

[९] द हिन्दु (सन् २०२० जनवरी ४) र इण्डियन एक्सप्रेस (सन् २०२० अप्रिल फेब्रुअरी २) ।

[१०] द हिन्दु (सन् २०२० मे १८) ।

? भन्ने पनि प्रश्न गर्छन् ।[११] आर्थिक प्याकेजसँगै भारतको केन्द्रीय बैंकले मौद्रिक साधनहरूको माध्यमबाट पनि अर्थतन्त्रलाई सन्तुलनमा राख्न प्रयास गरिराखेको छ । यो आर्थिक प्याकेज घोषणा गर्दा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र अर्थमन्त्री निर्मला सीतारमणले चुनौतीका बीचको अवसरमा भारतले आफ्नो उपलब्धि खोज्नुपर्ने स्पष्ट संकेत दिएका छन् । 'आत्मनिर्भर भारत'को अवधारणाका साथ ल्याएको यो आर्थिक प्याकेजले द्रुत वृद्धि, आधारभूत पूर्वाधार, प्रविधिले चलायमान प्रणाली, युवा जनशक्ति र आपूर्ति सञ्जाललाई आधारभूत स्तम्भका रूपमा लिई अगाडि बढ्ने जनाइएको छ भने भूमि व्यवस्थापन, श्रमिक व्यवस्थापन, तरलता र कानूनी प्रावधानहरूमा सुधार गर्ने लक्ष्य लिइएको छ । आत्मनिर्भरताको अवधारणालाई निरन्तरता दिई उत्पादन क्षमता बढाई कोरोना महामारीले विश्व अर्थ-राजनीति र आपूर्ति व्यवस्थामा ल्याउने ठूलो परिवर्तनमा आफ्नो उपस्थिति अझ धेरै मजबूत गर्नेमा यो प्याकेज केन्द्रित छ । स्मरण रहोस् कि अमेरिका चीन व्यापार युद्धसँगै देखिएको कोरोना महामारीले विश्व अर्थ-राजनीति र आपूर्ति व्यवस्था ठूलो परिवर्तन आउने प्रारम्भिक संकेत देखिइसकेको छ ।[१२] चीनको कारणले कोरोना महामारी फैलेको र यसको हर्जना उसले तिर्नुपर्नेदेखि लिएर विश्व आपूर्ति सञ्जालमा चीनको प्रभुत्व कम गर्ने र कोरोनाका कारणले अरू राष्ट्रहरूमा प्रतिकूल असर परेका आर्थिक क्रियाकलापमा चीनले नियन्त्रण हावी गर्न सक्ने सम्मको तर्क पश्चिमा राष्ट्रहरूले गर्न थालेका छन् ।[१३] चीनले भने यो महामारीको संकटको बेला आफूले संसारलाई सहयोग गरेको तर्क राख्छ ।

उत्पादकत्व वृद्धिको नीति सहित आएको आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले कृषकहरूको आय बदाउने लक्ष्य लिनुका साथै कृषिमा आत्मनिर्भर हुन नयाँ कार्यक्रमहरु घोषणा गरेको छ भने खाद्य, मल लगायत इन्धनमा दिँदै गरेको अनुदानलाई पनि निरन्तरता दिएको छ । त्यस्तै आर्थिक प्याकेजले कोरोना महामारीले प्रतिकूल प्रभाव पारेका कृषकलाई सरकारको ग्यारेन्टीमा थप सहुलियत ऋण दिनुका साथै आपूर्ति सञ्जाल र कृषि प्रशोधनसँग सम्बन्धित व्यवसायलाई पनि प्रोत्साहन दिने घोषणा गरेको छ, जसले गर्दा भारतीय कृषि उत्पादनको नेपालमा हावी रहेको प्रतिस्पर्धात्मक क्षमता जारी रहने देखिन्छ । त्यस्तै नेपालले निर्यात सम्भाव्यता भएका कृषि तथा वनस्पति उत्पादनहरूको प्रशोधनमा ध्यान नदिए थप चुनौती आउने देखिन्छ ।

लकडाउनले अति प्रभावित भनिएका साना तथा मध्यम व्यवसायलाई विभिन्न सरकारी ग्यारेन्टीका ऋण दिने घोषणा गरेको छ भने सो ऋण प्रतिकूल प्रभाव परेका व्यवसायीहरूमा पुगून् भनेर साना तथा मध्यम व्यवसायको कानूनी परिभाषालाई अलि फराकिलो बनाउने रणनीति लिएको छ । साना तथा मध्यम व्यवसायलाई दिइने ऋणले यी व्यवसायीको अल्पकालीन पूँजी अभावलाई परिपूर्ति गरी लकडाउन खुकुलो भएसँगै व्यवसाय सञ्चालन गर्न सहयोग पुग्छ र भारतको लगभग आधा निर्यात ओगटेको साना तथा मध्यम व्यवसायले देशको वैदेशिक व्यापारलाई पनि अगाडि बढाउने देखिन्छ । यसरी भारतमा उद्योग तथा व्यवसाय सञ्चालनसँगै नेपालमा पनि सोको गति नलिए भारतीय औद्योगिक उत्पादनले नेपालको उद्योगलाई प्रतिस्थापन गर्दै भारतबाट हुने आयात बढ्ने सम्भावना देखिन्छ ।

स्वास्थ्यमा आत्मनिर्भर हुनका लागि आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले यस क्षेत्रमा वैदेशिक लगानी खुकुलो पारिएको छ । तर आयातित स्वास्थ्य उपकरण र औषधिमा रोक लगाउने नीति लिएको छ । हाल महामारीको समय पीपीई लगायत आफूलाई चाहिने धेरै स्वास्थ्य उपकरण आफै उत्पादन गरी भारतले आफ्नो सामर्थ्य देखाइसकेको छ भने आर्थिक प्याकेजले यसमा थप सुधार गर्ने भनिएको छ । भारत दक्षिण एशियाको स्वास्थ्य हब बन्ने लक्ष्यका साथ अघि बढेकोले नेपालीहरूलाई स्वास्थ्य उपचारमा केही सजिलो भए पनि भारतसँगको परनिर्भरता बढाउँछ ।

---

[११] इण्डिया टुडे (सन् २०२० मे २०) ।

[१२] यसको विस्तृत विश्लेषण अध्याय २ मा गरिएको छ ।

[१३] रोयटर्स (सन् २०२० मे ४) ।

आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले उच्च शिक्षाको गुणस्तरमा वृद्धि गर्न विदेशी लगानी खुला गरिनुका साथै 'स्टडी इन इन्डिया'को अवधारणा अघि सारी भारतलाई एशिया र अफ्रिकाका विद्यार्थीहरूको अध्ययनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ । यसले नेपाली विद्यार्थीको आकर्षण बढाई नेपाली शिक्षण संस्थालाई प्रतिकूल असर पारी भारतसँगको परनिर्भता बढाउने देखिन्छ । सूचना प्रविधिको विकासका लागि 'नई अर्थव्यवस्था'को अवधारणा अघि सारेको भारतले डिजिटाइज प्रविधिमा निकै विकास गरेको छ, जसले अर्थतन्त्रको चलायमानता बढाउनुका साथै डिजिटल प्रविधि महामारी, लकडाउन र अन्य विपत्को समयमा निकै प्रत्युत्पादक हुने देखिन्छ ।

भारतले निजीक्षेत्र र विदेशी लगानीलाई प्रोत्साहन दिई नयाँ प्रविधिहरु भित्र्याई भारतमा उत्पादित वस्तु र सेवाहरूलाई उत्तम स्तरको बनाउने नीति पनि लिएको छ । त्यसैले विदेश लगानीलाई खुकुलो बनाउने लक्ष्य अनुरूप गत आर्थिक वर्षमा वायुसेवा, बीमा र केही ब्रान्डेड पसलहरूमा विदेशी लगानी खुला गरेको थियो भने आउँदो आर्थिक वर्षमा उच्च शिक्षामा विदेश लगानी खुला गर्ने लक्ष्य लिएको छ । विदेशी लगानी आकर्षित गर्न आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले लाभांश करमा विदेशी लगानीकर्ता अनुकूल परिवर्तन गरिएको छ भने पूर्वाधधार निर्माणमा लगानी गर्ने विदेश लगानीकर्तालाई पनि विशेष छूटको व्यवस्था गरिएको छ । त्यस्तै वैदेशिक पोर्टफोलियो लगानीको सीमा ९ बाट १५ प्रतिशतमा बढाएको छ । त्यस्तै कोरोना महामारीका बीच विदेशी लगाानी डाइभर्ट हुन सक्ने सम्भावना बढेकोले भारतका विभिन्न राज्य सरकारहरूले विदेशी लगाानी आकर्षित गर्न वित्तीय र गैर वित्तीय प्रोत्साहन दिने घोषणा गरिसकेका छन् ।[१४] आर्थिक प्याकेजले व्यापारमैत्री वातावरण बनाउने नीति पनि अघि सारेको छ । तर कोरोना संक्रमण बढेसँगै भारतमा ओरालो लागेका व्यवसायलाई चीनले खरिद गर्छ भन्ने डर रहेकोले आफ्नो भौगालिक सीमा जोड्ने देशहरूबाट आउने विदेशी लगाानीलाई कडा गरेको छ, जसको बारेमा विश्व व्यापार संगठनमा चीनले कुरा पनि उठाएको छ ।[१५] भारतमा लगानी मैत्री वातावरणले गर्दा नेपाल जस्तो सानो मुलुकमा आउन लागेको विदेशी लगानी पनि भारततिर मोडिन जाने खतरा बढेको छ ।

नेपालमा उत्पादन लागत धेरै हुनुको साथै राजनीतिक अस्थिरताले लगानीको वातावरण छैन भने भारतले लगानी आकर्षित नीति अपनाएकाले नेपाललाई थप खतरा बढेको छ । भारतको आर्थिक वर्ष सन् २०२०/२१ को बजेट र हालै आएको आर्थिक प्याकेजमा नेपालको वैदेशिक लगानीलाई प्रभाव पार्न सक्ने धेरै पाटाहरु छन् । त्यसैले नेपाल सरकारले समयमा नै ध्यान पुर्‍याई उपयुक्त कदमहरु चाल्नु पर्दछ । यसमा केही वित्तीय छूट दिने मात्र नभई प्रतिस्पर्धात्मक ज्याला दरको अवधारणालाई विचार गर्नुपर्ने देखिन्छ भने प्रशासनिक सुधार र राजनीतिक स्थिरताका पाटाहरु पनि छन् ।

त्यस्तै निजीक्षेत्रलाई अझ अगाडि ल्याउन भारत सरकारले आर्थिक क्रियाकलापमा संलग्नता घटाई पूर्वाधार विकासमा केन्द्रित भई सार्वजनिक संस्थाहरूलाई निजीकरण गर्ने नीति लिएको छ । गत आर्थिक वर्षमा भारतले एयर इन्डिया लगायतका सार्वजनिक संस्थाहरूको विनिवेश गरी भारु १० हजार ५ सय करोड उठाउने लक्ष्य लिएको थियो भने अबको आर्थिक वर्षको बजेटले एलआईसी लगायत अरु सार्वजनिक संस्थाहरु को विनिवेश गरी भारु २१ हजार करोड उठाउने लक्ष्य राखेको छ । यति धेरै रकम विनिवेश गरी उठाउनु आफैमा चुनौतीपूर्ण छ भने महामारीका कारण हाल निजीकरण प्रभावकारी रूपमा अगाडि बढाउन थप चुनौती थपिएको छ । शायद सोही कारण होला आर्थिक प्याकेजले सके निजीकरणको माध्यमबाट नसके मर्जर वा अरु केही उपाय अपनाई सार्वजनिक संस्थाको संख्या घटाई वित्तीय भार कम गरी निजीक्षेत्रलाई अगाडि ल्याउने रणनीति लिएको छ । त्यस्तै आर्थिक प्याकेज व्यापार मैत्री वातावरण बनाउनेतिर केन्द्रित हुने पनि बताइएको छ ।

---

[१४] इण्डियन एक्सप्रेस (सन् २०२० मे १४) ।

[१५] ब्लुमबर्ग (सन् २०२० अप्रिल २०) ।

आर्थिक वर्ष सन् २०२०/२१ को बजेटसँगै आएको नयाँ वित्तीय ऐनले भन्सार ऐनलाई संशोधन गरी भारतमा आयात र भारतबाट निर्यात हुने कुनै पनि वस्तुले भारतको उत्पादनलाई प्रभाव पार्छ भने सो वस्तुको वैदेशिक व्यापारलाई नियन्त्रण गर्ने अधिकार भारत सरकारलाई प्रदान गरेको छ । योभन्दा पहिले 'सुन र चाँदी'को वैदेशिक व्यापारलाई मात्र नियन्त्रण गर्ने भारत सरकारलाई अधिकार थियो भने नयाँ वित्त ऐनले 'सुन, चाँदी र अन्य वस्तु' भनी सबै वस्तुको वैदेशिक व्यापारलाई सरकारले नियन्त्रण गर्ने अधिकार दिएको छ । त्यस्तै बजेटले रूल अफ ओरिजिन र भ्यालू एडिसनको नियममा कडाई गरी प्रिफेन्सियल ट्रिटमेन्ट अन्तर्गत पाउने छुटको नियमनलाई अझ धेरै कडा गरेको छ । त्यस्तै कोटा भन्सार दरको अवधारणालाई आत्मसात् गरी एन्टी डम्पिङलाई नियन्त्रण गर्ने नीति लिएको छ ।

समष्टिगत रूपमा भारतको आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले वैदेशिक व्यापारमा कडाइ गरिएको देखिन्छ । विदेशी लगानी आकर्षित गरी उत्पादन बढाउने तर वैदेशिक व्यापारलाई नियन्त्रित गर्ने दुई विपरीत नीतिहरूलाई सँगै राखी भारत कसरी अगाडि बढ्छ त्यो चाहिँ हेर्न बाँकी नै छ । शायद चीन र अमेरिकाको व्यापार युद्धको फाइदा उठाउन भारतले यो नीति लिएको हुनुपर्छ । चीनसँगको व्यापार घाटालाई नियन्त्रण गर्ने, विदेशी लगानीलाई आफूकहाँ आकर्षित गर्ने र आफ्नो उत्पादनलाई पछि बजारीकरण गर्न शक्ति राष्ट्रहरूसँग द्विपक्षीय वा बहुपक्षीय सम्झौता गर्ने नीति लिएको जस्तो देखिन्छ । यस्तै संकेत आर्थिक प्याकेजले पनि दिए जस्तो देखिन्छ । सो घोषणा गर्दा नै भारतका अर्थमन्त्रीले भारत आत्मनिर्भर हुनुको तात्पर्य आफ्नो लागि मात्र उत्पादन सीमित नगरी विश्व आपूर्तिमा पनि भारतले आफ्नो प्रभाव बढाउने भाव व्यक्त गरेका छन् तर आफू प्रतिकूल हुने राष्ट्रसँग चाहिँ व्यापारिक खुलापन नराखी ।

आफ्नो उत्पादनको सामर्थ्य देखाउन भारतले आर्थिक प्याकेजको घोषणा गर्दा अत्यावश्यक वस्तु सम्बन्धी ऐनलाई परिमार्जित गरी मुख्यतः खाद्य वस्तुको व्यापारमा लगाएको नियन्त्रण खुकुलो बनाउने भनिसकेका छन् । भारतले सन् १९५५ मा अत्यावश्यक वस्तु सम्बन्धी ऐन आफ्नो सो समय सीमित रहेको खाद्य उत्पादनले उत्पन्न गर्ने अनिकाललाई नियन्त्रण गर्न ल्याएको हो । तर हालको महासंकटको समयमा पनि खाद्य वस्तुको व्यापारमा लगाएको नियन्त्रणलाई खुकुलो बनाएर भारतले विश्वलाई आफ्नो खाद्य उत्पादनमा आत्मनिर्भरता र अरूलाई आपूर्ति गर्न सक्ने तागतको सन्देश दिएको छ ।

नेपालको ६५ प्रतिशतभन्दा धेरै वैदेशिक व्यापार भारतसँग हुन्छ । त्यसैले भारतको वैदेशिक व्यापार नीतिले नेपालमा निकै प्रभाव पार्छ । भारतले उत्पादन क्षेत्रमा मार्न खोजेको छलाङ र केही नीतिगत व्यवस्थाले नेपालको भारतसँगको व्यापार घाटा झन् झन् बढ्ने र नेपाल अझ धेरै भारतसँग निर्भर हुने संकेत देखिन्छ । भारतले रूल अफ ओरिजिन र भ्यालू एडिसनमा अपनाउन लागेको कडा नियमनले गर्दा नेपालले तेस्रो मुलुकको कच्चा पदार्थ र अन्य साम्रगी प्रयोग गरी उत्पादन गरिएका वस्तुहरूलाई भारतमा निर्यात गर्न कठिनाइ उत्पन्न हुन्छ । हुन त यस्ता औद्योगिक उत्पादनहरू नेपालले भारत निर्यात गर्दा के कस्तो छूट पाउँछ भन्नेमा दुवै देशको आ-आफ्नो तर्क वितर्क छन् । भारतले नेपालबाट आयात गर्ने यस्ता सामानहरूमा गरिने अकस्मात् नीति परिवर्तनले यस्ता वस्तुहरूको नेपालमा रहेका उद्योगहरू र सो चलाउने उद्योगीहरूलाई धेरै चपेटामा पार्ने गरेको छ । सन् २००० को दशकको मध्यमा भारतले गरेको नीति परिवर्तनले नेपालको वनस्पति घ्यू उद्योगलाई चपेटामा पार्‍यो भने पाम आयल उद्योगलाई अहिले चपेटामा पारेको छ । अब यस्ता वस्तु निर्यातमा झन् कडा नियमन गर्ने नीति भारतले लिएपछि यस्ता वस्तु उत्पादन गर्ने नेपालका उद्योगीहरूलाई झन् असर पर्छ । त्यस्तै भारतको आर्थिक वर्ष सन् २०२०/२१ को बजेटले नेपालबाट भारतमा आयात हुने प्राथमिक वस्तुहरूमा अतिरिक्त भन्सार शुल्क लगाएको छ । त्यसरी अतिरिक्त भन्सार शुल्क लगाएका वस्तुहरू भनेका प्रशोधन नगरिएका कृषि तथा वन जंगलका उत्पादनहरू, चामल, दाल, पिठो, काठ, सख्खर, माछा, जनावर र चराचुरुंगी, मह, मौरीको मैन, उद्योगमा प्रयोग हुने ऊन र जनावरका रौं र हड्डी, दूध र दूधबाट बनेका सामानहरू, अण्डा, आयुर्वेदिक वनस्पति र गाउँ घरमा उत्पादन हुने सामानहरू हुन् ।

नेपालको भारतसँगको व्यापारको पाटो भनेको नेपालले भारतमा प्राथमिक वस्तुहरु निर्यात गर्छ भने भारतबाट प्रशोधित वस्तु आयात गर्छ (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । यसरी भारतले नेपालका प्राथमिक वस्तुहरूमा अतिरिक्त भन्सार शुल्क लगाएपछि नेपालको भारतसँगको निर्यातमा ठूलो असर गर्छ । नेपालले भारतमा निकासी गर्ने मुख्य वस्तुहरु तरकारी, कुखुरा, चिया, दालमा प्रभाव पार्छ भने प्रशोधन नगरिएका जडीबुटी, अदुवा र अलैंचीमा भारत नेपालसँग धेरै निर्भर भएकाले प्रभाव अलि कम हुन्छ । त्यसैगरी नेपालबाट थोरै मात्रामा भए पनि भारत जाने कृषि तथा अन्य नेपालमै उत्पादित सामानमा पनि यो अतिरिक्त भन्सार शुल्कले असर गर्छ । एकातिर भारतले नेपालमै उत्पादन हुने प्राथमिक वस्तुहरूमा अतिरिक्त भन्सार शुल्क लगाएको छ भने तेस्रो मुलुकको कच्चापदार्थ प्रयोग गरिने नेपालका औद्योगिक उत्पादनमा नियमन कडा गरेको छ । त्यसैले नेपालले भारतमा निकासी गर्न ठूलो चुनौती थपिएको छ, जसले गर्दा नेपालको भारतसँगको व्यापार घाटा बढ्न सक्ने देखिन्छ ।

नेपालका वस्तु तथा उत्पादनमा लगाएको अतिरिक्त भन्सार शुल्क र कडा नियमनले यी वस्तुहरूको अनौपचारिक व्यापार हुन सक्ने सम्भावना बढेको छ । किनकि नेपाल भारत खुला सीमामा आवतजावत गर्न खासै गाह्रो छैन । तर अनौपचारिक व्यापारलाई प्रश्रय नदिई नेपाल अनुकूल व्यापार नीति बनाउन भारतसँग वार्ता गर्नुपर्ने जरूरी छ । त्यस्तै नेपालले भारतसँगको बढ्दो निर्भरता घटाउन आफ्नो उत्पादकत्व बढाई वैदेशिक व्यापारमा अरु राष्ट्रहरूसँग पनि व्यापकता ल्याउन जरूरी छ ।

त्यसैगरी भारतले आयात गर्ने बिजुलीमा भारु २ प्रतियुनिट भन्सार शुल्क लगाएको छ । हाल नेपालले भारतमा खासै विद्युत् निर्यात नगरे पनि वर्षायाममा भारतलाई विद्युत् निर्यात गर्ने लक्ष्यमा ठूलो चुनौती थपिएको छ । नेपालको अबको ५ वर्षमा विद्युत् उत्पादन गर्ने क्षमता ३००० मेगाबाट हुनेछ र सो समयको वर्षायाममा हुने विद्युत् अधिशेषलाई के गर्ने भनी सोच्ने बेला आएको छ । सो विद्युत् देशमै प्रयोग गरी उत्पादकत्व बढाउनेमा पनि मनन गर्न जरूरी छ । भारतलाई नेपाल अनुकूल व्यापार नीति बनाउन कुराकानी गरी भारतलाई नै विद्युत् बेच्नेतर्फ पनि विचार गर्नुपर्छ भने नेपालको विद्युत्मा रूचि देखाएको बंगलादेशलाई विद्युत् बेच्नेतर्फ पनि कदमहरु चाल्नुपर्ने देखिन्छ । भारतले बिजुलीमा लगाएको भन्सारले नेपालको जल-विद्युतमा खासै चाख नदेखाइराखेको विदेशी लगानीमा अझ धेरै प्रतिकूल प्रभाव पार्नेछ । सरसर्ती हेर्दा भारतले आयात गर्ने बिजुलीमा भन्सार शुल्क लगाएर नेपालको विद्युतमा अरूचि दिएको आभास हुन्छ, जसले नेपालको विद्युत निर्यात सम्भाव्यतामा प्रतिकूल प्रभाव पर्छ । त्यसैले यसमा भारतसँग नेपालले वार्ता गरी नेपाल अनुकूल वातावरण बनाउन जरूरी छ ।

कोरोना महामारीले विश्व अर्थतन्त्रमा ल्याएको उथलपुथलका बीच उदारवादी अर्थतन्त्र अपनाएको भारतले बजार अर्थतन्त्रलाई अझ धेरै संस्थागत गरी लैजाने नीति लिएको छ । तर केही नीतिगत कडाइ पनि गरेको छ । भारतले आउँदा दिनहरूमा नेपालमा गर्ने आयातमा कस्तो नीति लिन्छ, त्यसले नेपालको उत्पादनमा प्रभाव पार्ने देखिन्छ । नेपाल कृषिदेखि उद्योग र अरु क्षेत्रको उत्पादनमा प्रयोग हुने कच्चापदार्थ र अरु इनपुटमा भारतसँग निर्भर छ । जस्तै- कृषिमा नेपाल भारतबाट आयात हुने मलमा निर्भर छ भने कुखुरापालनका लागि दाना पनि भारतबाटै ल्याइन्छ । डण्डी उद्योगका लागि चाहिने खनिज पदार्थ र धागो तथा कपडा उद्योगका लागि चाहिने कच्चा पदार्थका लागि पनि भारतसँग नै निर्भर छौं । त्यस्तै अन्य धेरै क्षेत्रहरूको सञ्चालनमा पनि भारतबाट आयातित सामग्रीहरु प्रयोग गर्छौं । भारत सरकारले नेपालसँगको वैदेशिक व्यापारमा कडा नीति अवलम्बन गऱ्यो भने देशको धेरै क्षेत्रहरूका उत्पादनमा असर गर्छ । यसले कोरोनाका कारण सृजित बेरोजगारी घटाउन समस्या आउँछ भने बजार सन्तुलन र बजार भाउमा पनि असर गर्छ, जसले गर्दा आर्थिक वृद्धिमा पनि धक्का लाग्न सक्छ ।

अपितु, भारतीय कांग्रेस पार्टी लगायत अरु विपक्षी दलहरूले हालको बिजेपी नेतृत्वको सरकारले कोरोना महामारी फैलनुपूर्व र फैलिसकेपछि ओरालो लागेको भारतको अर्थतन्त्रलाई माथि उकास्ने कुनै पनि गतिलो कदमहरु नचलाई उग्र राजनीतिक मुद्दा र अफवाह मात्र फैलाइराखेको भनी आरोप लगाएका

छन् ।[१६] त्यस्तै टिप्पणीकारहरूका अनुसार भारत सरकारले अनौपचारिक क्षेत्रमा काम गर्ने वर्ग, दैनिक ज्यालादारी काम गर्ने मजदूर, आप्रवासी श्रमिक वर्ग, किसान लगायत अरु विपन्न वर्गहरूको जीविकोपार्जनमा लकडाउनले पारेको प्रतिकूल प्रभावलाई सम्बोदन गर्नेतिर कम ध्यान दिएको छ ।[१७] यसमा आप्रवासी श्रमिक वर्गलाई व्यवस्थापन गर्न भारतलाई हम्मे हम्मे परिराखेको छ र नेपालका भारतमा रहेका आप्रवासी श्रमिक वर्गलाई राम्रोरी व्यवस्थापन गर्न नसक्दा नेपाललाई पनि ठूलो चुनौती थपिएको छ । संक्रमणकालीन सार्वजनिक वित्तीय व्यवस्थापनमा पनि भारत सरकार त्यति प्रभावकारी नभएको भारतीय अर्थविद्हरु टिप्पणी गर्छन् ।[१८] किनकि सरकारले यस्तो समयमा पनि निजीकरणबाट आफ्नो स्रोत परिचालन गर्ने लक्ष्य लिएको छ, जुन गर्न नसके देशले वहन गर्न सक्ने सीमाभन्दा धेरै राष्ट्र ऋण सरकारले उठाउने देखिन्छ । यी टीका-टिप्पणीहरूका बीच भारतले आफ्नो उत्पादन क्षमता बढाई विश्व अर्थतन्त्रमा आफ्नो उपस्थिति अझ मजबूत गर्नुपर्छ भन्नेमा सबैको एक मत छ । निश्चय नै नेपालसँग राजनीतिक, सामाजिक र आर्थिक निकटता रहेको भारत विश्व आर्थिक शक्ति बन्नेतिर उन्मुख छ र यसले पार्ने अर्थ-राजनीतिक प्रभावलाई ध्यानमा राखी नेपालले आफ्नो आउँदा दिनका नीति तयार गर्नुपर्छ । भारतले अँगालेको अर्थ, वाणिज्य र व्यापार नीतिले नेपालको भारतमा हुने निर्यात सीमित रही आयात बढ्ने सम्भावना छ, जसले नेपालको भारतसितको व्यापार घाटालाई अझ धेरै फराकिलो पार्छ । त्यसैले नेपालले वार्ताको माध्यमबाट भारतसँगको व्यापारलाई आफू अनुकूल बनाउन आवश्यक छ ।

---

[१६] द हिन्दुस्तान टाइम्स (सन् २०२० मे १४) ।

[१७] इण्डिया टुडे (सन् २०२० मे २०) ।

[१८] द इकोनोमिक टाइम (सन् २०२० मे २०) ।

## अध्याय ११

# नेपालको अर्थतन्त्र र वैदेशिक रोजगार

नेपालको जनशक्तिको ठूलो हिस्सा वैदेशिक रोजगारीमा आबद्ध रहेको छ । त्यसैले वैदेशिक रोजगारीले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगट्दै आइराखेको छ । विगतका २० वर्षदेखि वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण, नेपालको विदेशी मुद्राको मुख्य स्रोत रहेको छ (नेपाल राष्ट्र बैंक, २०७६) भने विश्व बैंक, डिफिड र एशियाली विकास बैंक (सन् २००६) लगायतका संस्थाहरूले गरेको अध्ययन अनुसार यसले नेपालको गरिबीलाई घटाउन ठूलो मद्दत गरेको छ । विश्व समुदायमा नेपाल सबैभन्दा धेरै विप्रेषण भित्र्याउने मुलुकहरूमध्ये पर्ने गर्छ भने दक्षिण एशियामा भारत, पाकिस्तान र बंगलादेशपछि नेपालमा सबैभन्दा धेरै विप्रेषण भित्रिने गरेको छ (विश्व बैंक, सन् २०२०b) । विश्व आर्थिक संकट लगायत अरु कुनै पनि कारणले नेपालीहरु रोजगारीका लागि जाने देशहरूको अर्थतन्त्रमा प्रतिकूल प्रभाव पारे त्यसले नेपाल भित्रिने विप्रेषण हुँदै नेपाली अर्थतन्त्रलाई असर पार्छ । हाल कोरोना महामारीले ल्याएको विश्व आर्थिक संकटले नेपालको वैदेशिक रोजगारीमा कस्तो असर पर्छ र यसलाई कसरी सम्बोधन गर्ने भन्नेमा सबैको कौतुहल बढेको छ ।

### ११.१ नेपालमा वैदेशिक रोजगारी प्रसंग

विभिन्न साना साना (गण) राज्यहरूमा विभाजित नेपाललाई एकीकरण गरी विश्वमान चित्रमा दुई ठुला राष्ट्रहरूबीच एक स्वतन्त्र मुलुकको रूपमा स्थापित गर्ने क्रममा गोर्खालीले देखाएको बहादुरीको भारतमा उपनिवेश जमाएर बसेको अंग्रेजले खुब तारिफ गरे भने आफ्नो र आफूले उपनिवेश गरेर राखेका देशहरूको सेनामा गोर्खालीको भर्ना शुरु गरे (सेडन, सन् २००५) । अंग्रेज सेनामा यो क्रम हालसम्म पनि जारी छ भने अंग्रेजको उपनिवेशबाट स्वतन्त्र भइसकेका कतिपय एशियाली मुलुकहरूको सेना र सुरक्षाका काममा गोर्खालीहरु नै पहिलो प्राथमिकतामा पर्ने गरेका छन् । दक्षिण पूर्वी एशियामा गोर्खालीहरूलाई सुरक्षा दिन र भरोसा गर्न लायक मानिसका रूपमा लिने गरिन्छ भने गोर्खालीहरूलाई विभिन्न खाले विभेद गरिने विषयमा समय समयमा कुरा उठ्ने गरेको छ ।

सेना तथा सुरक्षा निकायमा भर्ती बाहेक साधारण नेपालीहरु अरु विभिन्न खाले ज्यालादारी रोजगारी गर्न धेरै पहिलादेखि बाह्य मुलुक (मुख्यतः भारत) जाने गरेको देखिन्छ । नेपाली लोक साहित्यले

**कर्णाली र सुदूरपश्चिमका वास्तविकता**

नेपाल एकीकरणपछि विभेदमा राखिएको कर्णाली र सुदूरपश्चिमका घर परिवारलाई भारतमा गई ज्यालादारी रोजगारी मजदूर गर्ने आय र जीविकोपार्जनको मुख्य स्रोत नै रहेको छ । पहिला त यी क्षेत्रका मानिसहरु गाउँघरमा असारे खेतीपातीको काम सकेर भारतमा कृषि ज्यालादारी काम गर्न जान्थे र दशैंका लागि फर्कन्थे । दशैंपछि गाउँघरको बाली सुकाउने काम सकेर हिउँद लागेसँगैं पुनः भारत पस्थे र गर्मीमा फर्किन्थे । हाल पनि यसरी आउ जाउ गरी भारतमा कृषि ज्यालादारी मजदूरी गरी राख्नेहरु यथेष्ट छन् भने धेरै नेपालीहरु भारतमै बसी विभिन्न क्षेत्रहरूमा अनौपचारिक मजदूर भई काम गरिराखेका छन् ।

मुग्लान[1] गई काम गर्ने विषयवस्तुलाई प्राथमिकता दिएको पाइन्छ भने नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको निकै प्रख्यात कृति 'मुनामदन' पनि यही विषयसँग सम्बन्धित छ । मुख्यतः कुनै पनि देशको भाषा साहित्यले त्यो देशको आर्थिक सामाजिक परिवेशलाई प्रतिविम्बित गरेको हुन्छ भन्ने सर्वमान्य मान्यतालाई मान्ने हो भने नेपालमा पहिलादेखि वैदेशिक रोजगार (मुख्यतः भारतमा) व्याप्त रहेको बुझ्न सकिन्छ । विश्व बैंक (सन् २०११) लगायतले गरेको अध्ययन अनुसार भारतमा गएका काम गर्ने नेपालीहरूमा मुख्यतः ज्यालादारी रोजगारी मजदूरदेखि लिएर विभिन्न क्षेत्रहरूमा काम गर्ने अनौपचारिक मजदूरहरूको बाहुल्य रहेको छ । भारतमा कति नेपाली काम गरिराखेका छन् भन्ने यकिन तथ्यांक नभए पनि १५ देखि २५ लाखको हाराहारीमा रहेको विभिन्न अध्ययनहरूको अनुमान छ (विश्व बैंक, सन् २०११) । भारतमा नेपालीहरु रोजगारीका लागि कुन मात्रामा गइराखेका छन् भन्ने त हालको महामारीका कारणले त्यहाँबाट फर्कनेको संख्याले अनुमान लगाउन सकिन्छ ।

विस्तारै नेपालको वैदेशिक रोजगारी तेस्रो मुलुकहरूमा पनि विस्तारित हुँदै गएको छ, जुन मुख्यतः २०५० को दशकदेखि नेपालले खाडी लगायत अन्य मुलुकहरु रोजगारीका लागि औपचारिक रूप खोल्दै लगेसँगै देखिने गरी व्यापक हुन थालेको छ । माओवादी जनयुद्धकालमा यसरी वैदेशिक रोजगारीमा जानेहरु तुलनात्मक रूपमा बढे भने यो क्रम राजनैतिक संक्रमणकालभरि जारी रह्यो । २०७२ सालमा नयाँ सविधान जारी भइसकेपछि वैदेशिक रोजगारी जानेको संख्यामा केही उतारचढाव आए पनि यो घट्दो क्रममा नै छ भन्ने चाहिँ वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिनेको सरकारी तथ्यांकले देखाउँदैन । द एशिया फाउन्डेशन (सन् २०१३)ले गरेको अध्ययन अनुसार तस्रो मुलुकमा रोजगारीका लागि जाने नेपालीहरु मुख्यतः निर्माण क्षेत्रका मजदूर, सेल्सम्यान, हाउसमेड, हेल्पर लगायत कम शीप चाहिने कामहरूमा संलग्न छन् ।

---

[1] भारतमा मुगलहरूले शासन गरेदेखि नेपालमा भारतलाई  मुग्लान पनि भन्ने गरियो, जुन पछि धेरै समयकालसम्म दैनिक बोलिचालीमा प्रयोग गर्ने गरियो ।

**चित्र ११.१ : नेपालमा वैदेशिक रोजगारीका लागि श्रक स्वीकृति लिने कामदारको सङ्ख्या***




स्रोत : आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय

* यसमा भारत गई काम गर्ने र अनौपचारिक माध्यमबाट जाने कामदारहरु परेका छैनन् ।

भारत लगायत तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको व्यवस्थापन एउटा चुनौटीका रूपमा अगाडि आइराखेको छ । वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सामाजिक सुरक्षा लगायत स्वास्थ्यका विषयमा धेरै कुरा उठाउने गरिएको छ (द एशिया फाउन्डेशन, सन् २०१३) । यसलाई सम्बोधन गर्न केही नीतिगत निर्णयहरु लिए तापनि उनीहरूले सामना गर्ने जोखिममा खासै कमी नआएको विषयमा विभिन्न फोरम तथा सामाजिक सञ्जालहरूमा कुरा उठ्ने गरेका छन् । त्यस्तै तेस्रो मुलुकमा रोजगारीका लगि जाने नेपालीहरु औपचारिक माध्यमका साथै सोही अनुपातमा अनौपचारिक माध्यमबाट पनि जाने गरिएको छ (मास्के, २०१७) । त्यसैले नेपाल मानव तस्करीको एउटा स्रोतका रूप विकास भइराखेको भनी अधिकारवादीहरूले कुरा उठाएका छन्, जसले गर्दा देशको छवि विश्वको अगाडि ढुलमुलाएको छ । तेस्रो मुलुकमा औपचारिक माध्यमबाट कति नेपाली काम गर्न गए भन्ने तथ्यांक भए तापनि अनौपचारिक माध्यमबाट गएकाहरूको जानकारी छैन । यो सम्बन्धी गरेका विभिन्न अध्ययनहरूले तेस्रो मुलुकमा ४० देखि ४५ लाख नेपालीहरु वैदेशिक रोजगारीमा आबद्ध छन् भनी अनुमान लगाएका छन् । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (सन् २०१७) को अध्ययन अनुसार सन् २००१ मा २.२५ प्रतिशत रहेको जनसंख्या वृद्धिदर सन् २०११ मा १.३५ प्रतिशतमा झर्नुको एउटा मुख्य कारण देश बाहिर गएकाहरु रहेको उल्लेख छ । यसले पनि नेपालबाट वैदेशिक रोजगारीका लागि कति मात्रामा बहिर्गमन हुन्छ भन्ने अनुमान लगाउन सकिन्छ ।

## ११.२ नेपालमा वैदेशिक रोजगारीको अर्थ-राजनीति

विभिन्न राजनैतिक काललाई पार गरिसकेको नेपालले सोही अनुसार के कस्तो आर्थिक उपलब्धि हासिल गऱ्यो भन्ने बहसको विषय बनेको छ । नेपालका आर्थिक इतिहासकार महेशचन्द्र रेग्मी (सन् १९८८)का अनुसार एकीकरणपछि पनि नेपालको अर्थतन्त्रको मूल आधार भनेकै मुख्यतः ग्रामीण कृषिका साथै तिब्बत

भारतबीच नेपालबाट हुने पारवाहन व्यापार, साना आकारका घरेलु उद्योग, केही खनिज उत्खन्न र वनस्पति तथा काठ लगायत वनजंगलका उत्पादनहरु थिए । २००७ सालको राजनैतिक परिवर्तनसम्म आइपुग्दा पनि नेपालको अर्थतन्त्रमा तात्विक भिन्नता केही देखिएन । आधुनिक शिक्षा, भैतिक पूर्वाधार लगायत अन्य क्षेत्रहरूमा केही कदमहरु चाल्नुका साथै राणाकालको उत्तरार्द्धमा औद्योगिकीकरणको संस्थागत संरचना स्थापित गर्ने जमर्को पनि गरियो, जसले केही उपलब्धि हासिल गरे पनि देशमा खासै आर्थिक परिवर्तन आएको देखिएन । २००७ सालमा प्रजातान्त्रिक व्यवस्थाको आगमनसँगै राजनैतिक नेतृत्व वर्गले देशको अर्थतन्त्रमा आमूल परिवर्तन ल्याई देशमा विद्यमान गरिबी घटाई विकास पथमा अगाडि बढ्ने प्रतिबद्धता गरे, जुन कुरालाई राजाले २०१७ सालमा शासन सत्ता हातमा लिइसकेपछि पनि दोहोऱ्याइयो भने २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना देखि २०७२ सालको संविधान आइसकेपछिको हालको समयसम्म सोही कुरा दोहोऱ्याइँदै आएको छ ।

मुख्यतः नेपाल जस्तो कम विकसित मुलुकको एउटा प्रमुख चुनौती भनेको कम उत्पादकत्व हो । कम विकसित मुलुकले आफूलाई चाहिने दक्ष जनशक्ति पहिल्याई सोही अनुसारको मानव संसाधन तयार गरी त्यसको उचित परिचालन गर्नुपर्छ । तर नेपाल त्यसरी अगाडि बढेको देखिँदैन । अरु विकास नीतिहरु जस्तै नेपालको मानव संसाधन परिचालन नीतिहरूले पनि लक्ष्य चाहिँ उच्च राख्छन् । तर सो अनुसारका कार्यक्रम ल्याइँदैन । संस्थागत संरचना र कार्यान्वयन पक्षमा पनि सुधार गरिँदैन, जसले प्रगति लक्ष्यभन्दा निकै कम हासिल गर्छौं । उदाहरणका लागि यहाँ शिक्षा नीतिहरूको विश्लेषण गर्न उचित होला । शिक्षाका नीतिहरूले देशलाई चाहिने जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ । तर देशले साक्षरता वृद्धिभन्दा बाहेकका अरु कुराहरूमा केन्द्रित रही काम गरिराखेकै छैन । त्यसैले देशले शिक्षाको सहश्राब्दी विकास लक्ष्य (MDG) त हासिल गऱ्यो तर देशलाई चाहिने जनशक्ति तयार गर्न सकेनौं । लेखकहरूले गतवर्ष निकालेको पुस्तकमा भने जस्तै नेपालको शिक्षा नीतिहरूले जनतालाई शिक्षित त बनायो तर दक्ष जनशक्ति तयार गरेन (बज्राचार्य, मानन्धर र बज्राचार्य, २०१९) । देशको उत्पादन र उत्पादकत्व बढाउन बजारमा कस्तो जनशक्ति चाहिन्छ भन्ने तिर प्रभावकारी रूपले सोचिएन । यसमा केही प्रयासहरु भए तापनि गुणस्तरीय भएनन् । उदाहरणका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले दक्ष सिकर्मीका लागि १८ महिने तालिम चलाउँछ । तर अरु (गैर) सरकारी संस्थाहरूले विभिन्न विकास कार्यक्रम अन्तर्गत रही एकहप्ते तालिमले पनि दक्ष सिकर्मी उत्पादन गरेको दाबी गर्छन् । त्यसैले शीप विकासको सौद्धान्तिक आधारमा नै ठूलो हेलचक्र्याइँ गरिएको छ, जसले गर्दा देशलाई चाहिने जनशक्ति निर्माणमा ठूलै नीतिगत त्रुटिहरु छन् ।

त्यसमाथि नेपालका राजनैतिक नेतृत्व मानव संसाधनलाई राजनैतिक गतिविधिमा परिचालन गर्न जति माहिर छन्, आर्थिक गतिविधिमा निर्दिष्ट गर्ने क्षमतामा त्यति नै कमजोर छन् । उग्र-अधिकारवादको मुद्दालाई अगाडि सारी जनशक्तिलाई आकर्षित त गर्छन् । तर जसले सबै दिन्छु भन्छ, उसले केही दिँदैन भने जस्तै देशमा भइराख्ने विभिन्न खाले राजनैतिक गतिविधिले नेपालमा काम गरेर खाने वातावरण पनि बनाउँदैन । हुन त राजनैतिक दलले राजनैतिक गतिविधिका लागि जनशक्ति परिचालन गर्ने सर्वमान्य सिद्धान्त हो । तर नेपालका राजनैतिक नेतृत्वले अधिकारवाद र कर्मवादलाई समानान्तर तरिकाले अगाडि नलगेर देशले ठूलो मूल्य चुकाउनु परेको छ र हालको कोरोना महामारीले ल्याएको संकटको समयमा पनि राजनैतिक नेतृत्व वर्ग नसच्चिने हो भने यसले ठूलो दुर्घटना निम्त्याउँछ । मुख्यतः जनताको शासन व्यवस्था रहेको नेपालमा देशलाई चाहिने जस्तो ज्ञान र शीप दिई मानव संसाधन परिचालन गर्नमा राज्य सत्ता केन्द्रित नभएकाले र काम गरेर खाने वातावरण नभएकाले कम शीप र बढी जोखिमयुक्त वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता धेरैमा छन् । कम शीप भएका कारण नेपालीहरूले पाउने तलबको स्केल कम हुनुका साथै उनीहरूले पाउने कामहरु पनि धेरै जोखिमयुक्त छन् । त्यस्तै सरकारले वैदेशिक रोजगारीमा जानेहरूको सामाजिक सुरक्षामा पनि खासै ध्यान दिएको देखिँदैन । यसरी नेपालका राजनैतिक नेतृत्वको मानव संसाधनको उचित परिचालन नहुँदा देशले सोचे अनुसारको प्रगति हासिल

गर्न सकेको छैन् । देशमा केही नौला प्रयोग गर्न विज्ञदेखि लिए साधारण शीपमूलक मजदूरका लागि छिमेकी तथा अन्य विदेशी राष्ट्रहरूको भर पर्नुपरेको छ र यसरी विदेशी शीपमा भर परेको अर्थतन्त्र कत्तिको स्थिर हुन्छ भन्ने ठूलो प्रश्न छ भने यसरी विदेशबाट नेपाल आई काम गर्नेले नेपालमा भित्रने विप्रेषणको आधी रकम बाहिरै लैजान्छन् ।[२]

नेपालको अर्थतन्त्रको ठूलो पाटो ओगटेको विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात विगत १० वर्षमा २० प्रतिशतबाट बढी २५ प्रतिशतको हाराहारीमा पुगेको छ, जसको मतलब नेपालको आफ्नै उत्पादनको दाँजोमा आय बढिराखेको छ । नेपालमा यसरी विप्रेषण भित्र्याउने भनेका साधारण घरपरिवार हुन् । केन्द्रीय तथ्यांक विभागले २०६६/६७मा गरेको नेपाल जीवनस्तर सर्वेक्षण अनुसार विप्रेषण प्राप्त गर्ने घरपरिवारले सो आम्दानीको ५० प्रतिशतभन्दा धेरै दैनिक उपभोगमा खर्च गर्छन् भने १० प्रतिशतभन्दा कम मात्र लगानी गर्छन् ।[३] यो तथ्यांकले के देखाउँछ भने विप्रेषणले नेपालको आय र उपभोग बढायो तर त्यही अनुपातमा उत्पादन बढेन, जुन राम्रो संकेत होइन भने अरू विप्रेषण धेरै भित्र्याउने मुलुकमा यस्तो संकेत देखिँदैन । निश्चय नै विप्रेषणले साधारण घरपरिवारको उपभोग वृद्धि गरी उनीहरूलाई गरिबीको रेखाबाट माथि उकासेको छ । तर सो परिवारहरूको समुन्नत विकास नै भएको मान्न चाहिँ सकिँदैन ।

## ११.३ कोरोना महामारीको प्रभाव

अन्तर्राष्ट्रिय श्रम संगठन (सन् २०२०)का अनुसार कोरोना महामारीका कारण आएको आर्थिक संकटले विश्व श्रम बजारमा बेरोजगारी बढ्ने प्रारम्भिक संकेत देखाइसकेको छ भने महामारीको समस्या थप जटिल बन्दै गए यसले थप प्रतिकूल प्रभाव पार्ने उल्लेख छ । त्यस्तै सन् २०२०मा कम तथा मध्यम आय भएका मुलुकहरूको विप्रेषणमा २० प्रतिशतको कमी आउने तथापि यी मुलुकहरूको अन्य वैदेशिक मुद्राका स्रोतहरु (जस्तै- वैदेशिक लगानी, अनुदान र आयात) झन् धेरै घट्दै जाने भएकोले विप्रेषण अझ महत्वपूर्ण हुने विश्व बैंक (२०२०b)ले प्रक्षेपण गरेको छ । हुन त सन् २००८ को विश्वव्यापी मन्दीको समयमा पनि वैदेशिक रोजगारीमा नराम्रो प्रभाव पर्ने आकलन गरिएको तर धेरै कम दक्षिण एशियालीहरु (५ प्रतिशत)ले सो समयमा खाडी मुलुकहरूमा काम गुमाएको राजन र नारायण (२०१०)ले तर्क गर्छन् ।[४] तर कोरोना महामारीका कारण हाल आएको मन्दी २००८ भन्दा थप विषम रहेको र यो कति लम्बिन्छ भनी यकिन गर्न नसकिने भएकोले यसले भयावहको स्थिति ल्याउने देखिन्छ । कोरोना महामारी फैलन शुरु गर्नुपूर्व नै तेल बजारमा देखिएको असन्तुलनले खाडी मुलुकहरूमा प्रतिकूल प्रभाव परेको थियो भने अमेरिका र चीनको व्यापार युद्धले केही आर्थिक समस्याहरु जन्माइसकेका थिए । यी समस्याबीच आएको कोरोना महामारीले विश्व भरको अर्थतन्त्रलाई डामाडोल पारेको छ भने विश्व आपूर्ति व्यवस्थालाई परिवर्तन गर्नुपर्नेसम्मका कुरा उठ्न थालेका छन्, जसले विश्व श्रम बजारमा रोजगारीका अवसरलाई केही समयका लागि खुम्च्याउनुका साथै संरचनात्मक परिवर्तन पनि ल्याउनेछ ।[५]

नेपालमा कोरोना महामारी फैलँदै गएसँगै विप्रेषण चालू आर्थिक वर्ष २०७५/७६ को प्रथम १० महिनामा ६ प्रतिशतका दरले घटेको देखिन्छ (नेपाल राष्ट्र बैंक, सन् २०२०, जुन २३) । विप्रेषण घट्नाले यसमा आश्रित घरपरिवारलाई कस्तो असर गर्छ भन्नेमा त्यति गहन भएर सोच्ने गरिँदैन ।

---

[२] नागरिक (२०७५ चैत्र १९) ।

[३] केन्द्रीय तथ्यांक विभाग (सन् २०११) ।

[४] राजन र नारायण (२०१०) का अनुसार सन् २००८ को विश्वव्यापी मन्दीको समयमा १.८ प्रतिशत नेपालीले खाडी मुलुकमा रोजगारी गुमाएका थिए भने २.८ प्रतिशत नेपालीले रोजगारी गुमाउनुका साथै अन्य कारण फर्कन बाध्य भएका थिए ।

[५] अनुसूची ख पनि हेर्नुहोला ।

नेपालको सन् २०१७/१८ को श्रम सर्वेक्षणका अनुसार नेपालमा २ करोड ७ लाख काम गर्ने उमेरको जनसंख्या रहेकोमा ८० लाख जनशक्ति नेपाली श्रम बजारमा काम गर्न तत्पर रहेका छन् । यसमध्ये ७१ लाख रोजगार र ९ लाख बेरोजगार रहेका छन् (केन्द्रीय तथ्यांक विभाग, २०१९) । त्यस्तै २६ लाख जनशक्ति नेपाली श्रम बजारमा हाल काम गर्न उत्सुकता नदेखाए पनि सम्भाव्यता भएकाहरू हुन् । नेपालमा हाल रहेका ९ लाख बेरोजगारको २ करोड ७ लाख काम गर्ने उमेरको जनसंख्यामा अनुपात ४.३७ प्रतिशत रहेको छ, जुन नेपालको सन् १९९८/९९ र सन् २००८मा गरेको श्रम सर्वेक्षणहरूमा क्रमशः १.८ र २.१ प्रतिशत थियो । कोरोनाका कारणले नेपाली श्रम बजारमा १७ लाखले रोजगारी गुमाउने देखिन्छ भने ६ देखि १० लाख नेपाली भारतबाट र ५ देखि १० लाख नेपाली तेस्रो मुलुकहरूबाट फर्कंदै छन् । यस्तै प्रतिमहिना ४० हजार नेपालीहरु वैदेशिक रोजगारमा जान पाएका छैनन् । सन् २०२० भरि वैदेशिक रोजगारीमा खासै नयाँ अवसर आउने देखिँदैन (बज्राचार्य, २०२० मे २२) । कोरोना महामारी नियन्त्रण गर्न लगाएको लकडाउनले सृजित बेरोजगारीले गरिबीलाई बढाउने देखिन्छ । हालको आशिंक खुकुलो रहेको लकडाउनको अवधि अरु तीन महिना लम्बिए नेपालको गरिबी २५ देखि ३० प्रतिशत पुग्ने र तीन महिनापछि सामान्यतिर गई आर्थिक चलायमानता हासिल गरे २४ प्रतिशतमा झर्नेछ (बज्राचार्य, २०२० मे २२) । त्यस्तै हालको आशिंक खुकुलो रहेको लकडाउनको अवधि १ वर्ष लम्बिए नेपालको गरिबी ३५ देखि ४० प्रतिशत पुग्नेछ । कोरोनाका कारण बढेको नेपालको गरिबीलाई हालको विन्दुमा झार्न तीव्र गतिको आर्थिक चलायमानता हासिल गरे अर्को ५ वर्ष लाग्ने देखिन्छ भने आर्थिक चलायमानता पहिलाको साधारण समयको गतिमा अगाडि बढे गरिबीलाई हालको विन्दुमा झार्न १० वर्षभन्दा बढी समय लाग्नेछ (बज्राचार्य, २०२० मे २२) । सोच्नुपर्ने कुरा के छ भने कोरोनाले नेपालको गरिबीलाई ३० वर्षअघिको विन्दुमा पुऱ्याएको छ ।

आर्थिक क्रियाकलापमा खासै जनशक्ति परिचालन गर्न नजान्ने नेपालको राजनैतिक वर्गले कोरोनाले सृजित यति ठूलो बेरोजगारीलाई कसरी सम्बोधन गर्छ, त्यो चाहिँ हेर्नै बाँकी छ । हालै आर्थिक वर्ष २०७७/७८का लागि ल्याएको बजेटमा सरकारले आफ्नै पहलमा ७ देखि ९ लाखलाई रोजगारी सृजना गर्ने कार्यक्रम ल्याइएको छ, जुन हालको समस्यालाई सम्बोधन गर्न पर्याप्त छैन । त्यस्तै कोरोनाले गर्दा विदेशबाट फर्केकाहरु र हाल देशमा रहेका बेरोजगारको शीपलाई उपयोग गरी ग्रामीण कृषि र साना तथा मझौला उद्योगमा संलग्न गर्ने भनिएको छ । यसमा पहिलो त ग्रामीण कृषि उत्पादनमुखी मात्र छ र यसलाई बजारमुखी गर्न सकिएको छैन भने सरकारले ल्याएका नयाँ कार्यक्रमहरूले पनि यसतर्फ सोचेको देखिँदैन । यसरी उत्पादनमुखी मात्र हुँदा ग्रामीण अर्थतन्त्र आधारभूत आवश्यकताका लागि आत्मनिर्भर त होला, जुन धेरै ठाउँहरूमा हाल पनि छ । तर यसले सोचे जस्तो आर्थिक वृद्धि हासिल गर्दैन र रोजगारी पनि सृजना गर्दैन । विदेशबाट फर्केकाहरूलाई साना तथा मझौला उद्योगमा संलग्न गर्न पनि सोचे अनुसार सजिलो छैन । किनकि कम शीप भएका कामदारहरूमा दक्षताको ठूलो खाडल रहेको छ । यहाँ मनन गर्नुपर्ने कुरा के पनि छ भने यसरी कामदार फर्काउने देशहरूले शीपमूलक मान्छे आफू कहाँ राखी बाँकीलाई फर्काउने नीति लिन सक्छ, जसले नेपालमा चुनौती थपिन्छ । साधारतया यस्तो महासंकटको समयमा विदेशबाट फर्कनेहरु समय काल राम्रो हुँदै गएपछि फेरि फर्कन्छन् । खाडी युद्धको समय पनि यस्तै भएको थियो भने हाल पनि यही हुने सम्भाववा छ । सरकारले अब वैदेशिक रोजगारमा पठाउँदा सामाजिक सुरक्षाका विषयमा सोच्नुपऱ्यो । किनकि यसतर्फ ध्यान नदिँदा वैदेशिक रोजगारमा जानेलाई साना र ठूला संकट आउँदा ऊ लगायत उसका सम्पूर्ण परिवारलाई नराम्रो प्रभाव परेर पुनः गरिबीतिर धकेलिने सम्भावना हुन्छ ।

सरकारले कोरोना महामारीले सृजित बेरोजगारीको समस्या समाधान गर्न निजीक्षेत्रलाई सहयोग गरी अगाडि बढ्नुपर्ने देखिन्छ । यसमा नेपालका राजनैतिक नेतृत्वले आफ्नो पुरातनवादी सोचलाई बदली साँच्चैको आर्थिक क्रान्ति ल्याउनेतिर सोच्न जरूरी छ । मुख्यतः सरकारले निजीक्षेत्रसँग सहकार्य गरी देशलाई चाहिने शीपलाई पहिल्याई सोको विकास गर्न जरूरी छ, जुन देशमा बजारमैत्री वातावरण

बनाउनेको पहिलो खुड्किलो हुनेछ । यसले देशमा हाल रहेको ज्यालादर सम्बन्धी विवाददेखि लिएर हाल विद्यमान श्रमिकका समस्या सुल्भाउन पनि मद्दत गर्छ । देशमा शीप विकास गरी उत्पादकत्व वृद्धि गर्ने लक्ष्यसहित अघि बढी देशको उत्पादन क्षमता बढाउनुपर्छ, देशको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्छ[६] र शीपको परनिर्भरता घटाउनुपर्छ । यसरी अगाडि बढे देशको उत्पादन बढी सोचे अनुसारको आर्थिक वृद्धि भई रोजगारी पनि सृजना हुन्छ । हाल कोरोनाका कारण आएको आर्थिक संकटलाई अवसरका रूपमा लिई अगाडि बढ्नुपर्छ । अन्यथा हाल रहेको वैदेशिक रोजगारी नै लामो समय जारी रहन्छ, जसले अहिले जस्तै आकलभुकलको आर्थिक वृद्धि त हासिल गर्छ । तर देशले सोचेको समृद्धि चाहिँ हासिल गर्न मुश्किल छ ।

यसरी उग्र-राजनैतिक मुद्दामा मात्र जनशक्ति परिचालन गर्ने देशका युवाले के सोचिराखेका छन् भन्ने हाल सबैको चासोको विषय बनेको छ । निश्चय नै विगत केही वर्षदेखि नेपालमा भविष्यका कर्णधारका रूपमा रहेका युवालाई संगठित गर्ने क्रियाकलापहरु पनि भइराखेका छन् र सो युवा शक्ति हाल कोरोना महामारी नियन्त्रणमा देखिएको बेथितीविरूद्ध पनि सडकमा आए । यी युवा शक्तिले उठाइराखेको मुख्य मुद्दा भनेकै 'गरी खान देऊ' रहेको छ, जसले के प्रस्ट्याउँछ भने नेपालमा काम गरेर खाने वातावरण छैन । त्यस्तालाई यहाँ हौसला पनि दिइँदैन र कर्मवादलाई समृद्धिको आधार पनि मानिँदैन । युवामा आएको यो नयाँ सोचको गहन विश्लेषण गर्न निकै जरूरी छ ।

---

[६] नेपालमा हाल न्यूनतम ज्यालादर मासिक १३,४५० रहेको छ, जुन अरु दक्षिण एशियाली मुलुकको भन्दा निकै धेरै छ । उदाहरणका लागि बंगलादेशमा हालसालै गरेको ज्यालादरको संशोधनले न्यूनतम ज्यालादर मासिक ८००० टाका ( नेपाली रूपैयाँ १०,०००) कायम गरेको छ, जुन नेपालको भन्दा कम छ । तर श्रमिकको उत्पादकत्वमा नेपाल अरु दक्षिण एशियाली मुलुकको भन्दा निकै कम छ, जसले गर्दा नेपालको प्रतिस्पर्धात्मक क्षमता निकै कम छ ।

खण्ड ४

# अन्तमा

## अध्याय १२

# नेपालले अब अपनाउनु पर्ने विकासको अवधारणा

चीनको वुहानबाट सन् २०१९ को डिसेम्बरमा देखिएको कोरोना महामारी विश्वव्यापी रूपमा फैलन शुरु गरेसँगै यो महामारीसँग नेपाल जस्तो कम विकसित मुलुकले कसरी जुझ्छ भन्ने ठूलो बहस चलेको छ । मुख्य मुद्दा भनेकै सीमित स्वास्थ्य संरचनाको मात्र विकास भएका कम विकसित मुलुकहरूले कत्तिको प्रभावकारी तरिकाले कोरोना महामारीलाई नियन्त्रण गर्न सक्छन् र यो महामारीसँगै छाएको आर्थिक मन्दीबाट कम विकसित मुलुकहरु कसरी माथि आउँछन् । विश्व स्वास्थ्य संगठन (सन् २०२० अप्रिल १४)का अनुसार कम विकसित मुलुकहरूले व्यापक कोरोना परीक्षण गर्न नसक्नुका साथै संक्रमण सम्भावना भएकालाई व्यवस्थित क्वारेन्टाइन र संक्रमितलाई अलग (आइसोलेसन) राखी उचित स्वास्थ्य उपचार गर्ने सामर्थ्य कम रहेकोले महामारी फैलने र मानवीय क्षति बढ्ने सम्भावना रहेका छन् । अफ्रिकी महाद्वीप, दक्षिण एशिया लगायत अन्य अल्प विकसित क्षेत्रहरूमा यो महामारी फैलिए यसले भयावहको स्थिति आउनेतर्फ सचेत हुन जरूरी छ । त्यस्तै यो महामारी नियन्त्रण गर्न अपनाइएको सामाजिक दूरी र लकडाउनले अर्थतन्त्रलाई डामाडोल गरी कम विकसित मुलुकहरूमा थप चुनौतीहरु थपिएकोतर्फ संयुक्त राष्ट्र विकास कार्यक्रम (सन् २०२०), विश्व बैंक (सन् २०२०, जुन ८) लगायतका संस्थाहरूले औंल्याएका छन् । कम विकसित मुलुकहरु विभिन्न चुनौतीहरूका[1] कारण गरिबीको भुमरीमा परिराखेका हुन्छन् भने कोरोनाका कारण आएको आर्थिक संकटले सो भुमरीको गहिराइ थप बढाएको छ ।

नेपालमा पनि कोरोना महामारीका कारणले उत्पन्न मानव जोखिमलाई कसरी कम गर्ने र यसले निम्त्याएको आर्थिक संकटबाट कसरी उत्रने भन्ने विषयमा जनचासो बढेको छ । कोरोना महामारीले नेपालको स्वास्थ्य क्षेत्रको बेथितीलाई छर्लङ्ग्याएको छ । स्वास्थ्य विज्ञहरूका अनुसार कोरोना परीक्षण, संक्रमण सम्भावना भएकालाई राखिने क्वारेन्टाइन, संक्रमितलाई अलग (आइसोलेसन) राखी गरिने स्वास्थ्य उपचारदेखि लिएर अस्पताल, आईसीयु, भेन्टिलेटर लगायत केहीको पनि व्यवस्थापन प्रभावकारी नरहेको टिप्पणी गरेका छन् । कोरोना महामारीसँगै यसको नियन्त्रण र उपचारका लागि चाहिने स्वास्थ्य उपकरण र औषधि खरिदमा भएको अनियमितताले थप समस्या सृजना गरेको छ । स्वास्थ्यविज्ञहरूले सरकारले अपनाएको कोरोना परीक्षण विधिमाथि नै प्रश्न उठाइराखेका छन् भने जनता महामारी नियन्त्रणमा देखिएको बेथितिविरूद्ध यस्तो मानव जोखिमको समयमा पनि आन्दोलन गर्न बाध्य छन् । सरकारले लकडाउन लगाउँदा त अकस्मात् निर्णय गर्न परेर कुनै स्पष्ट योजना बनाउन सकेन होला । तर लकडाउन अवधिभर र लकडाउन खुकुलो पार्दा कुनै नीतिगत स्पष्टताका साथ अगाडि नआई यस्तो

---

[1] कम विकसित मुलुकहरूका चुनौतीहरूको विषयमा अध्याय तीनमा छलफल गरिएको छ ।

महासंकटको समय पनि नेतृत्वदायी भूमिका निर्वाह गरेन, जसले गर्दा महामारीको जोखिम थप बढेको छ भने यसले अर्थतन्त्रलाई पनि प्रतिकूल प्रभाव पारेको छ । यहाँ अलि गहिरिएर सोच्दा सरकारले अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्‍यो भनी लकडाउन खुकुलो पार्ने नीतिगत निर्णय त लियो । तर न यस्तो विकराल अवस्थामा आर्थिक चलायमानता कसरी हासिल गर्ने भन्नेतर्फ राम्रोसँग सोचेको छ न महामारी नियन्त्रणलाई प्रभावकारी बनाएको छ । सरकारले आँटेको ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हेर्दा गगन चुम्ने खालको छ । तर कसरी अगाडि बढ्ने भन्नेमा स्पष्टता छैन, जसको विषयमा यहाँ चर्चा गरिएको छ ।

## १२.१ कोरोना महामारीमा विकास

विकास मानव सभ्यतासँगै आएको बहुआयामिक अवधारणा हो भने यसका बहुआयामिक पक्षहरूलाई एकआपसका परिपूरकका रूपमा स्थापित गर्दै लैजान जरूरी छ । यसका बहुआयामिक पक्षहरूलाई नीतिगत द्विविधाका बीच सन्तुलित ढंगले अगाडि लगे देश समृद्ध हुने आम धारणा छ । कम विकसित मुलुकहरु यी बहुआयामिक पक्षहरूलाई सन्तुलित रूपमा अगाडि लैजान नसकेकाले गरिबीको भुमरीमा फसिराख्छन् । विकास सम्बन्धी विभिन्न समयमा आएका विभिन्न सिद्धान्तहरूले यही अवधारणालाई परिष्कृत गर्दै आइरहेका छन् (रे, सन् १९९८ र टोडारो तथा स्मिथ, सन् २००८) । अथर लुइस, रोबर्ट ब्याल्डविन, न्यागनर नर्स्के जस्ता अर्थशास्त्रीहरूले कम विकसित मुलुकहरु कम आय, सीमित पूँजी निर्माण, कम उत्पादकत्व र सीमित बजारीकरणले गर्दा गरिबीको कुचक्रमा फस्ने बताएका छन् । महबुव हक र अमार्त्य सेनले कम विकसित मुलुकमा शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरु प्रभावकारी नहुनु पनि विकासका बाधक भनेका छन् भने जोसेफ स्टिग्लिट र कौशिक वासु नीतिगत स्पष्टता नहुनुलाई दोष दिन्छन् (बज्राचार्य, मानन्धर र बज्राचार्य, सन् २०१९) । नेपाल जस्तो विकासोन्मुख देशमा यी बहुआयामिक चुनौतीका साथ साथै कोरोना महामारीका कारण सृजित आर्थिक संकटले थप जटिलता थपिएको छ । कम विकसित मुलुकको जीवनस्तर अरूको भन्दा तल त छँदै छ कोरोना महामारीले यसलाई थप ओरालो लगाई विकसित र कम विकसित मुलुकहरूबीच थप असमानता बढाउने देखिन्छ ( संयुक्त राष्ट्र विकास कार्यक्रम, सन् २०२०) । विकसित मुलुकले त आर्थिक संकटबाट उठ्न आक्रामक नीतिका साथ आर्थिक प्याकेज ल्याई ओरालो लाग्नबाट बचाउन भरपुर प्रयास गर्छन् र गरी पनि राखेका छन् । तर नेपाल जस्तो विकासोन्मुख देशलाई यस्तो आक्रामक नीतिका साथ अगाडि बढ्न स्रोत र साधनले भ्याउँदैन । स्मरण रहोस् नेपाल सरकारले लकडाउन लगाएको तीन महिना काट्न पाएको छैन राजस्व परिचालन गर्ने क्षमता गुमाएको संकेत दिइसकेको छ ।

अब सरकार कसरी अगाडि बढ्ने त भन्नेमा विवेचना गर्दा जहिले पनि गरे जस्तो ठूला-ठूला गफ मात्र गरी केही नीतिगत स्पष्टता नराखी अगाडि बढ्न सक्छ । हालको महामारीको समयमा यसरी अगाडि बढ्दा देशमा थप जटिलता थप्दै जाने देखिन्छ । यसले देशलाई थप ओरालो लगाउँछ र नेपाल र अरु देशहरूबीचको असमानता बढी परनिर्भरतालाई झन् धेरै बढाउँदै लैजान्छ । दोस्रो भनेको सकोस् नसकोस् आक्रामक नीतिका साथ अगाडि बढ्ने, जसले जनतामा केही ऊर्जा त थप्छ तर कुनै विन्दुमा आएर स्रोत र साधनको परिचालन गर्न नसक्दा यसले डेडलकको सामना गर्नुपर्ने हुन्छ । तेस्रो भनेको आपत्कालमा आर्थिक पुनरूत्थानमा केन्द्रित रही प्रतिरक्षात्मक नीति लिई थप ओरालो लाग्नबाट बचाउनु हो ।

हालको जटिल आर्थिक संकटको समय कम विकसित राष्ट्रले आफ्नो अर्थतन्त्रलाई ओरालो लाग्नबाट बचाउने वा ओरालो लाग्ने दरलाई कम गर्नेमा केन्द्रित गरी प्रतिरक्षात्मक नीति अपनाउनु ठीक देखिन्छ । स्वास्थ्यविज्ञहरूका अनुसार मानव सभ्यताले कोरोना महामारीसँगै बाँच्न सिक्नुपर्ने र यसबाट पार पाउन अझ दुईदेखि तीन वर्ष लाग्ने बताइएको सन्दर्भमा आक्रामक नीतिका साथ आर्थिक

चलायमानतालाई तीव्रता दिन खोजे डेडलकमा पुग्ने प्रचुर सम्भावना छ । हुन त केही नवीनतम सोचका साथ अर्थतन्त्रलाई अगाडि लैजानेतिर सोच्न सकिन्छ । तर त्यसमा कत्तिको जोखिम छ, त्यसको मूल्यांकन हुन जरुरी छ । मुख्यतः हामी गरिबी निवारणलाई विकाससँग परिभाषित गर्छौं । तर हालको आर्थिक पुनरूत्थान समय गरिबी स्थिर राख्न सक्नु पनि विकासको नै एउटा अंग हो भनी नयाँ ढंगले परिभाषित गरी अगाडि बढ्नुपर्छ । त्यस्तै देशले आफ्नो साक्षरता घटाउन भएन, बच्चालाई खोप दिने क्रम रोक्न भएन लगायत अरु ओरालो लाग्न सक्ने विकासका अन्य पक्षलाई तल झर्नबाट जोगाउनु पर्‍यो । देशले आर्थिक पुनरूत्थानका समय डुबिराखेको व्यापार, व्यवसाय तथा उद्योगलाई बचाई कृषि जस्तो क्षेत्रको उत्पादकत्व र बजारीकरण बढाई १ देखि २ वर्षसम्म अर्थतन्त्र स्थिर राखी परिस्थिति सामान्यकरणतिर गएपछि आक्रामक नीतिका साथ अगाडि बढ्ने क्षमतामा पनि वृद्धि हन्छ । आर्थिक पुनरूत्थानसँगै कोरोनाका कारण देश विदेशमा काम गुमाएकाहरूले रोजगारी पाउन समय लाग्छ भने वैदेशिक रोजगारीमा पनि भारत बाहेक अन्य देशमा त्यति चाँडै अवसर मिल्ने सम्भावना कम छ, जसले गर्दा सरकारलाई राहत अनुदानको बोझ पनि थप्छ । त्यस्तै जटिलताका बीच शिक्षादेखि लिएर अरु आधारभूत सेवालाई निरन्तरता दिनुपर्छ, जसले मानव विकास सूचकांकलाई स्थित राख्छ । कोरोनाले उत्पन्न स्थितिलाई सामान्यकरण गर्दै लगेसँगै समानान्तर रूपमा आक्रामक नीति पनि अगाडि ल्याउनुपर्छ । संयुक्त राष्ट्र विकास कार्यक्रमले सन् २०२० का लागि गरेको मानव विकासको पुनर्मूल्यांकनले पनि कोरोना महामारीका कारण कम विकसित देशहरु थप ओरालो लागी असमानता बढ्ने प्रबल सम्भावना रहेको र यो ओरालो लाग्ने क्रमलाई रोक्नु हालको प्राथमिकता रहेको बताएको छ भने हाल विश्वव्यापी रूपमा अपनाइएको दिगो विकास लक्ष्य (SDG) को साझा अवधारणाहरु अझ बढी संस्थागत गर्नुपर्ने उल्लेख छ ।

कोरोना महामारीले ल्याएको आर्थिक संकटले विश्व अर्थतन्त्रलाई एकदमै ठूलो धक्का दिएको कुरा विश्व बैंक (सन् २०२०, जुन ८), अन्तर्राष्ट्रिय मुद्रा कोष (सन् २०२०) लगायतका संस्थाहरूले बताइएका छन् । यी संस्थाहरूले कोरोनामय समयकाल गुज्रँदै जादा विश्व अर्थतन्त्रका थप भयावह प्रक्षेपणहरु सार्वजनिक गर्दै ल्याएका छन् । त्यसैले विश्व अर्थव्यवस्थामा स्रोत परिचालन ठूलो चुनौतीको रूपमा खडा हुने देखिन्छ । केही शक्ति राष्ट्रहरूले अन्तर्राष्ट्रिय सहयोग गर्न हात बढाए पनि कोरोनाका कारण विश्व अर्थ-राजनीतिमा हाल देखिएको उथलपुथलमा आफ्नो स्थानलाई अझ मजबुत गर्न सो सहयोग परिचालित गरेको हुन सक्छ ।[२] त्यसै पनि स्रोत परिचालनको ठूलो चुनौती रहेको कम विकसित मुलुकमा कोरोनाकालले जटिलता थपेको छ भने अन्तर्राष्ट्रिय सहयोगको परिचालन गर्दा अलि सचेत हुनुपर्ने देखिन्छ । मुख्यतः नेपाल जस्तो कम विकसित मुलुकले सुशासनको पद्धति स्थापित गरी आर्थिक मितव्ययिता अपनाए कोरोनाका कारण भएका नोक्सानीलाई कम गरी सामान्यकरणतिर जान मद्दत हुन्थ्यो, जसलाई पनि विकासको पाटासँग जोडेर हेर्नुपर्छ ।

कोरोना नियन्त्रणका लागि लगाइएको लकडाउनले नेपालमा दैनिक ८ देखि १० अर्बको नोक्सानी हुने देखिन्छ भने लकडाउन खुकुलो बनाए पनि लयमा फर्किन समय लाग्छ । यस नोक्सानीका कारण बेरोजगारी सृजना भई गरिबी बढ्ने देखिन्छ । कोरोनाका कारणले नेपाली श्रम बजारमा १७ लाखले रोजगारी गुमाउने देखिन्छ भने ६ देखि १० लाख नेपालीहरु भारतबाट, ५ देखि १० लाख नेपाली तेस्रो मुलुकहरूबाट फर्कंदै छन् र प्रतिमहिना ४० हजार नेपालीहरु वैदेशिक रोजगारमा जान पाएका छैनन् ( बज्राचार्य, २०२० मे १०) । हालको आंशिक खुकुलो रहेको लकडाउनको अवधि अरु तीन महिना लम्बिए नेपालको गरिबी २५ देखि ३० प्रतिशत पुग्ने र हालको आंशिक खुकुलो रहेको लकडाउनको अवधि १ वर्ष लम्बिए नेपालको गरिबी ३५ देखि ४० प्रतिशत पुग्नेछ (बज्राचार्य, २०२० मे २२) । सामान्य अर्थमा

---

[२] यस विषयमा अध्याय दुईमा छलफल गरिएको छ ।

भन्ने हो भने नेपालललले विगत ३० वर्षमा घटाएको गरिबी कोरानाका कारण फेरि बढ्ने देखिन्छ । आर्थिक मन्दीले यस्तै प्रतिकूल प्रभाव पार्ने गर्छ । सन् १९९८ मा दक्षिण पूर्वी एशियामा आएको वित्तीय मन्दीले त्यहाँको गरिबी आकाशियो तर आर्थिक पुनरूत्थान योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरेपछि केही वर्षमै सो गरिबी घट्यो ।[३] नेपाल जस्तो कम विकसित मुलुकले आर्थिक पुनरूत्थान योजनालाई प्रभावकारी बनाई कोरोनाले उत्पन्न स्थितिलाई पनि सामान्यकरण गर्दै लैजानुपर्छ, जसले गरिबी लगायत विकासका अन्य सूचकांकहरूको ओरालो लाग्ने क्रमलाई घटाउँछ ।

## १२.२ नेपालको हालको विकास योजना

नेपालमा चालू आर्थिक वर्ष २०७६/७७ देखि कार्यान्वयनमा आएको पन्ध्रौं योजना देशमा संघीयता संस्थागत भइसकेपछिको पहिलो योजना हो । यो योजना पाँच वर्षको अवधिका[४] लागि ल्याइएको भए तापनि यसलाई आउँदो २५ वर्षको दीर्घकालीन दृष्टिकोणका साथ तर्जुमा गरिएको छ । नेपालमा यसरी दीर्घकालीन दृष्टिकोणका साथ तर्जुमा गरिएको यो दोस्रो योजना हो । नेपालमा पहिलो पटक दीर्घकालीन दृष्टिकोणका साथ नवौं योजना आएको थियो, जसको तर्जुमा आउँदो २० वर्षलाई सोचेर गरिएको थियो । पन्ध्रौं योजनाले देशमा संघीयता संस्थागत भई राजनैतिक स्थायित्व कायम भइसकेकोले अब देशले दूरदृष्टि राखी सोच्नुपर्छ भन्ने कुरा प्रतिविम्बित गरेको जस्तो देखिन्छ । विक्रम संवत् २१०० मा नेपाल कहाँ पुग्छ भन्ने दीर्घकालीन अवधारणाका साथ आएको यस योजनाले सो समयसम्म नेपाललाई उच्च आय भएको मुलुकमा पुऱ्याई 'समृद्ध नेपाल, सुखी नेपाली'को आकांक्षा पूरा गर्ने दीर्घकालीन सोचका लिएको छ । पन्ध्रौं योजनाले विक्रम संवत् २१००सम्म नेपालीहरूको न्यूनतम प्रतिव्यक्ति राष्ट्रिय आय १२ हजार १ सय अमेरिकी डलर पुऱ्याउने दीर्घकालीन लक्ष्य राखेको छ । त्यस्तै यस योजनाले आय वृद्धि, गुणस्तरीय मानवपूँजी निर्माण र आर्थिक जोखिम घटाई विक्रम संवत् २०७९ सम्म विकाशील मुलुकमा र विक्रम संवत् २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको छ । पन्ध्रौं योजनाका दीर्घकालीन राष्ट्रिय लक्ष्य, दीर्घकालीन राष्ट्रिय रणनीति, रूपान्तरणका प्रमुख संवाहक र सहयोगी क्षेत्र तालिका १२.१ मा दिइएको छ ।

यी दीर्घकालीन लक्ष्य हासिल गर्न पन्ध्रौं योजनाको अवधिभित्र समृद्ध अर्थतन्त्र, सामाजिक न्याय र परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने लक्ष्य राखेको छ । पन्ध्रौं योजनाले कृषि, उद्योग, वाणिज्य, पर्यटन लगायतका आर्थिक क्षेत्र, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सेवा तथा अन्य सामाजिक क्षेत्रका साथै पुर्वाधारको विकासमा केन्द्रित रहेको छ भने निजीक्षेत्र र सहकारी परिचालनमा जोड दिएको छ । त्यस्तै लोकतन्त्र र सुशासनको सुदृढीकरणमा विशेष जोड दिइएको छ भने विकास लक्ष्यको आन्तरिकीकरणलाई पनि प्राथमिकता दिइएको छ । साथै विकास योजनालाई संघीय संरचनामा संस्थागत गर्ने प्रक्रियाको पनि शुरूवात गरिएको छ । योजनाले १०.३ प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ भने गरिबी ९.५ प्रतिशतमा झार्ने, उत्पादकत्व बढाउने लगायत अन्य लक्ष्यहरु लिइएको छ ।

---

[३] उदाहरणका लागि सन् १९९८ को दक्षिण पूर्वी एशियाको वित्तीय मन्दीले इण्डोनेसियाको गरिबीलाई १८ बाट ४८ प्रतिशतले बढायो । तर त्यसको दुई वर्ष पछि नै फेरि १८ प्रतिशतमै झऱ्यो ।

[४] नेपालले पहिलो योजना पाँच वर्ष अवधिका लागि तर्जुमा गरिएको थियो भने दोस्रो योजना तीन वर्ष अवधिका लागि तय गरिएको थियो । तेस्रोदेखि दशौं योजन पाँच वर्ष अवधिका लागि आए भने एघारौंदेखि चौधौं योजना तीन वर्ष अवधिका साथ आए । पन्ध्रौं योजना फेरि पाच वर्ष अवधिका साथ आएको छ ।

पन्ध्रौं योजनाले लिएका दीर्घकालीन लक्ष्यहरु निश्चय नै प्रगतिशील छन् । तर देशले गरिराखेको प्रगति र संयुक्त राष्ट्र विकास कार्यक्रमको विकास मापन गर्ने सैद्धान्तिक आधारलाई मध्यनजर गर्दा यी लक्ष्यहरु तोकिएको समयमा हासिल गर्नेमा धेरैले शंका गरेका छन् । त्यसमाथि कोरोना महामारीका कारण उत्पन्न संकटले अरु जटिलताहरु थप्ने सम्भावना छ । हुन त आउँदा वर्षमा द्रुत प्रगति गरी देशले रिकभर गरे र संयुक्त राष्ट्र विकास कार्यक्रमको विकास मापन गर्ने सैद्धान्तिक आधारमा केही परिवर्तन गरिए अर्को २५ वर्षमा हासिल गर्ने भनिएका पन्ध्रौं योजनाका केही लक्ष्यहरु नजिक देश पुग्न सक्छ । विश्व बैंकले सन् २०१९ को प्रतिव्यक्ति राष्ट्रिय आयका आधारमा हाल मात्र नेपाललाई तल्लो मध्यम आय मुलुकमा बढुवा गरेको छ । तर कोरोनाले ल्याएको आर्थिक संकटका कारण सो स्थानमा टिकिराख्न नेपाललाई ठूलो चुनौती छ (द काठमाडौं पोष्ट, सन् २०२० जुलाई ४) ।

यहाँ निकै महत्वपूर्ण प्रसंग भनेको कोरोनाका कारण विश्व, पन्ध्रौं योजना निर्माणको समय, भन्दा निकै फरक भइसक्यो । नेपालले कम्तीमा अर्को दुई वर्ष आर्थिक पुनरूत्थानमा केन्द्रित हुनुपर्छ, जसको परिकल्पना पन्ध्रौं योजनाले गरेको छैन । आउँदो दुई वर्षमा ओरालो लागिराखेको अर्थतन्त्रलाई बचाउनुपर्छ भने काम गुमाएकालाई पुनः रोजगारीमा फर्काउनुपर्छ, व्यवसायलाई डुब्नबाट रोक्नुपर्छ, जोखिम र कठिनाइका बीच शिक्षा लगायतका आधारभूत सेवालाई निरन्तरता दिनुपर्छ र हालको विषम परिस्थितिमा अन्य अरु प्राथमिकताहरु पनि टड्कारो रूपमा देखिएका छन् । त्यसमाथि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको कोरोना महामारीको नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्छ । पर्यटन, यातायात र निर्माण व्यवसाय पुनः लयमा फर्कन अरु क्षेत्रहरूभन्दा थप समय लाग्ने भएकोले यसमा विशेष पहल नगरे यसका लगानी डुबी यसमा हाल रहेका संचरनालाई पुनःस्थापना गर्न झन् धेरै कठिन हुन जान्छ । यी सबै प्राथमिकताहरूलाई आर्थिक संकटले निम्त्याएको स्रोतको सीमितताका बीच प्रभावकारी रूपमा अगाडि लैजान जरूरी छ । त्यसैले हालको अवस्थामा कुनै नयाँ ठूला आयोजनाहरूमा हात हाल्नु त्यति प्रत्युत्पादक देखिन्न । तर यसमा कतिपयले नयाँ आयोजनाहरु नआई रोजगारी कसरी सृजना हुन्छ भनेर पनि टिप्पणी गरेका छन्, जुन सामान्य अवस्थामा सही होला तर हालको महासंकटको समयमा नयाँ ठूला आयोजना शुरु गरी त्यसलाई चाहिने स्रोत परिचालन गर्न नसकेर डेडलकमा फसे हाल भइराखेको रोजगारी पनि गुम्न जान्छ । मुख्यतः सरकारले हालको महासंकटकालमा विकास योजनालाई परिमार्जन गरी नयाँ अवधारणा सहित आउन जरूरी देखिन्छ ।

## १२.३ निष्कर्ष

देशले अब लिनुपर्ने नयाँ अवधारणा भनेकै अर्को दुई वर्षमा आर्थिक पुनरूत्थानलाई प्रभावकारी बनाई कोरोनाले उत्पन्न स्थितिलाई पनि सामान्यकरण गर्दै त्यसपछिका वर्षहरूमा आक्रामक कार्यक्रमहरु ल्याई द्रुत विकास हासिल गर्ने योजना तयार पार्ने हो र हालको पन्ध्रौं योजनालाई सोही अनुरूप संशोधन गर्नुपर्छ । सरकारले पन्ध्रौं योजनाका कार्यक्रमहरूको प्राथमिकीकरणलाई संशोधन गर्नुपर्छ । सोही अनुरूप मध्यमकालीन खर्च संरचनालाई पनि परिमार्जन गर्नुपर्छ । पन्ध्रौं योजनाका बाँकी ४ वर्षमा पहिलो २ वर्ष आर्थिक पुनरूत्थानमा जाने देखिन्छ भने बाँकी २ वर्ष मात्र सामान्य स्थिति रही केही अग्रगामी कदमहरु चाल्न सकिने देखिन्छ । त्यसैले पन्ध्रौं योजनामा सामान्य स्थिति हुँदा हासिल गर्ने भनी तोकिएका जति पनि लक्ष्यहरु छन्, तिनको आधी मात्र हालको अवस्थामा हासिल गरे पनि जनमानसले त्यसलाई ठूलो प्रगति ठान्नेछन । त्यस्तै सरकारले यो महासंकटको समय कतिलाई गरिब हुनबाट जोगायो, कति व्यवसायलाई रूग्ण हुनबाट बचायो, कति रूग्ण व्यवसायलाई डुब्नबाट बचायो, कतिलाई गुमेको रोजगारी फेरि फर्कायो भन्ने पनि विश्लेषण गर्न जरूरी छ । त्यस्तै मितव्ययिता मापन गर्ने प्रभावकारी विधि अपनाई अध्ययन हुन जरूरी छ । यी सबै विकासका पाटाहरु पहिला गौण रहे पनि हाल यसको महत्व

बढेको छ । किनकि यी पाटाहरूले नै देश भोलिका दिनमा के कस्तो अग्रगामी कदमहरु लिन सक्षम भए भन्ने निर्धारण गर्छ ।

कोरोनाले पारेको प्रतिकूल प्रभावलाई सम्बोधन गर्न नेपालको विकास योजनामा केही परिमार्जन गर्नुपर्ने देखिन्छ, जसले देशको समृद्धिको खाकालाई संस्थागत गर्न पनि मद्दत गर्छ । हाल अन्तर्राष्ट्रिय मञ्चमा नै कोरोनाले सृजित विकराल स्थितिलाई मध्यनजर गर्दै विकास र समृद्धिका नयाँ पाटाहरूका विषयमा चर्चा परिचर्चा शुरु भइसकेको छ । पन्ध्रौं योजनाको दीर्घकालीन राष्ट्रिय लक्ष्यले नेपालको समृद्धिको खाका कोरेको छ भने कोरोना महामारी आउनपूर्व नै नेपालका पूर्वप्रधानमन्त्री तथा अर्थशास्त्री बाबुराम भट्टराई (२०१९)[५] र अर्का अर्थशास्त्री पुष्कर बज्राचार्य (२०१९) ले यसलाई केही परिष्कृत गर्नुपर्ने धारणा राखेका छन् । समृद्धि एउटा प्रगतिशील धारणा भएकोले अवका दिनहरूमा नेपालले यस विषयमा गहन रूपमा चिन्तन मनन गर्न जरूरी छ ।

[५] बाबुराम भट्टराई (२०१९) का अनुसार नेपालको समृद्धि बहुआयामिक पक्ष भनेका आर्थिक समृद्धिका लागि उच्च आर्थिक वृद्धि, सामाजिक न्यायका लागि समावेशी विकास, विकासको स्थायित्वका लागि वातावरणीय संरक्षण र व्यक्तिगत सुखका लागि आध्यात्म हुन् । यी बहुआयामिक पक्षहरूबीच एकआपसमा अन्तरसम्बन्ध रहेको छ ।

## तालिका १२.१ : पन्ध्रौं योजनाको दीर्घकालीन सोच

| दीर्घकालीन राष्ट्रिय लक्ष्य | दीर्घकालीन राष्ट्रिय रणनीति | रूपान्तरणका प्रमुख सम्वाहक | सहयोगी क्षेत्र |
|---|---|---|---|
| **समृद्धि**<br>• सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता<br>• मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>• उच्च र दिगो उत्पादन तथा उत्पादकत्व<br>• उच्च र समतामूलक राष्ट्रिय आय<br>**सुख**<br>• परिष्कृत तथा मर्यादित जीवन<br>• सुरक्षित, सभ्य र न्यायपूर्ण समाज<br>• स्वस्थ र सन्तुलित पर्यावरण<br>• सुशासन<br>• सबल लोकतन्त्र<br>• राष्ट्रिय एकता, सुरक्षा र सम्मान | • तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने<br>• सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने<br>• आन्तरिक तथा अन्तरदेशीय अन्तरबद्धता एवं दिगो शहर/बस्ती विकास गर्ने<br>• उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने<br>• पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने<br>• गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने<br>• प्राकृतिक स्रोतको संरक्षण र परिचालन र उत्थानशीलता विकास गर्ने<br>• सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता संवर्द्धन गर्ने | • गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण<br>• गुणस्तरीय मानवपूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग<br>• जलविद्युत् उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन<br>• उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि<br>• गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार<br>• आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र बस्ती विकास<br>• प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार<br>• सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति<br>• शासकीय सुधार र सुशासन अभिवृद्धि | • संविधान, लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता<br>• जनसांख्यिक लाभ र नागरिक सचेतना<br>• भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता<br>• सामाजिक -सांस्कृतिक विविधता तथा मौलिक पहिचान<br>• सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय<br>• स्वच्छ र नवीकरणीय ऊर्जा<br>• मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव<br>• संघीय शासन प्रणाली र वित्तीय संघीयता |

स्रोत : राष्ट्रिय योजना आयोग, २०७६

**तालिका १२.२ : समृद्धिका बहुआयामिक पक्ष र प्रगतिपथ**

| सुखका लागि समृद्धि | | |
|---|---|---|
| **कानूनी शासन** | **सुशासन** | **उत्तरदायित्व** |
| **आर्थिक सम्पन्नता** | | **सामाजिक न्याय** |
| आर्थिक वृद्धि | | समावेशीकरण |
| गरिबी निवारण | | स्वतन्त्रता |
| रोजगारी सृजना | | न्याय |
| आर्थिक समानता | | शान्ति |
| जीवन निर्वाहमा उपलब्धि | | सशक्तीकरण |
| | | विभेद र भेदभाव रहित समाज |

स्रोत : बज्राचार्य (२०१९)

## अनुसूची क

# आर्थिक प्याकेजको विश्लेषण

अठारौं शताब्दीको औद्योगिक क्रान्तिसँगै एडम स्मिथ, जियान ब्याप्टिस्ट से जस्ता अर्थशास्त्रीहरूले पश्चिमा विश्वमा खुला बजार अर्थतन्त्रको अवधारणालाई अगाडि बढाए । तर यस अर्थव्यवस्थामा वर्ग असन्तुलन हावी रहने भन्दै कार्ल मार्क्सले कम्युनिष्ट विचारधाराको प्रत्युत्पादन गरे, जुन अवधारणालाई आत्मसात् गर्दै लेनिनले सन् १९२० को दशकको अन्ततिर अक्टोबर क्रान्तिको माध्यमबाट सोभियत संघको निर्माण गरे । प्रथम विश्व युद्धसँगै फैलेको स्पेनिश फ्लुको महामारीले ठूलो मानव विनाश गर्‍यो । तर छोटो समयका लागि आर्थिक असन्तुलन देखिए पनि चरम आर्थिक संकटतिर नगएको तर्क गर्छन् अर्थशास्त्रीहरु (बिसोप, सन् २०२० र गार्रेट, सन् २००७) । प्रथम विश्वयुद्ध र महामारीले गर्दा धेरै मानिसहरूको मृत्यु भएको हुँदा श्रमिक अभाव भई युरोप र अमेरिकामा बेरोजगारीको समस्या कम रह्यो भने मुख्यतः कृषि र उद्योगमा आश्रित सो समय उत्पादनमा ह्रास आएन । महामारी नियन्त्रणका लागि हाल जस्तै सामाजिक दूरीको अवधारणा अपनाइयो र त्यसले आर्थिक क्रियाकलापमा देखिएको प्रतिकूल प्रभावलाई सम्बोधन गर्न युरोप र अमेरिकामा केही राहत पनि दिइएको थियो । सो समयमा महामारीको विषयमा ज्ञानको कमी र सीमित सञ्चारमाध्यमका कारण स्वास्थ्य जोखिमको पर्वाह नगरी दैनिकीलाई सामान्य रूपमा लगेका कारण धेरै मानवीय क्षति भयो, जसले गर्दा पछि स्वास्थ्यमा सावधानी अपनाउनुपर्छ भन्ने सचेतना बढेको पनि कोही कोही टिप्पणी गर्छन् ।[1]

मुख्यतः १९३० को दशकको आर्थिक मन्दीले बजार अर्थतन्त्रलाई ठूलो ठेस पुर्‍यायो र सोही समयका अर्थशास्त्री जोन मेनार्ड किन्सले आर्थिक क्रियाकलापमा सरकारले हस्तक्षेप गर्न हुँदैन भन्ने पश्चिमा विश्वमा हावी रहेको अवधारणालाई चुनौती दिँदै आर्थिक संकटको समय सरकारले स्टिमुलस प्याकेज ल्याउनुपर्छ भन्ने अवधारणा अघि सारे । यही अवधारणालाई पश्चिमा युरोपले आत्मसात् गर्‍यो भने सो समयका अमेरिकाका राष्ट्रपति फ्रान्कलिन रोजभेल्टले न्यू डिलको नीति ल्याए । सम्भवतः अर्थशास्त्र विज्ञानको जन्मपछि आर्थिक चलायमानताको पुनरूत्थानका लागि ल्याइएको पहिलो आर्थिक प्याकेज यो नै हुनुपर्छ । किन्सका अनुसार सामान्य समयमा भन्दा आर्थिक संकटको समयमा सरकारले बजेटमा वृद्धि गरी अर्थतन्त्रलाई माथि उकास्न मद्दत गर्नुपर्छ र सो बजेटमा गरिएको वृद्धिलाई स्टिमुलस प्याकेजको संज्ञा दिइयो । पछि मौद्रिक साधन प्रयोग गरेर पनि आर्थिक पुनरूत्थानका अवधारणाहरु अगाडि ल्याइए ।

दोस्रो विश्वयुद्धका कारणले भएको तहसनहसबाट माथि उठ्न पश्चिमा विश्व एकजुट भई वाशिङ्गटन कन्सेन्ससको माध्यमबाट विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता संस्था खडा गरे । तर यसलाई सोभियत ब्लकले साथ दिएन र नियन्त्रित योजनाबद्ध विकासको अवधारणाका साथ अगाडि

---

[1] वर्ल्ड इकोनोमिक फोरम (सन् २०२० अप्रिल २) ।

बढे । योसँगै विश्व राजनीति शीतयुद्धमा प्रवेश गऱ्यो । सन् १९७० को दशकसम्म आइपुग्दा अर्थतन्त्रमा सरकारी नियन्त्रण हुन हुँदैन भन्ने अवधारणा पश्चिमा विश्वमा फेरि हावी भयो । मुख्यतः सार्वजनिक संस्थाहरूको उत्पादकत्वमा आएको ह्रासले अर्थतन्त्रमा पारेको प्रभावलाई एउटा प्रमुख मुद्दाका रूपमा अगाडि ल्याइयो । मिल्टन फ्रिडमन, सिकागो स्कुल अफ इकोनोमिसदेखि लिएर अमेरिका तथा युरोपका केही अर्थशास्त्रीहरूले खुला बजार अर्थतन्त्रमा जोड दिए, जसलाई अमेरिकाका राष्ट्रपति रोनाल्ड रेगन र ब्रिटेनका प्रधानमन्त्री मार्गरेट थ्याचरले आत्मसात् गरे । यो रेगन-थ्याचरले आत्मसात् गरेको अवधारणालाई नव उदारवारी अर्थतन्त्रको संज्ञा दिइयो । योसँगै माओको सिद्धान्तलाई आधार बनाएर स्थापना भएको जनवादी चीनमा खुला अर्थनीतिको वकालत गर्ने देङ स्याउ पिङले आमूल परिवर्तनहरु ल्याए । यसैबीच सोभियत संघले पनि आर्थिक सुधारका कार्यक्रमहरु ल्याए । तर सो लागू गर्नुपूर्व नै सोभियत संघ ढल्यो र शीतयुद्ध अन्त भयो (ब्राउन, सन् २०१०) । त्यसपछि विश्व अर्थतन्त्र खुला बजार अर्थनीति र विश्व-बजारीकरणको अवधारणाका साथ अगाडि बढ्यो । तर २००८ को वित्तीय संकटले फेरि आर्थिक मन्दीतिर धकेलियो र लेहाम ब्रदरर्स र नर्थ रकजस्ता वित्तीय संस्थाहरु डुबे । यो आर्थिक संकटबाट पुनरूत्थानका लागि अमेरिका, युरोप लगायत भारत र चीन जस्ता उदीयमान अर्थतन्त्रहरूले पनि विभिन्न आर्थिक प्याकेजहरु घोषणा गरे भने ब्रिटेनको बैंक अफ इङ्ग्ल्याडले नर्थ रक जस्ता संस्थालाई बचाए । केही वर्ष अघिदेखि शुरु भएको अमेरिका-चीन व्यापार युद्धले अर्थतन्त्रलाई प्रतिकूल प्रभाव पारेको छ भने कोरोना महामारीले यो मुद्दालाई अझ व्यापक बनाएको छ । योसँगै विश्व आपूर्ति व्यवस्थामा नयाँ सोचसहितको अवधारणा आउने प्रारम्भिक संकेत देखिइसकेको छ । त्यस्तै हालैका वर्षहरूमा देखिएको आर्थिक शिथिलतालाई सम्बोधन गर्न भारतको आर्थिक वर्ष २०२०/२१ को बजेटले करका दरमा व्यापक कटौती गऱ्यो ।

आर्थिक चक्रको सिद्धान्त प्रतिपादन गरेका अर्थशास्त्री जोसेफ शिकुमपिटरका अनुसार बजार अर्थतन्त्र र पूँजीवादमा आर्थिक मन्दी केही समयको अन्तरालमा आइरहन्छ र हरेक आर्थिक मन्दीको चुनौतीलाई समाधान गर्न नौला व्यवस्था र संरचना ल्याएर पुरानोलाई विस्थापित गरी बजार अर्थतन्त्रले आफूलाई परिष्कृत गर्दै लगिराखेको छ । मुख्यतः आर्थिक मन्दीले पारेको प्रभावलाई सम्बोधन गर्न विभिन्न नीतिगत परिवर्तन गर्नुका साथै वित्तीय तथा मौद्रिक प्याकेज ल्याउने गरेका छन् । वित्तीय प्याकेज अन्तर्गत करको दरमा हेरफेर, सामाजिक सुरक्षा र राहत, विभिन्न खाले अनुदान लगायत अन्य पर्छन् भने मौद्रिक प्याकेज अन्तर्गत तरलता व्यवस्थापन, ब्याज तथा ऋणको पुनःसरंचना लगायत अन्य पर्छन् । त्यस्तै सरकारले बजारमा बन्डको खरिद र विक्री गरेर पनि आर्थिक असन्तुलनलाई सम्बोधन गर्ने गर्छ र यस विधिलाई क्वान्टिटेटिभ एजिङ भनिन्छ । अर्थतन्त्रमा हाल कोरोनाका कारण आएको जस्तो महासंकटदेखि लिएर अरु सानातिना समस्यालाई बजार अर्थतन्त्रले समय अनुकूल सम्बोधन गरेको छ । आर्थिक मन्दीसँगै बजार अर्थतन्त्र कसरी परिष्कृत हुँदै जान्छ भनी अध्ययन गर्ने अध्येता आनाटोली क्यालित्स्की (सन् २०१०)ले समस्याको मूल कारण पहिचान गरी नौलो सोचका साथ परिवर्तनलाई आत्मसात् गर्ने गुणका कारणले बजार अर्थ व्यवस्था मन्दीको चुनौतीका बीच अगाडि बढ्ने गर्छ । क्यालित्स्की (सन् २०१०) का अनुसार परिवर्तनलाई आत्मसात् गर्ने यही गुणका कारणले मात्र नभई साम्यवादी अर्थतन्त्रले जस्तो भूल नगरेका कारणले पनि पूँजीवाद सजीवित रहिरहनेछ भन्ने धेरै विश्लेषकहरूको निर्क्योल रहेको छ ।

## अनुसूची ख

# कोभिड-१९ महामारी र अर्थतन्त्रको पुनरूत्थान

**हृदय राज गौतम**[1]

कोरोना भाइरसको महामारीले मानव जीवनमा ठूलो संकट सिर्जना गरेको छ । संयुक्त राष्ट्र संघका महासचिव एन्टेनियो गुटिरेजले दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संकट निम्तिएको र संयुक्त राष्ट्र संघको स्थापनापछि मानव समुदायले सामना गर्नुपरेको सबैभन्दा गम्भीर चुनौतीका रूपमा व्याख्या गरेका छन् । सन् २०२० को शुरूवातदेखि वर्षको मध्यसम्म आइपुग्दा पनि यो महामारी नियन्त्रणका लागि चिकित्सकीय समाधान फेला पर्न सकेको छैन ।

गैर-चिकित्सकीय विधिहरू, भौतिक दूरी, सजगता, बन्दाबन्दीजस्ता उपायले यसलाई न्यूनीकरण गर्ने प्रयास भैरहेको छ । कतिपय राष्ट्रमा यसको दोस्रो लहर देखापर्न सक्ने अनुमान समेत गरिएको छ । अहिले तयारी भैरहे अनुसार खोपको अनुसन्धान र विकासमा सक्रिय चीन, बेलायत र अमेरिकी कम्पनीहरूले छिट्टै सुखद नतिजा दिने उल्लेख गरिरहेका छन् । सेप्टेम्बर देखि नोभेम्बरसम्म खोपको व्यावसायिक उत्पादन हुनसक्ने अहिले भइरहेका परिक्षणका आधारमा अनुमान भैरहेका छन् ।

कोरोना भाइरसबाट विश्वभर १४ करोड ४२ लाख मानिसहरू यो भाइरसबाट संक्रमित भैसकेका छन् । यी मध्ये ८६ लाख १२ हजार निको भए भने ६ लाख चार हजार मानिसहरूको मृत्य भैसकेको छ । नेपालमा कोरोना संक्रमितको संख्या १७ हजार पाँच सय दुई पुगेको छ । अहिलेसम्म ११ हजार ६ सय ३७ जना निको भए भने ४० जनाको मृत्यु भैसकेको छ । कोरोना भाइरसको महामारीबाट मानिसले जीवन गुमाइरहेका छन् । चीनको वुहानमा गत वर्ष नोभेम्बरको अन्त्यतिरबाट भाइरल ज्वरो, खोकीका कारण मानिसहरूमा गम्भीर निमोनियाको लक्षण देखिन शुरू गरेपछि चीनले विश्व स्वास्थ्य संगठनलाई डिसेम्बर महिनाको अन्त्यतिर यसबारेमा जानकारी गराएको थियो । बिस्तारै यो भाइरसका संक्रमितहरू चीन बाहिरपनि देखिन थाले र सबैभन्दा बढी संक्रमित युरोपका इटली, स्पेन र फ्रान्समा देखिए । त्यसपछि संयुक्त राज्य अमेरिका, रूस, ब्राजिल र हाम्रो दक्षिणी छिमेकी भारतमा संक्रमितहरूको संख्यामा तीव्र वृद्धि हुन थालेको हो । खासगरी भारतमा रहेका नेपालीहरू नेपाल फर्कने क्रम बाक्लिएपछि नेपालमा पनि कोभिड-१९ संक्रमितहरूको संख्या ह्वात्तै बढेको हो । नेपालमा अहिलेसम्म समुदायमा संक्रमण नदेखिएकाले यसलाई नियन्त्रणका लागि भौतिक दूरी, सजगता अपनाउने, सुरक्षा

[1] हृदय राज गौतम वरिष्ठ आर्थिक पत्रकारका साथै आईबीएन मिडिया एण्ड रिसर्चका कार्यकारी अधिकृत हुनुहुन्छ । यो लेख अर्थकोअर्थ ले २०७७ साउन ३ गते प्रकाशन गरेको थियो ।

उपकरणहरूको प्रयोग र अत्यावश्यक अवस्थामा बाहेक हिंडडुल भेटघाटलाई निरूत्साहीत नै गरिएको छ ।

कोभिड-१९ को संकट र विश्व अर्थतन्त्रमा उत्पन्न प्रभाव दोस्रो विश्व युद्ध यताकै ठूलो क्षति हो । दोस्रो विश्वयुद्धको समयमा अर्थतन्त्र यति विकसित भैसकेका थिएनन्, मानव विकासको अवस्था कमजोर थियो । आजको आधुनिक विश्वजगतमा कोभिड-१९ ले सिर्जना गरेको असर भयावह छ । विश्व अर्थतन्त्र सन् २०२० मा ४.९ प्रतिशतले खुम्चिने अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले अनुमान गरेको छ । कोभिड-१९ को महामारी शुरू हुनुअघि विश्व अर्थतन्त्र ३.३ प्रतिशतले विस्तार हुने अनुमान गरिएको थियो । सन् २०१९ मा ८६,५९८.८३ अर्ब अमेरिकी डलरको छ, सन् २०२० मा यो आकार ४.९ प्रतिशतले घट्ने आँकलन गरिएको छ । आइएमएफका अनुसार, सन् २०२० र २०२१ मा ९,००० अर्ब (९० खर्ब) अमेरिकी डलरको क्षति हुनेछ । जुन जापान र जर्मनीको संयुक्त अर्थतन्त्र भन्दा पनि ठूलो हो । विश्वको तेश्रो र चौथो ठूलो अर्थतन्त्रको आकारभन्दा ठूलो क्षति विश्व अर्थतन्त्रले व्यहोर्नुपर्नेछ । आइएमएफले अप्रिलदेखि जुन महिनासम्म भाइरसको संक्रमण फैलन नदिन लकडाउनका उपाय अबलम्बनमा कडाइँ भैरहेकाले यो अवधिमा अर्थतन्त्रको विस्तार सबैभन्दा कमजोर हुने उल्लेख गरेको छ । एसियाली विकास बैंकले जुन महिनासम्म विश्व अर्थतन्त्रमा ५८ खर्ब डलर र त्यसपछि अर्को तीन महिना पनि आर्थिक गतिविधि सुचारू हुन सकेन भने ८८ खर्ब अमेरिकी डलर क्षति हुने अनुमान गरेको छ ।

विश्वभर नै ठूलो संख्यामा रोजगारी गुम्ने चिन्ताले सबैलाई पिरोलेको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले विश्वका १.६ अर्ब श्रम शक्ति कोभिड-१९ का कारण रोजगारी गुमाउनसक्ने उल्लेख गरेको छ । जसका कारण सबैभन्दा प्रभावित अन्तर्राष्ट्रिय उडान कम्पनीहरूले समेत चालक दललाई अत्यावश्यक स्वास्थ्य सुरक्षाको व्यवस्था गरेर उडान समेत सञ्चालन गर्ने तयारी गरिरहेका छन् । स्वास्थ्य मापदण्ड र अत्यावश्यक पूर्व तयारीले कार्यस्थल र यात्रामा संक्रमणको जोखिम कम गर्न सकिने विश्वास लिइएको छ । कोरोना भाइरस विरूद्धको खोप र औषधी परिक्षणकै क्रममा रहेकाले महामारी तत्काल अन्त्य हुने सम्भावना नरहेकाले संक्रमणबाट जोगिएर आर्थिक गतिविधि सञ्चालन गर्नु नै बुद्धिमानी हुने आम बुझाइ छ । लकडाउनलाई स्वास्थ्यसम्बन्धि सुरक्षा मापदण्डको पूर्वतयारीका रूपमा लिनुपर्नेमा नेपालले भने त्यी तयारी पुरा गर्न सकेन ।

कोरोना भाइरसको संक्रमणका कारण धेरैले जीवन गुमाएको छन् । सबै जीवन अमूल्य छन् । मानवीय क्षतिको कुनै मापन हुन सक्दैन तर अर्थतन्त्रको क्षति भने मापनयोग्य हुन्छ । संक्रमण फैलन नदिन अझै पनि धेरै देशहरूले लकडाउन गरिरहेका छन् । नेपालले चैत ११ पछि १०० दिन लकडाउनपछि असार महिनादेखि मानिसहरूको भीडभाड हुनसक्ने क्षेत्रबाहेक अन्य क्षेत्र क्रमशः खुला भइरहेका छन् । सुरक्षा मापदण्डसहित सार्वजनिक यातायातमा लहरै प्रत्येक सीटमा एक जनामात्र मान्छे राखेर सञ्चालन गर्न सरकारले अनुमति दिए पनि सेवा प्रदायक तयार भएका छैनन् । विद्यालय, पार्टी प्यालेस, होटल, सभा सम्मेलन केन्द्र, सिनेमा हल, स्वीमिङ पुल आदि सेवाहरू बन्द नै छन् । यद्यपि कोरोना संक्रमणको दर ह्वात्तै बढ्न सक्ने भएकाले सजगता अपनाउन सरकारले आह्वान गरिरहेको छ । विश्वका धेरैजसो देशले स्वास्थ्यसम्बन्धि मापदण्ड (प्रोटोकल) सहित कार्यस्थलमा सुरक्षा अपनाएर अर्थतन्त्र सुचारू गर्नपट्टी लागेका छन् ।

नेपालमा सरकारकै प्रारम्भिक अनुमान अनुसार नेपाली अर्थतन्त्रमा कोभिड-१९ का कारण झण्डै ४ खर्ब रूपैयाँको क्षति भैसकेको छ । नेपालमा दैनिक करिब १० अर्ब रूपैयाँको उत्पादन तथा व्यापार हुने गरेकोमा तीन महिनाभन्दा लामो लकडाउनभरी यो दुई -तीन अर्बमा सीमित रह्यो । केन्द्रीय तथ्यांक विभागले लकडाउन गर्नुपर्ने अवधि वैशाखबाट अन्त्यभई जेठबाट पूर्ववत् आर्थिक गतिविधि सुचारू गर्दा अर्थतन्त्र अघिल्लो वर्षभन्दा चालु आर्थिक वर्ष २०७६-७७ मा तीन खर्ब ९ अर्बले विस्तार भई ३७ खर्ब ६७ अर्ब रूपैयाँ पुग्ने अनुमान गरेको थियो । लकडाउन लम्ब्याउनु परेकाले गत आर्थिक वर्ष २०७६-७७ मा नेपाली अर्थतन्त्रको वृद्धिदर ऋणात्मक हुनसक्ने आँकलन गरिएको छ ।

लकडाउन अघि र पछिको सरकारको राजस्व संकलनले यसलाई पुष्टी गर्छ । लकडाउनअघि दैनिक औसत २ अर्ब ३५ करोड रूपैयाँ राजस्व संकलन हुँदै आएकोमा लकडाउनपछि दैनिक राजस्व संकलन औसत ७५ करोड रूपैयाँ हाराहारीमा रहेको थियो । असारमा आर्थिक गतिविधि आंशिक खुला गरेपछि सरकारले गत आर्थिक वर्षमा ११ खर्ब १२ अर्ब रूपैँयाको राजस्व संकलनको लक्ष्य मध्ये ८ खर्ब ४१ अर्ब रूपैयाँ राजस्व संकलन गर्न सफल भएको छ ।

लकडाउनका क्रममा राजस्व संकलनमा कमी आएर सरकारलाई अनिवार्य दायित्वका खर्च चलाउन समस्या भैसकेको थियो । चैतमा तिर्नुपर्ने कर असार मसान्तमा तिरे हुने व्यवस्था गरिएकाले पनि सरकारको राजस्व संकलनमा उल्लेख्य कमी आएको हो । कोभिड-१९ को महामारी लम्बिदैं गएको खण्डमा या विश्वव्यापी दोस्रो लहर आएको खण्डमा अर्थतन्त्रमा थप संकट गहिरिनेछ । आर्थिक संकट गहिरिँदै जाँदा रोजगारी, माग र उत्पादनमा कमी आउँछ । विद्यमान अवस्थामा पनि दैनिक अत्यावश्यक वस्तु तथा सेवाहरू र औषधीउपचार बाहेक अन्य क्षेत्रमा मानिसहरूको खर्च घटेको छ ।

महामारीका कारण पर्यटकको आवागमन बन्द भएपछि पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ । महामारीका कारण क्रमशः संगठीत अर्थात् औपचारिक क्षेत्रमा पनि असर देखिन थालिसकेको छ । साना मझौला उद्यम (एसएमईज्) हरूमा पनि उत्पादन र मागमा कमी आएको छ । ठूला उद्योग या प्रशोधन उद्योगको आपूर्ति शृंखलामा गाँसिएका साना मझौला उद्यमको पनि आपूर्ति सञ्जाल भत्किन लागेको छ । एसएमईज् ले २० प्रतिशत रोजगारी सिर्जना गरेका छन् । अनौपचारिक (असंगठीत) क्षेत्रमा २० लाख मानिसहरूले रोजगारी गुमाइसकेका छन् भने औपचारिक क्षेत्रमै १२ लाख मानिसले रोजगारी गुमाउन सक्ने आँकलन गरिएको छ । त्यस्तै, वैदेशिक रोजगारीमा रहेका झण्डै ६ लाख नेपालीले रोजगारी गुमाएर मुलुक फर्कनुपर्ने अस्वथा आउन सक्ने प्रारम्भिक अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय उडान बन्द नै रहेकाले पनि अहिले ठूलो संख्यामा मानिसहरू मुलुकमा फर्केका छैनन् । अर्थतन्त्रको मुख्य टेको मानिएको रेमिट्यान्स आप्रवाह चैतको तुलनामा वैशाखमा आंशिक र जेठमा उल्लेख्य सुधार भएको देखिन्छ । तर मुलुकभित्र एकसाथ ठूलो संख्यामा मानिसहरूले रोजगारी गुमाएसँगै आगामी दिनमा बजारमा माग अझै घट्न जाने देखिन्छ । सामान्य अवस्थामा मासिक औसत ७४ अर्ब रूपैयाँ भित्रिने गरेकोमा चैत महिनामा ३४ अर्ब ४८ करोड रूपैयाँमात्र रेमिट्यान्स भित्रिएको छ, वैशाखमा ५४ अर्ब रूपैँया र जेठमा उल्लेख्य वृद्धि भइ ९४ अर्ब रूपैँया रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकले गत आर्थिक वर्ष २०७६-७७ मा २० प्रतिशतले रेमिट्यान्स आप्रवाहमा कमी आउने अनुमान गरेपनि त्यो अवस्था रहेन, जुन सुखद् पक्ष हो । रेमिट्यान्समा आश्रित हाम्रो अर्थव्यवस्थामा रेमिट्यान्स घट्दा वैदेशिक मुद्रा सञ्चितिमा ठूलो धक्का लाग्न सक्छ । जसले आयातको भुक्तानी फछ्र्यौट र साँवाब्याज भुक्तानीमा समेत असर पार्नेछ ।

कोरोना भाइरस महामारीका कारण पर्यटन क्षेत्रमा दीर्घकालीन प्रभाव पर्नेछ । महामारी अन्त्य भएपछि अन्य क्षेत्र क्रमशः पुनर्स्थापना हुने भएपनि पर्यटन क्षेत्रमा भने दीर्घकालीन प्रभाव कायम रहनेछ । पर्यटन क्षेत्र यो वर्ष १६ प्रतिशतले ऋणात्मक हुने अनुमान गरिएको छ । ठूलो संख्यामा मानिसहरूले रोजगारी गुमाउने भएपछि मुलुकमा गरिबी निवारण चुनौतीपूर्ण बन्नेछ भने आर्थिक-सामाजिक समस्याहरूम बढोत्तरी हुनेछ ।

नेपाली अर्थतन्त्रमा यसअघि पनि भूकम्प, नाकाबन्दी, १८ घण्टासम्मको लोडसेडिङ, श्रम समस्या जस्ता यावत् समस्या भोगेको हो । कोभिड-१९ को महामारी चाँडै समाधान भए हाम्रो अर्थतन्त्रको उत्थानशील क्षमता पुनः प्रदर्शित हुने अपेक्षा गर्न सकिन्छ । बाह्य क्षेत्र सन्तुलन, राजस्व, रेमिट्यान्स आप्रवाह, विदेशी मुद्रा सञ्चिति जस्ता सूचक हेर्दा नेपाली अर्थतन्त्र चाँडै पुनरूत्थान हुन सक्छ । तर कोभिड-१९ महामारीको विश्वव्यापी दोस्रो लहर आएको खण्डमा त्यसले निकै दर्दनाक अवस्था सिर्जना गर्नसक्छ ।

नेपालले कम्तीमा अब स्वास्थ्य मापदण्ड, अत्यावश्यक सेवा, ढुवानी सेवा सञ्चालकलाई पीपीई ( व्यक्तिगत सुरक्षा उपकरण) सहित आन्तरिक आर्थिक क्रियाकलाप सुचारू गर्नुपर्ने, सरकारले विकास निर्माणका कामलाई गति दिनुपर्ने आवाज निजी क्षेत्रले उठाउँदै आएको छ । सजग भएर सुरक्षा मापदण्डसहित आर्थिक गतिविधि सुचारू गरेर नयाँ अवस्थाको सामान्य परिवेशमा आर्थिक गतिविधि सञ्चालनले हाम्रो अर्थतन्त्रको पुनरूत्थान छिटो हुनेछ ।

## अनुसूची ग

# शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव र तत्काल चाल्नुपर्ने कदमहरु

**शीलु मानन्धर बज्राचार्य**[1]

कोभिड-१९ महामारीको प्रकोपले मानिस जस्तो सामाजिक प्राणीलाई समाजमा बस्न र समाजमा घुलमिल हुनबाट वञ्चित गरेको छ । चीनको वुहानबाट शुरु भएको यो महामारी विश्वभर फैलिएर हालसम्म १ करोड ८६ हजारभन्दा बढी मानिसहरु यस रोगबाट संक्रमित भइसकेका छन् भने ५ लाख १३ हजारभन्दा बढी मानिसको यस रोगको संक्रमणले मृत्यु भइसकेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार हाललाई यो महामारीबाट जोगिने एउटै उपाय भनेकै सामाजिक दूरी कायम गर्नु रहेको छ । त्यसैले विश्वभर लकडाउनको स्थिति रहेकोले आर्थिक, सामाजिक र केही हदसम्म राजनैतिक क्रियाकलापहरु ठप्प छन्, जसले गर्दा अबको मानव सभ्यता कसरी अगाडि बढ्छ भनी मानिसहरु सशंकित हुन थालेका छन् । लकडाउनले शिक्षा, सामाजिक सेवा लगायत अन्य मानव विकासका पक्षहरूलाई प्रतिकूल असर पारेको देखिन्छ । युनेस्कोले दिएको जानकारी अनुसार सन् २०२० को अप्रिलसम्म आइपुग्दा कोरोना महामारीका कारण विश्वभर लगभग ९८.४ प्रतिशत विद्यार्थीको पठनपाठन प्रभावित गरेको छ । कोरोनाका कारण बेरोजगारी बढ्नुका साथै धेरै मानिसहरु गरिबीको चपेटामा पर्ने निश्चित भइसकेको छ । नेपालमा मात्रै करिब ४० लाख मानिस कामबाट वञ्चित भएको अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले यो वर्ष विकसित देशहरूको अर्थतन्त्र ६.९५ ले संकुचन हुने र विश्व अर्थतन्त्र सन् १९३० पछिको सबैभन्दा ठूलो मन्दीमा गइसकेको अनुमान गरिएको छ । कोभिड-१९ को सन्त्रास कहिलेसम्म रहन्छ भनी कसैले यकिन गर्न नसके तापनि धेरैजसो विज्ञहरूले यो समस्या दुई वर्षसम्म रहिरहने सक्ने अनुमान गरेका छन् ।

कोरोना महामारी नियन्त्रणका लागि चैत्रको मध्यदेखि नेपाल सरकारले लगाएको लकडाउन असारको पहिलो हप्तादेखि विस्तारै खुकुलो पारिएको छ । तर नेपालमा अनलाइन पद्धतिबाट बाहेक अन्य माध्यमबाट शिक्षा क्षेत्र खुल्न सकेको छैन र खोल्न सक्ने अवस्था पनि देखिँदैन । सबै विश्वविद्यालय तथा स्कूलहरु बन्द अवस्थामा छन् भने प्राइभेट स्कूल तथा कलेजहरूलाई बाँच्न मुश्किलको अवस्था आइसकेको छ । सामाजिक दूरी कायम गर्नुपर्ने अवस्थामा शैक्षिक क्षेत्र खोलेर विद्यार्थीको जीवनलाई जोखिममा राख्ने अवस्था पनि छैन । फलस्वरुप लाखौं विद्यार्थीहरूको जीवनको महत्वपूर्ण समय खेर जाने

---

[1] प्रा.डा वज्राचार्य, नेपाल खुला विश्वविद्यालय, व्यवस्थापन तथा कानून संकायका डीन हुनुहुन्छ । या लेख अर्थकोअर्थ ले २०७७ असार १४ गते प्रकाशन गरेको थियो ।

जोखिम सृजना भएको छ भने थुप्रै विद्यार्थीहरूले पठनपाठनको वर्ष गुमाउन सक्ने सम्भावना टड्कारो रूपमा देखा पर्न थालेको छ । त्यसैले यसमा वैकल्पिक तयारी तथा योजना बनाई अगाडि बढ्नुपर्ने नितान्त आवश्यक छ ।

नेपालमा हाल करिब ९० लाख विद्यार्थी भएको अनुमान गरिएको छ । यसमध्ये पूर्व प्राथमिक कक्षामा ११.०६ लाख (१२.२९ प्रतिशत), कक्षा १ देखि १०सम्म ७० लाख (७७.७८ प्रतिशत), कक्षा ११ र १२ मा ३.५६ लाख (३.९६ प्रतिशत) र उच्च शिक्षामा ५.३८ लाख (५.९८ प्रतिशत ) अध्ययनरत देखिन्छ । यी सबै विद्यार्थीहरूको शैक्षिक क्रियाकलाप लगभग ठप्प अवस्थामा छ । पूर्व प्राथमिक तथा विद्यालय तहमा वैशाख महिनादेखि शुरु हुने सत्र अब कहिले हुन्छ भन्ने अन्योल छ भने कक्षा ११ मा भर्ना प्रक्रिया अगाडि बढ्ने सम्भावना रहे तापनि हाल जारी सत्रको परीक्षामा अन्योल रहेकोले नयाँ सत्र अगाडि बढाउन सकेको छैन । स्मरणीय रहोस् विश्वका धेरै विश्वविद्यालयहरूले अनलाइन कक्षा र परीक्षा लिई समयमा नै सत्र सिध्याइराखेका छन् र नयाँ भर्ना र पठनपाठनको क्रियाकलाप ठीक समयमै अगाडि बढाइराखेका छन् । मुख्यतः विकसित मुलुकहरु यो क्रममा धेरै अगाडि बढी सक्यो भने फ्रान्स र बेलायत लगायत अन्य मुलुकमा अनलाइन विद्यालय पनि शुरु भएको अवस्था छ । हुन त नेपालमा पनि कतिपय कार्यक्रमहरु अनलाइनमा पठनपाठन शुरु गरिएको छ भने निजी विद्यालयहरूले साना साना नानीहरूलाई समेत अनलाइन पठनपाठन समेत शुरु गरेको देखिन्छ । तर परीक्षाको सबन्धमा अन्योल कायमै छ र त्यसबाट पठनपाठन सत्र प्रभावित हुने निश्चितप्रायः देखिन्छ । त्यसैले शिक्षा क्षेत्रको समस्या राम्ररी सम्बोधन गर्नुपर्ने हालको आवश्यकता हो । उपयुक्त मानवीय संशोधन विकास गर्न नसके देशकै आर्थिक तथा सामाजिक उन्नतिमा समेत ठूलो अवरोध पुग्न जाने हुँदा शिक्षा क्षेत्रमा तत्काल गर्नुपर्ने वैकल्पिक तयारी तथा उपायहरूबारे सचेत गराउन यो लेख तयार पारिएको हो । शिक्षा क्षेत्रका वैकल्पिक तयारी तथा उपायहरु निम्न हुन् :

## १. अनलाइन कक्षा सञ्चालन गर्ने

विकसित मुलुकहरु अमेरिका, अष्ट्रेलिया, क्यानडा, युके, फ्रान्स लगायतका स्कुल तथा विश्वविद्यालयहरूले कोभिड महामारी फैलनुपूर्व नै पारम्परिक फेस टु फेस अध्यापन विधि बाहेक अनलाइन कक्षाहरु व्यवहारमा ल्याइसकेका छन् भने कतिपय पारम्परिक युनिभर्सिटीहरूले कोभिड-१९ पछि पूर्ण रूपमा अनलाइनबाट कक्षा एवम् परीक्षा सञ्चालन गरी शैक्षिक सत्र नबिगारी अगाडि बढेको हामीले अनुभव गरिसकेका छौं । यसलाई मध्यनजर गरी हामीले पनि सम्पूर्ण शैक्षिक कार्यक्रमहरूलाई अनलाइनबाट सञ्चालन गर्नुपर्छ । विद्यालयको हकमा कक्षा १ देखि १० सम्मका लागि वैकल्पिक व्यवस्थाको रूपमा कम्तीमा १० वटा टिभी च्यानलहरूबाट तथा १० वटा रेडियोबाट कक्षा संचालन गरिनुपर्दछ । सबै पाठ्यक्रमहरूलाई सरकारी पाठ्यक्रम अनुसार एकीकृत गर्नुपर्ने हुन्छ । टेलिभिजनबाट कक्षा लिँदा मूलरूपमा तीन समस्या सामना गर्नुपर्ने देखिन्छ । सबै विद्यार्थीहरूको टेलिभिजन पहुँच नहुने, एउटै घरमा एकभन्दा बढी विद्यालय स्तरका विद्यार्थी भएमा एकमात्र टेलिभिजन हुन सक्ने सम्भावना तथा अन्तरक्रियात्मक कक्षा तथा अन्य क्रियाकलापमा संलग्नताको सम्भावना कम हुने । टेलिभिजनको पहुँच भएको घर संख्या ७५ प्रतिशतभन्दा बढी भएको अवस्थामा त्यसरी पहुँच नभएकालाई सरकारी तथा गैरसरकारी विद्यालयहरूको शिक्षक तथा साधनस्रोत प्रयोग गरी स्थानीय तहमा सामाजिक दूरी लगायत अन्य पूर्व शर्तहरु सहित १० दखि १२ विद्यार्थीहरूको समूहमा कक्षालाई विभाजन गरी भौतिक रूपमा कक्षाहरु सञ्चालन गरिनुपर्दछ । अन्य क्रियाकलापहरूका लागि समय समयमा टेलिभिजन तथा अनलाइन ट्युटोरियल कक्षाहरु (८ देखि १२ जना राखी) दुई हप्तामा एकपटक अथवा आवश्यकता अनुरूप सञ्चालन गर्न सकिन्छ । कक्षा १ देखि कक्षा १० सम्म यो वर्ष परीक्षा नलिने र आवश्यक भए अर्को वर्षसम्म परीक्षा नलिईकन माथिल्लो कक्षामा प्रवेश दिने तर कक्षा ११ र १२मा अनलाइन परीक्षा

लिइनुपर्दछ । अथवा कोभिड-१९ को प्रकोप निर्मूल भइसकेको अवस्था छ भने नियमित परीक्षा लिन समेत सकिनेछ ।

## २. सूचना प्रविधि पूर्वाधारलाई सुदृढ र सुलभ बनाउने

